# निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसी)

**संविधानसभा निर्वाचन**

२०७० मङ्सिर ४

# पर्यवेक्षण प्रतिवेदन

## सल्लाहकार समिति

| | |
|---|---|
| डा. ऋषि अधिकारी | - पूर्व राजदुत |
| श्री रामनाथ मैनाली | - वरिष्ठ अधिवक्ता |
| श्री विष्णु पुकार श्रेष्ठ | - मानवअधिकार कर्मी |
| श्री वोर्ण बहादुर कार्की | - अध्यक्ष, प्रेस काउन्सील नेपाल |
| श्री रमण श्रेष्ठ | - पूर्व महासचिव, नेपाल बार एशोसिएशन |

## राष्ट्रिय कार्य समितिका पदाधिकारी



**प्रदिप पोखरेल**
*अध्यक्ष*



**श्रीकृष्ण सुवेदी**
*उपाध्यक्ष*



**गोपालनाथ योगी**
*महासचिव*



**रविन सुवेदी**
*सचिव*



**मिना शर्मा**
*कोषाध्यक्ष*



**सतिशराज मैनाली**
*सदस्य*



**तुलाबहादुर कंडेल**
*सदस्य*



**रेनु शर्मा**
*सदस्य*



**रामकुमार भण्डारी**
*सदस्य*



**गोविन्द देवकोटा**
*सदस्य*



**विष्णु पोखरेल**
*सदस्य*



**जितेन्द्र यादव**
*सदस्य*



**तेजकुमारी तिवारी**
*सदस्य*



**पार्वता आचार्य**
*सदस्य*



**दिनेश चौधरी**
*सदस्य*

# निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसी)

## संविधानसभा निर्वाचन

२०७० मङ्सिर ४

# पर्यवेक्षण प्रतिवेदन

**सम्पादन सल्लाहकार**
प्रदिप पोखरेल
श्रीकृष्ण सुवेदी
गोपालनाथ योगी
रविन सुवेदी

**सम्पादक**
मीना शर्मा

**सह सम्पादक**
बद्री शिवाकोटी

**सम्पादन सहयोगी**
उज्वल अधिकारी

**अंग्रेजी अनुवाद**
रविन सुवेदी

**कभर/लेआउट**
राम थापा

**कम्प्युटर टाइप**
अशोक पाण्डे

**प्रकाशक**
निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसी)

**प्रकाशन सहयोगी**
द एशिया फाउण्डेसन
इनेब्लीङ स्टेट प्रोग्राम (ESP)

# विषय सूची


| | विषय | पेज नं. |
|---|---|---|
| मन्तव्य | | |
| परिच्छेद १ : | नेपाल परिचय | ९ |
| परिच्छेद २ : | निर्वाचन सम्बन्धी कानूनको विकास | १५ |
| परिच्छेद ३ : | पहिलो संविधानसभा विघटनदेखि संविधान सभा-२ निर्वाचन घोषणासम्म | २० |
| परिच्छेद ४ : | संविधानसभाको इतिहास : प्रक्रिया र प्रणाली | २२ |
| परिच्छेद ५ : | संविधानसभा सदस्यको निर्वाचन २०७० | ३४ |
| परिच्छेद ६ : | संविधानसभा निर्वाचन र इओसी पर्यवेक्षण तयारी | ३९ |
| परिच्छेद ७ : | संविधानसभा निर्वाचन र पर्यवेक्षण | ४८ |
| परिच्छेद ८ : | मतदानपूर्वका आचारसंहिता तथा मानवअधिकार उल्लंघन सम्बन्धी प्रतिनिधिमूलक घटनाहरू | ५३ |
| परिच्छेद ९ : | संविधानसभा -२ निर्वाचन सम्बन्धि केही तथ्य विश्लेषण | ८३ |
| परिच्छेद १० : | मुख्य ठहर तथा निष्कर्ष | ८९ |
| Chapter 11 : | Constituent Assembly-2: Analysis of some facts relating to Elections | ९७ |
| Chapter 12 : | Major Finding and Conclusion | १०२ |
| परिच्छेद १३ : | संविधानसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रतिबद्धता/घोषणापत्रहरू | ११० |
| परिच्छेद १४ : | संविधानसभा सदस्य निर्वाचन -२०७०, पर्यवेक्षण नतिजा | १२४ |
| अनुसूची १ : | ऐतिहासिक १२ बुँदे समझदारीपत्र | १४९ |
| अनुसूची २ : | प्रतिनिधिसभाको घोषणापत्र, २०६३ | १५२ |
| अनुसूची ३ : | राजनीतिक दलहरूका बीच भएको सात बुँदे सहमति | १५५ |
| अनुसूची ४ : | संविधानसभा सदस्य निर्वाचन आचारसंहिता, २०७० | १५६ |
| अनुसूची ५ : | निर्वाचन पर्यवेक्षण आचारसंहिता, २०७० | १६८ |
| अनुसूची ६ : | पर्यवेक्षण गर्न अनुमति प्रदान गरिएका संघसंस्थाहरू | १७१ |
| अनुसूची ७ : | इओसी नेपालको आचारसंहिता | १७४ |
| अनुसूची ८ : | इओसीद्वारा मन्त्रीपरिषद्का अध्यक्ष खिलराज रेग्मीको ध्यानाकर्षण | १७५ |
| अनुसूची ९ : | इओसीद्वारा निर्वाचन आयोगको ध्यानाकर्षण | १७८ |
| अनुसूची १० : | इओसीद्वारा सर्वोच्चमा हालेको रिट | १८० |
| अनुसूचि ११ : | निर्वाचन परिणाम बहिष्कार गर्ने भन्दै एमाओवादीद्वारा जारी प्रेस वक्तव्य | १८१ |
| अनुसूचि १२ : | निर्वाचनमा संरचनागत धाँधली भएको सन्दर्भमा एमाओवादीद्वारा सार्वजनिक प्रतिवेदन | १८३ |
| अनुसूचि १३ : | पर्यवेक्षण रुजुसूचि | २०३ |

# मन्तव्य

२०७० मंसिर ४ गते सम्पन्न भएको दोश्रो संविधानसभाको निर्वाचन अहिले छ महिना बितिसकेको अवस्था छ। संविधानसभाको निर्वाचन हुने या नहुने अन्यौलका बीच केहि छिटफुट घटना बाहेक निर्वाचन तुलनात्मक रुपमा शान्तिपूर्ण रुपमा सम्पन्न भएकोमा विवाद गर्ने अवस्था रहेको पाईंदैन ।

निर्वाचनमा सहभागि दलहरूको गणितीय हिसाबले हार वा जीतको सवाललाई टुङ्ग्याउने विषय मात्र नभई लोकतन्त्रको मेरुदण्ड नै हो। लोकतन्त्रको संस्थागत विकास र स्थायीत्वको सवाल निर्वाचनको नीति नियम र प्रक्रियासँग प्रत्यक्ष रुपमा जोडीएको हुन्छ। निर्वाचनमा राजनैतिक दलहरूले अवलम्बन गरेका नीति, आचरण, संस्कार र व्यवहारले कुन दल कस्तो किसिमको लोकतन्त्रको अभ्यासतर्फ उन्मुख छ भन्ने कुरालाई दर्शाईरहेको हुन्छ। निर्वाचनको माध्यमबाट दलहरू देश र जनताको आधारभूत सवालसँग कसरी जोडीएका छन् भन्ने विषयलाई पनि ईङ्गीत गरिरहेको हुन्छ ।

त्यसैगरी लोकतान्त्रिक परिवेशमा निर्वाचन स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्ने सवालमा निर्वाचशन आयोगको भूमिका अहम हुन्छ। आयोगले निर्माण गरेका निर्वाचनसम्बन्धि लोकतान्त्रिक मैत्री नीति नियम, विभिन्न निकायका लागि तयार पारिएका आचारसंहिता आदिको प्रभावकारी कार्यान्वयनले पनि निर्वाचनको स्वतन्त्रता र निष्पक्षतालाई प्रभाव पारिरहेको हुन्छ ।

उद्यपी उल्लेखित पृष्ठभूमिको आधारमा विगतमा सम्पन्न संविधानसभाको दोश्रो निर्वाचन पूर्णतया विवादरहित र सर्वसम्मत भने हुन सकेन ।

निर्वाचन आयोगले विभिन्न समयमा गरेका विवादस्पद् निर्णय र निर्देशनका कारण निर्वाचनको स्वतन्त्रता र पारदर्शितामा विभिन्न खाले प्रश्न उठेको पाईन्छ। निर्वाचन आयोगले विगतका कतिपय प्रचलित र स्थापित प्रकृयालाई चटक्कै बिर्सिएर निर्वाचन प्रकृयाको अन्तिम समयमा आएर अबलम्वन गरेको नौलो र विवादस्पद् निर्देशनका कारण पनि शंका उपशंकाको स्थिति सिर्जना हुन पुगेको हो ।

मतपेटीका संकलन, ढुवानी, मतगणना स्थलमा भण्डारण तथा सुरक्षा र मतगणना प्रारम्भका सम्पूर्ण नियम तथा निर्देशिकामा भएका फेरबदलका कारण साथै निर्वाचन प्रकृयामा सुरक्षा निकायको परिचालन, सुरक्षा निकायको भूमिकाले (विशेष गरी नेपाली सेना) पनि निर्वाचन सम्पन्न गर्ने कार्यमा आयोगको भूमिका विवादरहित भएको पाईंदैन ।

लोकतन्त्रको स्थायीत्वका लागि राज्यका शक्तिशालि संवैधानिक संयन्त्रहरूलाई तठस्थ र संस्थागत बनाउनु आवश्यक छ, यस अर्थमा नेपालको निर्वाचन पद्दति र निर्वाचन आयोगको भूमिका, नीति नियमका बारेमा पनि बहस र छलफल चलाउनु पर्ने टड्कारो आवश्यक देखिन्छ ।

सबै मतदाताका हातमा मतदाता परिचय-पत्र, मतदाता नामावली अद्यावधि, वदर मतलाई न्यूनीकरण गर्ने सवालमा प्रभावकारी मतदाता शिक्षा, विदेशमा बसोबास गर्ने सम्पूर्ण योग्य नेपाली नागरिकहरूलाई मतदान गर्ने अवसर उपलब्ध, आर्थिक रुपमा न्यून खर्चिलो, स्वस्थ दलिय प्रतिस्पर्धा, सुरक्षित र भयरहित वातावरणको प्रत्याभूति, अशक्त-अपाङ्गता मैत्री, ज्येष्ठ नागरिकमैत्री निर्वाचन पद्धतिको पक्षमा बहस चलाउँदै निर्वाचन आयोगको क्षमता र प्रभावकारितालाई सुदृढ पार्दै आवधिक निर्वाचन पद्दतिमार्फत लोकतन्त्रको सुदृढिकरणको पक्षमा शसक्त जनमत तयार गर्ने सवालमा हामी सबैको ध्यान जानु आवश्यक छ ।

निर्वाचन आयोगले आचारसंहिता जारी गरी लागू गरेपछि इओसीले ३४ जिल्लामा दीर्घकालीन क्षेत्रीय पर्यवेक्षक खटाइ पर्यवेक्षणको व्यवस्था गरेको थियो भने निर्वाचनका दिन ५०० जना अल्पकालीन र स्वयम् सेवकसमेत खटाई अनुगमन गरेको थियो । यस पुस्तकको परिच्छेद ८ मा हाम्रा पर्यवेक्षक साथीहरुले खासगरी निर्वाचन आयोगद्वारा जारी आचारसंहिताको परिपालन तथा मानवअधिकार हननका कुरामा गरेको पर्यवेक्षणलाई समावेश गरीएको छ । परिच्छेद ९ मा संविधानसभा निर्वाचनमा भएका आचारसंहिता तथा निर्वाचन परिणाम बारे विश्लेषण गरिएको छ भने परिच्छेद १० मा संस्थाले सारांशमा निष्कर्षका रुपमा सम्बन्धीत निकायलाई सल्लाह सुझाव दिइएको छ ।

यो निर्वाचनमा एकीकृत नेकपा माओवादी लगायतका केही दलहरुले मतपेटीका सार्ने क्रममा षड्यन्त्रमुलक रुपमा धाँधली भएको भन्ने कुरालाई विशेष रुपमा उठाएको हुँदा आगामी दिनमा यस्ता मुद्दा नउठुन् भन्ने आधारमा प्रमाणकै रुपमा रहोस् भन्ने उद्देश्यले एमाओवादीद्वारा गठित छानविन समितिको प्रतिवेदनलाई अनुसूचिमा राखिएको छ ।

यो पुस्तक तयार गर्न सघाउ पुऱ्याउने सम्पादन सल्लाहकार टीम, सम्पादकज्यू, कार्यसमिति साथीहरु, कार्यालयका साथीहरुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षक, राजनीतिक दल, नागरिक समाज, निर्वाचन आयोग, सुरक्षा निकाय, स्वमय् सेवक लगायत सबैमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अध्यक्ष
**प्रदिप पोखरेल**

## परिच्छेद - १

# नेपाल परिचय

संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल एक दक्षिण एशियाली भूपरिवेष्ठित हिमाली राष्ट्र हो। यसको भौगोलिक अक्षांश २६ डिग्री २२ मिनेटदेखि ३० डिग्री २७ मिनेट उत्तर र ८० डिग्री ४ मिनेटदेखि ८८ डिग्री १२ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको छ। यसको कूल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि छ। यो क्षेत्रफल पृथ्वीको कूल क्षेत्रफलको ०.०३% र एशिया महादेशको ०.३% पर्दछ। लण्डनस्थित ग्रिनवीच मिनटाइम भन्दा पूर्वतर्फ रहेकोले गौरीशङ्कर हिमालको नजिक भएर जाने ८६ डिग्री १५ मिनेट पूर्वी देशान्तरलाई आधार मानी नेपालको प्रामाणिक समय ५ घण्टा ४५ मिनेट आगाडि मानिएको छ। संसारमा नेपालको अवस्थिति नेपालको पूर्वी सीमाना मेची नदीदेखि पश्चिमी सीमाना महाकाली नदीसम्मको कूल लम्बाई ८८५ कि.मि. छ। उत्तरदेखि दक्षिणको चौडाईं भने एकनासको छैन। पूर्वी भागभन्दा पश्चिमी भाग केही चौडा छ। त्यस्तै मध्य भाग भने केही खुम्चिएको छ। यसमा अधिकतम चौडाईं २४१ कि.मि. र न्यूनतम चौडाई १४५ कि.मि. रहेको छ। यसर्थ नेपालको सरदर चौडाईं १९३ कि.मि. रहेको छ। नेपालको उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत पर्दछ भने दक्षिण, पूर्व र पश्चिममा भारत पर्दछ। नेपालका ८०% भन्दा बढी नागरिक हिन्दू धर्म मान्दछन्, जुन विश्वकै सबैभन्दा बढी प्रतिशत हिन्दू धर्मावलम्बी हुने राष्ट्र पनि हो। यस बाहेक बौद्ध, मुस्लिम, किराँत आदि धर्म मान्ने मानिसहरू पनि यहाँ बसोबास गर्दछन्।

एउटा सानो क्षेत्रको लागि नेपालको भौगोलिक विविधता निकै उल्लेखनीय छ। यहाँ तराईका उष्ण फाँटदेखि चिसा हिमालयका शृंखला अवस्थित छन्। संसारका सबै भन्दा उच्च १४ हिमशृंखलामध्ये ८ वटा नेपालमा पर्दछन्, जसमध्ये संसारको सर्वोच्च शिखर सगरमाथा (नेपाल र चीनको सीमानामा पर्ने) पनि एक हो। नेपालको प्रमुख शहर एवम् राजधानी काठमाडौं हो। काठमाडौं, ललितपुर र भक्तपुर शहरहरूलाई काठमाडौं उपत्यका भनेर चिनिन्छ। अन्य प्रमुख शहरहरूमा भरतपुर, विराटनगर, भैरहवा, वीरगञ्ज, जनकपुर, पोखरा, नेपालगञ्ज, धनगढी र महेन्द्रनगर पर्दछन्। नेपाल शब्दको उत्पत्ति बारेमा ठोस प्रमाण त उपलब्ध छैन, तर एक प्रसिद्ध विश्वास अनुसार मरिची ऋषि पुत्र 'ने' मुनिले पालन गरेको ठाउँको रुपमा यहाँको नाम नेपाल रहन गएको हो। निरन्तर रुपमा राजा/रजौटाहरूको अधीनमा रहेर फुटने र जुट्ने लामो तथा सम्पन्न इतिहास बोकेको, अहिले नेपाल भनेर चिनिने यो खण्डले वि.सं. २०४६ सालको आन्दोलनपश्चात् संवैधानिक राजतन्त्रको नीति अवलम्बन गऱ्यो तर यसपश्चात् पनि राजसंस्था एक महत्वपूर्ण तथा अस्पष्ट परिधि तथा शक्ति भएको संस्थाको रुपमा रहिरह्यो। यो व्यवस्थामा पहिले संसदीय अनिश्चितता तथा सन् १९९६ देखि नेकपा (माओवादी)को जनयुद्धको कारणले राष्ट्रिय अनिश्चितता देखियो। माओवादीहरूले राजनीतिको मूलधारबाट अल्लगिएर भूमिगत रुपमा राजतन्त्र तथा मूलधारका राजनैतिक दलहरूको विरुद्धमा गुरिल्ला युद्ध सञ्चालन गरे, जसको कारण १३,००० भन्दा बढी मानिसहरूको ज्यान जान पुग्यो। यही विद्रोहलाई दमन गर्ने पृष्ठभूमिमा राजाले सन् २००२ मा संसदको विघटन गरी निर्वाचित प्रधानमन्त्रीलाई अपदस्त गरेर प्रधानमन्त्री मनोनित गर्दै शासन चलाउन थाले। सन् २००५ मा उनले एकनासै संकटकालको घोषणा गरेर सबै कार्यकारी शक्ति ग्रहण गरे। सन् २००६ को लोकतान्त्रिक आन्दोलन (जन आन्दोलन-२) पश्चात राजाले देशको सार्वभौमसत्ता जनतालाई हस्तान्तरण गरे तथा अप्रिल २४,

२००६ मा भङ्ग गरिएको संसद पूनर्स्थापित भयो। मे १८, २००६ मा आफूले पाएको सार्वभौमसत्ताको उपयोग गर्दै नयाँ प्रतिनिधि सभाले राजाको अधिकारमा कटौती गऱ्यो तथा नेपाललाई एक धर्मनिरपेक्ष राष्ट्र घोषणा गऱ्यो। अन्तरिम व्यवस्थापिका संसदले पहिले नै घोषणा गरिसकेको संघीय लोकतान्त्रिक गणराज्य, संविधानसभाको पहिलो बैठकबाट मे २८, २००८ मा आधिकारिक रुपमा कार्यान्वयन भयो।

## राजनीतिक विकासक्रमको इतिहास

हिमालय क्षेत्रमा मानिसहरू बस्न थालेको कम्तिमा पनि ९,००० वर्षभएको कुरा काठमाडौं उपत्यकामा पाइएका प्राचीन औजारहरूबाट पुष्टि हुन्छ। सम्भवतः भोट-बर्मेली मूलका मानिसहरू नेपालमा २,५०० वर्षअगाडि बसोबास गर्दथे।

ईशापूर्व १५०० तिर इन्डो-आर्य जातिहरू उपत्यका प्रवेश गरे। ईशापूर्वको १००० तिर स-साना राज्यहरू र राज्यसङ्गठनहरू बने। सिद्धार्थ गौतम (ईशापूर्व ५६३-४८३) त्यस्तै एक वंश, शाक्यवंशका राजकुमार थिए, जसले आफ्नो राजकाज त्यागी तपस्वीको जीवन अँगाले र उनी बुद्ध भनेर विश्व प्रसिद्ध भए। ईशापूर्वको २५० सम्ममा, यो क्षेत्र उत्तर भारतको मौर्य साम्राज्यको प्रभावमा पऱ्यो र पछि चौँथो शताब्दिमा गुप्त साम्राज्यको अधीनस्थ राज्य हुनपुग्यो। यो क्षेत्रमा ५ औं शताब्दिको उत्तरार्धमा आएर लिच्छवीहरूले राज्य गरे। ८ औं शताब्दिको उत्तरार्धमा लिच्छवीवंश अस्त हुनथाल्यो र सन् ८७९ देखि नेवार युगको उदय भयो, तथापि उनीहरूको नियन्त्रणमा देशको कति बिस्तार भएको थियो, यकिन छैन।

११ औं शताब्दिको उत्तरार्धमा दक्षिण भारतबाट आएका चालुक्य साम्राज्यको प्रभावमा नेपालको दक्षिणी भूभाग पऱ्यो। चालुक्यहरूको प्रभावमा त्यति बेला चलिआएको बुद्ध धर्मको साटो राजाहरूले हिन्दू धर्मको समथर्न गर्न थाले र नेपालमा हिन्दू धर्मतर्फको धार्मिक परिवर्तन हुन थाल्यो। पाटनको हिन्दू मन्दिर, तीन प्राचीन राज्यमध्येको एकको राजधानी १९२० तिरका नेपाली राजसंस्था १३ औं शताब्दिको पूर्वाधमा संस्कृत शब्द 'मल्ल' थर भएका नाइकेहरूको उदय हुनथाल्यो। सुरुमा उनीहरूको सत्ता उदयमान भयो, तर त्यसपछिका २०० वर्षहरूमा राजाहरूले उनीहरूको शक्ति एकमुष्ट पार्ने मात्र काम गरे। १४ औं शताब्दिको उत्तरार्धमा देशका धेरैजसो भागहरू एकीकृत राज्यको अधीनमा आए। तर यो एकीकरण छोटो समयसम्म मात्र टिक्यो : १४८२ मा यक्ष मल्लको समयमा आफ्ना छोराहरूलाई अंशवण्डामा काठमाडौं उपत्यकाका तीन राज्य बाँडेर दिने निर्णय पछि यो राज्य तीन भागमा टुक्रियो : काठमाडौं, पाटन, र भादगाउँ, जसको बीचमा शताब्दियौँसम्म खिचातानी र दुश्मनी रहिरहेको थियो। १७६५ मा, गोरखाका राजा पृथ्वीनारायण शाहले थोरैमात्र हतियार र सहयोग जुटाई छिमेकी राज्यहरू, (खासगरी लम्जुङ्ग, कास्की र तनहुँ) को तटस्थता आफ्नो पक्षमा उपयोग गर्न सफल भएपछि देश एकीकरणका निम्ति अघि बढे। धेरै रक्तरञ्जित लडाईंहरूपश्चात्, उनी ३ वर्षपछि काठमाडौं उपत्यकालाई विशाल नेपाल भित्र एकीकरण गर्ने अभियानमा सफलता प्राप्त गरे। तथापि उनले तत्कालीन राजा जयप्रकाश मल्लले राज्य गरिरहेको काठमाडौं राज्यलाई जित्दाखेरि कुनै युद्ध गर्नु परेन। वास्तवमा, त्यतिबेला इन्द्रजात्रा पर्वमा काठमाडौं उपत्यकाका सबै जनताहरू जात्रा मनाइरहेका थिए, जब पृथ्वीनारायण शाहले आफ्ना सेनाहरू लिएर खासै कुनै मेहनत बिना उपत्यकालाई कब्जा गरे आफै बसेर जात्रा चलाएर साँस्कृतिक सम्मानको अवधारणा प्रस्तुत गरे।

त्यसैगरी नेपाल एकीकरणको शिलशिलामा सम्पूर्ण साना राज्यहरू जितेपछि पूर्वका पल्लो किराँत लिम्बूवान राज्य पुगे। लिम्बूवान राज्यमा १७ पटकसम्म हमला गरी वि.सं २२/०४/१८३१ मा लिम्बूवानको केन्द्रीय राजधानी विजयपुरमा लालमोहरसहित ताम्रपत्रमा लेखी सन्धि भयो। यसले नयाँ नेपालको जन्मको आधारशिला तय गऱ्यो। तिब्बतसँग हिमाली मार्गको नियन्त्रणको निम्ति भएको विवाद र त्यसपश्चातको युद्धमा चीन-तिब्बतको सहायताको लागि आएपछि नेपाल पछि हट्नुपऱ्यो। नेपालको सीमा नजिकका स-साना राज्यहरूलाई हडपेका कारण सुरु भएको ब्रिटिस इस्ट इण्डिया कम्पनीसँगको दुश्मनीका कारण रक्तरञ्जित एङ्गलो-नेपाल युद्ध

(१८१४-१६) भयो, जसमा नेपालले हालको सीमा रक्षा गर्नसफल भएपनि महाकाली नदी पश्चिमको आफ्ना क्षेत्रहरू गुमाउनु पऱ्यो। ती क्षेत्रहरू हालको उत्तराखण्ड राज्य र हालको हिमाञ्चल प्रदेशका धेरै पञ्जाबी पहाडी राज्यहरू पर्दछन्। आफ्नो स्वाधीनताका लागि नेपालले इस्टइण्डिया कम्पनिसँग सुगौली सन्धि गरेर तराईका केही भू-भाग र एक तिहाइभन्दा बढी भूभागसहित सिक्किम, दार्जिलिङ्ग गुमाउनु पऱ्यो। काँगडासम्म पुगेका नेपाली र सतलजदेखि टिष्टासम्मको विशाल नेपाल मेची र कालीमा सीमित हुनपुग्यो, तर पनि पछि १८६० मा प्रथम राणा प्रधानमन्त्री जंगबहादुर राणासँग खुसी भई अंग्रेजले नेपाललाई राप्तीदेखि कालीसम्मको तराई फर्काइदिएका थिए। राजपरिवार बीचको गुटबन्दीका कारण युद्धपछि अस्थायित्व कायम भयो। सन् १८४६ मा शासन गरिरहेकी रानीको सेना नायक जंगबहादुर राणालाई पदच्यूत गर्ने षड्यन्त्रको खुलासा हुनाले कोतपर्व घट्न पुग्यो। हतियारधारी सेना र रानीप्रति बफादार भाइ-भारदारहरूबीच मारकाट चल्नाले देशका सयौँ राजखलक, भारदारहरू र रजौटाहरूको हत्या भयो। जंगबहादुरले जितेपछि राणा खानदान सुरु गरे र राणा शासन लागू गरे। राजालाई नाममात्रमा सीमित गरियो र प्रधानमन्त्री पदलाई शक्तिशाली र वंशाणुगत गरियो। राणाहरू पूर्ण निष्ठाले ब्रिटिसहरूका पक्षमा थिए र ब्रिटिसहरूलाई १८५७ को सिपोई रिबेलियन (प्रथम भारतीय स्वतन्त्रता संग्राम), र पछि दुवै विश्वयुद्धहरूमा सघाएका थिए। सन् १९२३ मा संयुक्त अधिराज्य र नेपालबिच आधिकारिक रुपमा मित्रताको सम्झौतामा हस्ताक्षर भयो, जसमा नेपालको स्वतन्त्रतालाई संयुक्त अधिराज्यले स्विकाऱ्यो।

## राणा विरुद्ध संघर्ष

२००७ सालको क्रान्ति १९४० दशकको उत्तरार्धमा लोकतन्त्र समर्थित आन्दोलनहरूको उदय हुन थाल्यो र राजनैतिक पार्टीहरू राणा शासनको विरुद्धमा उत्रे। जनताको आँखामा छारो हाल्न राणा प्रधानमन्त्री पद्मशम्शेरले नेपाल सरकारको वैधानिक कानून २००४ लागू गरे। त्यसैताका चीनले १९५० मा तिब्बत कब्जा गऱ्यो, जसका कारण बढ्दो सैनिक गतिविधि टार्न भारतलाई नेपालको स्थायित्वप्रति चाख बढ्न थाल्यो। फलस्वरुप राजा त्रिभुवनलाई भारतले समर्थन गरी १९५१ मा सत्ता दिलाए, र नयाँ सरकार निर्माण भयो, जसमा धेरैजसो नेपाली काँग्रेस पार्टीको सहभागिता थियो। नेपालको अन्तरिम शासन विधान २००७ निर्माण गरियो। राजा र सरकारबीच वर्षौंको शक्ति खिचातानीपश्चात् राजा महेन्द्रले २०१५ फागुन ७ गते नेपाल अधिराज्यको संविधान २०१५ जारी गरे। जसअनुसार संसद्को निर्वाचन भयो, नेपाली काँग्रेसले अत्यधिक बहुमत ल्यायो र विश्वेश्वरप्रसाद कोइरालाको अध्यक्षतामा नेपाली काँग्रेसको एकमना सरकार बन्यो। १९५९ मा राजा महेन्द्रले लोकतान्त्रिक अभ्यास अन्त्य गरी 'निर्दलीय' पञ्चायत व्यवस्था लागू गरी राज्य गरे। नेपालको संविधान २०१९ जारी गरियो जसले निर्दलीय पञ्चायती व्यवस्थाको जग झन मजबुत तुल्यायो। सन् १९८९ को 'जनआन्दोलन' ले राजतन्त्रलाई संवैधानिक सुधार गर्न र बहुदलीय संसद् बनाउन बाध्य तुल्यायो। फलत: नेपालमा पञ्चायती व्यवस्थाको अन्त्य भै बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना भयो। मे १९९१ मा कृष्णप्रसाद भट्टराई अन्तरिम सरकारको प्रधानमन्त्री बने, नयाँ संविधान नेपाल अधिराज्यको संविधान २०४७ को निर्माण भयो र संसदका लागि लोकतान्त्रिक चुनाव भयो। नेपाली काँग्रेसले राष्ट्रको पहिलो लोकतान्त्रिक चुनावमा बहुमत ल्यायो र गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बने। बहुदलीय संसदीय व्यवस्था नेपालमा लामो समयसम्म चल्न सकेन। राजनैतिक दलहरूको आपसी बेमेल तथा वि.स. २०५२ मा सुरु भएको माओवादी जनयुद्धका कारण देश झन अस्थिरता तर्फ बढ्यो। २०५८ सालमा नेपालका राष्ट्र प्रमुख रहेका राजा वीरेन्द्र लगायत उनको परिवारका सबै सदस्यहरूको नारायणहिटी दरबारमा हत्या भयो। त्यसपछि उनका माहिला भाइ ज्ञानेन्द्र नेपालका नयाँ राजाका रुपमा गद्दीमा बसे। सोही साल देशमा संकटकालीन अवस्था लागू गरियो। तर न त माओवादी जनयुद्ध रोकियो न त दलहरूबीच नै सहमति बन्न सक्यो। फलत: राजाले निर्वाचित संसद भङ्ग गरी सत्ता आफ्नो हातमा लिए। नेपाल अधिराज्यको संविधान २०४७ मा राजकीय सत्ता तथा राजाको अधिकारको विषयमा केही व्यवस्थाहरू स्पष्ट नभएकाले राजाले यो कदम उठाउन सकेका थिए। विना संसदको देशमा विभिन्न व्यक्तिहरूको प्रधानमन्त्रीत्वमा राजाले मन्त्रीमण्डल फेर्दै गए र अन्तत: राजा ज्ञानेन्द्रले २०६१ माघ १९ का दिन एउटा घोषणामार्फत सम्पूर्ण राज्यसत्ता आफ्नो हातमा

लिएर आफ्नै अध्यक्षतामा नयाँ मन्त्रीमण्डल गठन गरे। त्यसपछि देशभरका टेलिफोन तथा मोबाइलहरूका लाइन काटिए। रेडियो, टिभी, पत्रपत्रिका लगायतका सञ्चारमाध्यमहरूमा सेन्सरसिप लागू भयो। मौलिक हकमा समेत प्रतिबन्ध लाग्यो जनताले धेरै दु:ख पाए। राजा ज्ञानेन्द्रको यो कदमको देशभित्र र बाहिर गरी विश्वव्यापी रुपमा विरोध भयो। राजनैतिक दलहरू आन्दोलनमा उत्रिए। सशस्त्र युद्ध गरिरहेको नेकपा माओवादी र आन्दोलनरत सात राजनैतिक पार्टीहरूबीच २०६२ फागुनमा भारतको मध्यस्थतामा नयाँ दिल्लीमा वार्ता भई १२ बुँदे सहमति भयो। त्यसपछि माओवादीले पनि हतियार बिसाइ शान्तिपूर्ण जनआन्दोलनमा सहभागी हुने भयो। सबै मिलेर आन्दोलन भयो र विघटित संसद पुनर्स्थापित भयो। आन्दोलनरत माओवादी र सरकारबीच विस्तृत शान्ति सम्झौता सम्पन्न भयो। नेपालको अन्तरिम संविधान २०६३ निर्माण भयो र माओवादी समेतलाई सम्मिलित गरी अन्तरिम व्यवस्थापिका संसदको निर्माण भयो। माओवादीसमेत सम्मिलित संयुक्त सरकार बन्यो र नेपालको भावी संविधान निर्माण गर्नका लागि वि.सं. २०६४ चैत्र २८ मा संविधानसभाको निर्वाचन गरायो। संविधानसभामा ठूलो दलको हैसियत बनाएका तत्कालीन नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा सरकार गठन भयो। वि. सं. २०६५, जेठ १५ गते बसेको संविधानसभाको बैठकले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल घोषणा गऱ्यो। (**स्रोत: नेपाली विकिपिडिया**)

## २०४६ को जनआन्दोलन र त्यसपछिको राजनीति

२०१७ साल पुस १ गते राजा महेन्द्रको शाही घोषणामार्फत् स्थापित पञ्चायती व्यवस्था तीस वर्षसम्म टिक्यो र २०४६ को जनआन्दोलनसँगै तहसनहस भयो। २०४६ साल माघ ५ गतेदेखि ७ गतेसम्म नेपाली काँग्रेसका नेता गणेशमान सिंहको घरमा नेपाली काँग्रेसका कार्यकर्ताहरूको देशव्यापी सम्मेलन भयो। उक्त सम्मेलनमा भारतका वरिष्ठ नेताहरू चन्द्रशेखर, हरिकिसन सिंह सुरजित, एम.जे. अकबर आदिले समेत भाग लिएका थिए। नेपाली काँग्रेस र संयुक्त बाममोर्चा मिलेर संयुक्त रूपमा २०४६ साल फागुन ७ गतेदेखि उपत्यकाभित्र र बाहिरका जिल्लामा पनि देशव्यापी जनआन्दोलन चर्काए। फागुन ८ गते काठमाडौँलगायत प्रमुख शहरहरू बन्द भए। अन्तर्राष्ट्रिय सञ्चार जगतले प्राथमिकताका साथ समाचार प्रचारप्रसार गर्न थाले। २०४६ साल चैत १९ गते तत्कालीन प्र.म. मरिचमान सिंहको सिफारिसमा मन्त्रिमण्डल पुनर्गठन भयो तर आन्दोलनको गति रोकिएन। कीर्तिपुर, पाटन र बुटवलमा गोली चल्यो। २०४६ साल चैत २४ गते राजा वीरेन्द्रबाट रेडियो नेपालमार्फत घोषणा भयो जसअनुसार लोकेन्द्रबहादुर चन्दको अध्यक्षतामा ४ सदस्यीय मन्त्रिपरिषद्को गठन भयो। जन आन्दोलन नरोकिएपछि अन्तत: २०४६ साल चैत्र २६ गते राति ११:४५ बजे रेडियो नेपाल र नेपाल टेलिभिजनमा एक विज्ञप्ति प्रकाशित भयो। जसमा नेपालको संविधान, २०१९ मा रहेको दलविहीन शब्द हटाई दलमाथिको प्रतिबन्ध फुकुवा भयो। नयाँ संविधान बनाउन संविधान सुधार सुझाव आयोगद्वारा प्रतिवेदन पेश गर्ने भन्ने विज्ञप्ति प्रकाशित भयो।

पञ्चायत विघटनपश्चात् कृष्णप्रसाद भट्टराईको अध्यक्षतामा अन्तरिम सरकार गठन भयो। २०४७ साल कात्तिक २३ गते नेपाल अधिराज्यको संविधान, २०४७ जारी भयो। यसपछि २०४८ साल वैशाख २९ गते आमनिर्वाचन भयो। प्रतिनिधिसभाको २०५ सिटमध्ये नेपाली कांग्रेसले सर्वाधिक ११० सिट प्राप्त गऱ्यो। वि.स. २०४८ जेठ १५ गते बहुमतप्राप्त दल नेपाली काँग्रेसका संसदीय दलका नेता गिरिजाप्रसाद कोइरालाको प्रधानमन्त्रित्वमा एकमना मन्त्रिपरिषद् गठन भयो। प्रमुख प्रतिपक्षका रूपमा ६८ सिट पाएको नेपाल कम्युनिष्ट पार्टी एमाले रहन पुग्यो।

नेपाली काँग्रेसका तत्कालीन महामन्त्री गिरिजाप्रसाद कोइरालालाई राजा वीरेन्द्रबाट २०४८ जेठ १३ का दिन प्रधानमन्त्री नियुक्त गरी १५ जनाको मन्त्रिमण्डल गठन गरियो। २०५१ कार्त्तिक २९ मा मध्यावधि निर्वाचन भयो। प्रतिनिधि सभा विघटनको सिफारिस भएपछि सम्पन्न यो आम निर्वाचनमा नेपाली कांग्रेसले ८३, नेकपा (एमाले ले ८८ र राप्रपाले २० सीट प्राप्त गरेका थिए। मध्यावधि निर्वाचन, २०५१ मा स्पष्ट बहुमत कुनै पनि दलले प्राप्त नगरेकाले सबैभन्दा ठूलो दलको हैसियतमा नेकपा एमालेका अध्यक्ष एवम् संसदीय दलका नेता

मनमोहन अधिकारी प्रधानमन्त्रीमा नियुक्त भए। यो प्रतिनिधि सभा जेठ ३०, २०५२ मा पुनः विघटन हुन पुग्यो। तर सर्वोच्च अदालतले भदौ १२, २०५२ मा यसलाई पुनर्स्थापित गर्‍यो र भदौ २० मा प्रतिनिधि सभाको विशेष अधिवेशन बसी नेपाली काँग्रेसका नेता शेरबहादुर देउवाले मनमोहन अधिकारीउपर अविश्वासको प्रस्ताव पेश गरे। वि.स. २०५२ भदौ २५ मा अविश्वासको प्रस्ताव पारित भएपछि यो सरकार ढल्यो।

२०५२ भदौ २६ मा शेरबहादुर देउवा प्रधानमन्त्री नियुक्त भए। उनकै प्रधानमन्त्रीकालमा २०५२ साल फागुन १ गतेदेखि आफ्ना एक्काइस सूत्रीय मागउपर कुनै ध्यान नदिएको भन्दै तत्कालीन जनमोर्चाका नेता डा.बाबुराम भट्टराईलगायतले दीर्घकालीन जनयुद्धका लागि सशस्त्र विद्रोहको घोषणा गरी भूमिगत राजनीतिको थालनी गरे। एमालेको अविश्वासको प्रस्तावले गर्दा वि.स. २०५३ फागुन २३ गते शेरबहादुर देउवा सरकारको विघटन भयो र राप्रपाका नेता लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री बने। यो सरकारले पनि काँग्रेसको अविश्वास प्रस्तावका कारण वि.सं. २०५४ असोज १८ मा सत्ताबाट हात धुनु पर्‍यो। काँग्रेसको मिलेमतोमा राप्रपाको अध्यक्ष सूर्यबहादुर थापा २० असोज २०५४ मा प्रधानमन्त्री भए। उनले प्रतिनिधिसभा विघटन र निर्वाचन तोक्न सिफारिस गरे। तर प्रतिनिधिसभाको विशेष अधिवेशनले अविश्वासको प्रस्ताव विफल पार्‍यो। चैत २८, २०५४ मा उनले राजिनामा दिए। यसपछि सबैभन्दा ठूलो दलका नेता गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा अल्पमतको सरकार चैत्र ३०, २०५४ मा गठन भयो। यस सरकारमा नेकपा (माले पनि सम्मिलित थियो। तर माले छिटै बाहिरिएकाले एमाले सम्मिलित भई मन्त्रिमण्डल पुर्नगठन भयो। व्यवस्थापिकाको निर्वाचनपछि वि.सं. २०५६ जेठ १३ मा नेपाली काँग्रेसका नेता कृष्णप्रसाद भट्टराईको नेतृत्वमा मन्त्रिमण्डल गठन भयो। यो सरकारले चैत ३ गते राजिनामा दिएपछि ५ चैत, २०५६ मा गिरिजाप्रसाद कोइराला पुनः प्रधानमन्त्री बने।

२०५८ साल जेठ १९ गते नारायणहिटी राजदरबारमा घटेको अकल्पनीय घटनामा राजा वीरेन्द्रको वंशनाश भएपछि ज्ञानेन्द्र राजा भए र उनले आफ्ना छोरा पारसलाई युवराज बनाए। शेरबहादुर देउवाको प्रधानमन्त्रित्वमा सञ्चालित सरकारले वि.स. २०५८ मङ्सिर ११ मा माओवादीलाई आतङ्ककारी घोषित गरी २०५९ जेठ १० गतेसम्म ६ महिनाको सङ्कटकाल लागू गर्‍यो। २०५९ जेठ ११ गते अन्त्य भएको सङ्कटकाल पुनः १३ गतेदेखि लागू भयो र भदौ १२ गतेसम्म कायम रह्यो। २०५९ साल जेठ ८ गते प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा तत्कालीन संविधानको प्रावधानअनुसार राजाबाट प्रतिनिधिसभाको विघटन एवम् कात्तिक २७ मा मध्यावधि चुनाव गर्ने घोषणा भएको थियो। निर्धारित तिथिमा चुनाव गर्न नसकेको बहानामा २०५९ असोज १८ गते राजा ज्ञानेन्द्रले देउवालाई 'असक्षमता' को आरोप लगाएर पद च्यूत गरे। उनले कात्तिक २७ गते गर्ने भनिएको चुनाव पनि स्थगन गरी अर्को व्यवस्था नभएसम्मका लागि नेपालको कार्यकारिणी अधिकार आफैँसँग राखी पाँच दिनभित्र नयाँ मन्त्रिमण्डल गठन गर्ने घोषणा गरेका थिए।

असोज १८ देखि २४ सम्म नेपाल प्रधानमन्त्री एवम् मन्त्रिपरिषद्रहित भयो र असोज २५ मा लोकेन्द्रबहादुर चन्दको प्रधानमन्त्रित्वमा ९ सदस्यीय मन्त्रिपरिषद् गठन भयो। वि.स २०५२ फागुन १ गतेदेखि सशस्त्र जनयुद्ध प्रारम्भ गरी भूमिगत भएको माओवादीसँग गरिएका वि.स. २०५८ साउन ८ गते प्रथम चरणको वार्ता, भदौ २६ मा दोस्रो चरणको वार्ता र कात्तिक २८ मा तेस्रो चरणको वार्ताहरू असफल भएपछि वि.सं. २०५८ मङ्सिर ८ मा माओवादीद्वारा दाङ र स्याङ्जामा गरिएको आक्रमणले सुरक्षा स्थिति थप जटिल बनायो। वि.सं. २०५८ मङ्सिर ११ देखि मुलुकभरि सङ्कटकाल घोषणा गरियो। वि.सं. २०५९ जेठ ११ मा सङ्कटकालको अन्त्य भए पनि जेठ १३ मा पुनः लागू भई भदौ १२ मा समाप्त भयो। माघ १५ मा माओवादीद्वारा तत्काल युद्धविरामको घोषणा एवम् सरकारबाट नेकपा(माओवादी) लाई आतंककारी भनी गरिएको घोषणा र गिरफ्तारीको रेड कर्नर नोटिसजस्ता पूर्वनिर्णय फिर्ता लिएपछि नेपाली राजनीतिले नयाँ मोड लियो।

२०५९ असोज १८ पछि ज्ञानेन्द्रले कहिले लोकेन्द्रबहादुर चन्दलाई त कहिले सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाएर आफूखुसी शासन गर्न थाले। नेपाली काँग्रेस, नेकपा (एमाले लगायत पाँच दलले यसलाई शाही प्रतिगमनको संज्ञा दिँदै दबाबमूलक विरोध कार्यक्रमहरू सञ्चालन गर्न थाले। असार १८ गते राजा ज्ञानेन्द्रले

२०६१ साल चैत मसान्तभित्र प्रतिनिधिसभाको चुनाव गर्ने शाही आदेशसहित शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा पुन: नियुक्त गरे। यो सरकारलाई १९ माघमा बर्खास्त गरियो र राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासन सुरू भयो। १९ माघपछि शाही शासनविरूद्ध नेपाली काँग्रेस (प्रजातान्त्रिक) र संयुक्त वाममोर्चालाईसमेत समेटेर सात दलको आन्दोलनकारी गठबन्धन बन्यो र २०६२ वैशाखमा यसले प्रतिनिधिसभा पुनर्स्थापनाको बाटो हुँदै नेकपा (माओवादी) ले सञ्चालन गरेको सशस्त्र विद्रोहको राजनीतिक निकास दिन संविधानसभासम्म पुग्ने साझा सहमति र प्रतिबद्धतालाई सार्वजनिक गऱ्यो। यसपछि नै माओवादीसँग सात दलको वार्ता र समझदारीले ठोस आकार र गन्तव्य लिन थालेको हो। १९ माघ २०६१ मा राजा ज्ञानेन्द्रले दोस्रो पटक निरंकुश एवम् प्रत्यक्ष शासन सुरू गरेपछि त्यसको प्रतिरोधमा आन्दोलनअघि बढाउन नेपाली काँग्रेस, नेकपा एमाले, नेपाली काँग्रेस (प्रजातान्त्रिक), जनमोर्चा नेपाल, नेपाल मजदुर किसान पार्टी, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) र संयुक्त बाममोर्चासहित २५ वैशाख २०६२ मा सर्वप्रथम सातदलीय गठबन्धन निर्माण भयो। नेपाली काँग्रेस, ने.क.पा.एमाले र ने.क.पा. माओवादीबीच २०६२ मङ्सिर ७ गते भारतको नयाँदिल्लीमा १२ बुँदे सम्झौता भयो। शान्ति सम्झौतामा हस्ताक्षर र नेकपा माओवादीसमेतको सहभागितामा अन्तरिम व्यवस्थापिका-संसद् बनेपछि यो गठबन्धन आठदलीय भएको थियो। त्यसपछि २०६३ मङ्सिर ५ गते सात दलको सरकार र नेकपा (माओवादी) बीच विस्तृत शान्ति सम्झौता सम्पन्न भएको थियो।

## दोस्रो जनआन्दोलन २०६२/०६३

२०६२ साल चैत २४ गतेदेखि २०६३ साल वैशाख ११ गतेसम्म १९ दिन चलेको शान्तिपूर्ण जनआन्दोलन २०६२/०६३ मा नेपाली जनताको अपार सहभागिताले यसलाई एउटा निर्णायक विन्दुमा पुऱ्याएको थियो। फलस्वरूप २०६३ माघ १ गते नेपालको अन्तरिम संविधान, २०६३ जारी भयो। जनआन्दोलन २०६२/०६३ पछि वर्तमान राजनीतिक संक्रमणको व्यवस्थापन र संविधानसभाको चुनाव गर्ने जिम्मेवारी पाएका सात राजनीतिक दलको सहमतिअनुसार २८ चैत २०६४ मा संविधानसभाको चुनावको तिथि तेस्रो पटक निर्धारण गरियो। सात राजनीतिक दलले ८ पुस २०६४ मा गरेको २३ बुँदे सहमतिपछि चैत महिनाभित्र संविधानसभाको चुनाव गर्ने निर्णय गरेका थिए। नेपालमा ऐतिहासिक रूपमा संविधानसभाको निवार्चन वि.स. २०६४ चैत्र २८ मा सम्पन्न भयो। संविधानसभामा जम्मा ६०१ जना सदस्य थिए जसमध्ये ३३५ सदस्य समानुपातिक प्रणालीबाट र २४० सदस्य प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित भएका र बाँकी २६ जना सदस्य मन्त्रिपरिषद्ले मनोनीत गरेको थियो। संविधानसभाको पहिलो बैठकले गणतन्त्र नेपालको घोषणा गऱ्यो र गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादव र उपराष्ट्रपति परमानन्द झा निर्वाचित भए।

## परिच्छेद - २

# निर्वाचन सम्बन्धी कानूनको विकास

नेपालमा पृथ्वीनारायण शाहका पालादेखि शाह वंशीय शासन व्यवस्थाको स्थापना भई नेपालको आधुनिक राजनीतिक इतिहासको प्रारम्भ भएको हो। त्यसपछि वि.सं. १९०३ सालदेखि २००४ सालसम्म अर्थात् १०४ वर्ष एकछत्र रुपमा राणाहरूले शासनसत्ता सञ्चालन गरेका थिए। शाह र राणा कालमा शासन सत्तामा राजनीतिक दलको अस्तित्व कायम नहुँदा नेपालमा राजनीतिक दलको विकासको इतिहास धेरैपछि शुरु भयो। नेपालमा सर्वप्रथथम वि.सं. १९९३ साल जेष्ठ २० गतेका दिन प्रजा परिषद् नामक राजनीतिक दलको जन्म भएको थियो। तत्पश्चात क्रमश: वि.सं. २००३ सालमा नेपाली राष्ट्रिय काँग्रेस, वि.सं. २००५ सालमा नेपाली काँग्रेस, २००६ सालमा नेपाल कम्युनिस्ट पार्टी र २००७ सालमा गोर्खा परिषद् लगायतका पार्टीहरू गठन भई राजनीतिक दलहरूको विकास हुँदै आएको पाइन्छ। तत्पश्चात् वि.सं.२०१५ सालदेखि हालसम्म दलको संस्थागत विकासको प्रयोजनको लागि र लोकतान्त्रिक पद्दती अनुसार सम्पन्न भएका निर्वाचनहरूमा भाग लिने प्रयोजनका लागि विभिन्न राजनीतिक दलहरू निर्वाचन आयोगमा दर्ता हुँदै आइरहेकोले हाल ११९ वटा राजनीतिक दलहरू दर्ता भई अस्तित्वमा रहेका छन्। यसप्रकार नेपालमा राजनीतिक दलको गठनको थालनी वि.सं. १९९३ सालदेखि नै भए पनि राजनीतिक दलहरूले पछिसम्म वैधानिक मान्यता प्राप्त गर्न सकेका थिएनन्। मुलुकमा प्रजातन्त्रको स्थापना गर्नको लागि भएको २००७ सालको क्रान्तिको सफलतापश्चात प्रजातन्त्रको बहालीपछि लागू भएको नेपालको अन्तरिम शासन विधान, २००७ बाट मात्र राजनीतिक दलहरूले वैधानिक रुपमा मान्यता प्राप्त गरेको हो। त्यसपछि नेपाल अधिराज्यको संविधान, २०१५ द्वारा नेपाली जनतालाई दल दर्ता गर्न पाउने भनी संविधानद्वारा मौलिक अधिकार प्रत्याभूत गरेको थियो। त्यसपछि वि.सं. २०१७ सालमा पुन: पञ्चायती व्यवस्थाको घोषणा भई दलमाथि प्रतिबन्ध लगाइएको थियो। तथापि राजनीतिक दलहरू मुलुकमा प्रजातन्त्रको पुनर्वहाली गर्नको निम्ति अप्रत्यक्ष रुपमा सक्रिय रही संघर्षशील नै रहेकोले २०४६ सालमा जनआन्दोलन भई प्रजातन्त्रको पुनर्वहाली भयो र नेपाल अधिराज्यको संविधान, २०४७ लागू भई उक्त संविधानको धारा १२ मा स्वतन्त्रताको हक अन्तर्गत राजनीतिक दल दर्ता गर्न पाउने नेपाली नागरिकलाई मौलिक हकको प्रत्याभूत गरेको थियो। सोही शिलशिलामा राजनीतिक दललाई नियमन गर्नको लागि निर्वाचन आयोग ऐन, २०४७ निर्वाचन (कसुर र सजाय) ऐन, २०४७, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०४७ लागू भएको थियो। उक्त ऐन, कानूनहरू देशको राजनीतिक परिवर्तन भई नयाँ शासन व्यवस्थाको सृजना भएकोले सोही आवश्यकता र परिस्थिति अनुरुप कानूनहरू निर्माण गरी लागू गर्दै आइरहेकोले राजनीतिक दल तथा तत्सम्बन्धी कानूनको विकास र सुधार क्रमश: हुँदै आएको पाइन्छ। हाल देहाय बमोजिमका राजनीतिक दल सम्बन्धी कानूनहरू रहेका छन् :

(क) नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ को उपधारा (३) को खण्ड (ग) मा प्रत्येक नागरिकलाई राजनीतिक दल खोल्ने स्वतन्त्रता हुनेछ।

(ख) संगठन सञ्चालन गर्न प्रयोजनका लागि राजनीतिक दल दर्ता : नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४१ मा राजनीतिक दलहरूले संगठन सञ्चालन गर्न प्रयोजनका लागि दल दर्ता गराउन पाउने छन्। समान राजनीतिक विचारधारा दर्शन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरूले धारा १२ को उपधारा (३) को प्रतिबन्धात्मक वाक्यांश (३) अन्तर्गत बनेको कानूनको अधीनमा रही आफ्नो इच्छानुसार राजनीतिक दल खोल्न, सञ्चालन गर्न र सोको विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नको लागि त्यसको प्रचार र प्रसार गर्न गराउन वा सो प्रयोजनका लागि अन्य कुनै काम गर्न सक्ने छन्। त्यस्तै कुनै कार्यमा कुनै प्रतिबन्ध लगाउने गरी बनाइएको कानून वा गरिएको कुनै व्यवस्था वा निर्णय सो संविधानको प्रतिकूल मानिने र स्वत: अमान्य हुनेछ।

(ग) निर्वाचन प्रयोजनको लागि राजनीतिक दल दर्ता : नेपालको अन्तरिम संविधान २०६३ को धारा १४२ को उपधारा (१) मा निर्वाचन प्रयोजनको लागि निर्वाचन आयोगबाट मान्यता प्राप्त गर्नचाहने प्रत्येक राजनीतिक दलले निर्वाचन आयोगद्वारा निर्धारण गरिएको कार्यविधि पूरा गरी निर्वाचन आयोगमा दर्ता गराउनु पर्नेछ।

(घ) निर्वाचन आयोग ऐन, २०६३ को दफा १८ को उपदफा (१) मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि निर्वाचन प्रयोजनको लागि राजनीतिक दल दर्ता गराउन चाहने राजनीतिक दलले आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको कार्यविधी पूरा गरी सोही सूचनामा तोकिएको म्यादभित्र आयोगमा निवेदन दिनुपर्नेछ।

(ङ) दल त्याग ऐन, २०५४ संविधानसभा सदस्यको निर्वाचनमा कुनै राजनैतिक संगठन वा दलको उम्मेदवार निर्वाचित भएको सदस्यले सो संगठन वा दल त्याग गरेको मान्न सकिने अवस्था र सो सम्बन्धमा सम्बन्धित राजनीतिक दलले गर्न सक्ने कारवाहीको व्यवस्था रहेको छ। दल त्याग गरेको सूचना दिने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले यो ऐनको व्यवस्था गरिएको हो।

(च) राजनीतिक दल दर्तासम्बन्धी ऐन, २०५८ यस ऐनमा राजनीतिक दलको संस्थागत विकासको निम्ति राजनीतिक संगठन वा दललाई संगठित संस्थाको रुपमा विकसित गर्न दल दर्ताको प्रकृयालाई व्यवस्थित गर्न दलको आन्तरिक संगठनमा प्रजातान्त्रीकरणको विकास गर्न दलको कार्यलाई पारदर्शी बनाई राजनीतिक दललाई जिम्मेवार संस्थाको रुपमा विकास गराउने उद्देश्य यो ऐन बनेको हो। यसमा राजनीतिक दल खोल्ने कार्यविधि र राजनीतिक दलले पूरा गर्न पर्ने शर्त समेतको व्यवस्था रहेको छ।

(छ) राजनीतिक दलसम्बन्धी ऐन, २०५८ को व्यवस्था बमोजिम राजनीतिक दलहरूलाई निर्वाचनमा भाग लिने प्रयोजनक लागि निर्वाचन आयोगले राजनीतिक दल दर्ता (निर्वाचन प्रयोजन) नियमावली, २०६३ बनाई लागू गरेको छ। यस नियमावलीमा निर्वाचन प्रयोजनको लागि राजनीतिक दल दर्ता गर्दा गराउँदा आवश्यक पर्न कार्यविधि सम्बन्धी प्रावधानको बारेमा उल्लेख गरिएको छ।

## नेपालको अन्तरिम संविधान, २०६३

यस संविधानको प्रस्तावनामा बालिग मताधिकारको आधारमा निर्वाचन हुने, धारा ३३ (ग) मा अर्को संविधानसभाको निर्वाचन हुने समय, धारा ६३ (क) मा संविधानसभाको गठन, संविधानसभाको निर्वाचन पद्दती, संविधानसभाको निर्वाचनमा मतदान गर्नयोग्य व्यक्तिहरू समेतको व्यवस्था रहेको छ। धारा १२८ र १२९ मा निर्वाचन आयोग सम्बन्धी र धारा १५४ (क) मा संविधानसभाको निर्वाचन क्षेत्र निर्धारण आयोगको व्यवस्था रहेको छ।

## बाधा अड्काउ फुकाउ आदेश

नयाँ संविधान निर्माणको कार्य सम्पन्न नहुँदै सम्बत् २०६९ साल जेठ १४ गते पछि संविधानसभा स्वतः विघटन भई व्यवस्थापिका-संसद समेत कायम नरहेकोले राज्य सञ्चालनमा गम्भीर राजनीतिक एवम् संवैधानिक गतिरोध उत्पन्न भई संवैधानिक प्रक्रिया सुचारु गर्न विभिन्न प्रयासका बाबजुद अन्य विकल्पमा राजनीतिक सहमति जुट्न नसकेको विषम परिस्थितिमा आवश्यकताको सिद्धान्त समेतलाई विचार गरी संविधान सभाको निर्वाचन सुनिश्चित गर्दै राजनीतिक गतिरोध अन्त्य गर्न, नेपालको अन्तरिम संविधान, २०६३ का विभिन्न धाराहरूमा रहेको संवैधानिक व्यवस्थाले बाधा अवरोध सिर्जना गरेकोले सो बाधा फुकाउन सम्बत् २०६९ साल फागुन ३० गते प्रमुख राजनीतिक दलहरूका बीच भएको ११ बुँदे सहमतिको आधारमा नेपाल सरकार, मन्त्रिपरिषद्का सिफारिसमा राष्ट्रपतिबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५८ बमोजिम राष्ट्रपति डा. रामवरण यादवद्वारा बाधा अड्काउ फुकाउ आदेश जारी भयो ।

## निर्वाचन आयोग ऐन २०६३

यस ऐनमा निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था रहेको छ । मूलतः निर्वाचन आयोगको काम, बैठक, कार्यविधि, निर्वाचन सम्बन्धमा आयोगको अधिकार, निर्वाचन प्रयोजनको लागि राजनीतिक दल दर्ता गर्ने, राजनीतिक दलको मान्यता सम्बन्धी विवादको निरुपण र निर्वाचन आचारसंहिताको कार्यान्वयन गर्नेसमेत व्यवस्था रहेका छन् ।

## संविधानसभा सदस्य निर्वाचन अध्यादेश २०७०

यस अध्यादेशमा अर्को संविधानसभाको गठन, संविधानसभाको निर्वाचन सञ्चालनको सूचना, कार्यक्रम, उमेम्वारको मनोनयन, मतदान केन्द्र, निर्वाचन सामाग्री, मतदान, मतगणना र मतदानको परिणाम प्रकाशन लगायतका व्यवस्थाहरू रहेका छन् ।

## संविधानसभा अदालत ऐन, २०६३

यस ऐनमा संविधानसभाको निर्वाचन परिणामलाई चुनौती दिन सकिने व्यवस्था गर्नको लागि संविधानसभा अदालतको गठन, क्षेत्राधिकार र मुद्दा किनारा गर्ने कार्यविधि रहेका छन् । यसमा सर्वोच्च अदालतका तीन जना न्यायाधीशहरू रहन्छन् र यसले गरेको फैसला अन्तिम हुन्छ ।

## राजनीतिक दलसम्बन्धी ऐन, २०५८

यो ऐनमा राजनीतिक दलको दर्ता सम्बन्धी व्यवस्था रहेको छ । राजनीतिक दलदर्ता गर्न आवश्यक पर्ने कागजात, दलले पेश गर्नुपर्ने आयव्ययको विवरण, आयव्ययको लेखापरीक्षण गराई आयोगसमक्ष पेश गर्ने सम्बन्धी प्रावधान रहेको छ ।

## मतदाता नामावली सम्बन्धी ऐन, २०६३

यस ऐनले मतदानका लागि योग्य हुने नेपाली नागरिकको योग्यता निर्धारण गर्नको साथै मतदाताको नाम तथा अन्य आवश्यक विवरण संकलन गर्न मतदाता नामावली तयार तथा अद्यावधिक गर्न र सो सम्बन्धमा आवश्यक अन्य सबै काम गर्न व्यवस्था गरेको छ ।

## स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८

- यस ऐनमा गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिको निर्वाचन सञ्चालनसम्बन्धी व्यवस्था रहेको छ ।
- संविधानसभा सदस्य निर्वाचन नियमावली २०७०
- यस नियमावलीमा संविधानसभा सदस्य निर्वाचनको प्रक्रिया उल्लेख छ ।
- राजनैतिक दल दर्ता(निर्वाचन प्रयोजन) नियमावली, २०६४
- यो नियमावलीमा निर्वाचन प्रयोजनको लागि आयोगमा राजनैतिक दल दर्ता गर्ने कार्यविधि रहेको छ ।
- मतदाता नामावलीसम्बन्धी नियमावली पहिलो संसोधन, २०६८
- यस नियमावलीमा मतदाता नामावली संकलन तथा अद्यावधिकसम्बन्धी प्रक्रिया उल्लेख छ ।

## संविधानसभा सदस्य निर्वाचन आचारसंहिता, २०७०

निर्वाचन आयोग ऐन, २०६३ को दफा २८ बमोजिम निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता तथा भययुक्त वातावरण कायम राख्न नेपाल सरकार, सरकारी तथा अर्धसरकारी संस्थाको कार्यालय तथा कर्मचारी, निर्वाचनको काममा संलग्न कर्मचारी, राजनैतिक दल, उम्मेदवार तथा निजहरूसँग सम्बन्धित व्यक्तिहरू, सरकारी तथा निजी क्षेत्रका आम सञ्चारका माध्यमहरूले पालना गर्नुपर्ने आचारसंहिता आयोगले बनाउन सक्ने व्यवस्था रहेको छ । आयोगले यसरी आचारसंहिता बनाउँदा सम्बन्धित सरोकारवालासँग परापर्श गर्नु पर्नेछ । २०६४ सालमा संविधान सभाको निर्वाचनमा आयोगले आचारसंहिता बनाएको थियो ।

## निर्देशिकाहरू

निर्वाचन आयोग ऐन, २०६३ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी आयोगले आफ्नो काम सूचारुरुपले सञ्चालन गर्ने गराउने प्रयोजनको लागि निर्देशिकाहरू

### संविधानसभा निर्वाचनका लागि आयोगद्वारा जारी निर्देशिका

- संविधानसभा सदस्य निर्वाचन निर्देशिका, २०७०
- संविधानसभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७०
- संविधानसभा सदस्य निर्वाचन (आर्थिक) निर्देशिका, २०७०
- सञ्चारमाध्यम अनुगमन निर्देशिका, २०७०
- मिडिया सेन्टर सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७०
- संविधानसभा सदस्य निर्वाचन सामाग्री व्यवस्थापन निर्देशिका, २०७०
- संविधानसभा सदस्य निर्वाचन मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७०
- तालिम व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०७०
- संविधानसभा सदस्य निर्वाचन मतगणना निर्देशिका, २०७०
- निर्वाचन विवाद निरुपण निर्देशिका, २०७०
- संविधानसभा सदस्य निर्वाचन (समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको उम्मेदवारी सम्बन्धी) निर्देशिका, २०७०

### नेपालमा हालसम्म बनेका संविधान

१. नेपाल सरकारको वैधानिक कानून, २००४ (पहिलो लिखित संविधान)
२. नेपालको अन्तरिम शासन विधान, २००७
३. नेपाल अधिराज्यको संविधान, २०१५
४. नेपालको संविधान, २०१९
५. नेपाल अधिराज्यको संविधान, २०४७
६. नेपालको अन्तरिम संविधान, २०६३

बनाई लागू गराउन सक्ने व्यवस्था रहेको छ। त्यस्तो निर्देशिकाको पालना गर्ने सम्बन्धित सबैको कर्तव्य हुनेछ। आयोगले संविधानसभाको निर्वाचनको लागि विभिन्न निर्देशिकाहरू बनाएको छ।

## निर्वाचनसम्बन्धी सर्वोच्च अदालतका निर्णयहरू

सर्वोच्च अदालतले निर्वाचन क्षेत्र निर्धारण आयोग गठन गरेर मात्र संविधानसभा देस्रो निर्वाचन मिति घोषणा गर्न अन्तरिम आदेश जारी गरेको थियो। न्यायाधीश गिरिशचन्द्र लालको एकल इजलासले २०७० वैशाख २ मंगलबार अन्तरिम संविधानमा प्रत्येक जनगणनापश्चात् निर्वाचन क्षेत्र निर्धारण गरिने छ भन्ने व्यवस्था पालना गर्न ध्यानाकषर्ण गराउँदै यस्तो आदेश दिएको हो। प्रशासकीय जिल्लालाई निर्वाचन क्षेत्र कायम गरी संविधानसभाको निर्वाचन हुनुभन्दा अघिको राष्ट्रिय जनगणनाबाट निश्चित भएको जनसंख्याको आधारमा क्षेत्र तोक्नुपर्ने संविधानको प्रावधान देखिन्छ। निर्वाचन आयोग ऐन, २०६३ ले धारा १५४ मा आयोग गठन गरिने र सो आयोगले क्षेत्र निर्धारणपछि सोहीअनुरुप निर्वाचन हुने व्यवस्था गरेको थियो। सो धारालाई मध्यनजर राख्दै निर्वाचनसम्बन्धी तयारी गर्न अर्को आदेश नभएसम्मका लागि सर्वोच्चले अन्तरिम आदेश जारी गरेको हो। निर्वाचन क्षेत्र निर्धारण बिनै निर्वाचनको मिति घोषणा भएमा अन्तरिम संविधानको व्यवस्था उल्लंघन हुने र विश्वव्यापी राजनीतिक अधिकारको सिद्धान्तविपरीत हुने भएकाले रोक्नु पर्ने माग निवेदनमा गरिएको थियो।

## परिच्छेद - ३

# पहिलो संविधानसभा विघटनदेखि संविधान सभा-२ निर्वाचन घोषणासम्म

### घटनाक्रमः

२०६७ जेष्ठ १४ गते १ बर्षका लागि, २०६८ जेठ १४ गते, ३ महिनाका लागि, २०६८ भदौ १२ गते, ३ महिनाका लागि, २०६८ मंसिर १३ गते ६ महिनाका लागि चार पटक म्याद थप गर्दा पनि पहिलो संविधान सभाबाट संविधान जारी हुन सकेन। त्यसैले त्यसको कारक तत्वहरू भनेका के के थिए भन्ने कुराको समीक्षा गरिनु उपयुक्त हन्छ। संविधान सभाबाट एकीकृत मस्यौदा तयार हुन सकेन। सैद्दान्तिक छलफल, जनताको सुझाव संकलन, विधेयक निर्माण, दफावार छलफल र पारित गर्ने प्रक्रियाजस्ता न्यूनतम प्रक्रियामा छलफल नगरिएको, म्याद सकिन लागेको अवस्थामा समेत दलहरूबीच गम्भीर छलफल हुन सकने। राज्य पुर्नसंरचना, शासकीय स्वरुप लगायतका विवादित विषयमा बहुमतबाट टुङ्गो लगाउने प्रयास पनि प्रश्नावलीमै सहमति भएन।

राज्य पुर्नसंरचनालगायतका विषयमा दलहरूबीच सहमति हुन नसक्दा निर्धारित समयमा संविधान जारी गर्न नसकि संविधानसभा विघटन भयो। एमाले र काँग्रेसले एकीकृत माओवादीलाई संविधान विरोधीको आरोप लगाए भने एकीकृत माओवादीले एमाले र काँग्रेसलाई संघीयता विरोधी भएको आरोप लगायो।

### म्याद नथप्ने सर्वोच्च अदालतको अन्तरिम आदेश

२०६९ साल जेष्ठ ९ गते, सरकारद्वारा तीन महिनाका लागि संविधानसभाको म्याद थप गर्न अन्तरिम संविधानको १३ औं संशोधन विधेयक व्यवस्थापिका संसद् सचिवालयमा दर्ता भएको थियो। जेष्ठ १० गते, संविधानसभाको म्याद थपका लागि व्यवस्थापिका संसदमा प्रस्तुत विधान संशोधन विधेयक रोक्न माग गर्दै सर्वोच्च अदालतमा तीन छुट्टाछुट्टै रिट दायर गरिए।

जेष्ठ ११ गते सर्वोच्च अदालतद्वारा संविधान सभाको म्याद नथप्न सरकार र सभामुखको नाममा अन्तरिम आदेश जारी भयो। जेठ १४ गते, प्रधानमन्त्री डा. बाबुराम भट्टराईद्वारा सोही दिन राति १२ बजे राष्ट्रका नाममा सम्बोधन गर्दै २०६९ सालको मंसिर ७ गते नयाँ संविधानसभाको चुनावको घोषणा भयो।

संविधानसभा विघटन भएपछि संवैधानिक तथा कानूनी जटिलता देखिए भने राजनीतिक सहमतिको अभावका कारण न्यायपालिका लगायत संवैधानिक निकायहरूमा रिक्तता देखिन पुग्यो। हस्ताक्षर गरेको ६ बर्षभन्दा बढी समय बितिसक्दा पनि शान्ति सम्झौतामा उल्लेख्य गरिएका विषयहरू कार्यान्वयन भएनन्।

जेठ १६ गते, व्यवस्थापिका सदस्य नरहेको अवस्थामा प्रधानमन्त्री स्वत: पद मुक्त हुने संवैधानिक व्यवस्था उल्लेख गर्दै राष्ट्रपतिले प्रधानमन्त्रीलाई अर्को मन्त्रीपरिषद् गठन् नभएसम्म दैनिक कार्यसंचालन गर्न विज्ञप्तिमार्फत

आग्रह गरे। जेठ २३ गते, प्रधानमन्त्री बाबुराम भट्टराईद्वारा जेठ १४ गते घोषणा गरेको संविधानसभा निर्वाचन संविधान र कानून विपरित भएको भन्दै त्यसको विरुद्धमा बदर गर्न माग गर्दै सर्वोच्च अदालतमा रिट दायर भयो। जेष्ठ २५ गते, संविधानसभा एक दिनका लागि पुन: स्थापना गर्न माग गर्दै सर्वोच्च अदालतमा अर्को रिट दायर भयो। नेपाल सद्भावना पार्टी आनन्दीदेवीकी अध्यक्ष सरिता गिरीले संविधानसभा पुन: स्थापनाको माग गर्दै दायर गरेको रिटमा सर्वोच्च अदालतद्वारा सरकार र व्यवस्थापिका संसद्को नाममा कारण देखाउ आदेश जारी गऱ्यो। तर, संविधानसभा पुन:र्स्थापना हुन सकेन।

ठूला चार राजनीतिक दलहरूको चार बुँदे सहमतिमा गैरराजनीतिक दलको व्यक्तिको खोजीगरी झण्डै नौ महिनापछि संविधानसभाको चुनाव गर्ने गरी २०६९ चैत्र १ गते राष्ट्रपति रामवरण यादवले सर्वोच्च अदालतका प्रधानन्यायाधीश खिलराज रेग्मीलाई अन्तरिम चुनावी मन्त्रिपरिषद्को अध्यक्षको रूपमा नियुक्ति गरे।

सर्वोच्च अदालतका प्रधानन्यायाधिश खिलराज रेग्मीको अध्यक्षतामा मन्त्रीपरिषद्को गठन भयो। एकीकृत नेकपा माओवादीबाट अलग भएको नेकपा माओवादी (वैद्य) ले यी सबै प्रक्रियासँग असहमति जनाउँदै गर्दा अन्तरिम मन्त्रीपरिषद्का बहालवाला अध्यक्षबाट २०७० साल मंसिर ४ गते हुने गरी संविधानसभा २ को निर्वाचन घोषणा भयो। कतिपय कानून व्यवसायीले यसको विरोध गरेर दलभित्रैबाट चुनावी सरकार निर्माण गरिनु पर्नेमा जोड दिएका थिए।

# परिच्छेद - ४

# संविधानसभाको इतिहास : प्रक्रिया र प्रणाली

## संविधानसभाको इतिहास :

नेपालको अन्तरिम शासनविधान, २००७ को तर्जुमा संविधानसभाद्वारा संविधानको निर्माण गर्न उद्देश्यलाई केन्द्रविन्दुमा राखेर भएको थियो। तर तत्कालीन राजनैतिक पार्टीहरू र राजा बीचकै द्वन्द्वका कारण संविधानसभाको माध्यमबाट संविधान निर्माण गर्ने उद्देश्य पूरा हुन सकेन। राजाको पहलमा आयोगद्वारा संविधान निर्माण गरी सो संविधानकै आधारमा आम निर्वाचन सम्पन्न भई सरकार गठन गर्ने कार्य त भयो। तर राजाले आफ्नै पहलमा निर्मित संविधान अन्तर्गत गठित सरकारलाई कार्य गर्ने अवसर दिएनन्। वि.स २००७ देखि २०१७ सालसम्म विकसित राजनैतिक अभ्यासले कुनै निकासको बाटो पहिल्याउन सकेन।

झण्डै २००७ सालको आन्दोलनको मूल उपलब्धि ठानिएको संविधानसभाको निर्वाचनलाई पन्छाएर आयोगद्वारा संविधान निर्माण गर्ने विषयलाई तत्कालीन राजनैतिक दल एवम् नेपाली जनताहरूले सहजरुपमा स्वीकार्न पुगे। यसक्रममा सोही संविधानका आधारमा निर्वाचित सरकारलाई राजाबाट अपदस्त गरिएको विषयलाई समेत जनताहरूले स्वभाविक रुपमा लिए। जनस्तरमा राजाको कदमको सशक्त प्रतिरोध हुनुको सट्टा राजाकै पक्षबाट दलीय नेताहरूलाई धरपकड गर्ने जस्ता कार्यहरू हुन पुगे। २०१७ सालको घटना पश्चात संविधानसभा दलहरूको साझा सरोकारको विषय बन्न सकेन। लामो समय पश्चात २०४७ सालको संविधान निर्माणको क्रममा नेकपा (मसाल) का तर्फबाट यस विषयलाई जोडदार रुपमा उठाइयो। तर तत्कालीन प्रमुख दलहरूको असहमतिका कारण संविधानसभाको विषयले महत्व पाएन। २०४७ सालको संविधानले व्यवस्था गरेको राजनैतिक परिपाटीप्रति असहमत नेकपा (एकताकेन्द्र) र पछि माओवादी पार्टीद्वारा प्रारम्भ गरिएको जनयुद्धमा संविधानसभाको निर्वाचनलाई मुख्य शर्तको रुपमा उठायो। सरकारसँग सम्पन्न वार्ताका क्रममा उसले संविधानसभाको विषयलाई महत्वपूर्ण शर्तका रुपमा अगाडि सा-यो। तत्कालीन सरकार एवम् नेकपा (माओवादी) बीच सम्पन्न पटक पटकका वार्ताहरू संविधानसभाको विषयमा सहमति हुन नसकेका कारण असफल भए।

राजा ज्ञानेन्द्रको २०६१ माघ १९ गतेको कदम पश्चात सात दल एवम् नेकपा (माओवादी) बीच सम्पन्न १२ बुँदे सहमतिले २०६३ सालको जनआन्दोलनको पृष्ठभूमि तयार पारिदियो। जनआन्दोलनको सफलता पश्चात् पुनर्स्थापित संसदले संविधानसभालाई स्वीकार गरी सरकार र नेकपा (माओवादी) बीच विस्तृत शान्ति सम्झौता सम्पन्न भयो। दुवै पक्षको सहमति अनुसार अन्तरिम संविधानको निर्माण गरियो। जुन संविधानको मूल उद्देश्य संविधानसभाको निर्वाचन सम्पन्न गरी दुई वर्षत्रि नयाँ संविधानको निर्माण गर्न थियो। २०६५ साल वैशाखमा सम्पन्न संविधानसभा निर्वाचनमा नेकपा (माओवादी) ठूलो राजनैतिक दलको रुपमा देखा प-यो भने माओवादी दलका नेता पुष्पकमल दाहाल प्रधानमन्त्री बन्न पुगे।

जेठ ११ गते सर्वोच्च अदालतद्वारा संविधान सभाको म्याद नथप्न सरकार र सभामुखको नाममा अन्तरिम आदेश जारी भयो। सर्वोच्चले २०६९ जेठ १४ गते संविधानसभाको कार्यकाल स्वत: समाप्त हुने हुँदा सो अवधि भित्रै धारा १५७ बमोजिम जनमत संग्रह वा धारा ६३ बमोजिम अर्को संविधानसभाको निर्वाचन वा संविधान बमोजिम अन्य उपयुक्त प्रबन्ध मिलाउन चाहिने आवश्यक काम कारवाही गराउनु भन्ने आदेश जारी गऱ्यो। तर दलहरूले निर्धारित समयभित्र संविधान निर्माण गर्ने विषयमा कुनै पहल लिएनन्। सर्वोच्च अदालतको अन्तिम फैसलाद्वारा निर्धारित समयमा समेत संविधानको निर्माण हुन नसक्दा संविधानसभाको विघटन हुन पुग्यो।

तर दलहरू सहमति अनुसार अघि बढ्न सकेनन्। दलहरू सत्ता लिप्साको खेलमा दलहरूबीच असमझदारी र असहयोग बढ्न पुग्यो शुरु भयो। संविधान निर्माणको विषयप्रति दलहरू उदासिन बन्दै गए। फलत: संविधानसभाको दुई वर्ष कार्यकाल चार वर्ष पुग्दा पनि संविधान निर्माण प्रक्रियाले कुनै गतिलिन सकेन। संविधानसभाले संविधानको व्यवस्था एवम् आशय विपरीत पटक पटक आफ्नो म्याद थप्दै लगेको कार्यप्रति सर्वोच्चमा रिटहरू पर्ने थाले। अन्त्यमा चारवर्ष पछि पुन: म्याद थप्न नमिल्ने गरी सर्वोच्चबाट फैसला भयो।

भट्टराई सरकारले ०६९ मंसिर ७ र पछि ०७० वैशाखका लागि दोस्रो संविधानसभा निर्वाचनको घोषणा गरे तर निर्वाचन सम्पन्न हुन नदिन राजनीतिक दलहरूले निरन्तर व्यवधान खडा गरिरहे। अन्तत: ०६९ चैत १ गते निमित्त बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मी नेतृत्वको सरकार बनाई त्यसले ०७० मंसिर ४ मा निर्वाचन सम्पन्न गरेको छ। तर यो निर्वाचन परिणामले संविधानसभाको मुद्दालाई उठाउँदै आएको एकीकृत माओवादी तेस्रो दल बन्न पुगेको छ भने अर्कोतर्फ जनयुद्धमा नेतृत्व गर्दै आएका र एकीकृत नेकपा माओवादीबाट छुट्टिएर बनेको नेकपा-माओवादीसहित ३३ दल संविधानसभा बाहिरै छन्। उनीहरूले यो संविधानसभालाई इन्कार गर्दै गोलमेच सम्मेलनको माग गर्दै आएका छन्। त्यसैले पनि नयाँ संविधान लेखिन्छ, लेखिँदैन लेखियो भने पनि त्यो सर्वस्वीकार्य हुन्छ भन्ने स्थिति देखिँदैन।

२००७ सालदेखि उठाइएको संविधानसभाको माग पुरा हुन नसक्नुमा जुन पक्षले यसलाई उठाए तिनै पक्षले जोडदाररुपमा उठाउन नसक्दा ओझेलमा पर्ने गरेको इतिहास छ। २००७ सालमा संविधानसभाको प्रसङ्ग नेपाली कांग्रेसले उठाएको थियो। तर संविधानसभा निर्वाचन घोषणा पश्चात् काँग्रेसका शीर्षनेताहरू मात्रिकाप्रसाद कोइराला र विश्वेश्वरप्रसाद कोइरालाबीचको विवादले संविधानसभा विरुद्ध राजालाई षड्यन्त्र गर्न अनुकूल स्थिति बन्यो। संविधानसभा निर्वाचन बारे प्रतिकूल धारणा व्यक्त गरे बापत तत्कालीन प्रधानमन्त्री टंकप्रसाद आचार्यविरुद्ध अदालतमा मुद्दा दायर गर्ने विपी कोइराला अन्तत: संविधानसभाको निर्वाचन नगरी संसदको निर्वाचन गर्ने कुरालाई व्यवहारिक राजनीतिको माग ठान्न पुगे।

यसैगरी नेपाल कम्यूनिष्ट पार्टीको प्लेनम र महाधिवेशनहरूमा संविधानसभाद्वारा संविधान निर्माणको विषयलाई दह्रोसँग उठाउने कम्युनिष्ट नेता मोहनविक्रम सिंहको पार्टी नेकपा (मसाल) ले २०४७ को संविधान संविधानसभाद्वारा निर्माण नभएको कारण देखाई २०४८ सालमा सम्पन्न संसदीय निर्वाचनसमेत बहिस्कार गर्न पुगेको थियो। तर त्यही पार्टी २०६२/६३ सालतिर संविधानसभाको विषयमा त्यति उत्साही देखिएन।

संविधानसभाद्वारा संविधान निर्माणको विषयलाई जनयुद्धमा प्रमुख शर्तको रुपमा उठाउँदै आएको नेकपा (माओवादी) कै सरकारका पालामा जननिर्वाचित संविधानसभाको म्याद समाप्त हुन पुग्यो। दलहरू तत्कालीन समयमा सरकार प्रमुख रहेका एकीकृत नेकपा माओवादीका डा. बाबुराम भट्टराई नेतृत्व सरकारले संविधानसभाको विघटन गरेको भनिएता पनि वास्तवमा संविधानसभाको विघटन सर्वोच्चको अन्तिम फैसला र दलहरूले निर्णय लिन नसक्नु नै प्रमुख कारण हो।

## संविधानसभा पहिलो निर्वाचनका महत्वपूर्ण तथ्यहरू

| | | |
|---|---|---|
| निर्वाचन प्रयोजनका लागि दर्ता भएका | दल | ७४ वटा |
| संविधानसभाका सदस्य सङ्ख्या | प्रत्यक्ष | २४० |
| | मन्त्रिपरिषद्बाट मनोनित | २६ |
| | समानुपातिक | ३३५ |
| निर्वाचनमा सफल राजनीतिक दल | प्रत्यक्ष | ९ |
| | समानुपातिक | २५ जम्मा |
| | उम्मेदवार प्रत्यक्ष | ३,९४६ |
| | समानुपातिक | ५७०१ |
| मतदान केन्द्र | | २० हजार ८ सय ८३ |
| मतदाता सङ्ख्या | | १ करोड ७८ लाख ११ हजार ८३२ |
| खसेको मत प्रत्यक्ष : | | १ करोड ९ लाख |
| समानुपातिक : | | १ करोड ११ लाख ४६ हजार ४५० |
| सदर मत प्रत्यक्ष : | | १ करोड ३ लाख ६,१२० |
| समानुपातिक : | | १ करोड ७ लाख ३९ हजार ६८ |
| खसेको मत प्रतिशत | | ६१ प्रतिशत |
| जमानत जफत हुने अवस्था | खसेको मतको १० प्रतिशत प्राप्त हुन नसकेमा (प्रत्यक्षतर्फ) | |
| सबैभन्दा बढी उम्मेदवार भएको निर्वाचन क्षेत्र | | काठमाडौँ क्षेत्र नं. ४ (३८ जना) |
| सबैभन्दा बढी उम्मेदवार भएको अञ्चल | | बागमती |
| सबैभन्दा कम उम्मेदवार भएको जिल्ला | | मनाङ (३ जना प्रत्यक्ष) |
| सबैभन्दा बढी उम्मेदवार भएको जिल्ला | | काठमाडौँ |
| प्रथम विजयी दल नेकपा (माओवादी) | प्रत्यक्ष | ५० प्रतिशत (१२० सीट) |
| | समानुपातिक | २९.२८ |
| | प्रतिशत | (१०० सीट) |
| दोस्रो विजयी दल (नेपाली काँग्रेस) | प्रत्यक्ष | २.७९ प्रतिशत (३७ सीट) |
| | समानुपाति | २१.१४ |
| | प्रतिशत | (७३ सीट) |

## संविधानसभा निर्वाचन प्रक्रिया र प्रणालीहरू :

निर्वाचन प्रणाली नेपालमा प्रजातन्त्रको सूत्रपात वि.सं २००७ सालमा भएको हो । दलीय प्रतिस्पर्धाका आधारमा पहिलो संसदीय निर्वाचन वि.सं २०१५ सालमा भई संसदीय प्रजातान्त्रिक शासन पद्दतिअनुरुपको सरकार गठन भएको थियो। वि.सं २०१७ साल पौष १ गते संसदीय सरकार अपदस्थ गरी निर्दलीय पञ्चायती शासन व्यवस्था लागू भयो। निर्दलीय पञ्चायती शासन व्यवस्था २०४६ सालको जनआन्दोलनबाट समाप्त भयो र पुन: प्रजातान्त्रिक शासन पद्दति पुनर्स्थापना भयो । नेपाल अधिराज्यको संविधान, २०४७ बाट संवैधानिक राजतन्त्रसहितको संसदीय शासन पद्दति स्थापना भएको थियो । २०६३ सालमा भएको दोस्रो जनआन्दोलनपछि विस्तृत शान्ति सम्झौता बमोजिम अन्तरिम संविधान जारी भई नेपाल अधिराज्यको संविधान, २०४७ खारेज भयो।

वि.सं २०६४ सालमा नेपालमा सर्वप्रथम संविधानसभाको निर्वाचन भयो भने वि.सं २०६५ साल जेठ १४ गते संविधानसभाबाट गणतन्त्र स्थापना भयो। वि.सं २०६४ सालको निर्वाचनबाट गठित संविधानसभा वि.सं २०६९ साल जेठ १४ गते विघटन भयो।

अहिले नेपालमा गणतान्त्रिक शासन पद्दति र संसदीय स्वरुपको शासन पद्दति रहेको छ। २०६३ साल अघि नेपालमा भएको निर्वाचनमध्ये २०१५ सालमा भएको संसदीय निर्वाचनमा भौगोलिक निर्वाचन क्षेत्रका आधारमा निर्वाचन क्षेत्र निर्धारण गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन पद्धति (FTP) अवलम्वन गरिएको थियो। २०४७ सालको संविधानले द्वि-सदनात्मक संसदको व्यवस्था गरेको थियो। तल्लो सदन प्रतिनिधि सभाको निर्वाचन भौगोलिक निर्वाचन क्षेत्रमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम हुने व्यवस्था थियो भने माथिल्लो सदन राष्ट्रिय सभाको निर्वाचन स्थानीय निकायका प्रतिनिधिहरू रहेको निर्वाचन मण्डलद्वारा एकल संक्रमणीय मत (सिङ्गल ट्रान्सफेरवल भोट) का आधारमा हुने व्यवस्था रहेको थियो। वि.सं २०६४ सालमा भएको संविधानसभामा २४० निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट २४० जना र सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्र मानी मिश्रित समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत ३३५ जना सदस्यको निर्वाचन भएको थियो। त्यस्तै २६ जना मनोनीत गरी ६०१ जनाको संविधानसभा गठन भएको थियो। २०६४ सालमा सम्पन्न भएको संविधानसभाको निर्वाचनमा मिश्रित निर्वाचन प्रणाली अन्तर्गत समानान्तर समानुपातिक निर्वाचन प्रणाली र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अबलम्बन गरिएको थियो। हालै सम्पन्न संविधानसभा-२ निर्वाचनमा पनि मिश्रित प्रणाली अन्तर्गत पहिलो हुने निर्वाचन प्रणाली र मिश्रित समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत निर्वाचन सम्पन्न भयो।

## निर्वाचन प्रणाली

- प्रत्येक निर्वाचन क्षेत्रलाई एक जनताका दरले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसारको निर्वाचित सदस्य -२४० जना
- सम्पूर्ण देशलाई एक क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित हुने सदस्य ३३५
- राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्तिहरूमध्येबाट सहमतिका आधारमा अन्तरिम मन्त्रीपरिषद्बाट मनोनयन हुने सदस्य-२६ जना(मनोनित हुने २६ जनामा निर्वाचनबाट प्रतिनिधित्व हुन नसकेका आदिवासी जनजातिमध्येबाटसमेत समावेश गर्ने गरी संसोधन भएको।
- जम्मा सदस्य संख्या ६०१ जना हुने।

## निर्वाचन प्रक्रिया

निर्वाचनको मिति घोषणा भएपछि सो निर्वाचन सम्पन्न गर्न सरकार देखि निर्वाचन आयोगले गर्ने सम्पूर्ण कार्यलाई निर्वाचन प्रक्रिया भित्र पर्दछ। सरकारले निर्वाचनको मिति घोषणा गरी निर्वाचनका लागि आवश्यक कर्मचारीहरूको व्यवस्थापन तथा निर्वाचन सम्पन्न गर्न आवश्य ऐन नियमावली तथा निर्देशिका जारी गर्दछ। निर्वाचन प्रक्रियालाई निम्न बुँदामा राखिएको छ :

- निर्वाचनको मिति घोषणा
- निर्वाचनका लागि कर्मचारीहरूको व्यवस्थापन
- निर्वाचनको सूचना
- उम्मेदवारका सम्बन्धमा योग्यता/अयोग्यता निर्धारण

- उम्मेदवार मनोनयन र दर्ता
- सूची प्रकाशन र मनोनयन जाँच
- उम्मेदवारको नामावली तयारी र प्रकाशन
- नाम फिर्ता लिने सम्बन्धी व्यवस्था
- उम्मेदवारको दाबी विरोध
- निर्विरोध निर्वाचन
- निर्वाचन चिन्ह निर्धारण
- मतदान केन्द्र र मतपेटीका व्यवस्थापन

## फोटोसहितको मतदाता नामावली :

निर्वाचन आयोगले निर्वाचनमा मतदान गर्नको लागि सबै योग्य नागरिकहरूले फोटोसहितको मतदाता नामावलीमा अनिवार्य नाम दर्ता गराउन सबै नागरिकसँग आह्वान गर्‍यो। १६ वर्षउमेर पूरा गरी नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त व्यक्तिले मतदाता नामावलीमा नाम दर्ता गर्न सक्ने तर प्रचलित कानूनअनुसार १८ वर्ष उमेर पूरा भएपछि मात्र निजहरूलाई मताधिकार प्राप्त हुनुपर्ने शर्त उल्लेख गरिएको थियो। संविधानसभाको निर्वाचनको लागि २०७० आषाढ मसान्तसम्म १८ वर्षउमेर पूरा भएको हुनुपर्ने गरी आयोगले मिति तोकेको थियो। मतदान गर्न जानुपूर्व आफ्नो नाम मतदाता नामावलीमा भए नभएको यकीन गरी फोटोसहितको मतदाता संकलन गर्नुपर्दछ। मतदान केन्द्रमा पुगिसकेपछि मतदाताको नाम मतदाता नामावलीमा भए नभएको रुजु गरिन्छ।

## मतदान कार्यक्रम

- २०७० मंसिर ४ गते मंगलबार बिहान ७ बजे देखि साँझ ५ बजेसम्म मतदाताले आ-आफ्नो मतदान केन्द्रमा प्रत्यक्ष र समानुपातिकका लागि निर्धारित मतपत्रमा स्वास्तिक छाप चिन्ह लगाई सिलवन्दी मतपेटिकामा मतदान गर्न सुरु।
- आफूलाई तोकिएको मतदात केन्द्रमा मतदाता परिचयपत्र लिएर ५.०० बजे अघि पुगेका मतदातालाई मतदान गर्न दिइएको।
- ५.०० बजेपछि निर्वाचन केन्द्रमा प्रवेश गर्ने मूलढोकाहरू बन्द गरी मतपेटीका शिल गर्ने काम भयो।
- स्थगित भएका ठाउँमा निर्वाचन आयोगले तोकेको मितिमा बिहान ७.०० बजेदेखि अपरान्ह ५.०० बजेसम्म निर्वाचन कार्यक्रम सम्पन्न भयो।

## मतदानसम्बन्धी व्यवस्था

- मतदानको मिति र समय तोकी निर्वाचन आयोगले सूचना प्रकाशित गरे अनुसार निर्वाचन कार्यक्रम सम्पन्न गरियो।
- मतदाता संख्या अनुसार मतदान केन्द्रहरू राखिएको हुँदा मतदातालाई सहज बनेको थियो।
- निर्वाचन आयोगले उपलब्ध गराएको फोटोसहितको परिचयपत्र साथमा लिइ मतदाताले आफ्नो नाम दर्ता भएको केन्द्रमा गई मतदान गरे। परिचयपत्र लिन छुटेकालाई नागरिकतासँग भिडाई निर्वाचन अधिकृत तथा राजनीतिक दलका प्रतिनिधिको सहमतिमा मतदान गर्ने व्यवस्था गरियो।
- पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत

मतसङ्केत गर्नको लागि राखिएको छुट्टाछुट्टै मतदान कक्षमा भोट खसाल्ने व्यवस्था गरियो ।

- मतदान केन्द्रमा खटिएका कर्मचारी, स्वयम् सेवक तथा अस्थायी मतदातालाई समानुपातिक निर्वाचनमा मात्र मतदान गर्न पाउने व्यवस्था गरियो। कारागार, बृद्धा आश्रममा रहेका मतदाता र नेपाली सेनाको लागि विशेष व्यवस्था गरिएको थियो ।
- मतदाताको नामबाट अरुले मतदान गर्न नपाउने व्यवस्था गरियो ।
- दृष्टिविहिन, अपाङ्ग, वृद्ध, गर्भवती वा सुत्केरी महिला वा यस्तै प्रकारको कुनै शारीरिक अशक्तता भएका मतदातालाई मतदान गर्न प्राथमिकता दिइएको थियो ।

## मतपत्र

- निर्वाचनमा भाग लिने उम्मेवार वा राजनीतिक दलको निर्वाचन चिन्ह भएको कागज, जसमा मतदाताले मतसङ्केत गर्दछन्, त्यसलाई मतपत्र भनिन्छ । यसपटकको निर्वाचनमा पनि पहिलो संविधानसभाको निर्वाचनको बेला जस्तै २ किसिमका मतपत्रको व्यवस्था गरिएको थियो ।
- पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि : हल्का नीलो रंगको मतपत
- समानुपातिक निर्वाचन प्रणालीका लागि : हल्का रातो रंगको मतपत्र ।

## गोप्य मतदान कक्ष

मतदाताले रोजेको उम्मेवार तथा आफूले रोजेको चिन्हमा मतसङ्केत गरेको अरुले देख्न नसक्ने गरी गोप्य मतकक्षको व्यवस्था गरिएको हुन्छ। त्यस्तो स्थानमा मतदान अधिकृत वा सहायकमतदान अधिकृतले मतसङ्केत गर्ने गोप्य स्थान (मतदान कक्ष) मा एक पटकमा एक जना मतदातालाई मात्र जान दिने व्यवस्था गरिएको हुन्छ ।

## नउड्ने मसी

कुनै मतदाताले दोऱ्याएर मतदान गर्न नपाओस् भन्ने उद्देश्यले मतदाताको बायाँ हातको औंलामा नङ र मासुको जोर्नीमा नउड्ने मसीले चिनो लगाइन्छ । यस्तो मसी नाम रुजु गरिसकेपछि मतपत्र पाउनु अघि लगाउनु पर्दछ । निर्वाचन आयोगले मतदाताको बायाँ हातको बूढी औंला नभए चोर औंलामा र सो पनि नभए बायाँ हातको औंला सरह दायाँ हातमा चिनो लगाउने निर्देशिका जारी गरेको थियो ।

## स्वस्तिक छाप र छापदानी

मतपत्रमा मतदाताले रोजेको निर्वाचन चिन्हमा छाप लगाउनका लागि स्वस्तिक चिन्हको छाप प्रयोग गरिन्छ। स्वस्तिक छाप छापदानीमा चोपेर मात्र मतदान कक्षमा गई मतपत्रमा छाप लगाउनु पर्दछ ।

## मतदानको तरिका

- मतदानको लागि मतदान केन्द्रमा उपस्थित मतदातालाई मतदान अधिकृत वा कर्मचारीले नाम, थर, उमेर, ठेगाना सोध्छन् र मतदाता नामावलीसँग नाम भिडाउँछन् । मतदाता नामावलीमा सम्बन्धित मतदाताको नाम, थर, वतन वा क्रमसङ्ख्याको लेखाइ वा छपाइ सम्बन्धी प्राविधिक वा अक्षर, मात्रा वा अङ्कको त्रुटि भएमा र सो त्रुटिले कुनै तात्विक फरक नपार्ने भएमा त्यस्तो मतदातालाई मतदान अधिकृतले मतदान गर्न अनुमति दिन्छन् ।
- मतदान अधिकृतले कुनै पनि मतदातासँग परिचय खुल्ने प्रमाण प्रस्तुत गर्न सक्नेहुँदा मतदाता

मतदान केन्द्रमा मतदानको लागि आउँदा सम्भव भएसम्म आफ्नो परिचय खुल्ने कागज प्रमाण साथमा ल्याउनु पर्छ ।

- अस्थायी मतदाताले मतदान केन्द्रमा मतदानको लागि आउँदा आफ्नो परिचय खुल्ने प्रमाण साथमा ल्याउनु पर्छ ।
- लाइनमा पंक्तिवद्ध मतदातालाई कर्मचारीले मतदाताको बायाँ हातको बुढी औंलाको नङ र मासुको जोर्नीको बीचमा मसीको चिन्ह लगाउनुपर्ने नथा बायाँ हात नभए दायाँ हातको सोही क्रम अनुसारको औंलामा मसी लगाउनु पर्ने हुन्छ ।
- औंलामा नमेटिने मसिले चिनो लगाएको मतदातालाई मतपत्रको अर्धकट्टीमा सहीछाप गराई मतपत्र दिइन्छ। यसरी मतपत्र दिँदा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत प्रयोग गरिने हल्का नीलो रङ्गको मतपत्र पहिले दिइन्छ। सो मतपत्र मतपेटिकामा खसाली सकेपछि मात्र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत प्रयोग गरिने हल्का रातो रङ्गको मतपत्र दिइन्छ।
- मतदातालाई मत्रपत्र दिएपछि मतपत्रको अर्धकट्टीमा मतदाताको सहीछाप लगाउनुपर्छ ।
- मतदाताले मतपत्रमा स्वस्तिक चिन्ह लगाउनुपर्छ ।
- स्वस्तिक चिन्ह लगाउँदा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनका लागि आफूले रोजेको उम्मेदवारको चिन्ह भएको कोठामा र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनमा आफूले रोजेको राजनीतिक दलको निर्वाचन चिन्ह भएको कोठामा लगाउनुपर्छ ।
- मतसङ्केत गर्ने स्थानमा एकपटकमा एकजना भन्दा बढी मतदातालाई प्रवेश गर्न दिइनु हुँदैन ।
- मतपत्रमा छाप वा चिन्ह लगाउने कार्य गोप्य रुपमा गर्नुपर्छ ।
- दृष्टिविहीन, अपाङ्ग, वृद्ध, गर्भवती वा सुत्केरी महिला वा यस्तै प्रकारको कुनै शारीरिक अशक्तता भएको मतदाताको लागि प्राथमिकता साथ मतदान गर्ने विशेष व्यवस्था मिलाउनु पर्छ ।
- मतपत्रमा छाप वा चिन्ह लगाएपछि सो मतपत्रलाई पट्याएर मतपेटिकामा खसाल्नु पर्छ ।
- मतपत्र लिएर पनि मतदान नगर्ने निर्णय गरेमा लिएको मतपत्र मतदान अधिकृतलाई फिर्ता दिनुपर्छ ।
- मतदानको लागि विद्युतीय उपकरणको प्रयोग भएमा उपकरणबाटै मतदान दिनुपर्छ ।

## मतपेटीका

छाप लगाइसकेपछि मतपत्र खसाल्न मतदानकेन्द्रमा मतपेटीका राखिएको हुन्छ। यो निर्वाचनमा उम्मेदवारलाई दिने र दललाई मतदिने मतपत्रको रंगजस्तै हुन्छ, त्यस्तै रंग लगाएको स्टिकर टाँसिएको मतपेटीकामा मतपत्र खसाल्नुपर्छ ।

## मतपेटिका ढुवानी र भण्डारण

- मतदान समाप्त भएपछि निर्धारित विधि र प्रक्रिया पूरा गरी दलका प्रतिनिधि वा उम्मेदवारका प्रतिनिधिको रहोवर/उपस्थितिमा मतपेटिकाहरूनिर्धारित भण्डारण केन्द्रमा सुरक्षित तरिकाले ढुवानी गरी भण्डारण गरिन्छ ।
- राजनैतिक दलका प्रतिनिधि वा उम्मेदवार वा तिनको प्रतिनिधि मतपेटिकाको साथ लागि आउन सक्ने यस्ता प्रतिनिधिले मतपेटिका नजिक वस्न वा सुत्न चाहेमा मतदान अधिकृतले अनुमति दिनु पर्छ ।
- मतपेटिकाको सुरक्षित भण्डारणमतदान अधिकृतले वुझाएको सामानमा प्रयोग भएका मतपेटिका

निर्वाचन अधिकृतले संकलन गरी सुरक्षाको प्रवन्ध मिलाई सुरक्षित रुपमा एउटै ठाउँमा राख्नु पर्छ। भण्डारण स्थलमा दलका प्रतिनिधि वा उम्मेदवार वा तीनका प्रतिनिधिले आफ्नो लाहाछाप लगाउन चाहेमा दिनु पर्दछ।

- मतपेटिका राखेको कोठा वाहिर राजनैतिक दलका प्रतिनिधि वा उम्मेदवार वा तिनको प्रतिनिधि वस्न वा सुत्न चाहेमा निर्वाचन अधिकृतले अनुमति दिनुपर्छ।

## मतगणना :

### मतपेटीका संकलन

मतगणना प्रारम्भ गर्नका लागि सबै मतदान केन्द्रहरूबाट मतपेटीकाहरू निर्वाचन अधिकृतको कार्यालयमा आइपुग्नु पर्नेछ।

### गणना स्थान

मतगणना जिल्ला सदरमुकाममा मात्र गरिन्छ। मतपेटिका मतदान केन्द्रबाट जिल्लाको सदरमुकाममा ल्याउँदा सुरक्षाकर्मीको सहयोग लिई त्यस्तो मतपेटिका सुरक्षासाथ ल्याउन निर्वाचन अधिकृतले विशेष प्रबन्ध गर्न सक्ने व्यवस्था छ।

### मतगणना सम्बन्धि कार्य

- जिल्ला निर्वाचन अधिकृतले निर्वाचनमा प्रयोग भएको कागजात मध्ये मतगणनाको प्रयोजनको लागि आवश्यकता अनुसार खोली हेरी मतगणनाको काम समाप्त भएपछि त्यस्ता कागजातहरू सिलबन्दी गरी जिल्ला निर्वाचन कार्यालयलाई बुझाउनुपर्दछ।
- मतगणना सुरु गर्नुपूर्व मतपेटिका र त्यसको सुरक्षण शिल जाँच गर्नुपर्दछ।
- निर्वाचन अधिकृतले मतदान केन्द्रबाट मतदान अधिकृतले ल्याएको (मतदानको लागि प्रयोग भएका) मतपेटिका राख्ने ठाउँ तथा मतगणना गर्ने स्थान र ती ठाउँमा सुरक्षाको प्रबन्ध मतपेटिका सङ्कलन गर्नुभन्दा पहिले नै मिलाइसक्नु पर्छ।
- निर्वाचन क्षेत्रका सबै मतदानकेन्द्रका सम्पूर्ण मतपेटिका प्राप्त नभई मतगणनासम्बन्धी कार्य सुरु नगर्ने।
- सबै मतपेटिका प्राप्त भएपछि निर्वाचन अधिकृतले मतगणना गर्ने स्थान र समयको सूचना राजनैतिक दल तथा उम्मेदवारलाई दिनु पर्दछ।
- कुनै मतदान केन्द्रमा पुन मतदान गर्नुपरे, त्यहाँ मतदान सम्पन्न भएई मतगणना सुरु गर्न नहुने।
- सम्भव भएसम्म दुवै निर्वाचन प्रणाली अन्तर्गतको मतगणना एकै समयमा गर्ने र सम्भव नभए पहिलो हुने निर्वाचित हुने प्रणाली अन्तर्गतको मतगणना पहिले गर्ने गरी सूचना निकाल्ने र सोही अनुरुप गणना गर्ने।

## परिणाम घोषणा

पहिलो हुने निर्वाचित हुने(उम्मेदवारलाई मत दिने) निर्वाचन परिणामको घोषणा गर्ने विधि

- कुनै निर्वाचन क्षेत्रको सबै मतदान केन्द्रहरूको मत गणना कार्य सम्पन्न भएपछि सबैभन्दा बढी सदर मत ल्याउने उम्मेदवारलाई निर्वाचन अधिकृतले निर्वाचित भएको घोषणा गर्दछन्।

- दुई वा दुईभन्दा बढी उम्मेदवारको मत बराबर भएमा निर्वाचन अधिकृतले मत बराबर पाउने उम्मेदवारबिच गोला हाली विजयी उम्मेदवारको घोषणा गर्दछन् ।

## समानुपातिक (राजनीतिक दललाई मत दिने) निर्वाचन परिणामको घोषणा गर्ने विधि

निर्वाचन क्षेत्रका अधिकृतहरुले समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत आ-आफ्नो क्षेत्रमा राजनीतिक दलहरूले प्राप्त गरेको कूल मत उल्लेख गरेर निर्वाचन आयोगमा जानकारी पठाउनुपर्दछ। निर्वाचन अधिकृतले सबै निर्वाचन क्षेत्रहरूको एकीकृत मतगणना तालिका तयार गरी राजनीतिक दलले प्राप्त गरेको कुल सदर मतको अनुपातमा त्यस्तो राजनीतिक दलले सिट संख्या निर्धारण गर्न संविधानसभा निर्वाचन ऐन २०६४ को अनुसूचि ५ मा गरिएको व्यवस्था अनुसार मतपरिणाम विभाजक सुत्रको प्रयोग गरिन्छ ।

*नोट : समानुपातिक उम्मेदवारका रुपमा दलहरूले निर्वाचन पहिल्यै निर्वाचन आयोगलाई ३३५ जनाको समानुपातिक उम्मेदवारको बन्दसूचि बुझाएको हुन्छ। राजनीतिक दलले पाएको सिट संख्याको आधारमा दलले निर्वाचन आयोगलाई बुझाएको बन्दसूचि भित्रबाटै संसदको नामावली सार्वजनिक गरिन्छ ।*

## कस्तो मत बदर हुन्छ ?

- मतदान अधिकृतको सही नभएको,
- तोकिएबमोजिम मतसंकेत नगरी वा अन्य कुनै किसिमले मतसंकेत गरिएको वा अन्य कुनै चिह्न लेखेको,
- मतसंकेत चिह्न नबुझिने गरी प्रयोग गरेको,
- उम्मेदवार वा राजनीतिक दलको चिह्न रहेको कोठामा मतसंकेत नगरी अन्यत्र गरेको,
- कुन उम्मेदवार वा राजनीतिक दलका लागि मत दिइएको हो सो नछुट्टिने गरी मतसंकेत गरिएको,
- एकभन्दा बढी उम्मेदवार वा दलको चिह्न रहेको कोठामा मतसंकेत गरेको,
- सम्बन्धित मतदान केन्द्रका लागि निर्धारित मतपत्रबाहेक अन्य मतपत्रद्वारा मतदान गरिएको,
- आयोगले जारी गरेको मतपत्रबाहेक अन्य मतपत्र प्रयोग गरेको,
- सम्बन्धित निर्वाचन क्षेत्रका लागि प्रयोग गर्नुपर्ने मतपत्र अन्य निर्वाचन क्षेत्रमा प्रयोग गरेको,
- मत नदिने निश्चय गरी मतदान अधिकृतलाई फिर्ता दिएको ।

## संविधानसभा अदालत ऐन, २०६४

संविधानसभा निर्वाचनका सन्दर्भमा उठेका मुद्दालाई किनारा लगाउन संविधानसभा अदालतको गठन, अधिकार र कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न छुट्टै ऐनको निर्माण गरिएको छ। यसले संविधानसभा सदस्यको निर्वाचन सम्बन्धी उजुरीको कारबाही र मुद्दाको किनारा लगाउने काम गर्दछ।

*नोट : संविधानसभा - २ को निर्वाचनमा धाँधली भएको र पुन: मतदान हुनुपर्ने माग गर्दै संविधानसभा अदातलमा १८ वटा मुद्दा परेका छन् । जसमध्ये १७ वटा पहिलो हुने निर्वाचित हुने निर्वाचनसँग सम्बन्धीत छ भने एउटा मुद्दा समानुपातिक निर्वाचनसँग सम्बन्धीत परेको छ ।*

## (संविधान सभा सदस्य निर्वाचन अध्यादेश २०७० को दफा १७ सँग सम्बन्धित)
## संविधानसभा सदस्य निर्वाचन, २०७०
## समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचन कार्यक्रम

| क्र. सं. | कार्यक्रम | मिति | | समय | | स्थान |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | |
| १ | समानुपातिक निर्वाचनमा भाग लिन राजनीतिक दलहरूले निवेदन पेश गर्ने | २०७०/६/१४ | | १०.०० | १७.०० | निर्वाचन आयोग, कान्तिपथ, काठमाडौँ |
| २ | समानुपातिक निर्वाचनमा भाग लिन निवेदन पेश गरेका राजनीतिक दलहरूको नामावली प्रकाशन गर्ने | २०७०/६/१५ | | १०.०० | १७.०० | ऐ. ऐ. |
| ३ | प्रकाशित सूचीमा नाम रहेका राजनीतिक दलहरूले आफ्नो नाम फिर्ता लिन चाहेमा फिर्ता लिने | २०७०/६/१६ | | १०.०० | १७.०० | ऐ. ऐ. |
| ४ | समानुपातिक निर्वाचनमा भाग लिने राजनीतिक दलहरूको अन्तिम नामावली प्रकाशन गर्ने र निर्वाचन चिन्ह प्रदान गर्ने | २०७०/६/१७ | | १०.०० | १७.०० | ऐ. ऐ. |
| ५ | राजनीतिक दलहरूले उम्मेदवारको बन्दसूची पेश गर्ने | २०७०/६/१८ | | १०.०० | १७.०० | ऐ. ऐ. |
| ६ | उम्मेदवारको बन्दसूची सच्याउन राजनीतिक दलहरूलाई सूचित गर्ने | २०७०/६/१९ | २०७०/६/२५ | १०.०० | १७.०० | ऐ. ऐ. |
| ७ | राजनीतिक दलहरूले उम्मेदवारको बन्दसूची संशोधन गरी पेश गर्ने | २०७०/६/३० | २०७०/७/५ | १०.०० | १७.०० | ऐ. ऐ. |
| ८ | उम्मेदवारको बन्दसूची सार्वजनिक गर्ने | २०७०/७/६ | | १०.०० | १७.०० | ऐ. ऐ. |
| ९ | उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको उम्मेदवारको योग्यता सम्बन्धमा दावी विरोध गर्न निवेदन दिने | २०७०/७/७ | २०७०/७/१३ | १०.०० | १७.०० | ऐ. ऐ. |
| १० | उम्मेदवारको बन्दसूचीमा समावेश उम्मेदवारको योग्यता सम्बन्धी दावी विरोधको निवेदन उपर जाँचबुझ र निर्णय गर्ने | २०७०/७/१४ | २०७०/७/२० | १०.०० | १७.०० | ऐ. ऐ. |
| ११ | उम्मेदवारको बन्दसूचीबाट उम्मेदवारको नाम हटेको सूचना प्रकाशन गर्ने | २०७०/७/२१ | | १०.०० | १७.०० | ऐ. ऐ. |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | उम्मेदवारको बन्दसूचीमा सूचीकृत कुनै उम्मेदवारले आफ्नो नाम उम्मेदवारको बन्दसूचीबाट फिर्ता लिन चाहेमा निवेदन दिने | २०७०/७/२२ | २०७०/७/२८ | १०.०० | १७.०० | ऐ. ऐ. |
| १३ | उम्मेदवारको बन्दसूचीबाट उम्मेदवारको नाम फिर्ता लिएको जानकारी सम्बन्धित राजनीतिक दललाई दिने | २०७०/७/२९ | | १०.०० | १७.०० | ऐ. ऐ. |
| १४ | उम्मेदवारको बन्दसूची अन्तिम रुपमा प्रकाशन गर्ने | २०७०/७/२९ | | १०.०० | १२.०० | ऐ. ऐ. |
| १५ | मतदान गर्ने | २०७०/८/४ | | ७.०० | १७.०० | सम्बन्धित मतदान केन्द्र |

**द्रष्टव्य :**

१. समानुपातिक निर्वाचनमा भाग लिन निवेदन पेश गर्ने राजनीतिक दलहरूले उम्मेदवारहरूको बन्दसूची अनिवार्य रुपमा तोकिएको मितिमा पेश गर्नु पर्नेछ।

२. प्रत्येक निर्वाचन क्षेत्रका सबै मतदानकेन्द्रको मतदान भएको सबै मतपेटिका मतदान अधिकृतबाट प्राप्त गरेपछि निर्वाचन अधिकृतले मतगणना कार्य सुरु गर्नेछ।

३. निर्वाचन अधिकृतले मतगणना गरी राजनीतिक दलले प्राप्त गरेको कुल सदर मत संख्याको विवरण मुलुकभरका सबै निर्वाचन अधिकृतहरूबाट प्राप्त गरी दल अनुसार एकीकरण गरिसकेपछि प्रत्येक राजनीतिक दलले प्राप्त गरेको कुल सदर मत संख्याको अनुपातमा सो राजनैतिक दलले निर्वाचन आयोग समक्ष पेश गरेको उम्मेदवारको बन्द सूचीमा सूचीकृत उम्मेदवारहरू मध्ये संविधान सभा सदस्य निर्वाचन अध्यादेश, २०७० बमोजिम निर्वाचन आयोगले उम्मेदवारहरू निर्वाचित भएको घोषणा गर्नेछ।

## (संविधान सभा सदस्य निर्वाचन अध्यादेश २०७० को दफा १७ सँग सम्बन्धित)

## संविधान सभा सदस्य निर्वाचन, २०७० पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको निर्वाचन कार्यक्रम

| क्र. सं | कार्यक्रम | मिति | | समय | | स्थान |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | |
| १ | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | २०७०/६/१७ | | १०.०० | १७.०० | निर्वाचन अधिकृतको कार्यालय जिल्ला सदरमुकाम। |
| २ | उम्मेदवारको मनोनयनपत्र दर्ता भएको सूची प्रकाशन गर्ने | २०७०/६/१८ | | १०.०० | १७.०० | ऐ. ऐ. |
| ३ | उम्मेदवारको बिरोधमा उजुरी दिने | २०७०/६/१९ | | १०.०० | १७.०० | ऐ. ऐ. |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | मनोनयनयनपत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने | २०७०/६/२० | | १०.०० | १७.०० | ऐ. ऐ. |
| ५ | उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०७०/६/२१ | | १०.०० | १७.०० | ऐ. ऐ. |
| ६ | उम्मेदवारको नाम फिर्ता लिने | २०७०/६/२२ | | १०.०० | १७.०० | ऐ. ऐ. |
| ७ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०७०/६/२३ | | १०.०० | १७.०० | ऐ. ऐ. |
| ८ | उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने | २०७०/६/२४ | | १०.०० | १७.०० | ऐ. ऐ. |
| १० | मतदान गर्ने | २०७०/८/४ | | ७.०० | १७.०० | सम्बन्धित मतदान केन्द्र |

**द्रष्टव्य :**

१. प्रत्येक निर्वाचन क्षेत्रका सबै मतदान केन्द्रमा मतदान भएका सबै मतपेटिका मतदान अधिकृतबाट प्राप्त गरेपछि निर्वाचन अधिकृतले मतगणना कार्य सुरु गर्नेछ ।

२. मतगणना कार्य समाप्त भएपछि निर्वाचन परिणाम घोषणा गरिनेछ ।

## परिच्छेद - ५

# संविधानसभा सदस्यको निर्वाचन २०७०

### निर्वाचन कार्यक्रम

| | |
|---|---|
| निर्वाचन मिति घोषणा | २०७० जेठ ३० गते |
| निर्वाचन तालिका प्रकाशन | असार ४ गते(पहिलो पटक) |
| निर्वाचन कार्यतालिका स्वीकृत | असार २६ (२५ बुँदे) |
| आचारसंहिता जारी | साउन ७ |
| बन्दसूचि पेशगर्ने अन्तिम मिति | असोज ११ |
| राजनैतिक दल र उम्मेदवारले निर्वाचन प्रचारप्रसार | मंसिर १ (रातको १२ बजेअघि सम्म) |
| उम्मेदवारी फिर्ता लिने संख्या | ६ |
| दर्ता भएका जम्मा दल | १३० |
| समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत बन्दसूचि पेश गर्ने राजनैतिक दलको संख्या | १२२ |
| समानुपातिकको सिट | ३३५ |
| संविधानसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दल | ३० |
| उम्मेदरवारको बन्दसूचिमा सूचिकृत गर्ने कूल उम्मेदवारको संख्या | ११ हजार ११ |
| निर्वाचन कानूनअनुसार अयोग्य ठहरिने उम्मेदवारको संख्या | २९६ |

### मतदाता संख्या

| | |
|---|---|
| जम्मा मतदाता संख्या | १,२१,४७,८६५ |
| पुरुष मतदाता संख्या (प्रतिशत) | ५९,८०,८,८१ (४९.०२) |
| महिला मतदाता संख्या(प्रतिशत) | ६१,६६,८,२९(५०.७७) |
| तेस्रो लिङ्गी मतदाता संख्या | १५५ |
| बढी उम्मेदवार भएको जिल्ला काठमाडौं | ५,३२,११० |

| | |
|---|---|
| सबैभन्दा कम उम्मेदवार भएको जिल्ला/क्षेत्र मनाङ | ४,७,९५ |
| सबैभन्दा बढी मतदाता भएको क्षेत्र : भक्तपुर | २ (८२,२१८) |
| महिला उम्मेदवार नै नभएको निर्वाचन क्षेत्र | २१ |
| सबैभन्दा बढी मतदान भएको जिल्ला | डोल्पा (९५.४ प्रतिशत) |
| सबैभन्दा कम मतदान भएको जिल्ला | रोल्पा क्षेत्र नं.२ (६९.१२ प्रतिशत) |

## मतदान केन्द्र

| | |
|---|---|
| चुनावका लागि मतदान स्थल | १० हजार १३ |
| मतदान केन्द | १८ हजार ४ सय ५७ |
| अपाङ्गमैत्री मतदान केन्द्र | १५ जिल्लाका ४९ केन्द्र |
| अस्थायी मतदान केन्द्र | ३०० (सुरक्षा निकाय, वृद्धाश्रम, कारागारमा रहेका कैदी, निजामति कर्मचारीका लागि) |
| वृद्धाश्रममा अस्थायी मतदान केन्द्र | ५० (पहिलो पटक) |
| सबै कर्मचारी महिला रहने मतदान केन्द्र | ४१ जिल्लाका ८० (प्रत्येक जिल्लामा कम्तीमा एक मतदान केन्द्र सञ्चालनको नेतृत्व महिलाले गर्ने) |

## पहिलो हुने निर्वाचन प्रणाली

| | |
|---|---|
| प्रत्यक्षतर्फको २४० सिटका लागि उम्मेदवारको संख्या | ६१२६ |
| महिला उम्मेदवार संख्या | ६६८ |
| पुरुष उम्मेदवार संख्या | ५४५७ |
| तेस्रो लिङ्गी | १ |
| निर्वाचनमा सहभागी दल | १२० |
| निर्वाचनमा सहभागी संख्या | ९५,१६,७३४ |
| खसेको मत (प्रतिशत) | ७८.३४ |
| सदर मत (प्रतिशत) | ९०,४४,९०८ (९५.०४) |
| बदर मत (प्रतिशत) | ४,७,८२६ (४.९६) |
| निर्वाचित दल | १० |
| निर्वाचत पुरुष उम्मेदवार | २३० |
| निर्वाचत महिला उम्मेदवार | १० |

| | |
|---|---|
| सबैभन्दा बढी मतदान भएको जिल्ला (प्रतिशत) | डोल्पा (८९.५) |
| सबैभन्दा कम मतदान भएको जिल्ला (प्रतिशत) | बैतडी क्षेत्र नं.२ (६८.३२) |

## जमानत जफत संख्या

| | |
|---|---|
| राजनैतिक दलका उम्मेदवार | ४२२८ |
| स्वतन्त्र उम्मेदवार | ११०४ |
| जमानत जफतसंख्या जम्मा | ५३३२ |

## दोस्रो हुने निर्वाचन प्रणाली

| | |
|---|---|
| समानुपातिक तर्फ ३३५ सिटका लागि उम्मेदवार संख्या | १० हजार ७०९ |
| महिला उम्मेदवार संख्या | ५२९१ |
| पुरुष उम्मेदवार संख्या | ५४४८ |
| खसेको मत (प्रतिशत) | ७९.८२ |
| मतदानमा सहभागी संख्या (प्रतिशत) | ९७,७६,७०३(७९.८२) |
| सदर मत प्रतिशत | ९४,६३,८६२(९६.८२) |
| बदर मत (प्रतिशत) | ३ लाख १२ हजार ८४१(३.२) |

## जनशक्ति परिचालन

| | |
|---|---|
| मतदान अधिकृत | १८७७५ |
| सहायक मतदान अधिकृत | १८,७७५ |
| सहायक कर्मचारी | ५६,३२३ |
| कार्यालय सहयोगी | ३४,६४३ |
| स्वयम् सेवक | ८८,९४० |
| जम्मा जनशक्ति | २,१७,४५६ |

## मतदाता शिक्षा कार्यक्रमका लागि

| | |
|---|---|
| निर्वाचन शिक्षा कार्यकर्ता | ४,७२१ |
| मतदाता शिक्षा स्वयम्सेवक | १०,०१३ |
| स्थानीय समन्वयकर्ता | ४,७२१ |
| सुपरीवेक्षक | १०,०१३ |
| जिल्ला समन्वयकर्ता | २४० |
| जम्मा जनशक्ति | २९,७०८ जना |

## सुरक्षाकर्मी

| | |
|---|---|
| नेपाली सेना | ६२ हजार |
| नेपाल प्रहरी | ४८ हजार |
| म्यादी | ४५ हजार |
| सशस्त्र प्रहरी | ३२ हजार |
| अनुसन्धानका प्रहरी | ४ हजार |

## निर्वाचन खर्च

| | |
|---|---|
| निर्वाचनका लागि बजेट वनियोजन | १६ अर्ब |
| जम्मा खर्च रकम | १३ अर्ब |

## आयोगलाई प्राप्त रकम

| | |
|---|---|
| जम्मा रकम | ७ अर्ब ७५ करोड |
| विदेशी सहयोग-शान्ति कोषमार्फत | ४ अर्ब ७५ करोड |
| नेपाल सरकारबाट | ३ अर्ब |
| निर्वाचन आयोगमार्फत खर्च भएको जम्मा रकम | ४ अर्ब ४९ करोड |

## भौतिक सहयोग

**जापान सरकारले दिएको** २० करोड बराबरको निर्वाचन सामाग्री (ठूलो खालको मतपेटिका, स्टिकर, सिलजस्ता नौ प्रकारका सामाग्री)

**चीन सरकारले दिएको** १६ करोड बराबरको मतदानका दिन प्रयोग हुने १६ खालका सामाग्री (ग्लुस्टिक, क्यालकुलेटर, कलमसहितका सामाग्री)

**भारत सरकारले दिएको** गृह मन्त्रालयलाई अनुदान सहयोगस्वरुप ट्रक, जिप, पानी, पानी ट्याङ्कर र कारसहितका ७१६ वटा यातायात साधन)

## मतपत्र छपाई

| | |
|---|---|
| मतपत्र छाप्न अधिकारप्राप्त प्रेस | जनकशिक्षा सामाग्री केन्द्र लिमिटेड |
| निर्वाचन सामाग्री | ६८ प्रकारका |
| मतपत्र प्रत्यक्षतर्फ | १ करोड ४९ लाख ५२ हजार (हल्का नीलो रङ्ग) |
| मतपत्र समानुपातिकतर्फ | १ करोड ४९ लाख ५२ हजार (हल्का रातो रङ्ग) |
| मतदान हुने मिति तथा समय | २०७० मंसिर ४ गते, बिहान ७.०० बजे देखि बेलुका ५.०० बजेसम्म । |
| आचारसंहिता हटाइएको मिति | २०७० मंसिर ११ गते देखि । |

## पर्यवेक्षण

| | |
|---|---|
| राष्ट्रिय संस्था | ५४ संस्था (७४ हजारले पर्यवेक्षणका लागि आवेदन दिएको) |
| अन्तिममा पर्यवेक्षण गर्नेको संख्या | ३२ हजार ६५४ |
| अन्तर्राष्ट्रिय संस्था | कार्टर सेन्टर, एफ्रिल र युरोपियन युनियन |
| पर्यवेक्षण गर्ने अन्तर्राष्ट्रिय संस्थाको संख्या | २४९ |
| नेपालस्थित कुटनीतिक नियोगका | ११० |
| विभिन्न मित्र राष्ट्रहरूबाट | २७ |

***नोट*** *: निर्वाचन आयोगका अनुसार निर्वाचनमा खटिँदा १० जना कर्मचारी तथा सुरक्षाकर्मीको मृत्युभएको र ६० जनाभन्दा बढी घाइते भएका थिए।*

## पुनः मतदान

जुम्ला जिल्ला निर्वाचन क्षेत्र नम्बर १ अन्तर्गत देपालगाउँ गाविसको त्रिभुवन उच्चमा.वि. झारज्वाला (क) र(ख) मतदान केन्द्रमा मतमेटिका लगायतका सामाग्री लुटिएका कारण २०७०/०८/०४ मा स्थगित मतदान कार्य मिति २०७०/०८/०७ गते बिहान ७ बजेदेखि बेलुका ५ बजेसम्म सञ्चालन गरिएको थियो। यसैगरी सप्तरी जिल्लाको क्षेत्र नं २ अन्तर्गत बर्साइन गाविसको राजाजी राष्ट्रिय प्रा.वि., बनरझुला (क) मतदानकेन्द्रमा २०७० मङ्सिर ४ गते भएको मतदानमा मतदाता सङ्ख्याभन्दा अधिक मतदान भएको भन्ने प्रतिवेदनका आधारमा उक्त केन्द्रको मतदान रद्द गरी मिति २०७० मङ्सिर ८ गते पुनः मतदान गरिएको थियो।

## परिच्छेद - ६

# संविधानसभा निर्वाचन र इओसी पर्यवेक्षण तयारी

निर्वाचन पर्यवेक्षकबाट निर्वाचनका प्रक्रियाको अनुगमन गर्ने विश्वकै भरपर्दो प्रचलन विश्वसनीय तथा सर्वमान्य भइसकेको छ। हुनत राजनीतिक दल र उम्मेदवारले पनि निर्वाचन प्रक्रियालाई नजिकबाट अवलोकन गरेकै हुन्छन्। निर्वाचनको लागि जिम्मेवार निकायको प्रशासनिक सबलता र इमान्दारिताको परीक्षण गर्न र राजनीतिक दल, उम्मेद्वार र सरोकारवालाहरूको सहभागिताको संरक्षणको लागि पनि पर्यवेक्षण, अनुगमनले सकारात्मक प्रभाव पार्दछ। यसअर्थमा निर्वाचन पर्यवेक्षणको महत्व अझ बढी छ। अवान्छित गतिविधिलाई निरूत्साही गर्न र विधिको परिपालनालाई प्रोत्साहित गर्न पर्यवेक्षणलाई प्रजातान्त्रिक मूलुकहरूले एउटा पद्दतिको रूपमा विकास गरेका हुन्। निर्वाचन प्रक्रिया पारदर्शी बढाउन र निर्वाचन अधिकारीहरूलाई जवाफदेही बनाउन, निर्वाचन पर्यवेक्षण पद्दति लागू गरिएका देशहरूमा निरन्तर कमी कमजोरीलाई सच्याउने अवसर प्राप्त हुँदै जान्छ। निर्वाचन अधिकारी, सुरक्षाकर्मी, संचारजगत, सामाजिक संघसंस्था, राजनीतिक दल र उम्मेदवार तथा जो कोहीबाट हुने वा हुन सक्ने अनियमितता र लापरवाही नहोस् भन्ने हो भने पर्यवेक्षण गर्न अनिवार्य छ। अन्तर्राष्ट्रिय तथा राष्ट्रिय पर्यवेक्षक सामान्य नागरिकदेखि विज्ञ र अनुभवि व्यक्तिहरूद्वारा गरिने हुँदा पर्यवेक्षणको प्रतिवेदनले समेटेका तथ्य र तथ्याङ्कको विश्लेषणबाट वस्तुगत प्रतिवेदन आउने र आम जनमानसमा विश्वसनीयता बढ्ने, अन्तर्राष्ट्रिय सहयोग तथा सहकार्यमा अभिवृद्धि हुने भएकाले पनि यसले महत्व राख्दछ।

लोकतान्त्रिक राजनैतिक पद्धतिलाई स्थापित गर्ने आधारशीलाका रूपमा रहेको निर्वाचन पर्यवेक्षण अत्यन्तै महत्वपूर्ण काम हो। निर्वाचनको प्रभावकारी पर्यवेक्षणले निर्वाचनलाई स्वतन्त्र, स्वच्छ, धाँधलिरहित तथा विश्वासनीय बनाउन सहयोग पुऱ्याई लोकतन्त्रलाई मजबुत पार्नुका सथै अन्तराष्ट्रिय मान्यता र वैद्यतासमेत प्राप्त हुन्छ।

पर्यवेक्षणका मूल्य र मान्यतालाई आत्मसात गर्दै निष्पक्ष ढंगले समग्र निर्वाचन प्रक्रियालाई समेटने विषयले कसैको हानी नोक्सानी नपुऱ्याउने कार्ययोजनासाथ आचारसंहिताको परिपालना गर्दै विवेक र विचारको सौदाबाजी नगरिकन गरिएको निर्वाचन अनुगमन र त्यसको प्रतिवेदनले सिफारिस गरेका विषयहरू सरकार र निर्वाचन आयोगका लागि समय सापेक्ष सुधारका लागि महत्वपूर्ण हुन सक्छन्। पर्यवेक्षण कार्य गर्दा मतदाताको नाम दर्तादेखि मतदान कार्य तथा मतदानपछि जोडिएर आएका पक्षहरूलाई समेत समेटिएको छ।

निर्वाचन पर्यवेक्षण समिति (इओसी) नेपालले ३४ जिल्लामा दीर्घकालीन क्षेत्रीय पर्यवेक्षक खटाइ सोही अनुसार सम्भव भएसम्म ७५ जिल्लाको पनि पर्यवेक्षणको संयोजन गर्ने जिम्मेवारी दिइएको थियो। दीर्घकालीन पर्यवेक्षकहरूले निर्वाचन पूर्व, निर्वाचनका दिन र निर्वाचन सम्पन्न भएपछि मतगणना परिणाम गणना गर्ने दिनसम्मको पर्यवेक्षण गरेका थिए।

## इओसी केन्द्रीय कार्यसमिति गठन

विभिन्न क्षेत्रमा कार्यरत व्यक्तित्वहरूको भेलाले इओसी नेपालको गठन गरेको हो । लामोसमय देखि मानवअधिकार रक्षाको क्षेत्रमा कार्यरत प्रदिप पोखरेलको नेतृत्वमा १५ सदस्यीय कार्यसमितिको गठन गरेको थियो ।

## पर्यवेक्षणका उद्देश्यहरू :

- निर्वाचन अगावै, निर्वाचनको समयावधिमा र निर्वाचन पश्चातको समयमा भएका निर्वाचन गतिविधिहरूको पर्यवेक्षण गर्ने ।
- राजनैतिक दल, सरकारी निकाय, संघसंस्था लगायत सम्पूर्ण सरोकारवालाहरूबाट निर्वाचन आचारसंहिताको पूर्ण पालन भए नभएको अवलोकन गर्ने र पालना गराउनका लागि सजक गराउने ।
- पर्यवेक्षकहरूको उपस्थितिले संविधानसभा निर्वाचन निष्पक्ष र धाँदलीरहित हुन्छ भन्ने बारेमा आम जनमानसमा विश्वस्त बनाउने ।
- जनताहरूलाई मतदाता शिक्षा सम्बन्धमा सचेत गराउने ।
- निर्वाचनको समयाअवधिभर भएका गतिविधिहरूको अवलोकन गर्ने ।
- संविधानसभा सदस्य निर्वाचन २०७० मा मतदाताले स्वतन्त्र, स्वतस्फूर्त रूपमा सहभागी हुन पाए/नपाएको अवलोकन गर्ने ।
- समग्र निर्वाचन प्रकृयाको पर्यवेक्षण गर्नको लागि दक्ष पर्यवेक्षकहरू तयार पारी उनीहरूलाई परिचालन गर्ने ।

## पर्यवेक्षण तयारी
## (संस्थाले निर्वाचनका सम्बन्धमा सञ्चालन गरेका गतिविधि) :

- मिति २०७० भाद्र १ गतेदेखि श्रम मार्ग बुद्धनगर-१० मा केन्द्रीय कार्यालयको स्थापना गरियो ।
- मिति २०७० भाद्र १ गतेदेखि देशका चार विकास क्षेत्रको ईटहरी, बुटवल, नेपालगञ्ज र धनगढीमा क्षेत्रीय कार्यालयको स्थापना तथा मध्यक्षेत्रका लागि बारा कलैयामा कार्यालय स्थापना भएको थियो ।
- मिति २०७० आश्विन ८ गतेदेखि ११ गतेसम्म ३० जिल्लाका ५० जना दिर्घकालिन पर्यवेक्षकहरू (Long term observer – LTO's) लाई प्रशिक्षण सञ्चालन गरिएको थियो। तीस जना पर्यवेक्षकहरूले छिमेकी जिल्लाहरू समेत समेटी ७५ जिल्लामा पर्यवेक्षण गरेका थिए ।
- निर्वाचनका बेला ५५ जिल्लामा करिब ५०० जना अल्पकालिन पर्यवेक्षक खटाइएको थियो भने त्यति नै संख्यामा स्वयम्सेवक खटाइएको थियो ।
- निर्वाचन आयोगद्वारा संचारमाध्यममा प्रसारित गरिएको मतदाता शिक्षाको श्रव्य दृश्यमा देखाइएको कुरा निर्वाचन आचारसंहिता विपरित भएको भन्दै आयोगको ध्यानाकर्षण गराइएको थियो । (**हेर्नुहोस अनुसूचि** ९)
- निर्वाचन आयोगले जारी गरको पर्यवेक्षकहरूका लागि आचारसंहिता संविधानको प्रस्तावना विपरित, मानवअधिकार, समावेशी र अन्तर्राष्ट्रिय मूल्य र मान्यता विपरित रहेको हुँदा त्यस्ता प्रावधानहरू खारेज गर्ने मागसहित मिति २०७० आश्विन १५ गते सर्वोच्च अदालतमा रीट निवेदन दर्ता गरिएको (**हेर्नुहोस् अनुसूचि** १०) मा सम्मानित सर्वोच्च अदालतबाट अन्तरिम आदेशका लागि दुवै पक्ष छलफलका लागि

कार्त्तिक १० गते झिकाइएकोमा निर्वाचन आयोगबाट कार्त्तिक ८ गते नै उक्त प्रावधान परिवर्तन गरी सबै पर्यवेक्षकहरूलाई सहज रूपमा आफ्नो निर्वाचन क्षेत्रसमेत पर्यवेक्षण गर्न पाउने गरी व्यवस्था गरेको थियो ।



निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL
(पर्यवेक्षण एकाई)

प.सं. च.नं./Ref: पो.बै./प.ए./२०७०/०७१/१५९

मिति : २०७०।७।९

विषय : संशोधन सम्बन्धमा ।

श्री निर्वाचन आयोगबाट पर्यवेक्षण गर्न
अनुमति प्राप्त सबै संघ/संस्थाहरु ।

आगामी **संविधान सभा सदस्य निर्वाचन पर्यवेक्षण निर्देशिका,** २०७० को दफा १६ (ज) मा भएको व्यवस्थाको सट्टा देहाय बमोजिम हुने भनी आयोगबाट मिति २०७०।७।७ मा निर्णय भएको व्यहोरा जानकारी गराईन्छ ।

**आयोगको निर्णय :**

**'कुनै पनि व्यक्तिलाई निजको मतदाता नामावलीमा नाम समावेश भएको मतदानस्थलको पर्यवेक्षण गर्न गरी खटाउन पाईने छैन ।'**

पुनश्चः आफ्नो संस्थाबाट खटिने पर्यवेक्षकहरुको परिचयपत्र प्राप्तिका लागि खटिने पर्यवेक्षकहरुको विवरण तोकिएको ढाँचामा यथाशीघ्र यस एकाईमा उपलब्ध गराउनुहुन ताकेता गरिन्छ ।

(ऋषिराज आचार्य)
शाखा अधिकृत

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np
"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौं ।"

- आसन्न संविधानसभा निर्वाचनको सन्दर्भमा इओसी टिमले मन्त्रीपरिषद्का अध्यक्ष खिलराज रेग्मीलाई भेटि ध्यानाकर्षण गराएको थियो । (**हेर्नुहोस् अनुसूचि ८.**)
- देशभर भएका निर्वाचनका क्रममा कानून विपरित भएका गतिविधि तथा मानवअधिकार उल्लङ्घनका घटनाको सत्य तथ्य छानविनका लागि केन्द्रदेखि क्षेत्रसम्मका प्रतिनिधिहरूलाई लगातार खटाई प्रतिवेदन संङ्कलन गरिएको थियो ।
- नियमित रूपमा पत्रकार सम्मेलन र संस्थाको बुलेटिन प्रकाशित गरी संस्थामा प्राप्त सूचनाहरूलाई सार्वजनिक एवम् आवश्यकता अनुसार वकालत गर्ने कार्य भएको थियो ।
- पर्यवेक्षणको बेला केन्द्रीय समिति सदस्यलाई पनि विभिन्न जिल्लाको पर्यवेक्षणमा खटाइएको थियो, भने केन्द्रमा सचिवालय राखेर सूचनालाई चुस्त बनाउने काम भएको थियो ।

## स्थलगत अध्ययन प्रतिवेदन

२०७० असोज १८ गते संविधानसभा सदस्य निर्वाचनमा नेकपा (एमाले) बारा क्षेत्र नम्बर ४ का उम्मेदवार महमुद आलमको हत्या सन्दर्भमा प्रेस वक्तव्य जारी गर्नुका साथै स्थलगत प्रतिवेदन सार्वजनिक गरियो ।

## अन्तरक्रिया कार्यक्रम

- चुनावी मन्त्रीपरिषद्का अध्यक्ष खिलराज रेग्मीको प्रमुख आतिथ्यता तथा विभिन्न राजनीतिक दल र मानवअधिकारका क्षेत्रमा कार्यरत व्यक्तित्वहरूको उपस्थितिमा २०७० श्रावण २४ गते 'स्वतन्त्र र स्वच्छ निर्वाचनका लागि पर्यवेक्षकको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो ।
- निर्वाचन सम्पन्न भएपछि विशेष गरी एकीकृत नेकपा माओवादी लगायतका दल तथा व्यक्तिहरूले उठाएको निर्वाचनमा भएको संरचनागत धाँधलीका सन्दर्भमा 'दोस्रो संविधानसभा निर्वाचन निष्पक्षता वा संरचनागत अनियमितता' विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो ।

**प्रकाशन :**

- इओसीको वेभसाइट निर्माण
- इओसी पर्यवेक्षण बुलेटिन (२ अंक)
- इओसी पर्यवेक्षण पासपोर्ट
- इओसी पर्यवेक्षण ज्याकेट
- मतदान केन्द्र अनुगमन फाराम
- मतदानका दिनका लागि सवारी अनुगमन फाराम
- इओसीको प्रारम्भिक प्रतिवेदन
- निर्वाचन पर्यवेक्षण प्रतिवेदन

## भेटघाट तथा छलफल

निर्वाचन पर्यवेक्षण समिति (इओसी) नेपालले स्थापना भएलगत्तै पर्यवेक्षण कार्यमा सहजता कायम गर्न अन्य पर्यवेक्षण संघसंस्थाका साथै अन्तर्राष्ट्रिय पर्यवेक्षण संस्थाहरू यूरोपियन यूनियन, एन्फ्रेल, बेलायती राजदूत, नर्वेजियन डेलिगेट्स र भारतीय राजदूतावासका काउन्सीलरसँग भेटघाट तथा छलफल गऱ्यो । त्यसैगरी संविधानसभा निर्वाचनका सन्दर्भमा इओसीले मन्त्रीपरिषद्का अध्यक्ष खिलराज रेग्मीसँग भेटघाट गरी लिखित बुँदाहरूमा ध्यानाकर्षण गराएको थियो ।

## भौगोलिक रूपमा निर्वाचन क्षेत्र र इयोकले पर्यवेक्षण गरेका जिल्लाहरू



## निर्वाचन पर्यवेक्षण समितिको संस्थागत संरचना तथा प्रशासन :




## निर्वाचन पर्यवेक्षण समितिको पर्यवेक्षण विधि :

### तथ्याङ्क संकलन विधि

- प्रत्यक्ष अवलोकन
- प्रश्नोत्तर
- चेकलिष्ट रूजु
- स्थानीय स्वयमसेवकहरूसँग टेलीफोन सम्पर्क तथा समन्वय
- स्थानीय संचार माध्यमसँग समन्वय तथा सम्पर्क
- निर्वाचन कार्यालय, प्रहरी प्रशासनसँग समन्वय तथा सम्पर्क
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूसँग अन्तरक्रिया र समन्वय
- स्थानीय मानवअधिकर कर्मीहरूसँगको समन्वय

### तथ्याङ्को प्रकृति

- निर्वाचन आचारसंहिताको उल्लंघन
- मानवअधिकारको हनन
- नागरिकको मौलिक अधिकारको हनन

## तथ्याङ्क विश्लेषण विधि तथा प्रस्तुतिकरण

- दीर्घकालीन, अल्पकालीन तथा केन्द्रीय सदस्यको भ्रमण रिपोट।
- पत्रपत्रिका तथा अन्य संचारमाध्यम
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकसंस्थाबाट प्राप्त सूचना।
- अन्य(सुरक्षाकर्मी, निर्वाचन अधिकृत, सर्वसाधारण नागरिक इत्यादी)
- पर्यवेक्षणबाट प्राप्त तथ्य, तथ्यांक र अभिमत :

## स्वतन्त्र निर्वाचन

- मतपत्र र गोप्य मतदान,
- स्वतन्त्र निर्वाचनको आधार, ,
- अभिव्यक्ति र सूचनाको स्वतन्त्रता,
- भेदभावको अन्त्य,
- सभा सम्मेलनको स्वतन्त्रता,
- संगठनको स्वतन्त्रता,
- स्वतन्त्र न्यायपालीका
- विचारको स्वतन्त्रता

## निष्पक्ष निर्वाचन

- एक व्यक्ति एक मत
- समानता र वालिक मतअधिकार
- भेदभाव निर्मूल गर्ने उपायहरूको अवलम्वन
- कानूनी तथा प्राविधिक सक्षमता

## निर्वाचन अवधि र समय निर्धारण

- निर्वाचन कार्यक्रमहरू
- निर्वाचनको स्थगन,
- निर्वाचन अवधि,

## विश्वासनीय निर्वाचन पद्दति

- कानूनी तथा प्रविधिक सवालहरू,
- उपयुक्त छनौट,
- सरकारी सेवामा समान पहँच,

- प्रहरी तथा सुरक्षाकर्मीहरूको भूमिका
- निश्पक्ष कार्यविधि,
- इमानदार प्रयास,

## निर्वाचनसम्बन्धी कानून तथा नियमहरू

- फोटोसहितको मतदाता दर्ता र सूची,
- राजनीतिक दल तथा उम्मेद्वारको छनोट,
- मतदान र परिणाम,
- निर्वाचन प्रशासन,
- सूचनाको हक र मतदाता परिक्षण
- निर्वाचन पर्यवेक्षण
- कानूनी राज्यको संरचना
- निर्वाचन क्षेत्रको निर्धारण,
- उजुरी निवेदन र पुनरावेदन,
- मानव अधिकारको सम्मान,
- अपराध, दण्ड र शान्ति सुरक्षा,
- संचारमाध्यम,

## अन्य महत्वपूर्ण सवालहरू

निर्वाचन अभियान, सरकारी स्रोत तथा साधनको सदुपयोग, खर्चको सीमा, स्रोत तथा विवरण, खुल्ला तथा अनियन्त्रित सीमानाको प्रभाव, निर्वाचन आचारसंहिताको पालना, कर्मचारी नियुक्ति, सरूवा र बढुवामा रोक, समग्र राजनीतिक वातावरण र सुरक्षाको व्यवस्था, निर्वाचन पद्धति अनुसार जनसहभागिता ।

## मतदानको स्थिति र मूल्याङ्ंकन

निर्वाचन प्रक्रिया, मतदान रहने स्थानहरू, मतदान समय, मतदान केन्द्र सुरक्षा व्यवस्था, संचार अनुगमन प्रणाली, हिंसात्मक क्रियाकलाप, मतदानमा प्रयोग हुने सामाग्रीहरूको प्रर्याप्तता, मतदान संचालन प्रक्रिया, मतदान समाप्त भएपछिका प्रक्रियाहरू र ढुवानी व्यवस्था ।

## मतदानपछिको स्थिति मूल्याङ्कन

मतगणनासम्बन्धी व्यवस्था, निर्वाचन परिणाम, परिणामपछिको व्यवस्था, निर्वाचन परिणामका सम्बन्धमा गरिने उजुरी ग्रहण र तिनलाई समाधान गर्न वैधानिक उपायहरू उपयुक्त तथा निश्पक्ष छन्की छैनन् भन्ने विषयको वास्तविकता ।

## निर्वाचन पर्यवेक्षण समिति नेपाल दीर्घकालीन पर्यवेक्षकहरूको नामावली

| सि.न | नाम | ठेगाना | सम्पर्क |
|---|---|---|---|
| १ | कृष्णा देवकोटा | रसुवा | ९८४९८२२३४६ |
| २ | राजेशप्रसाद यादव | बारा | ९८४५२२६२२८ |
| ३ | बद्री शिवाकोटी | काठमाडौं | ९८४१३३६४४४ |
| ४ | कृष्णा पाण्डे | ललितपुर | ९८१३६८३५०५ |
| ५ | सविता लोहनी | चितवन | ९८४९०३२५४१ |
| ६ | विष्णु पोखरेल | भक्तपुर/काभ्रे | ९८४८०२२१२६ |
| ७ | पदम घिमिरे | दमक | ९८४२६२२२१० |
| ८ | महेन्द्र मेहेता | सप्तरी/धनुषा | ९८१९०४४४०५ |
| ९ | कमल बजगाईं | संखुवासभा | ९८४५२०५१०९ |
| १० | श्रीप्रसाद यादव | सिरहा | ९८४१५६५४३८ |
| ११ | पदमप्रसाद पाण्डे | गुल्मी | ९८४७०३९४४१ |
| १२ | शिला रिमाल | मोरङ | ९८४२०७१०६१ |
| १३ | हरिनारायण रेग्मी | नवलपरासी | ९८५७०४०५८१ |
| १४ | जगदिश शर्मा पौडेल | पर्वत | ९८४७६२३८९४ |
| १५ | रामचन्द्र आचार्य | गोरखा | ९८४१२८५९२५ |
| १६ | मात्रिका पोखरेल | कपिलवस्तु | ९८४७०२६१४४ |
| १७ | बिमल गौतम | दाङ | ९८४७८२२०७० |
| १८ | मिरा शर्मा | बाँके | ९८४८०४६८५१ |
| १९ | पार्वता आचार्य | प्युठान | ९८४७८२१०२२ |
| २० | प्रकाश शर्मा | बर्दिया | ९८५८०२५३३७ |
| २१ | रामराज कठायत | सुर्खेत | ९८१६५२१८५५ |
| २२ | मेनुका परियार | रुकुम | ९८४७९४७५२५ |
| २३ | नरेश बस्नेत | जाजरकोट | ९७४८०२६४३० |
| २४ | कमल खत्री | जुम्ला | ९८४८३१२४९८ |
| २५ | रुद्रप्रसाद खनाल | कैलाली | ९८४८४५४२३० |
| २६ | टेक सार्की | डोटी | ९८४८६७९११६ |
| २७ | निराजन विष्ट | कैलाली | ९८४८८२८४९० |
| २८ | सम्झना कुँवर | कञ्चनपुर | ९८४८७८३३९७ |
| २९ | शिवराम खामी | डंडेलधुरा | ९७४९५३३५०२ |
| ३० | गणेश जोशी | बैतडी | ९८४८७३३१९६ |

## इओसी नेपालका क्षेत्रीय संयोजकहरू :

| सि.न | नाम | ठेगाना | क्षेत्रीय अफिस | सम्पर्क |
|---|---|---|---|---|
| १ | बेबी घिमिरे | पूर्वाञ्चल विकास क्षेत्र | इटहरी | ९८४२०६६७०० |
| २ | मेघनाथ खनाल | पश्चिमाञ्चल विकास क्षेत्र | बुटवल | ९८५१०६९६८९ |
| ३ | दिनेश चौधरी | मध्यमाञ्चल विकास क्षेत्र | नेपालगञ्ज | ९८४८०२२४९३ |
| ४ | रमेश बस्नेत | सुदुरपश्चिमाञ्चल विकास क्षेत्र | धनगढी | ९८५८४२३९७६ |

परिच्छेद - ७

# संविधानसभा निर्वाचन र पर्यवेक्षण

**संविधानसभा निर्वाचन –२ का सन्दर्भमा इओसीद्वारा जारी प्रारम्भिक प्रेस वक्तव्य**

## निर्वाचन पर्यवेक्षण समिति नेपाल

Election Observation Committee Nepal
(EOC-Nepal)

## पत्रकार सम्मेलन

आदरणीय सञ्चारकर्मी मित्रहरु,

२०७० मंसिर ४ गते बिहान ७ बजेदेखि बेलुकी ५ बजेसम्म सम्पन्न भएको संविधानसभाको दोस्रो निर्वाचन केही छिटपुट घटनाहरु बाहेक आमरूपमा सामान्य तबरमा सम्पन्न भएको जानकारी गराउन पाउदा हामीलाई खुसी लागेको छ । यो निर्वाचनमा जनताको उत्साहप्रद् सहभागिता रहेको पाईयो भने संविधानसभाको पहिलो निर्वाचन भन्दा यो दोस्रो निर्वाचन तुलनात्मक रूपमा शान्तिपूर्ण रूपमा सम्पन्न भएको पाइयो । देशका विभिन्न भागमा भएका बम विष्फोट तथा निर्वाचनमा भाग लिने दलहरुबीचमा भएका झडपले निर्वाचनलाई पूर्ण शान्तिपूर्ण एवम् भयमुक्त हुन नसकेको भएतापनि शान्ति सुरक्षाको व्यवस्था तथा निर्वाचनको तयारी र व्यवस्थापन सन्तोषजनक रहेको पाइयो ।

तथापि निर्वाचनमा सम्पूर्ण दलको सहभागी हुन नसक्नु एवम् निर्वाचनको मिति नजिक हुँदै गरेको दिनहरुमा भएका देशभरका घटनाहरुले निर्वाचनलाई पूर्ण भयमुक्त भने बनाउन सकेन ।

संविधानसभाको भंगपछि संविधानसभाको दोस्रो निर्वाचन हुने या नहुने अन्यौलका बीच निर्वाचन तुलनात्मक रूपमा शान्तिपूर्ण तथा तटस्थरुपमा सम्पन्न भएकोमा आम मतदाता, राजनैतिक दल, निर्वाचन आयोग, नेपाल सरकार, संचार जगत, नागरिक समाज, निर्वाचनको पर्यवेक्षणमा संलग्न भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरु हार्दिक बधाई तथा धन्यवाद ज्ञापन गर्दछौं । विगतको अनुभवले के देखाउँछ भने संविधानसभाको निर्वाचन सफल हुँदैमा संविधान जारी हुन सक्छ भन्ने कुरामा निश्चिन्त हुन सकिदैन । निर्वाचन प्रकृयाका सन्दर्भमा असमति जनाई निर्वाचनमा सहभागी नभएका नेकपा माओवादी लगायत ३३ दलिय मोर्चालाई निर्वाचनमा सहभागी गराउन नसक्नु संविधानसभा निर्वाचन –२ को दुखद् पक्ष रहयो । यसर्थ संविधान निर्माण क्रममा

निर्वाचनमा सहभागी नभएका यी दलहरूका भावनालाई संविधान निर्माण प्रक्रियामा संलग्न गराई नयाँ संविधानमा यी दलहरूको समेत स्वामित्व स्थापित गर्ने गरी संविधान निर्माण हुनसके यस्तो संविधानले वास्तवमै सबै पक्षको भावना समेट्न सक्ने थियो ।

अन्तमा संविधानसभाले यथाशक्य छिटो संविधान जारी गर्न सकोस् भन्ने शुभकामना सहित ।

भवदीय
**श्रीकृष्ण सुवेदी, उपाध्यक्ष**
बुद्धनगर, काठमाडौँ
मितिः २०७० मंसिर ५

# इओसीद्वारा जारी प्रारम्भिक प्रतिवेदन

## निर्वाचन पूर्वको अवस्था :

३३ दलीय मोर्चाले निर्वाचन बिथोल्ने उद्देश्यले सवारी साधन चल्न नदिने कार्यक्रम सार्वजनिक गरे लगत्तै निर्वाचन हिंसारहित हुन नसक्ने अनुमान गरिए। ठाउँठाउँमा बम विस्फोट तथा आगजनीका घटना दैनिक जस्तो भए। सरकारले सवारी साधन चलाउन आह्वान गर्दै क्षतिपूर्तिको व्यवस्था गरेपनि सवारी साधान चल्न सकेनन्। अज्ञात समूहका नाममा गुडिरहेका सवारी साधनमा पेट्रोल बम प्रहार भए। ३३ दलीय मोर्चाले निर्वाचन विथोल्ने उद्देश्यले यस्तो घटना घटाएको भन्दै घटनाको जिम्मेवार उनीहरूनै हुने भन्दै सुरक्षा निकायले अज्ञात समूह नभनेर मोर्चाको नाम उल्लेख गर्न सार्वजनिक अनुरोध गऱ्यो। यद्यपी नेकपा-माओवादीले चक्काजामका क्रममा भएका हिंसात्मक घटनामा आफ्नो संलग्नता नभएको बताएको थियो। उसले प्रेस विज्ञप्तीजारी गर्दै "राष्ट्रविरोधी र जनविरोधी शक्तिले पार्टीलाई बदनाम बनाउन घटना गराइएको" आरोप लगाएको थियो।

निर्वाचन हुन्छ हुँदैन भन्ने ढुक्क हुन नसक्दा कतिपय मतदाताहरू फोटोसहितको मतदाता परिचयपत्र लिन जान पनि त्यक्ति इच्छुक नबनेको स्थिति देखियो। सरकारले सुरक्षा व्यवस्थाको पूर्ण प्रत्याभूति गरेको भने पनि नागरिक विश्वस्त हुन नसकेको देखियो।

## निर्वाचनका दिनको अवस्था

संविधानसभा-२ को निर्वाचन मंसिर ४ गते निर्वाचन हुने या नहुने अन्यौलका बीच केहि छिटफुट घटनाबाहेक तुलनात्मक रूपमा निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भयो।

एकातिर ३३ दलीय मोर्चाको बन्द तथा निर्वाचन जसरी पनि बिथोल्ने भन्ने कार्यक्रमका कारण निर्वाचनकै दिन बिहानसम्म मानिसहरू चुनाव पक्का हुन्छ भन्नेमा ढुक्क हुन नसकेको देखियो। दिउँसो घटना घट्न सक्ने भन्दै मतदाताहरू ७ बजे सुरू हुने मतदातका लागि बिहान ६ बजेदेखि नै लाइनमा लाम लागेका थिए। आफ्नो मतको प्रयोग गर्न आतुर नेपाली जनता भय त्रासका बाबजुद् उत्साहपूर्वक मतदानमा सहभागी भए।

देशभर नै मतदाताहरू मतदान गर्ने दिनको बिहान ६ बजे देखि नै लामबद्ध भई उत्साहपूर्वक मतदान गरेको पाइयो। रोल्पाको थवाङमा शत प्रतिशत, रोल्पाकै जेलवाङमा न्यून प्रतिशत साथै रोल्पा रूकुम प्यूठानलगायत केही जिल्लाहरूका केही गाविसहरूमा तुलनात्मक रूपमा देशभरको मतदान प्रतिशत- भन्दा न्युन मतदान हुनुले उक्त क्षेत्रहरूमा निर्वाचन बहिष्कारको प्रभाव परेको पनि पाइयो।

जुम्ला जिल्लाको नेपालगाउँ गाविस झारज्वालास्थित त्रिभुवन उच्च मा.वि. मतदान केन्द्रमा नेकपा माओवादीको अवरोधका कारणले मतदान स्थगित भएको पाइयो र सो सन्दर्भमा निर्वाचन आयोगले मंसिर ७ गते

पुन: मतदान गर्ने कार्य सम्पन्न गरेको छ।

गोरखा, म्याग्दी, नुवाकोट, दोलखा, धनुषा, सर्लाही, महोतरीलगायतका स्थानमा मतदान प्रकृयामा असहमती जनाउँदै केही दलहरूले निर्वाचन आयोगमा उजुरी दर्ता गरी पुन: मतदानको माग गरेका छन्।

मतदानको दिन देशका अधिकांश भागहरूमा नेपाल सरकारले दाबी गरेभन्दा बढि बम बिष्फोटनका घटनाहरू भएको पाइयो। जसबाट काठमाडौँ लगायतका केही स्थानहरूमा केही व्यक्तिहरू घाइतेसमेत भएको पाइयो।

फोटोसहितको नामावलीमा नाम रहनु पर्ने चेतनाको अभाव तथा सो सम्बन्धमा जानकारी नभएका कारण फोटो नखिचाएका तर यस अघिको निर्वाचनमा मतदाता रहेका र भागसमेत लिएका मतदाताहरू मतदाता सूचिमा नाम नभएका कारण निराश भएर फर्किने संख्या पनि उल्लेख्यनीय रहेको पाइयो। देशका सम्पूर्ण मतदान केन्द्रमा बदर मतको संख्या उल्लेखनीय देखियो मत बदर हुनुको विभिन्न कारणहरू मध्ये मतदाता शिक्षाको प्रभावकारितामा कमी देखियो। केही मतदातामा मतदान शिक्षाको कमि भएको देखियो। स्वस्तीक चिह्न लगाउने, मतपत्र पट्याउने, खसाल्ने शिक्षा नपाएको घटना पाइयो।

## राजनैतिक दलको क्रियाकलाप सन्दर्भमा

दलहरूले निर्वाचनको प्रचार प्रसारको क्रममा निर्वाचन आचारसंहिताको उल्लङ्घन हुने किसिमका क्रियाकलापहरू व्यापक रूपमा भएको, भारतीय गाडीको प्रयोग, अनावश्यक खर्च गरी प्रचार तथा सामाग्रीको प्रयोग, भोज भतेर, चन्दा वा निर्माणका कार्य तथा नगद वितरणसमेत गरेको पाइयो।

प्रचारका क्रममा एकले अर्कालाई निषेध गर्ने प्रवृत्ति, गाली गलौचको राजनीति, भडकिलो र खर्चिलो संस्कृतिलाई रोकी लोकतान्त्रिक राजनैतिक संस्कृति अङ्गिकार गर्न नसकेको पाईयो।

निर्वाचनको संघारमा राजनैतिकदलहरूमा अस्वस्थ प्रतिस्पर्धाको कारण विभिन्न स्थानहरूमा मुठभेडको अवस्था सिर्जना भएको जसले गर्दा निर्वाचनका दिनमा आम मतदाता मतदान गर्न लाइनमा बसेपनि निधक्क मतदान हुनेमा भयमुक्त हुन नसकेको पाइयो।

मौन अवधि लागू भएपनि पनि प्रचारप्रसार गर्ने, भोजभतेर गर्ने तथा कतिपय स्थानमा निर्वाचनका दिन लाइनमा बसेका मतदातासँग प्रत्यक्ष सहभागी भएर भोट मागेको पाइयो। मौन समयमा आचारसंहिता विपरित राजनैतिक दलहरूले मोवाईल एसएमएस मार्फत चुनावको प्रचार गरेको पनि पाईयो।

## नेपाल सरकार र निर्वाचन आयोगको भूमिका सन्दर्भमा

नेपालमा खटिएका यस संस्थाका पर्यवेक्षकहरूको प्रतिवेदनको आधारमा निर्वाचनसँग सम्बन्धित नेपाल सरकार तथा निर्वाचन आयोगको तयारी सन्तोषजनक रूपमा अगाडि बढिरहेको पाइयो। निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन र आम नागरिकहरूको उत्साह जनसहभागिताको लागि पछिल्लो समयमा घटेका तथा घटाइएका मानवअधिकार विरोधी घटनाहरूका कारण उत्साहजनक सहभागिता हुने कुरामा शंङ्का पूर्ण रूपमा निवारण गर्न भने नसकेको पाइयो।

- विभिन्न स्थानहरूमा दैनिक जसो निर्वाचन बिथोल्ने क्रियाकलापहरू व्यापक रूपमा बढ्दै गई रहेको भएतापनि सरकारले आम नागरिकहरूलाई डर त्रास र भयरहित वातावरण निर्वाचन सम्पन्न हुने कुरा प्रति आश्वस्त पार्न सुरक्षासँग सम्बन्धित निकायलाई चुस्त बनाउदै अवान्छित तथा गैरकानूनी क्रियाकलापहरूलाई निरूत्साहित गर्न घटनाको बारेमा अनुसन्धान गरी घटनाका दोषीउपर कारबाही गर्न प्रभावकारी कदम चाल्न नसकेको पाईयो।

- निर्वाचनका लागि गठित सरकारले कतिपय राजनैतिक नियुक्तिमा ध्यान दिएको तथा निर्वाचन आचारसंहिता विपरित सार्क महासचिव लगायतका पदमा नियुक्ती गरेको पाइयो ।
- निर्वाचन आयोगद्वारा जारी निर्वाचनसँग सम्बन्धित आचारसंहिता एवम निर्देशिका र नियमावलीहरू पटक पटक परिवर्तन गरिरहनुले निर्वाचन आयोगको स्वायत्तताप्रति शंङ्का उत्पन्न भएको पाइयो ।
- संविधानसभा निर्वाचन आचारसंहिता २०७० को उल्लंङ्घनका सम्वन्धमा संविधानसभा निर्वाचनमा नेपाल सरकार विभिन्न निकाय र राजनैतिक दलहरूबाट निर्वाचन आचारसहिता उल्लंङ्घन भएकोप्रति यस संस्थाले निर्वाचन आयोगको पटक पटक ध्यानाकर्षण गराएको भएतापनि निर्वाचन आयोगबाट आचारसंहिता उल्लंङघनका दोषी उपर सामान्य सचेतना गराउने र स्पष्टीकरण लिने बाहेक अन्य कारबाही गरेको पाइएन ।.

## सञ्चार जगतको भूमिका सन्दर्भमा

निर्वाचनको सन्दर्भमा विद्युतीय र छापा संञ्चारले गरको समाचार संप्रेषणमा कतिपय अवस्थामा अमूक राजनैतिक दलको प्रचारप्रसारमा सहयोग पुग्न जाने जस्ता क्रियाकलापलाई प्रश्रय दिएको पाइयो ।

चौथो अंगको रूपमा स्थपित सञ्चार जगतको क्रियाकलापका कारणले पनि निर्वाचनको स्वतन्त्रता, निष्पक्षता र भयरहित वातावरणमा सम्पन्न हुने प्रति आशंका उत्पन्न हुनसक्ने हुँदा सञ्चार जगत स्वम् पनि संहिताभित्र रहि निष्पक्ष एवम् सत्य तथ्य घटनाको रिपोटिङ गर्नु पर्ने र आचारसंहिता विपरित गएका त्यस्ता संचारमाध्यमउपर कार्यान्वयन गर्न कतिपय अवस्थामा असक्षम भएको देखियो। निर्वाचनको क्रममा भएका कतिपय घटनाहरू सार्वजनिक नगरिएका कारणले जनताको सूचनाको हकको सम्मान गर्न नसकेको देखियो ।

## गैरसरकारी संस्थाहरूको सन्दर्भमा

कतिपय गैससबाट निर्वाचनको सन्दर्भमा कुनै अमूक दलहरूलाई फाइदा र कुनै अमूक दलहरूलाई नोक्सान हुने गरी आफ्नो क्रियाकलाप केन्द्रित गरेको, खासगरी द्वन्द्वकालिन घटनाहरूलाई अतिरन्जित प्रचार एवम् वकालतको नाउँमा निर्वाचनलाई प्रभाव पार्ने कार्यमा कृयाकलाप केन्द्रित रहेको पनि पाइयो ।

निर्वाचनको संघारमा गैससद्वारा समुदायमा हुने विकास कार्यक्रमहरू कुनै राजनैतिक दलको उमेदवारको सिफारिसमा लागू गर्नाले कतिपय गैससको निष्पक्षताप्रति प्रश्न उठेको समेत पाइयो ।

## राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षक संघसंस्थाको भूमिका सम्बन्धमा

संवेदनशील क्षेत्रका विकट गाउँहरूमा स्थानीय रूपमा अन्तर्राष्ट्रिय पर्यवेक्षकको माग एवम् भूमिकाको खोजी भएतापनि त्यस्ता ठाँउहरूमा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरू पुग्न नसकेको पाइयो ।

कतिपय राष्ट्रिय पर्यवेक्षक संघसंस्थाहरू अमूक दलको मात्र निगरानी गर्ने, प्रतिवेदन सार्वजनिक गर्ने तर अमूक दलप्रति मौन रहने गरेको समेत पाइयो । त्यसैगरी कतिपय पर्यवेक्षण संस्थाका पर्यवेक्षक तथा संस्थाका जिल्ला प्रतिनिधिहरू आचारसंहिताविपरित राजनैतिक दलको चुनावी सभामा अतिथि वक्ताका रूपमा उपस्थित भई अभिमत दिएकोसमेत पाइयो ।

सिन्धुपालचोकमा एमालेलाई भोट मागेको आरोपमा सामुदायिक विकास तथा वातावरण संरक्षण मञ्च( सिडिइसिएफ) का कार्यकारी निर्देशक गोविन्द सापकोटा रंगेहात पक्राउ परेका थिए। उनको पर्यवेक्षण परिचयपत्र खारेज गरिएको थियो ।

## अन्त्यमा

पर्यवेक्षणका क्रममा विषेश गरी निर्वाचन आयोगले सार्वजनिक गरेको निर्वाचन आचारसंहिता २०७० मा उल्लेख प्रावधानहरूलाई आधारमा बढी फोकस भएको थियो। अनुगमनका क्रममा दलहरूले प्रचारप्रसार गर्दा आचारसंहिताको ख्याल गर्दागर्दै पनि सीमा नाघेको पाइयो। निर्वाचन आयोगले तोकेको साइज भन्दा ठूला ठूला ब्यानर, तुलहरूमा उम्मेदवारको फोटो टाँसी प्रचारप्रसार गर्ने, कतिपय ठाउँहरूमा दलका कार्यकर्ताबिच झडप हुँदा हतियार बोकेर हिंडेको पाइयो। बालबालिकालाई प्रलोभनमा पारी चुनावी प्रचारप्रसारमा प्रयोग गरिएको पाइयो। विद्यालय हाताभित्र चुनावी सभा गरिएका घटनाहरू बेल्ग्रेल्ती भेटिए। आयोगले तोकेको भन्दा बढी सवारी साधान प्रयोग भएको पनि पाइयो।

विगतको अनुभवले के देखाउँछ भने संविधानसभाको निर्वाचन सफल हुँदैमा संविधान जारी हुन सक्छ भन्ने कुरामा निश्चिन्त हुन सकिदैन। निर्वाचन प्रकृयाका सन्दर्भमा असमति जनाई निर्वाचनमा सहभागी नभएका नेकपा माओवादी लगायत ३३ दलीय मोर्चालाई निर्वाचनमा सहभागी गराउन नसक्नु संविधान सभा निर्वाचन -२ को दुःखद पक्ष रह्यो। संविधान निर्माण क्रममा निर्वाचनमा सहभागी नभएका यी दलहरूका भावनालाई सविधान निर्माण प्रकृयामा संलग्न गराई नयाँ संविधानमा उनीहरूकोसमेत स्वामित्व स्थापित गर्ने गरी संविधान निर्माण हुन सके यस्तो संविधानले वास्तवमै सबै पक्षको भावना समेट्न सक्ने थियो।

**पुनश्च :**

- निर्वाचन पर्यवेक्षण समिति नेपाल (ईओसी) ले मिति २०७० मंसिर ४ गते बिहान ७ बजेदेखि बेलुका ५ बजेसम्म मतदान केन्द्रहरूमा पर्यवेक्षण गरेको आधारमा तयार पारिएको व्यहोरा अवगत गराउँदछौं। यसमा मत पेटीका संकलन, ढुवानी, मतगणना स्थलमा भण्डारण तथा सुरक्षा र मतगणना प्रारम्भका सम्पूर्ण नियम तथा कानूनी प्रक्रियामा यस संस्थाको पर्यवेक्षणमा संलग्नता नरहेको व्यहोरासमेत अवगत गराउँदछौँ।
- संविधानसभा निर्वाचनको स्वतन्त्रता र निश्पच्छताको सवालमा प्रश्न उठाउँदै केही राजनैतिक दल तथा उमेद्वारहरूले संविधानसभा अदालतमा छानविनकालागि मुद्दा दायर गरेका थिए।

## निर्वाचन पछिको अवस्था

सरकार तथा निर्वाचन आयोग मिलेर संस्थागत धाँधली भएको भन्दै एकीकृत नकेपा माओवादीले प्राय सबै मतगणनास्थल छोडेर बाहिरियो। एमाओवादीले संविधानसभा निर्वाचनको जारी मतगणना प्रक्रिया स्थगित गर्न माग गर्दै प्रेस विज्ञप्ती प्रकाशित गर्‍यो (हेर्नुहोस् अनुसूचि ११)। धाँधलीको आरोप एमाओवादीले मात्र लगाएको छैन, धनुषा क्षेत्र नम्बर ५ बाट नेकपा एमालेका उम्मेदवार रघुविर महासेठ, राष्ट्रिय प्रजातन्त्र पार्टीका नुवाकोट क्षेत्र नं १ का उम्मेदवार डा प्रकाशचन्द्र लोहनी लगायत केही अन्य दलले पनि आरोप लगाए। यसरी नै धाँधली भएको भन्दै संविधानसभा अदालतमा १८ वटा उजुरी दर्ता भएका छन्। त्यसमध्ये एउटा समानुपातिक तर्फ परेको छ। संघीय गणतान्त्रिक समाजवादी पार्टीका समानुपातिकतर्फका उम्मेदवार शर्मिला लामाले संविधानसभा सदस्य निर्वाचनमा भएको मतगणना चित्त नबुझेको भन्दै पुनः मतगणना गराई पाउँ भनी संविधानसभा अदालतमा उजुरी दिएका थिए। निर्वाचन आयोगको वेबसाइटमा मंसिर १३ गते प्रकाशित मतगणना परिणामबमोजिम आफ्नो दलको १८ हजार ६८० मत रहेकोमा पछि आयोगकै मत परिणामको सूचना दैनिक पत्रिकामा प्रकाशित हुँदा १८ हजार ६३१ मत देखाइएको यो गल्तीका कारण आफ्नो दलले पाउने एक सभासद् पद गुमेकोले पुन मतगणना गराउनु पर्ने उनको माग थियो।

## परिच्छेद - ८

# मतदानपूर्वका आचारसंहिता तथा मानवअधिकार उल्लंघन सम्बन्धी प्रतिनिधिमूलक घटनाहरू

## पूर्वाञ्चल

**झापा :**

झापामा संविधानसभाको निर्वाचनको आचारसंहिता उल्लंङ्घनका घटनाहरूको बारेमा ७ वटै निर्वाचन क्षेत्रका विभिन्न स्थानहरूको अनुगमन गरिएको प्रतिवेदन सार्वजनिक भएको थियो। अनुगमनका क्रममा विभिन्न दलहरूले फ्लेक्स ब्यानरको प्रयोग गर्ने, सार्वजनिक स्थानमा पोष्टर टाँस्ने, विद्युतपोल तथा टेलिफोनको क्याबिनेटमा पोस्टर, झण्डा तथा निर्वाचन चिह्न टाँस्ने, तोरणहरू लगाउने निर्वाचन चिह्न प्रयोग गरेर देउसीभैलो खेल्ने, निर्वाचन चिह्न भएका जनवारहरूको प्रयोग गरी मत माग्ने, जुलुस तथा आमसभामा बालवालिकाको प्रयोग गर्ने, निर्वाचन चिह्न भएका टिसर्टको प्रयोग गर्ने, रङ्गिन पोस्टर पम्प्लेटको प्रयोगजस्ता आचारसंहिता उल्लंङ्घनका घटना भएको पाइयो ।

कार्तिक ६ गते, संघीय लिम्बूवान राज्य परिषद् इलाम र झापा क्षेत्र नम्बर ३ बाट प्रत्यक्ष उम्मेदवारी दिएका गोपाल थेवेलाई निर्वाचनको विरोधमा रहेका ३३ दलीय मोर्चाको नाममा अपहरण गरिएको र उनलाई उम्मेदवारी फिर्ता लिन दबाब दिएको बताइएको थियो । सोही दिन साँझ झापाको शान्तिनगरको जुनेली गाउँमा एनेकपा माओवादीका गाउँ कमिटि अध्यक्ष नरेन्द्र काम्वाङ घरमा कार्यकताहरूसँग खाना खाइरहेको बेला एक्कासी नेकपा एमालेको भातृ संगठन युथफोर्सका कार्यकर्ताले आक्रमण गरेका थिए । आक्रमणमा परी नरेन्द्र काम्वाङ, पार्टीको जिल्ला उपाध्यक्ष केवल राम राई, बव्लु तामाङ, लोकबहादुर चेम्जोङ र मुना थापा मगर घाइते भएका थिए र पार्टीका केन्द्रीय सदस्य विश्वदिप लिङ्देनले २ वटा मोटरसाइकलमा तोडफोड गरिएको जानकारी गराएका थिए भने नेकपा एमालेले भने उक्त आक्रमणको जिम्मेवारी लिएन ।

कार्तिक ६ गते, अज्ञात समूहले झापाको बिर्तामोडमा नेपाल परिवार दल झापा क्षेत्र नम्बर २ ले चुनाव प्रचार अभियानमा प्रयोग गरेको मे.१ ज. ६६० नम्बरको भ्यानमा आगो लगाएको परिवार दल झापाका अध्यक्ष मेदनी प्रसाईद्वारा जानकारी गराएका थिए । सोही दिन नेकपा-माओवादी जिल्ला संचार सेक्रेटरी, युवा जन स्वयमसेवक व्यूरोका हिमेश नेतृत्वको कार्यकर्ता समूहले झापाको लखनपुरमा निर्वाचन बहिष्कारको नारा लगाउदै मसाल जुलुस प्रदर्शन गरेका थिए ।

कार्तिक १२ गते निर्वाचनको विरोधमा रहेका लिम्बूवानका कार्यकर्ताले झापाको तोपगाछीमा यूनिलिभरको

सामान बोकेको मालबाहक ट्रक रोकेर आगजनी गरी जंगलतर्फ फरार भएको थियो ।

कार्तिक १४ गते जिल्ला प्रशासन कार्यालय झापाले संवेदनशिल क्षेत्र मानिएका क्षेत्रमा चुनावी सुरक्षा कडा बनाएको थियो । लिम्बूवान र चुनाव विरोधी दलको प्रभाव रहेको क्षेत्रमा सुरक्षाकर्मीको उपस्थिति बढाएको थियो । सुरक्षाका हिसाबले संवेदनशिल मानिएका क्षेत्रमा सुरक्षाको प्रबन्ध अन्यत्रभन्दा कडा पारिएको झापाका प्रमुख जिल्ला अधिकारी एकमणि नेपालले बताएका थिए। उनका अनुसार झापाको दमक, शान्तिनगर, पृथ्वीनगर, सतासिधाम लगायतका निर्वाचन केन्द्रलाई उच्च सुरक्षा निगरानीमा राखिएको थियो ।

कार्तिक १५ गते संविधानसभाको निर्वाचन बहिष्कारमा सक्रिय नेकपा - माओवादी झापाका सहसेक्रेटरी जय आचार्य 'बिमल' को घरमा हतियार राखेको आशङ्कामा प्रहरीद्वारा साँझमा छापा मारी उनलाई पक्राउ गरिएको थियो ।

कार्तिक २१ गते संविधानसभा निर्वाचनको सक्रिय बहिष्कार गर्दै आएको नेकपा- माओवादीका झापा जिल्ला इन्चार्ज डिल्ली घिमिरेसहित अन्य ३ जना कार्यकर्तालाई एकीकृत नेकपा माओवादीको चुनावी सभालाई सम्बोधन गर्न झापा क्षेत्र नं ३ अन्तर्गत बनियानी जाने क्रममा डा. बाबुराम भट्टराईलाई अवरोधको प्रयास गरेको आरोपमा प्रहरीले मेचिनगर नगरपालिका र बिर्तामोडबाट पक्राउ गरेको थियो ।

नेपाल आमा पार्टी झापा क्षेत्र नम्बर ५ का प्रत्यक्ष तर्फका उम्मेदवार चिन्तादेवी ढुंगेल सतासीधाम ८ स्थित माइधारमा चुनाव प्रचारप्रसारमा सक्रिय रहेको अवस्थामा कार्तिक ४ गते साँझबाट बेपत्ता भएको सो पार्टीका जिल्ला अध्यक्ष खड्गनारायण सिंह राजवंशीले बताएका थिए ।

कार्तिक १७ गते झापामा नेपाली काँग्रेस, नेकपा एमाले, एकीकृत नेकपा माओवादी, राप्रपा नेपाल लगायतका दलहरूले निर्वाचन आचारसंहिता विपरित स्थानीय चोक, सार्वजनिक संस्था लगायतका ठाउँमा राखेका तुल, ब्यानर, झण्डा तथा पोष्टर प्रहरीद्वारा हटाइएको थियो ।

कार्तिक २० गते एमाओवादीका शिर्ष नेताहरूद्वारा जिल्लामा चुनावी सभा गर्ने क्रममा सयौँ सवारी साधनको प्रयोग गरी निर्वाचन आचारसंहिताको उल्लङ्घन गरिएको थियो। मेची नगर नगरपालिकाको काँकरभिट्टामा भएको सभाबाट अपराह्न दमकमा भएको जनसभालाई सम्बोधन गर्न जाने क्रममा राजमार्गमा करिब १ सय भन्दाबढी चारचक्के सवारी साधनहरू कार, जीप, ट्रक, बस लगायतका साधनहरूमा झण्डा, ब्यानर, चुनाव चिह्न अंकित झण्डा र तुल प्रयोग गरी आचारसंहिताको उल्लंघन गरेका थिए ।

कार्तिक २२ गते क्षेत्र नं. ७ अन्तर्गत नेकपा एमालको उम्मेदवार केपी शर्मा ओली, नेपाली काँग्रेसका उम्मेदवार सुरेश सुब्बा र एमाओवादीका उम्मेदवार गोपाल किराँतीले स्थानीय माता पाथिभरा पेट्रोल पम्प र सगरमाथा आयल सेन्टरबाट २ देखि ५ लिटर सम्मका दरले पेट्रोल बाँडिरहेका थिए। त्यस्तै झापा ५ का नेकपा एमालेका उम्मेदवार एलपी साँवाले पनि पेट्रोल बाँडेका थिए ।

कार्तिक २३ गते गरामनी गाविस ३ को पग्लीभट्टीमा राप्रपा नेपालका झापा क्षेत्र नं २ का उम्मेदवार भक्ति सिटौलाको फोटो र चुनाव चिह्नसहित दुई रङ्ग प्रयोग भएको ३२ फ्लक्स काठको खम्बामा गाडेर राखिएको थियो। त्यस्तै नेकपा एमालेले क्षेत्र नं १ बाहुनडाँगी गाविस २ मा गरेको ऱ्यालीमा ५० भन्दा बढी सवारी साधनमा तुल, ब्यानर, ठूलो आकारको झण्डाहरू प्रयोग गरी आचारसंहिताको उल्लंघन गरेको थियो ।

कार्तिक २४ गते नेपाली काँग्रेस क्षेत्र नं १ बाहुनडाँगी गाविस २ मा दिउँसो भएको चुनावी सभामा नेपाली काँग्रेसका युवा नेता गगन थापा आउने क्रममा करिब ६ हजार मोटरसाइकल र १ सयभन्दा बढी चारचक्के सवारी साधन प्रयोग भएका थिए। ती गाडीहरूमा तुल ब्यानर, पार्टीका ठूला आकारका झण्डा, चुनाव चिह्न अङ्कित ठूला ठूला झण्डा प्रयोग गरिएको थियो ।

कार्त्तिक २५ गते राष्ट्रिय चुरेभावर पार्टी झापा क्षेत्र नम्बर ७ का उम्मेदवार अम्बिका खतिवडाको झापाको धरमपुरमा लिम्बूवानका कार्यकर्ताले चुनाव प्रचारका क्रममा दुई वटा मोटर साइकललाई नियन्त्रणमा लिएर प्रचार सामाग्री लुट्नुका साथै मोटरसाइकललाई समेत आगजनीको प्रयास गरेका थिए। लिम्बूवानका कार्यकर्ताले बन्दको अवज्ञा गर्दै चुनाव प्रचारप्रसार गरेको भन्दै प्रचार सामाग्री लुटेको जानकारी दिएका थिए।

कार्त्तिक २७ मा झापाको पाडाजुँगी गौरीगञ्ज सडक अन्तर्गत गेउरिया खोला पुलमा अज्ञात समूहले सिलिण्डर बम विष्फोट गराएको थियो। यसबाट कुनै मानवीय क्षति नभए पनि सर्वसाधारणमा ठूलो त्रास उत्पन्न गरायो।

मंसिर १ गते मध्यरातबाट चुनाव प्रचारको समय समाप्त भएपनि मंसिर २ आइतबार बिहान प्रकाशित पत्रिकामा उम्मेदवारका प्रचार सामाग्री विज्ञापनका रूपमा प्रकाशित गरेको पाइयो।

मंसिर १ गते दलहरूको चुनावी कार्यक्रममा एक दिनमा नै ४५ लाख बराबरको इन्धन वितरण भएको थियो। चुनावी प्रचार प्रसारको अन्तिम दिन नेपाली काँग्रेस, नेकपा एमाले, एमाओवादी र राप्रपा नेपालले पाथीभरा आयल सेन्टर लगायतका पेट्रोल पम्पबाट निर्वाचन आचारसंहिता विपरित डिजल वितरण गरेको पाइएको थियो।

मंसिर २ गते स्थलगत पर्यवेक्षणका क्रममा एनेकपा माओवादी, नेपाली काँग्रेस, एमाले लगायतका प्रमुख दलले आचारसंहिता विपरित पोस्टर, झण्डा, ब्यानर लगायतका प्रचार सामाग्री प्रदर्शन गरेको र टाँगेको पाइयो।

एनेकपा माओवादी, नेपाली काँग्रेस, नेकपा एमाले, लगायतका प्रमुख दलले आचारसंहिता विपरित पोष्टर, झण्डा, ब्यानर लगायतका प्रचारप्रसार गरेका थिए।

कार्त्तिक २५ गते नेकपा माले झापा क्षेत्र नम्बर ३ का उम्मेदवार नवराज खरेललाई जलथलस्थित आफ्नै घरबाट स्कुटी र मोटरसाईकलमा आएका ३ जना अपरिचित मानिसले बिहान ५ बजेतिर लिएर गएका थिए। उनी अपहरण भएको ११ घण्टापछि झापाको बिर्तामोडबाट अपहरण मुक्त भएका थिए। नेकपा माओवादी नेतृत्वका कार्यकर्ताले उम्मेद्वारी फिर्ता लिनका लागि दबाव दिन उनलाई अपहरण गरिएको र निर्वाचनको विरोधमा प्रेस विज्ञप्ति प्रकाशित गर्ने शर्त राखेर खरेल रिहा गरिएको जानकारी उनले दिएका थिए।

कार्त्तिक २२ गते चुनाव प्रचारप्रसारमा बालबालिकाको अधिक प्रयोग हुन थालेपछि जिल्ला बालकल्याण समिति झापाले ७ वटै निर्वाचन क्षेत्रमा चुनाव प्रचारमा बालबालिकाको प्रयोग भए नभएको अनुगमन गरेको थियो। अनुगमनका क्रममा जिल्लाका अधिकांश मुख्य दलहरूले बालबालिकालाई दलका झण्डा बोकाएर चुनावी कार्यक्रममा सहभागी गराउने, पोष्टर पम्प्लेट टाँस गर्न लगाउने लगायतका निर्वाचन आचारसंहिता विपरितका कार्य गराउने गरेको पाइएको थियो।

कार्त्तिक २७ गते, झापाको लखनपुर ५ को गेउरीया पुलमा दिउँसो करीब २.३० बजेतिर अज्ञात समूहले सिलन्डर वम विष्फोटन गराएका थिए। मोटरसाइकलमा आएका विस्फोटनकारीले मधेसी जनाधिकार फोरम लोकतान्त्रिकको कार्यक्रमलाई लक्षित गरी पुलको बीच भागमा सिलिन्डर बिस्फोट गराई फरार भएको स्थानीय बासिन्दाले बताएका थिए। सोही दिन नेकपा -माओवादीसँग सम्बन्धित नेपाल शिक्षक संगठनका झापा जिल्ला सचिव दिवाकरलाल चौधरी चुनाव विरोधी गतिविधिमा संलग्न भएको आरोपमा प्रहरीद्वारा दिउँसो २.३० बजेतिर बिर्तामोडबाट पक्राउ गरिएको थियो।

मंसिर २ गते, बिहान करिब १० बजेको समयमा निर्वाचन क्षेत्र नं २ मा पर्ने झापाको प्रमुख व्यापारिक केन्द्र बिर्तामोडको मुख्य चोकमा बम फेला परेको थियो। सो बमलाई करिब ११ बजे नेपाली सेनाको बम डिस्पोजल टोलीले डिस्पोज गरेको थियो। त्यो वस्तु बम नभएर जनतालाई आतंङ्कित बनाउन राखिएको सामाग्री मात्र भएको सेनाले जानकारी दिएको थियो।

## ईलाम

कार्त्तिक ६ गते संघीय लिम्बूवान राज्य परिषद् इलाम र झापा क्षेत्र नम्बर ३ बाट प्रत्यक्ष उम्मेदवारी दिएका गोपाल थेवेलाई निर्वाचनको विरोधमा रहेका ३३ दलीय मोर्चाको नाममा अपहरणमा परेका थिए। सोही दिन पाँचथर र इलामको सिमावर्ती क्षेत्र रविबजारबाट चुनावी कार्यक्रम सकेर इलामको आमचोक जाने क्रममा इलाम क्षेत्र नम्बर २ का एकीकृत नेकपा माओवादीका उम्मेदवार रमेश लिङ्देलमाथि अज्ञात समूहले आक्रमण गर्नुका साथै उनी चढेको मोटरमा समेत आगजनीको प्रयास गरेका थिए।

कार्त्तिक २४ गते, ईलाम जिल्ला निर्वाचन क्षेत्र नम्बर २ अन्तर्गत पर्ने चुलाचुली ७ स्थित बालज्योति निमाविमा डेटोनेटर ३३ नामक कुपी बम र सोसँग फलामका टुक्रा र केही विष्फोटक पदार्थ रातो कपडाले बेरेको अवस्थामा भेटिएपछि बिहान करिब १०.३० बजे झापाको तोपगाछीबाट गएको सेनाको टोलीले निष्क्रिय पारेको थियो। निर्वाचन बहिस्कारमा रहेका दलहरूका कार्यकर्ताले त्यहाँ बम राखेको अनुमान सुरक्षा स्रोतको गरेको थियो। उक्त क्षेत्रमा पूर्व सभामुख तथा नेकपा एमालेका उम्मेदवार सुवास नेम्वाङ चुनावी घरदैलो अभियानमा रहेका थिए।

कार्त्तिक २५ गते, नेकपा एमालेका अध्यक्ष तथा इलाम क्षेत्र नम्बर १ का उम्मेदवार झलनाथ खनालको साखेजुङ ४ मा रहेको घरमा अज्ञात समूहले राति आगजनीको प्रयास गरेको र तीन तले सो घरको भुई तलामा सामान्य क्षति भएको प्रहरीले जानकारी दिएको थियो।

कार्त्तिक २५ गते, इलामको कोलवुङ २ को दूध सहकारी भवन र कोल्वुङकै ८ नं वडाको मन्दिर चौकको चौतारोमा बिहानीपख सुतली बम फेला परेको थियो।

कार्त्तिक २६ गते अपहरणमा परेका इलाम क्षेत्र नम्बर ३ तथा झापा क्षेत्र नम्बर ३ बाट सङ्घीय लिम्बूवान् राज्य परिषद्का उम्मेदवार गोपाल थेवे परी २७ गते अपहरण मुक्त भएका थिए। चुनाव प्रचारप्रसारको शिलशिलामा झापा पुगेको बेला थेवे अपहरणमा परेका थिए। आफूलाई नेकपा - माओवादीले उम्मेदवारी फिर्तामा कागज गराई रिहा गरेको उनले बताएका थिए।

मतदान हुनुअघिको ४८ घटनाभित्र चुनावी प्रचारप्रसार गर्न नपाउने नियम मिच्दै एमाले अध्यक्ष झलनाथ खनालले बिहानै देखि कार्यकर्ता भेटघाट र घुमफिर गर्दै भोट मागेका थिए।

## पाँचथर

कार्त्तिक १२ गते, पाँचथर र इलामको सिमावर्ती क्षेत्र रविबजारबाट चुनावी कार्यक्रम सकेर इलामको आम चोक जाने क्रममा इलाम क्षेत्र नम्बर २ का एकीकृत नेकपा माओवादीका उम्मेदवार रमेश लिङ्देन माथि अज्ञात समूहले आक्रमण गर्नुका साथै उनी चढेको मोटरमासमेत आगजनीको प्रयास गरिएको थियो।

## ताप्लेजुङ

चुनावी प्रचारमा खटिएका एकीकृत नेकपा माओवादी ताप्लेजुङ क्षेत्र नम्बर १ का प्रत्यक्ष तर्फका उम्मेदवार सञ्चपाल मादेनलाई नेकपा-माखोवादीले मेहेले गा.वि.स. मा कात्तिक आक्रमण गरेका थिए। मेहेले गाविसस्थित कमल भण्डारीको घरमा सुतिरहेको अवस्थामा नेकपा-माओवादीका इन्चार्ज सुमनको नेतृत्वमा ३० जनाको टोलीले आक्रमण गरेको एमाओवादीका प्रचारप्रसार संयोजक परागले बताएका थिए। आक्रमणबाट प्रत्यक्षतर्फका उम्मेदवार सञ्चपाल मादेन, प्रचार समितिका काजी भट्टराई, वाइसीएल इन्चार्ज तारा भट्टराई लगायतका व्यक्ति घाइते भएको बताएका थिए। आक्रमणकारीले घरमा समेत तोडफोड समेत गरेका थिए। सो घटनाका सन्दर्भमा कार्त्तिक १२ गते नेकपा-माओवादीका जिल्ला कमिटि सदस्य सुरेन्द्र कार्की पक्राउ परेका थिए।

कार्त्तिक २२ गते, एमाओवादी ताप्लेजुङ क्षेत्र नम्बर १ का प्रत्यक्ष तर्फका उम्मेदवार सञ्चपाल मादेनमाथि चुनाव प्रचारका क्रममा आक्रमणमा संलग्न नेकपा-माओवादीका थप ४ जना कार्यकर्तालाई प्रहरीले पक्राउ गरेको थियो। पक्राउ पर्नेमा साब्लुङ ७ का खेमलाल पन्धाक, पेदाङ ५ का दिपेन्द्र माबो लिम्बू, हाङपाङ ८ का दिपेन्द्र दिपचन आङबुहाङ र फुङलिङ २ का ध्रुव मादेनलाई पक्राउ गरी ज्यान मार्ने उद्योग गरेको अभियोगमा मुद्दा चलाईएको प्रहरी नायब उपरीक्षक गोविन्दप्रसाद आचार्यले जानकारी दिएका थिए।

कार्त्तिक २३ गते, नेकपा एमाले ताप्लेजुङ क्षेत्र न २ को खोकलिन गाविसमा आयोजित चुनावी सभामा सुतली बम प्रहारबाट एमालेका ६ जना कार्यकर्ता घाइते भएका थिए। खोकलिङमा चुनावी कार्यक्रमको तयारी भइरहेको समयमा अज्ञात समूहले नजिकैको डिलबाट सुतली बम फालेका थिए। बम पड्किँदा तुलसा कार्की, मानबहादुर विक, योग्य विक, रेणुका अधिकारी, पदम मगर र निर्मला अधिकारी घाइते भएका थिए। यसअघि सोही दिन बिहान पनि कार्यक्रम गर्ने स्थलमा २ वटा बम भेट्टिएको थियो। जसलाई नेपाली सेनाले डिस्पोज गराएको श्री बक्स गुल्म ताप्लेजुङका गुल्मपति भरत बुढाथोकीले बताएका थिए।

मंसिर १ मा एमालेले तेह्रथुम सदरमुकाम म्याङलुङथित टुँडिखेलमा गरेको चुनावी सभामा सुतली बम विस्फोट भएको थियो। विस्फोटमा परी एमाले जिल्ला कमिटी सदस्य टिका न्यौपाने घाइते भएकी थिइन।

## मोरङ

कात्तिक ७ गते, मधेशी जनअधिकार फोरम लोकतान्त्रिक क्षेत्र नं ७ मोरङका उम्मेदवार विजयकुमार गच्छदार विराटनगरमा आउँदा उनलाई स्वागत गर्न सयौं सवारी साधन प्रयोग गर्दै उपमहानगरपालिकाको ट्राफिक कार्यालयलाईसमेत जानकारी नदिई ऱ्यालीसहित नगर परिक्रमा गर्दा करिब आधा घण्टा सवारी साधन आवागमन अवरूद्ध भएको थियो। सो ऱ्यालीका लागि विभिन्न पेट्रोल पम्पबाट २ देखि ५ लि. सम्म पेट्रोल नि:शुल्क उपलब्ध गराइएको थियो। उक्त सवारी साधनहरूमा एकै दिन १७ लाख बराबरको इन्धन खर्च गरेका सूचना प्राप्त भएको थियो।

कात्तिक १३ गते, चुनाव प्रचारप्रसारको क्रममा दलहरूले पोष्टर, झण्डा, व्यानरहरू निर्वाचन आचारसंहिता विपरित सार्वजनिक स्थलमा झुण्डयाएकोमा आयोगले हटाउन आग्रह गरे पनि दलहरूले नटेरे पछि आयोगका कर्मचारीहरू आफैले हटाएका थिए।

कात्तिक २० गते, मोरङका विभिन्न क्षेत्रहरूमा एमाओवादीका वरिष्ठ नेताहरू प्रचण्ड, बाबुराम भट्टराई, नारायणकाजी श्रेष्ठ तथा फिल्म अभिनेत्री रेखा थापा सहितको टोलीले बेलबारी, विराटचोक तथा मुख्य लोकमार्गको पेटीमा सडक नै अवरूद्ध हुने गरी माइकिङ्ग तथा गाना बजानासहित सभा सम्मेलन गरेका थिए।

कात्तिक ३ गते, मोरङका सबै दलका विभिन्न क्षेत्रका उम्मेदवारहरूले रकमै तोकेर धम्किपूर्ण तरिकाले चन्दा माग्ने गरेको उद्योग संगठन मोरङका कार्यवाहक अध्यक्ष शिवशंकर अग्रवालले आरोप लगाएका थिए।

कात्तिक ८ गते, नेपाली काँग्रेस मोरङका सभापति तथा उम्मेदवार अमृत अर्यालको घरमा कालो झण्डा गाडेर अर्को उम्मेदवारको घरतर्फ लागिरहेका बेला नेकपा- माओवादी कोचिला राज्य समिति सदस्यसहित ५ जनालाई पक्राउ मोरङ प्रहरीले गरेको थियो।

कात्तिक ११ गते, आफ्ना कार्यकर्ता पक्राउ परेको विरोधमा लिम्बूवान राज्य परिषद्ले अरूण पूर्वका ९ जिल्लामा गरेको बन्दका कारण मेची- कोशीको जनजीवन प्रभावित भएको थियो।

कात्तिक १५ गते मोरङ क्षे.नं. ९ को उर्लावारी २ को एमाओवादीको चुनाव प्रचार समितिको कार्यालय नजिकै बम फेला परेको थियो, जसलाई विराटनगरबाट आएको प्रहरीको डिसपोजल टोलीले निष्क्रिय पारेको थियो।

कात्तिक १६ गते, मोरङ क्षेत्र नं. ८ को मधुमल्लास्थित एक सुकुम्बासी टोलमा नेपाली काँग्रेसका कार्यकर्ता दानबहादुर तामाङ सहितको टोलीले आफ्नो पार्टीलाई भोट नदिएमा बस्ती नै उठाई दिने धम्की दिएको स्थानीय बासिन्दाले बताएका थिए। तर यसबारेमा त्यस्तो कुनै धम्की नदिइएको तामाङले बताएका थिए।

कात्तिक २१ गते, मधेशी जनअधिकार फोरम नेपालका चारजना कार्यकर्तालाई प्रहरीले पक्राउ गरेको विरोधमा चक्काजाम गरेका थिए। चक्का जामको आरोपमा मधेशी जनअधिकार फोरम नेपाल मोरङ क्षेत्र नं. ५ का उम्मेदवार मृत्युन्जय झा सहित १० जना नेता तथा कार्यकर्ता मोरङ प्रहरीले पक्राउ गरेको थियो।

कात्तिक २७ गते, निर्वाचन नजिकिँदै जाँदा मोरङका केही पार्टीद्वारा मतदातालाई आफ्नो पक्षमा ल्याउन पैसा, जागिर र बढुवाको प्रलोभन देखाउने गरेको कुरा विभिन्न स्थानका मतदाताहरूको भनाइ थियो। तर कसले भन्नेमा उनीहरुले नाम भने खुलाएनन्।

कात्तिक २८ गते, निर्वाचन हुनुभन्दा ५ दिन बाँकी रहँदा सरकारी कर्मचारीहरू आफू खटिने मतदान केन्द्रमा पुग्न थालेका थिए। निर्वाचन कार्यालयले भाडामा लिएका बसहरूमा निर्वाचन सामाग्री, कर्मचारी र सुरक्षाकर्मीहरूलाई राखेर मतदान केन्द्रसम्म पुऱ्याएको थियो।

मंसिर १ गते मकालु टेलिभिजनले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा एमाओवादीका उम्मेदवार वर्षमान पुन, एमालेका घनश्याम खतिवडा सहितका उम्मेदवारहरूले एक अर्काप्रति व्यक्तिगत लान्छना र चरित्र हत्या गरेको पाइएको थियो।

## सुनसरी

संविधानसभाको निर्वाचनको क्रममा सुनसरी जिल्लामा निर्वाचनको विपक्षमा रहेका दलहरूले बन्द हड्ताल गर्ने, सवारी साधन संचालनमा अवरोध पुऱ्याउने, रूखहरू ढाली बाटो अवरोध गर्नेजस्ता कार्यहरू गर्नुका साथै अज्ञात समूहले सार्वजनिक स्थलमा बम राख्ने, निर्वाचनमा भाग लिएका राजनैतिक दलहरूले प्रयोग गरेका सवारी साधनहरूमा आगजनी गर्नेजस्ता डर र त्रास फैलाउने कार्यहरू गरे भने निर्वाचनमा भाग लिएका दलहरूका कार्यकर्ताहरू बीच झडप तथा कुटपिटजस्ता निर्वाचन आचारसंहिता उल्लंङ्घनका घटनाहरू घटाइएका थिए।

२०७० कात्तिक ७ गते मधेसी जनअधिकार फोरम लोकतान्त्रिकका क्षेत्र नं ३ र ७ का उम्मेदवारहरूले चुनाव प्रचारको क्रममा सयौं सवारी साधनको प्रयोग गरेको पाइयो। त्यस्तै नेकपा एमाले, नेपाली काँग्रेस, राप्रपा नेपाल, एनेकपा माओवादी लगायतका दलहरूले ईटहरी नगरपालिका चोक, सुनसरीका सार्वजनिक स्थलमा पार्टीको चुनाव चिह्न अङ्किकत झण्डाहरू राखेको पाइयो। कात्तिक १५ गते नेकपा एमालेले ईटहरी नगरपालिका सुनसरीमा आफ्नो चुनावी कार्यक्रममा स्कुल बसको प्रयोग गरी कार्यकर्ता ओसारेको थियो। संघीय समाजवादी पार्टीले कात्तिक २४ गते, ईटहरी नगरपालिका १ जुट विकास चोक सुनसरीको विद्यालय परिसरमा ठूलो आवाजमा माईकिङ्ग गरी चुनावी प्रचार गरेको थियो। सोही दिन ईटहरी नगरपालिका १ कै जुटविकास चोक सुनसरीको विद्यालयहरूको पर्खालमा चुनाव चिह्न अंकित पोष्टर टाँसिएको पाइयो। मंसिर २ गते मौन अवधिमा सुनसरी जिल्ला निर्वाचन क्षेत्र नं. ६ का नेपाली काँग्रेसका प्रत्यक्ष तर्फका उम्मेदवार बद्री चौधरीको घरमा काँग्रेस नेतृ सुजाता कोइरालाले चुनावी सभालाई सम्बोधन गरेर निर्वाचन आचारसंहिताको उल्लंङ्घन गरेको पाइएको थियो।

कात्तिक ०८ गते सुनसरी नगरपालिकामा रहेको एनेकपा माओवादीको पार्टी कार्यालयमा अज्ञात समूहले राखेको बम नेपाली सेनाले निष्क्रिय पारेको थियो। त्यस्तै कात्तिक २६ गते पनि एमाओवादीको सुनसरी ईनरूवामा रहेको पार्टी कार्यालयमा राखिएको बम पनि नेपाली सेनाद्वारा निष्क्रिय परिएको थियो। सोही दिन सुनसरी क्षेत्र नं ६ को एमाले उम्मेदवार भिमप्रसाद आचार्यको ईनरूवास्थित निवासमा राखिएको बम पनि नेपाली सेनाद्वारा निष्कृय पारिएको थियो।

कात्तिक १५ गते सुनसरी जिल्ला निर्वाचन क्षेत्र नं.१ धरान न. पा. वडा नं. १ स्थित नेकपा एमाले पार्टी कार्यालय छेउमा संघीय समाजवादी पार्टीले कार्यालय राखेको विषयमा दुवै पक्षबीच विवाद हुँदा एमाले कार्यकर्ता दिवस राईले संघीय समाजवादी पार्टी सुनसरी जिल्ला उपाध्यक्ष पारस काङमाङ राईलाई गोली प्रहार गरी फरार भएको र उपाध्यक्ष राई आफू भने भागेर बाँच्न सफल भएका बताएका थिए।

संघीय लिम्बूवान राज्य परिषद्ले एनेकपा (माओवादी) का अध्यक्ष प्रचण्ड सहभागी हुने सुनसरी, धनकुटा र तेह्रथुममा आयोजित कार्यक्रमलाई बिथोल्न अरूण पूर्वका ८ जिल्ला बन्दको आह्वान गरेको थियो। त्यसक्रममा धरानदेखि तेह्रथुम सम्मका विभिन्न स्थानमा रूख ढालेर बाटो अवरोध गरिए पनि सेना र प्रहरीद्वारा उक्त अवरोध हटाइएको थियो।

कात्तिक १५ गते सुनसरी जिल्ला निर्वाचन क्षेत्र नं. २ एनेकपा (माओवादी) का उम्मेदवार रामकुमारी चौधरीले प्रयोग गरेको को १ च ५१५८ नम्बरको सवारी साधनमा अज्ञात समूहले आगजनी गरेका थिए।

कात्तिक २६ गते सुनसरी क्षेत्र नं १ मा यात्रु बसमा अज्ञात समूहले आगजनि गर्दा बसमा सामान्य क्षति पुगेको थियो।

## धनकुटा

धनकुटा जिल्लामा सम्पन्न निर्वाचनमा कुनै पनि मतदान केन्द्रमा हिंसा, झडप र अन्य गडबडीको घटना नभएको कारण मतदान सबै दृष्टिले स्वच्छ, शान्तिपूर्ण र स्वतन्त्र रहेको थियो। जिल्लाका पाँचवटा मतदान केन्द्रमा पर्यवेक्षण गर्दा र करीब २५ जना मतदाता र २५ जना राजनीतिक पार्टीका कार्यकर्तामा गरिएको सर्वेक्षण गर्दा सबैले निर्वाचनको समग्र प्रक्रिया, शान्तिसुरक्षाको स्थिति, निष्पक्षता र मतदान प्रक्रियाप्रति पूर्णतः सन्तुष्टि व्यक्त गरेका थिए।

मतदाताको मनोविज्ञान ज्यादै उच्च तहमा रहेको पाइएको थियो। कसैको धम्कीबाट नडराउने र प्रलोभन वा बनावटी आश्वासन नपत्याउने प्रवृत्ति विकसित हुँदै गएको देखिएको थियो। मतदाताहरू पूर्ण निर्भयताका साथ मतदान गर्न आएका थिए र कसैको दबाव वा प्रभावमा नपरी स्वतन्त्र रूपमा, आफ्नो विवेकका आधारमा मतदान गरेको बताइरहेका थिए। शान्तिसुरक्षाको स्थितिलाई सबैले मुक्तकण्ठले सराहना गरेका थिए।

यसअघिका निर्वाचनको तुलनामा यस पटकको निर्वाचन/मतदान उदाहरणीय बनेको र पछिसम्म स्मरण गरिने घटना बन्न पुगेको अनुभव मतदाता तथा राजनीतिक कार्यकर्ताहरूको थियो।

धनकुटा जिल्लाका जितपुर र पाखीवास मतदान केन्द्र सुरक्षार्थ छिवी गुल्मबाट खटिएका सशस्त्र प्रहरी जवानले निर्वाचन आचारसंहिता विपरित मादक पदार्थ सेवन गरी धनकुटाको हिले बजारमा स्थानीय युवाहरूलाई कुटपिट गरेका थिए।

## संखुवासभा

कात्तिक ८ गते, नेपाली काँग्रेसको झण्डा र चुनाव चिह्न रूख अंङ्कित भण्डाहरू टाँगीएका ३५–४० को संख्याका मोटरसाइकलहरूले खाँदबारी बजारको परिक्रमा गरेको थियो।

कात्तिक ८ गते, क्षेत्र न. १ मा पर्ने नुम बजारमा लगभग ४ ह ३ फीटको ब्यानरमा एमालेका उम्मेदवार हेमराज घिमिरे र राप्रपा नेपालका उम्मेदवार रोसन रोक्काको चुनावी प्रचार छापेर झुण्डयाइएको थियो।

कात्तिक ११ गते, पोखरी बजार अगाडि मुख्य सडक अवरोध हुने गरी एमाओवादीले आमसभा गरेको थियो। आमसभामा भाग लिने सहभागिहरूको भिड र यातायातका साधनहरूले बाटोमा अवरोध सिर्जना गरेको थियो।

आमसभामा बालबालिकाहरूलाई पनि उल्लेख्य मात्रामा प्रयोग गरिएको पाइयो। सोही आमसभामा क्षेत्र नं १ का एमाओवादी उम्मेदवारले अन्य उम्मेदवारहरूमाथि व्यक्तिगत आक्षेप लगाउँदै उत्तेजित अभिव्यक्ति दिएका थिए।

कात्तिक २७ गते,खाँदबारी जिल्ला प्रहरी कार्यालय अगाडीको घरको भित्तामा राप्रपा नेपालका क्षेत्र न. १ का प्रत्यक्ष उम्मेदवार रोशन रोक्काको पोस्टर निर्वाचन आयोगको मतदाता शिक्षासम्बन्धी पोष्टर छोपिने गरी लगाइएको पाइयो।

कात्तिक २८ गते,खाँदबारी बजार एवम् टुँडिखेलमा नेपाली काँग्रेसले आयोजना गरेको चुनावी ऱ्याली एवम् आमसभामा कलाकारहरूले निर्वाचनसँग असान्दर्भिक र अशिष्ट भाषा एवम् अश्लिल प्रहसन/प्रर्दशन गरेका थिए। कार्यक्रममा बालबालिकाको पनि प्रयोग गरिएको थियो र निर्वाचन आचारसंहिता विपरितको झण्डा पनि प्रयोग गरेका थिए भने सहभागी कार्यकर्ताले पार्टीको चुनाव चिह्न अंङ्कित कमिज लगाएका थिए।

कात्तिक २९ गते, नियोक (राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति) संखुवासभाका प्रमुख पर्यवेक्षक चेवनचन्द्र बस्नेतले नेकपा एमालेको चुनावी सभामा माइक्रो फोनमार्फत कार्यक्रम औपचारिकता पूर्वको उद्घोषण र एमालेको चुनाव चिह्नमा भोट लगाउन आग्रह गरेका थिए।

असोज १६ गते, निर्वाचन बहिष्कारको घोषणा गरेको नेकपा-माओवादीका २७ कार्यकर्तालाई बहिष्कारको पर्चा वितरण गरिरहेको अवस्थामा प्रहरीले पक्राउ गरी जिल्ला प्रहरी कार्यालयमा राति १० बजेसम्म राखी मुक्त गरेका थिए।

असोज २० गते, नेकपा माओवादीका जिल्ला इन्चार्ज राजेन्द्र कार्कीले क्षेत्र नं १ का १९ जना र २ का १३ जना संविधानसभा सदस्यका उम्मेदवारहरूलाई उम्मेदवारी फिर्ता लिन अनुरोध गर्दै पत्र पठाएका थिए।

कात्तिक १५ गते, एमाले र काँग्रेस युवाबीच झडप हुँदा चैनपुर १ का काँग्रेस समर्थक बुद्ध लिम्बूलाई एमालेका कार्यकर्ताले हतियार प्रहार गरी घाइते बनाएका थिए।

कात्तिक २७ गते, नेकपा एमाले जिल्ला कमिटी सदस्य भरत खत्रीलाई नेपाली काँग्रेसका कार्यकर्ताहरूले जिउ ज्यानसम्बन्धि धम्की दिएको नेकपा एमालेले आरोप लगाएको थियो। सिद्धपोखरी गाविसका एमाले सचिव वाङ्दी शेर्पाको घरमा जबरजस्ती कांग्रेस कार्यकर्ताले झण्डा गाडेको विषयमा तिब्र विवाद हुँदा ज्यानैसमेत लिने धम्की दिएको खत्रीले बताएका थिए।

मंसिर ३ गते, राति चन्दनपुर गाविस, सिसुवा गाविस र सिरीसे जंगलमा अज्ञात समूहबाट सुतली बम बिष्फोट गराइएको थियो भने मंसिर ४ गते बिहान ४ बजे बन्दुक पड्काइएको आवाज सुनिएको थियो।

मंसिर १ गते, चैनपुरमा भएको नेकपा एमालेको चुनावी ऱ्यालीमा ठूलो संख्यामा बालबालिकाहरूलाई चुनाव चिह्न अंकित कमिज लगाइदिएर प्रयोग गरिएको थियो। यसैगरी मंसिर १ गते नै खाँदबारी बजारमा भएको राप्रपा नेपालका आमसभामा पनि बालबालिकाको उल्लेख्य संख्यामा प्रयोग गरिएको पाइयो।

## सप्तरी

सप्तरी जिल्लामा चुनावी प्रचारप्रसारमा भारतीय व्यक्तिहरू र भारतीय सवारी साधनहरू अत्याधिक मात्रामा प्रयोग गरेको पाईएको थियो। त्यस्तै विभिन्न पार्टीहरूले सार्वजनिक स्थानहरू मन्दिर, विद्युतका पोलहरू, चौतारामा चुनाव चिह्न अंकित पोष्टरहरू टाँसेका थिए। चुनावी कार्यक्रममा विभिन्न दलहरूले विद्यालयका बालबालिकाहरूको प्रयोग गरी आचारसंहिता उल्लंङ्घन गरिएको पाईएको थियो। निर्वाचन आयोगको स्वीकृति बिना नै एमाले, एमाओवादी, नेपाली कांग्रेस, फोरम नेपाल लगायतका दलहरूले गाडीहरू प्रयोग गरेको पाइएको थियो।

## सिराहा

नेकपा एमालेले मनोनयन दर्ताका बेला बालबाललिका प्रयोग गरेको थियो । मधेसी जनअधिकार फोरम लोकतान्त्रिकले कात्तिक १६ गते निर्वाचन क्षेत्र नं ३ मा भन्सार र दर्ता फेल भएका भारतीय नम्बर प्लेटका गाडिहरू प्रचारप्रसारमा प्रयोग गरी आचारसंहिता उल्लंङ्घन गरेको पाइएको थियो । कार्तिक १५ गते तराई मधेस सद्भावना पार्टी क्षेत्र नं १ की उम्मेदवार शिलाकुमारी यादवले निर्वाचन कार्यालयसँग स्वीकृति नै नलिई भारतीय नम्बर प्लेटको गाडि प्रयोग गरको पाइएको थियो । सोहि दिन लोकतान्त्रिक जनशक्ति पार्टी नेपालका उम्मेदवार मोहम्मद ताहीम मियाले पनि निर्वाचन आयोगसँग कुनै स्वीकृति नलिइ बा. १. च ८११६ नम्बरको गाडि प्रयोग गरेको पाइएको थियो। नेकपा एमालेले कार्तिक तेस्रो हप्ता आफ्नो चुनावी कार्यक्रम ज.उमाविमा, मोहनपुर/कमलपुरमा निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको पाइएको थियो भने कार्तिकको चौथो हप्ता एमाओवादीले पनि निर्वाचन आचारसंहित विपरित ज.उमावि, सुखीपुरमा कार्यकर्ता भेटघाट र छलफल कार्यक्रम राखेको थियो ।

संविधानसभा दोस्रो निर्वाचनको प्रचारका क्रममा १० कात्तिकमा सिरहा क्षेत्र नं ५ का एमाओवादीका उम्मेदवार तथा एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले आचारसंहिता उल्लंङ्घन गर्दा समेत जिल्ला निर्वाचन कार्यालयले चासो नदिएको अन्य उम्मेदवारले गुनासो गरेका थिए। दाहालले आचारसंहिता विपरित सवारी साधनको प्रयोगदेखि तुल ब्यानर र पम्प्लेटिङ गरेको उनीहरूको आरोप थियो।

कात्तिक २५ गते मझौलिया गाविसको अरङ्गमा राष्ट्रिय मधेश समाजवादी पार्टीबाट समानुपातिक उम्मेदवार अमजाराइनको आफ्नै घरमा राखेको बा. ४ च ८१६ नम्बरको मारुती भ्यानमा राति साढे १० बजे अज्ञात समूहले आगजनी गर्दा भ्यान पूर्ण रूपमा जलेको थियो।

कात्तिक २५ गते निर्वाचन बहिस्कार गर्ने घोषणा गरेको नेकपा.- माओवादी सहितको ३३ दलीय मोर्चाले घोषणा गरेको बन्दको पहिलो दिन क्षेत्र नं. ५ को गोलबजारको पार्कमा प्रेसर कुकर बम र त्रिवेणी सिनेमा हलतिर जाने बाटोमा १ सकेट बम अज्ञात समूहले राखेको थियो भने अर्को लाहान नगरपालिकाको गणेश चोकमा सकेट बम राखिएको थियो । काँकरभिट्टाबाट काठमाडौँ जान लागेको मकालु बसको छपराही नजिकै सिसा तोडफोड गरेको थियो।

मंसिर, ४ गते बिहान सिरहाको गोलबजारमा चुनाव विरोधी समूहबाट सकेट बम राखेर जनमानसमा भयत्रासको वातावरण सिर्जना गराउन खोजेको भएपनि जिल्लाको ४२७ वटै मतदान केन्द्रहरूमा बिहान ७ बजेदेखि नै जनताको सक्रिय सहभागितामा मतदान भएको थियो। जिल्लाको केही मतदान केन्द्रहरूमा निर्वाचनकै दिन पनि केही राजनैतिक दलहरूबीच सामान्य भनाभन तथा विवाद देखिए पनि समग्रमा शान्तपूर्ण वातावरणमा जनताले मतदान गरेका थिए।

निर्वाचन कै दिन एमाओवादी कार्यकर्ताले बडहरामाल- ८ स्थित प्रावि मतदान केन्द्र, सोही गाविसको वडा नम्बर ६ स्थित निमावि भुलकिया मतदान केन्द्र र कल्याणपुर कालाबन्जर जनता मावि मरेवा मतदान केन्द्रमा माओवादीबाहेक दलका मतदातालाई अवरोध गरेको अन्य दलहरूको आरोप थियो।

सिरहाको क्षेत्र नं ३ मा पर्ने कृष्णपुर- १ स्थित मावि मतदान केन्द्रमा एमाओवादी कार्यकर्ताले मतदाता परिचयपत्र नपाएका व्यक्तिलाई मतदान गर्न लगाएपछि झडप भएको थियो। झडपका क्रममा कृष्णपुर- ३ की मतदाता उर्मिलाकुमारी साह सामान्य घाइते भएकी थिइन ।

# मध्यमाञ्चल

## धनुषाः

नेपाली काँग्रेसका उम्मेदवार रामसरोज यादवले आचारसंहिता उल्लंघन गरेको भन्दै निर्वाचन अधिकृतको कार्यालय धनुषामा उजुरी परेको थियो। जनकपुरको रजौलस्थित एक विद्यालयमा निर्वाचन आचारसंहिता विपरित यादवले भोजभतेर गरी भोट मागेको भन्दै जनकपुर नागरिक समाजका सल्लाहकार भरत रायले उजुरी दिएका थिए।

मंसिर ४ गते दिन धनुषा जनकपुरको भानुचोकस्थित नेपाल बैंक लिमिटेड सिटी अफिस जनकपुरको पछाडि राखिएको सुतली बम नेपाली सेनाले निष्क्रिय पारेको थियो। त्यसैगरी धनुषाको मौवा कपलेश्वरमा पनि बम राखिएको जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको थियो। यसैबीच धनुषा निर्वाचन क्षेत्र नं ५ को सपहीमा नेपाली काँग्रेस र तमलोपाका कार्यकर्ताबीच झडप भएपछि प्रहरीले साम्य पारेको जनाइएको थियो।

## महोत्तरी

निर्वाचनको दिन महोत्तरीका पाँच ठाउँमा फेला परेको बम नेपाली सेनाले निष्क्रिय पारेको थियो। पूर्व-पश्चिम लोकमार्ग र सहायक मार्गमा फेला परेका सबै बम नेपाली सेनाको टोलीले निष्क्रिय पारेको थियो। पिप्रा पश्चिम गाविस-४ मा एक प्रेसर कुकर बम र दुईवटा बट्टा बम, पङ्सेरा गाविस-८ कडरबोनामा आल्मुनियमको कसौडीमा राखेको एउटा बम, खोजपुर गाविस-८ खरचुइँयामा एउटा सकेट बम, धर्मपुर गाविस-८ सिम्राहा चोकमा प्लास्टिक बट्टामा राखेको एउटा बम र रायपुर गाविस-८ स्थित कृषिभवन नजिक कार्टुन बट्टामा राखेको एउटा बम निष्क्रिय पारिएको थियो।

महोत्तरी क्षेत्र नम्बर १ ,३ र ६ मा राजनीतिक दलका सबै भातृसंगठनहरूले आचारसंहितको उल्लघंन गरिएको पाइयो। जलपान, भोजभतेरको आयोजना गरिएको चाडपर्वको बहानामा दलका उम्मेदवारहरूले स्पष्ट रुपमा मत माग गरिएका रङ्गीन र महँगा शुभकामनापत्र बनाई घरघरमा वितरण गरिएको पाइएको थियो। उम्मेदवारहरूले आचारसंहिताविपरीत सो क्षेत्रहरूमा बाटो निर्माण, विद्युत ट्रान्सफर जडान गर्ने लगायत मतदाताहरूलाई प्रलोभनमा पार्ने किसिमका कार्यहरू गरेको पाइयो। निर्वाचन आयोगद्वारा आचारसंहितामा उम्मेदवारले बढीमा दुई वटामात्र गाडी प्रयोगमा प्रयोग गर्ने व्यवस्था भएपनि एक उम्मेदवारले आधा दर्जनसम्म गाडी गुडाएका थिए। धेरैजसो पार्टीले मुख्य निर्वाचन अधिकृतको कार्यालय तथा जिल्ला प्रशासन कार्यालय महोत्तरीको र्कावाही गरिने चेतावनीको अटेर गर्दै भारतीय नम्बर प्लेटको, बिनाभन्सार तथा अस्थायी नम्बरसमेत नलिएर प्रचारप्रसारमा प्रयोग गरेको पाइयो।

महोत्तरीका मुख्य निर्वाचन प्रमुख प्रकाश खरेलले कुनै पनि उजुरी नआएको भएपनि संचारमाध्यममा आएका जानकारीका आधारमा अनुगमन थालिने जानकारी गराएका थिए।

## दोलखा

नेपाली काँग्रेसका उम्मेदवार जिप छिरिङ लामाले आचारसंहिताको तिव्र उल्लंघन गरेको अन्य राजनीतिक दलका उम्मेदवारहरूले आरोप लगाएका थिए। छिरिङले उधारो विकास र आर्थिक सहयोगको आश्वासन दिँदै हिंडेको आरोप लगाएका थिए। केही स्थानमा मतदातालाई प्रभाव पार्नेगरी रकमसमेत बाँडेको अन्य दलको आरोप थियो। लामाले झ्याकु वडा नम्वर २ स्थित आङटेन्डी शेर्पा र झ्याकु ४ स्थित कुमार खड्काको घरमा मदिरासहितको सामूहिक भोज गराएको स्थानीयले बताएका थिए। रात्रीभोजमा सहभागि काँग्रेस कार्यकर्ताहरूले झ्याकुका माओवादी कार्यकर्ताहरूलाई दवाब दिएको एकिकृत माओवादीले जनाएको

थियो। अखिल क्रान्तिकारी काठमाण्डौ क्याम्पस जिल्ला कमिटि सचिवालय सदस्य एवम् पशुपति ईकाईका उपाध्यक्ष मिङगुर शेर्पाको घरमा रहेको माओवादीको झण्डासमेत निकाल्न दवाब दिएको शेर्पाले बताएका थिए।

त्यसैगरी सबै राजनीतिक दलका अधिकांश उम्मेदवारहरूले निर्वाचन आयोगबाट अनुमति नलिई सवारी साधन सञ्चालन गरेको भेटिएका थिए।

मंसिर ४ दोलखा निर्वाचन क्षेत्र नम्बर १ अन्तर्गतका पाँचवटा मतदान केन्द्रमा प्रहरीको आडमा एमाओवादीले बुथ कब्जा गरी धाँधली गरेको भन्दै एमालेले पुन: मतदानको माग गरेको थियो। पाँचमध्ये तीन मतदान केन्द्रमा काँग्रेसले समेत पुन: मतदानको माग गरेको थियो।

दोलखा निर्वाचन क्षेत्र नं १ को ठूलोपातल मतदान केन्द्रमा मतदानका विषयमा झडपका क्रममा खुकुरी प्रहार गरिँदा एमालेकी पूर्वसभासद् शान्ति पाखिन गम्भीर घाइते भइन। पाखिनले आफूमाथि एमाओवादी र कांग्रेस कार्यकर्ताहरूले आक्रमण गरेको बताइन। खुकुरी प्रहार गर्ने ५ जनालाई नेपाली सेनाको सुरक्षा टोलीले नियन्त्रणमा लिएको थियो। घटनापछि २ घण्टा मतदान अवरुद्ध हुन पुगेको थियो।

## रौतहट

कात्तिक २८ गते, चुनाव प्रचारका क्रममा इनरूवा गाविसमा ८ स्थित मटिअवा टोलमा भएको विवादले उग्र रूप लिएपछि मधेसी जनअधिकार फोरम नेपाल र एमाओवादीबीच साँझ गोली हानाहान भएको थियो। स्थिति नियन्त्रणमा लिने क्रममा प्रहरीका चार जवानसहित पाँच जना घाइते भएका थिए। घटनामा दुवै पार्टीको आधा दर्जन सवारी तोडफोड भएका थिए। स्थिति नियन्त्रणमा लिन प्रहरीले दर्जन हवाई फायर र आधा दर्जन अश्रुग्याँस प्रहार गरेको थियो।

निर्वाचनको दिन रौतहट क्षेत्र नं ३ स्थित पोटीयाही प्राविमा अवस्थित मतदान केन्द्रमा एमाले र एमाओवादी कार्यकर्ताबीच झडप भएको थियो। झडपमा परी एमाओवादी कार्यकर्ता धर्मेन्द्र मण्डल घाइते भएका थिए। स्थिति नियन्त्रणमा लिन प्रहरीले पाँच राउन्ड हवाई फायर गर्नुपरेको सशस्त्र प्रहरी देबाहीका सशस्त्र प्रहरी नायब निरीक्षक शशिकुमार पाण्डेले जानकारी दिएका थिए। झडपपछि पोटीयाही प्रावि मतदानकेन्द्रको मतदान केहीबेरका लागि अवरूद्ध भएर पछि पुन: सुचारू भएको थियो।

## बारा

नेकपा (एमाले) बारा क्षेत्र नम्बर ४ का उम्मेदवार महमुद आलमको हत्या भयो। असोज १८ गते पथलैया-वीरगञ्ज सडकमा भारतमा दर्ता भएको मोटरसाइकलमा आएका बन्दुकधारीले टाउकामा गोली प्रहार गरी घाइते भएका आलमको काठमाडौँमा उपचारको क्रममा असोज २४ गते निधन भएको थियो।

२०७० असोजको अन्तिम हप्ता कलैयामा एकीकृत नेकपा माओवादीले विद्यालय हाताभित्र बालबालिकासहित चुनावीसभा गरेको थियो। त्यस्तै कात्तिक २० गते नेकपा एमालेले कलैया नगरपालिकामा बालबालिकालाई ट्याक्टरमा राखि चुनावी प्रचारमा प्रयोग गरेको थियो भने मंसिर ३ गते पनि कलैयामा नै बालबालिकालाई चुनावी प्रचारमा लगाएर निर्वाचन आचारसंहिताको उल्लङ्घन गरेको पाइएको थियो। आचारसंहिता उल्लङ्घनमै संघीय समाजवादी पार्टीले विशुनपुवा गाविसमा बालबालिकालाई चुनावी सभामा सहभागि गराएका थिए। सोही दिन नेपाली काँग्रेसले मतदान केन्द्रमा चुनाव चिह्न अंकित पोष्टर टाँसी निर्वाचन आचारसंहिता उल्लंङ्घन गरेको थियो।

असोज ३१ गते बारा क्षेत्र नं. ५ का मधेसी जनअधिकार फोरम नेपालका उम्मेदवार रामबाबुकुमार यादवलाई चुनाव प्रचारका क्रममा हरैया गाविस-६ नयाँ बस्तीका ३५ वर्षीय श्याम श्रेष्ठले अपशब्द प्रयोग गर्दै

खुकुरी प्रहार गर्न खोजेपछि मधुवन प्रहरी चौकीका दुईजना प्रहरी जवानले नियन्त्रणमा लिएको बारा प्रहरीले जानकारी दिएको थियो ।

कात्तिक ५ गते पूर्व निर्धारित तलब भत्ताको माग गर्दै प्रदर्शनमा उत्रेका म्यादी प्रहरी र प्रहरी बीचको दोहोरो झडप हुँदा प्रक्राउ परेका १९ जनामध्ये १२ जना माथि सार्वजनिक अपराधिक मुद्दा चलाईएको थियो । प्रदर्शनकारीहरूले ढुंङ्गामुढा गरेपछि प्रहरी निरीक्षक उत्तमप्रकाश बराल गम्भीर घाइते भएको र सशस्त्र र नेपाल प्रहरीका गरी ६ वटा गाडीको शीसा फुटाएपछि भीड नियन्त्रण गर्न प्रहरीले बल प्रयोग गर्दा दर्जनौं म्यादी प्रहरी र सर्वसाधारणसमेत घाइते भएका थिए ।

कात्तिक १० गते संविधानसभा निर्वाचनमा बारा ४ मा एमालेका उम्मेदवार रहेका मोहम्मद आलमको हत्यामा संलग्न रहेको भन्दै सिआईबी प्रमुख प्रहरी नायब महानिरीक्षक डिआईजी प्रकाश अर्यालले एमालेकै पूर्व सभासद रामचन्द्र प्यासी कुशवाहसहित तीन जनालाई पक्राउ गरी सार्वजनिक गरेका थिए । आलमको हत्यामा भारत सिभिल लाईन अलिगढ घर भई हाल विरगंञ्ज ४ लक्ष्मी टोल बस्दै आएका ४२ वर्षीय अतिक खान र भारत बिहारको रक्सौल निवासी ३८ वर्षीय राजु श्रीवास्तव पक्राउ गरेका थिए ।

कात्तिक २६ गते बारा क्षेत्र नं .१ का नेपाली काँग्रेसका उम्मेदवार रामअयोध्याप्रसाद यादवको चरित्र हत्या हुनेगरी पर्चा पम्पलेट बाँडिरहेको अवस्थामा दुईजना युवकलाई स्थानिय बासिन्दाले नियन्त्रणमा लिई प्रहरीलाई बुझाएका थिए ।

कात्तिक २७ गते एमालेको चुनावी प्रचारप्रसार सभालाई लक्षित गरी बिरूवागुठी-१ मा बडनिहर सडकखण्डमा दिउँसो ३ बजेदेखि सञ्चालन भइरहेको एमालेको सभालाई लक्षित गरी सो आसपासको स्थानमा ४ वटा रातो पोकामा र एउटा सेतो झोलामा बालुवा राखेर सर्वसाधारणलाई त्रसित बनाउने काम भएको पर्सा प्रहरीका प्रवक्ता बासुदेव खतिवडाले बताएका थिए ।

कात्तिक २८ गते पूर्व-पश्चिम राजमार्गको पथलैया-निजगढ सडक खण्डमा अज्ञात समूहले प्रहार पेट्रोल बम प्रहारबाट बारा निजगढ ७ का ट्रक चालक राजु देउजा क्षेत्री जलेर घाइते भई थप उपचारका क्रममा काठमाडौँको महाराजगञ्ज शिक्षण अस्पतालमा मृत्यु भएको थियो । सरकारले सो घटनामा मृत्यु भएका क्षेत्रीको परिवारलाई मंसिर ४ गते १० लाख राहत उपलब्ध गराएको थियो ।

## पर्सा

जिल्ला प्रशासन कार्यालय पर्सामा अधिक रङ्गीनको प्रयोग गरी रङ्गीन पोस्टर, पम्पलेट, भिजिटिङ कार्ड बनाएको र त्यसमा मुद्रकको नाम उल्लेख नगरेको, फ्याक्स प्रिन्टको प्रयोग भएको, स्टीकरको प्रयोग भएको भन्ने जस्ता उजुरी परेका थिए ।

सार्वजनिकस्थल, विद्यालय, मन्दिर आदिमा पोस्टर एवम् पमप्लेट टाँस्न र सभा सम्मेलन गर्न निषेध गरिए पनि प्राय सबैदलले विद्यालयमा सभाहरू गरेको पाइयो । त्यसैगरी सबैजसो दलले आचारसंहिताले तोकेको भन्दा बढी संख्यामा सवारी साधन चलाएका थिए ।

दलहरूले चुनावी प्रचारप्रसारका क्रममा आचारसंहिताको व्यापक उल्लङ्घन गरेको पाइयो । तर एमाओवादीका उम्मेदवार बसरुद्दिन अन्सारी, राप्रपा नेपालका उम्मेदवार राजीव पराजुली, फोरम गणतान्त्रिकका उम्मेदवार शशि कपूर मियाँ, एमालेका उम्मेदवार विचारी यादव लगायतले भने निर्वाचन आचारसंहितासम्बन्धी पुस्तिका ढिलो आउनु र यसबारे प्रशिक्षण नहुँदा अन्जानमा आचारसंहिता विपरित कार्यहरू भएको बताएका थिए ।

## चितवन

निर्वाचन आयोगले साउन ७ गतेदेखि निर्वाचन आचारसंहिता कार्यान्वयनमा ल्याएपनि दलहरूबीच अस्वस्थ प्रतिस्पर्धा देखियो। भित्तेलेखन, आचारसंहिता विपरीत झण्डा, ब्यानर र पर्चा पम्लेट बनाउने, माइकिङ गर्ने, भोजभतेर गरेको, चुनाव चिह्न अंकित टिसर्ट तथा जकेट लगाएको जस्ता कार्यबाट आचारसंहिता उल्लंघन भएको पाइएको थियो। यद्यपी दलहरूसँग जिज्ञासा राख्दा आफूहरूले आचारसंहिता उल्लंघन नगरेको दाबी गरेका थिए। यसैगरी निर्वाचनको बहिष्कारमा रहेका तथा अन्य अज्ञात समूहबाट आचारसंहिता तथा मानवअधिकार विरोधी क्रियाकलाप भए।

कात्तिक १० गते क्षेत्र नं ३ शुक्रनगर गाविस भवनमा रहेको निर्वाचन मतदाता शिक्षाको सामाग्री अज्ञात समूहले जलाएको थियो।

कात्तिक १२ गते, चितवन क्षेत्र नं ५ का एमाओवादी उम्मेदवार अमिक शेरचनविरूद्ध सार्वजनिक विद्यालय भवन उद्घाटन गरेको भन्दै निर्वाचन आयोगमा उजुरी परेको थियो भने नेकपा एमालेका चितवन ५ कै उम्मेदवार दानबहादुर तामाङ विरूद्ध पनि आचारसंहिता उल्लंघन गरेको भन्दै आयोगमा उजुरी परेको थियो।

नारायणगढ-मुग्लिङ सडक खण्डमा यात्रु बोकेर गुडिरहेको ना ४ ख ४७३४ नम्बरको बसमा अपरिचित समूहले आगो लगाएको थियो। सर्लाहीबाट काठमाडौँतर्फ जाँदै गरेको उक्त बसमा आगो लगाएपछि यात्रुले झ्याल ढोकाबाट हाम फालेर ज्यान जोगाएका थिए।

मंसिर २ मा चितवनको नारायणगढस्थित न्यूरोडमा पानी बोक्ने मिनिट्रकमा पेट्रोल बम प्रहार भयो। बा १ ख ८५५४ नम्बरको प्योर ड्रप मिनरल वाटरको गुडिरहेको गाडीमा पेट्रोल बम प्रहार हुँदा गाडीका चालक र सहचालक घाइते भए।

## मकवानपुर

नेपाली कांग्रेस क्षेत्र नं. १ का उम्मेदवार इन्द्रबहादुर बानिया कार्तिक २७ गते आफ्नो चुनावी घरदैलो कार्यक्रम सकी हेटौँडातर्फ फर्किंदै गर्दा छतिवन गाविस-६, बोटखोलामा सकेट बम प्रहार भएको थियो। सकेट बम मोटरसाइकलमा लाग्दा नेपाली कांग्रेस मकवानपुरका जिल्ला सचिव विष्णु दाहाल, कार्यकर्ता भक्त थिङ र शङ्कर जिम्बा घाइते हुन पुगे।

कात्तिक २८ गते अज्ञात समूहले मकवानपुरको पूर्वी क्षेत्रमा पर्ने छतिवन गाविसमा अज्ञात समूहले प्रहार गरेको बमको छर्रा लागेर नेपाली काँग्रेस मकवानपुर सचिवसहित ४ जना घाइते भए। फापरबारीको चुनावी सभा सकेर हेटौंडा फर्कने क्रममा छतिवन गाविस ५ गोठ खोलामा जिपलाई लक्षित गरी प्रहार गरेको सकेट बमको छर्रा लागेर जिपभित्र बसेका सचिव बिष्णु दाहाल घाईते भएका थिए।

कार्तिक २८ गते पूर्वपश्चिम राजमार्गअन्तर्गत हेटौंडा- नारायणगढ सडकखण्डमा पर्ने मकवानपुरको बसामाडी गाविस ३ तीनताप्केमा यात्रुसहितको बसमा पेट्रोल बम प्रहार भएको थियो। ना ४ ख ५८३६ नम्बरको यात्रुबाहक बसमा पेट्रोल बम प्रहार भएपछि बस अनियन्त्रित भएर पल्टिँदा यादवसहित १ दर्जन जति यात्रु घाइते भएका थिए। बसमा बम प्रहारपछि बसमा आगलागी भएको थियो। दुर्घटनापछि बस जलेर पुरै नष्ट भएको थियो। सो घटनामा घाइते हुन पुगेका बारा कलैया ७ का १७ वर्षीय राकेश यादवको मंसिर १० का दिन उपचारका क्रममा मृत्यु भएको थियो।

मंसिर १ गते पूर्व पश्चिम राजमार्ग अन्तर्गत मकवानपुर वसामाडी २ तिनताप्केमा गुडिरहेको बसमा केही व्यक्तिले लुकेर गरेको पेट्रोल बम प्रहारबाट १२ यात्रु घाईते भएका थिए। अनमोल ट्राभल्सको ना ४ ख ८८३६ नम्बरको बस सम्पूर्ण रुपमा जलेको थियो। घाईतेको हेटौडा, भरतपुर र बिरगञ्जका विभिन्न अस्पतालमा उपचार

भइ घर फर्केका थिए। सुरक्षा स्कर्टिङ्गमा कलैयाबाट काठमाडौँतर्फ गईरहेको बसमा राजमार्ग छेउमा लुकेका व्यक्तिले चालक लक्षित गरेर बम हानेका थिए। चालकलाई बम लागेपछि बस सडक छेउ पल्टिएको थियो। बम लागेर चालक भोलाप्रसाद साह, ३५ वर्षीय सहचालक सुरेन्द्र चौधरी र यात्रु राकेश यादव गम्भीर घाइते भएका थिए। उनीहरूलाई उपचारका लागि काठमाडौँस्थित टिचिङ अस्पतालमा भर्ना गरिएकोमा घाइते मध्ये यादवको उपचारका क्रममा मंसिर १० गते निधन हुन पुगेको थियो। अन्य घाईतेमा कलैया ८ का २० वर्षीय कृष्ण चौधरी, २१ वर्षीय कौशल खातुन, सर्लाहीका ३० वर्षीय उमेश पण्डित, भक्तपुरका ५७ वर्षीय सनत रेग्मी, ५२ वर्षीय उमा रेग्मी, कलैयाकी ५० वर्षीय मञ्जु खनाल, ५० वर्षीय धनबहादुर लामा, रामबहादुर लामा र राकेश तिवारी थिए।

मंसिर २ गते साँझ मकवानपुर पदमपोखरीस्थित बुद्ध मावि मतदान केन्द्रमा खटिएका कर्मचारी सागरबहादुर गुरूङमाथि धारिलो हतियार प्रहार गरिएको अवस्थामा प्रहरीले फेला पारेको थियो। पदमपोखरी- १ वनस्पती घर भई टिम्बर कर्पोरेशन अफ नेपाल हेटौंडामा कार्यरत गुरूङलाई तीन जनाको समूहमा आएका व्यक्तिले धारिलो हतियार प्रहार गरी घाइते बनाएको प्रहरीले जानकारी दिएको थियो।

## ललितपुर

ललितपुरका तीनवटै निर्वाचन क्षेत्रमा प्रमुखसहित साना दलहरूले आचारसंहिता उल्लंघन गर्दै सार्वजनिक स्थानमा दलहरूको चुनावचिह्न र झण्डा राखेर चुनाव प्रचारप्रसार गरेको पाइयो। एमाओवादी तथा कांग्रेसले बिजुलीका पोलमा झण्डा र चुनाव चिह्न टाँसेका थिए भने एमालेले क्षेत्र नम्बर १ को ग्रामीण बस्तीमा प्रचारात्मक अभियान थाल्ने क्रममा स्वास्थ्य चौकी, विद्यालयलगायतका सार्वजनिक संरचनामा चुनावी कार्यक्रमको आयोजना गरेको थियो।

संघीय समाजवादी पार्टीका उम्मेदवारले संविधानसभा सदस्य निर्वाचन आचारसंहिता २०७० विपरीत बहुरंगी भिजिटिङ कार्डहरू छापेर वितरण गरेका थिए। रंगिन भजिटिङ कार्डमा पार्टीको नारा र चुनावचिह्नसहित उम्मेदवारको तस्वीर र सम्पर्क छापेर वितरण गरेको पाइएको थियो। उक्त पार्टीका ललितपुर क्षेत्र नं १ का उम्मेदवार उत्तम लामाले निर्वाचन कार्यक्रम भन्दा पहिला नै कार्ड छापिएको बताएका थिए।

त्यसैगरी ललितपुर जिल्लाका तीन वटै क्षेत्रमा चुनावी प्रचारात्मक काम अत्यन्तै भड्किलो भएको पाइयो। विशेष गरी एमाओवादी, नेपाली काँग्रेस, र नेकपा एमालेका कार्यकर्ताद्वारा चुनावी सभा बाटोमै गर्ने, धेरै रङ्ग वा ठूला आकारका पोष्टरहरू जथाभावी टाँस्ने, बालबालिका प्रयोग गर्ने, निर्वाचन कार्यालयमा दर्ता नै नगरी तोकिएभन्दा बढी सवारी साधनको प्रयोग गरिएको पाइयो।

## काभ्रेपलाञ्चोक

काभ्रेको मेथिनकोट गाविस-६ स्थित विपी राजमार्गसडकखण्डमा कार्त्तिक २७ गते साँझ एउटा मारूती कारमा अज्ञात समूहले आगजनी गर्दा कार पूर्ण रूपमा क्षतिग्रस्त भएको थियो। जिल्ला प्रहरी कार्यालय काभ्रेले दिएको जानकारी अनुसार ६/७ जनाको अज्ञात समूहले मङ्गलटारबाट भकुन्डे बजारतर्फ आउँदै गरेको बा ३ च १५०३ नम्बरको सो कारमा रहेका यात्रुलाई बाहिर ओरालेर आगजनी गरेका थिए। सो क्रममा कारमा सवार यात्रुहरूलाई कुटपीटसमेत गरेका जिप्रका काभ्रेले जानकारी दियो।

मंसिर ४ गते काभ्रे क्षेत्र नम्बर- १ कोशीपारिको गाविस पोखरी चौरीको अरनिको मावि केन्द्रमा नेपाली काँग्रेस र नेकपा एमालेका कार्यकर्ताबीच विवाद भएपछि प्रहरीले चार राउण्ड हवाइफायर गरेको थियो। विवाद चर्किएपछि रोकिएको मतदान भने सर्वदलीय बैठक पछि पुन: भएको थियो। सोही दिन जागृति मावि केन्द्रमा एमाओवादी कार्यकर्ताले नेपाली काँग्रेसका कार्यकर्तालाई कुटेका थिए। उनीहरूको कुटाईबाट एक जना काँग्रेस कार्यकर्ता घाइते भए।

## नुवाकोट

नेकपा-माओवादी, नेपाल कम्युनिष्ट पार्टी र संघीय समाजवादी लोकतान्त्रिक पार्टीका कार्यकर्ताहरूले संविधानसभा निर्वाचनको विरोध गर्दै निर्वाचन आयोगले बनाएको निर्वाचन आचारसंहिता जलाएका हुन् । नुवाकोटको तीन वटै क्षेत्रमा आचारसंहिता जलाएका थिए। माओवादी कार्यकर्ताले नुवाकोटको क्षेत्र नम्बर १ को रानीपौवा, २ को खरानीटार र ३ को विदुरमा आचारसंहिता जलाएका हुन्।

२६ कात्तिक दिउँसो क्षेत्र नं १ को नुवाकोटका मतदातासँग मत माग्दै सदरमुकाम विदुरमा आयोजित आमसभामा सहभागी हुन आउँदै गर्दा नेता अर्जुननरसिंह केसी चढेको गाडीलाई लक्षित गरी पासाङ ल्हामु राजमार्गको मदानपुर-८ जुरेथुममा मोटरसाइकलमा आएका अपरिचित दुई युवाले पेट्रोल बम प्रहार गरेका थिए। सो पेट्रोल बम चुनावी सभामै सहभागी हुन विदुर आउँदै गरेको बा ५ च ६२५३ नं को टाटामोबाइल गाडीलाई लागेको थियो।

## भक्तपुर

संविधानसभा निर्वाचनमा निर्धारण गरेको भक्तपुरका २०३ मतदान केन्द्र मध्ये ३२ वटा मतदान केन्द्र सुरक्षाका दृष्टिले संवेदनशिल मानिएको थियो। त्यसैअनुसार गृहमन्त्रालयले सुरक्षा व्यवस्था कडा बनाएको थियो। जिल्लाको निर्वाचन क्षेत्र नं. १ को १६ र निर्वाचन क्षेत्र नं. २ मा १६ मतदान केन्द्र संवेदनशील तोकिएको थियो।

कात्तिक २५ गते ठिमी चोकको नजिकै ग्यारेजमा राखिएको एउटा गाडी राति करिब २ बजे अज्ञात समूहले आगो लगाएका थिए।

कात्तिक २२ गते दधिकोटमा भएको एमालेको आम सभामा ५-६ वटा सरकारी गाडी प्रयोग गरिएको पाइएको थियो।

मंसिर ४ निर्वाचनका दिन गते निर्वाचनका दिन अज्ञात समूहबाट भक्तपुर लोकन्थली उपस्वास्थ चौकीको मतदान अधिकृतका रूपमा कार्यरत वकिल झा माथि कुटपिट भएको थियो। सीटीईभिटीका उपनिर्देशक झा निर्वाचनको भोलिपल्ट पेप्सीकोला पुलको उत्तरतर्फ बेहोस अवस्थामा भेटिएका थिए। रौतहट मतसरी ४ स्थायी घर भएका झालाई निर्वाचनकै दिन कुटपिट गरिएको प्रहरीले जानकारी दिएको थियो। उनको टाउको, शरीर, अनुहार लगायत विभिन्न भागमा चोट लागेको थियो।

मंसिर ३ गते अज्ञात समूहबाट भक्तपुर लोकन्थली उपस्वास्थचौकीको मतदान अधिकृतका रूपमा कार्यरत वकिल झा घाइते अवस्थामा भेटिएका थिए। झा निर्वाचनको भोलिपल्ट पेप्सीकोला पुलको उत्तरतर्फ बेहोस अवस्थामा भेटिएका थिए। रौतहट मतसरी-४ स्थायी घर भएका झालाई निर्वाचनकै दिन कुटपिट गरिएको प्रहरीले बताएको थियो। उनको टाउको, जिउ अनुहार लगायत विभिन्न भागमा चोट लागेको थियो। उनको राजधानीको बाँसबारी न्यूरो अस्पतालको सघन कक्षमा उपचार भएको थियो। वकिल झा सीटीईभिटीका उपनिर्देशक हुन्।

## काठमाडौँ

कार्तिक २६ गते एक समूहले रिङरोडमा चल्ने बा २ ख ८५५८ नम्बरको यात्रुबाहक बसमा आक्रमण गर्दा धापाखेल बस्ने ४५ बर्षीय शिव बजगाई घाइते भए। बालाजुबाट एयरपोर्टतर्फ आउँदै गरेको बसमा बालाजु ओरालो नजिकै दुई व्यक्तिले पेट्रोल बम प्रहार गरेका थिए। रक्सीको बोत्तललाई पेट्रोल बम बनाई प्रहार गरेका थिए। घाइते बजगाईंलाई निधार वरपर चोट लागेको थियो।

काठमाडौँ क्षेत्र नं १ की एमाओवादी उम्मेदवार रेणु दहालले निर्वाचन आचारसंहिता विपरित रङ्गिन फोटो सहितको क्यालेण्डर वितरण गरेको पाइयो।

कात्तिक २७ गते चुनाव बिथोल्न बन्द आव्हान गर्ने नेकपा-माओवादी नेतृत्वको ३३ दलीय मोर्चाको कार्यक्रमका बीच राजधानीको सामाखुसीमा बा १ ज ९८९१ नम्बरको यात्रुले खचाखच रहेको माइक्रो बसमा अज्ञात समूहले पेट्रोल बम प्रहार गर्दा ४ वर्षीय बालिका मञ्जु श्रेष्ठ सहित ९ जना यात्रु घाइते भएका थिए।

मंसिर १ गते काठमाडौँको सतुंगल गुर्जुधारामा यात्रुबसमा पेट्रोल बम प्रहार भएको थियो। काठमाडौँबाट रौतहट सदरमुकाम जाँदै गरेको ना ४ ख ५२०० नम्बरको बस रोकिराखेको अवस्थामा अगाडि र पछाडिबाट दुईवटा पेट्रोल बम प्रहार भएको थियो। बम प्रहारबाट ८ जना घाइते भएका थिए। निर्वाचनको दिन नजिकिँदै गर्दा अज्ञात समूहले काठमाडौँका विभिन्न ठाउँमा नक्कली र सक्कली बम राखेर जनजीवन त्रसित र आतंकित गराउने काम बढाएको थियो।

कार्तिक २७ गते काठमाडौँको सामाखुशीमा अपरिचित समूहले गुडिरहेको माइक्रोबसमा पेट्रोल बम प्रहार गर्दा ८ जना घाइते भए। बालाजुबाट महाराजगञ्ज जाँदै गरेको बा १ ज ९८९१ नम्बरको माइक्रोबसमा भएको सो बम प्रहारबाट दोलखा डाँडाखर्ककी नितु श्रेष्ठ र उनकी साढे ४ वर्षकी छोरी मञ्जु पनि घाइते भएकी थिइन्।

मंसिर ४ गते निर्वाचनको दिन काठमाडौँ भोटेबहालमा बम विस्फोट भएको थियो। बम विस्फोटमा परी ८ वर्षीय समिर खड्की सहित अन्य दुई जना सामान्य घाइते हुन पुगे। घटनामा परी समिर खड्कीको दाहिने हात गुमेको छ भने सुनिता बलामी र गंगा बलामा सामान्य घाइते भएका प्रहरीले जानकारी दिएको थियो। खेलौना भनेर हातमा खेलाइरहेको बेला बम विस्फोट भएको उनका दाइले बताएका थिए।

### रसुवा

रसुवा जिल्लामा नेकपा एमाले, एमाओवादी, नेपाली काँग्रेसले आफ्नो चुनावी प्रचारमा प्रयोग गरेको प्रचार सामाग्रीमा प्रिन्ट गरेको प्रेसको नाम र ठेगाना उल्लेख नभएको पाइएको थियो। एमालेले निर्वाचन आचारसंहिता विपरित सरकारी भवनमा पोष्टर टाँसेको थियो। त्यस्तै नेपाली काँग्रेसले कात्तिक ३ गते रसुवा जिल्ला भोर्ले गाविसमा गरेको चुनावी सभामा निर्वाचन आयोगको स्वीकृत बिनै साना गाडी ४ वटा र २ वटा मिनि ट्रक प्रयोग गरेको थियो। विशेषत : ठूला ३ पार्टीले आफ्ना कार्यक्रमहरूमा बालबालिकाको प्रयोग गरेको पाइएको थियो।

निर्वाचनको मौन समयमा मंसिर २ गते नेपाली काँग्रेसले मतदान केन्द्र अगाडी वालपेन्टीङ गरेका थिए। त्यस्तै नेकपा एमालेले पनि सोही दिन गाडीसहित प्रचार प्रसार गरेको पाइएको थियो।

कात्तिक ६ गते एमाओवादीले निर्वाचन प्रचारका लागि लगेको सामाग्री नेकपा-माओवादीका कार्यकर्ताले लहरेपौवा गाविसको बनुवामा आगो लगाईदिएका थिए। कात्तिक २ गते अज्ञात समूहले धैवुङ गाविस धारापानीमा राखेको बम नेपाली सेनाको बम डिस्पोजल टोलीले निष्क्रिय पारेको थियो।

## पश्चिामाञ्चल

### गोरखा

कात्तिक ६ गते एमाओवादीले धावामा एमाले कार्यकर्तामाथि आक्रमण गरेका थिए। कात्तिक ७ गते स्वारामा एमाओवादी कार्यकर्ताद्वारा एमाले कार्यकर्तामाथि आक्रमण भएको थियो भने कात्तिक १३ गते एमाओवादीले काँग्रेसको चुनावी सभामा अवरोध पुऱ्याएको भन्ने नेपाली काँग्रेसको आरोप थियो।

मंसिर १ गते साँझ गोरखा निर्वाचन क्षेत्र ३ को धावामा दलका कार्यकर्ताबीच झडपमा गोली चलेको

थियो । धावा गाविस ५ को प्रभात माविमा वाईसिएल र तरूण दलबीच झडप भएपछि दुई राउण्ड गोली चलेको थियो। झडपमा आरूपोखरी ४ सिस्नेरीका सुभाष न्यौपाने, विनोद उपरकोटी, शेरबहादुर लामिछाने गम्भीर घाइते भएका थिए।

मंसिर ४ गते एमाओवादी कार्यकर्ताले गोरखाको विभिन्न मतदान केन्द्रमा बुथ कब्जा गरेको आरोप अन्य राजनीतिक दलहरूले लगाएका थिए। बाबुराम भट्टराई उम्मेदवार रहेको गोरखा क्षेत्र नम्बर- १ का विभिन्न मतदान केन्द्रमा उनीहरूले मतदाताको परिचयपत्र खोसेर एकपक्षीय रूपमा मतदान गरेको अन्य उम्मेदवारहरूले आरोप लगाएका थिए। एमाओवादी कार्यकर्ताले अन्य दलका उम्मेदवारका प्रतिनिधि (एजेण्ट) लाई पनि मतदान केन्द्रबाट लखेटेको उनीहरूको आरोप थियो।

भट्टराईका कार्यकर्ताहरूले गोरखाको बोर्लाङ घैरुङको सरस्वती मावि, घ्याल्चोक- ७ बास्कोटको हिमालय मावि, घ्याल्चोक- ५ पातलेटारको ज्ञानमार्ग उच्च मावि, नाम्जुङ- ८ को पातलेदेवी निमावि, बादली डाँडा- ४ को जनशक्ति उच्च माविको मतदान केन्द्र तथा बोर्लाङको सरस्वती निमाविमा पनि बुथ कब्जा गरेको बताइएको थियो। तर पर्यवेक्षण गर्दा भने आरोपमा भनिएजस्तो बुथ कब्जा गरेको प्रमाण पाइएको थिएन।

## नवलपरासी

कात्तिक १५ गते तमलोपाका हृदयेश त्रिपाठीले निर्वाचन कार्यालयको अनुमति बिनै १८ वटासम्म गाडी प्रयोग गरेका थिए। नवलपरासीको निर्वाचन क्षेत्र नं ४, ५, ६, का अधिकांश राजनैतिक दलहरूले निर्वाचन आयोगको अनुमति नै नलिई भारतीय नम्बर प्लेटका गाडिहरू प्रयोग गरेका थिए। आचारसंहिता विपरित पोष्टरिङ्ग गरेका थिए। निर्वाचन आचारसंहिताकै उल्लङघन गर्दै मध्यविन्दू एफएमले नेपाली काँग्रेसको चुनाव प्रचार गरेको थियो भने सार्मथ्य एफएमले एमालेको प्रचार गरेको थियो। काँग्रेसका कार्यकर्ताबाट पत्रकार हरि शर्मालाई धम्की दिएका थिए।

कात्तिक १६ गते नेकपा-माओवादीको चुनाव बहिष्कारको घोषित कार्यक्रम अनुसारको बन्दको प्रभावले जनजीवन प्रभावित बनेको थियो। सोही दिन कावासोतिमा अज्ञात समूहले ना १ ख ९८७२ नं को ट्रकमा आगजानि भएको थियो भने अज्ञात समूहले चिसापानी क्याम्पस बर्दघाट सडक छेउमा राखेको बम सेनाद्वारा निष्कृय पारिएको थियो।

कात्तिक २५ गते अज्ञात समूहले कावासोतिमा ट्रकमा आगजनी गरेका थिए। त्यस्तै कात्तिक ३० गते अज्ञात समूहले नवलपरासीको स्वाठीमा राखेको बम नेपाली सेनाले निष्कृय पारेको थियो।

## रूपन्देही

धेरै जसो पार्टीका उम्मेदवारबाट भारतीय नम्बर प्लेटका गाडी प्रयोग भएको पाइएको थियो। त्यस्तै धेरैजसो पार्टीका उम्मेदवारको ठूलो ब्यानरसहितका फोटोहरू विभिन्न ठाउँमा भुड्याइएको उजुरीपछि जिल्ला निर्वाचन कार्यालयमा जानकारी दिइसकेपछि प्रहरीले हटाएको थियो। त्यस्तै सिद्धार्थनगर नगरपालिकामा पैसा बाँड्ने काम भएको भनि सुनिए पनि प्रमाण भेटाउन भने सकिएन।

कात्तिक ७ गते एकीकृत नेकपा माओवादीले चुनावी प्रचारमा प्रयोग गरेका ग १ च ५१५४ नम्बरको बलेरो जिपमा अज्ञात समूहले आगजनी गरेका थिए।

## कपिलवस्तु

संविधानसभा बहिष्कारमा उत्रेको नेकपा माओवादीसहितको ३३ दलीय मोर्चाले उम्मेदवारी मनोनयन गर्दाकै

अवधिदेखि विरोधसभा, पुत्ला दहन, मार्चपास, बन्द हड्ताल र जनतामा भय तथा डरत्रास ल्याई सशंकित गराएकै बेला जिल्लाको विभिन्न स्थानमा अज्ञात समूहले बम बिष्फोट गराएको थियो ।

असोज अन्तिम हप्तामा कपिलवस्तुको जितपुर र चन्द्रौटा क्षेत्रमा एकीकृत माओवादी, नेपाली काँग्रेस, नेकपा एमालेले निर्वाचन आचारसंहिता विपरित उम्मेदवारको फोटो अंकित ठूला ठूला ब्यानर बनाएर विभिन्न ठाउँमा राखेका थिए। कात्तिक २० गते तराई मधेश लोकतान्त्रिक पार्टीले तौलिहवा क्षेत्रमा बालबालिकालाई ट्याक्टरमा राखि चुनाव प्रचार गरेको थियो। कात्तिक २० नै गते सद्भावना पार्टीले कपिलवस्तु नगरपालिकाको तौलिहवाको विद्यालय हाताभित्र बालबालिका समेतको सहभागितामा चुनावी कार्यक्रम गरेको थियो। कात्तिक २४ गते स्वतन्त्र उम्मेदवारले पनि ओदारी माविमा बालबालिकाको सहभागितामा चुनावी कार्यक्रम गरे।

मंसिर ३ गते, राति कपिलवस्तुको चन्द्रौटा र ओदारीमा अज्ञात समूहले बम बिष्फोट गराएको थियो।

## तनहुँ

घाँसीकवा-१ नाहालामा कात्तिक २६ गते अज्ञात समूहद्वारा भारतीय पर्यटकहरूको दुईवटा सवारीसाधनमा पट्रोले बम प्रहार हुँदा दुई भारतीय पयर्टक घाइते हुन पुगेका थिए। गोरखास्थित मनकामना मन्दिरको दर्शन गरी पोखरा जाँदै गरेको ती पर्यटक चढेको बि.आर ०१ बि.जी ५७२३ नम्वरको कार र बि.आर ३३ एफ ७४११ नम्वरको स्कारपियो जिपलाई सातजनाको समूहमा रहेका व्यक्तिले राकेरे तीनवटा पेट्रोल बम प्रहार गरेका थिए। पेट्रोल बम प्रहारबाट जिपको सिसा फुटेको र कारको सिट रोल जलेको थियो।

## गुल्मी

नेकपा एमालेका तर्फबाट क्षेत्र नं. ३ का उमेदवार गोकर्ण विष्टले आचारसंहिता विपरीत दुई वटा भन्दा बढी सवारी साधन संचालन गरेका थिए। एमाओवादी तर्फका क्षेत्र नं ३ का उमेदवार बामदेव क्षेत्रीले इस्मारजस्थल गाविसको वडा नं. ७ र ८ मा ६ वटा आरन पंखा वितरण गरेको कुरा संचारमाध्यममा आएका थिए।

कात्तिक ११- एमाले उम्मेदवार मैना भण्डारीको जोहाङ्गस्थित घरमा नेकपा माओवादीले कालो झण्डा राखेका थियो।

## बाग्लुङ

असोज ३० गते बाग्लुङ क्षेत्र नं. २ का एमाले उम्मेदवार डा. सूर्य पाठकले जैदी गाविस वडा १ को महिला समूहको भवनको फर्निचरको लागि व्यक्तिगत रूपमा भन्दै रू ६०००0-साठी हजार दिने भनी स्थानीय महिला समूहकी अध्यक्ष भीमा थापालाई "रकम लिन सदरमुकाम बाग्लुङ बजारमा आउनु" भनेको कुरा बाहिर आएको थियो।

कात्तिक १ गते बाग्लुङ क्षेत्र नं २ का नेपाली काँग्रेसका उम्मेदवार प्रकाश शर्मा पौडेलले जैदी गाविस वडा नम्बर १ र ५ का युवाहरूलाई निर्वाचन आचारसंहिता विपरित नेट तथा भलिबल बाँडेको पाइएको थियो।

कार्त्तिक ९ गते बाग्लुङ खुङगा गाविसमा एमालेको प्रचार टोलीले प्रयोग गरेको ध १ ज ६९ नम्बरको जिप र पारो खोला गाविसमा एमाओवादीले प्रयोग गरेको ४ वटा मोटरसाईकलमा अज्ञात समूहले आगजनी गरेको थियो।

कात्तिक १४ गते एमाओवादी अध्यक्ष प्रचण्डको कार्यक्रम असफल बनाउनको लागि नेकपा माओवादीले यातायात बन्दको कार्यक्रम आयोजना गरेको थियो। सोही कार्यक्रममा प्रचण्डको सवारीमा सुरक्षा निकायका ८

वटा र अन्य जिल्ला पार्टी कार्यकर्ता तथा केन्द्रीय नेताका १० वटा गरी जम्मा १८ वटा गाडीको प्रयोग भएको पाइएको थियो। बाग्लुङमा प्रचण्डको कार्यक्रममा एमाओवादी कार्यकर्ता बोकेर आएको एक जिप र एक बसमा अज्ञात समूहले आगजनी गरेका थिए।

कार्तिक २२ गते, बाग्लुङ क्षेत्र नं.२ का एमाओवादी उम्मेदवार लिला थापाको प्रचारमा कुश्मिशेराको शेरा बजारमा हिंडेका युवाहरूले चुनाव चिह्न अंकित टिसर्ट लगाएका थिए।

## पर्वत

नेकपा-माओवादीले थापाठान ठानामौला गाविसमा निर्वाचन शिक्षासम्बन्धी सामाग्री जम्मा गरी जलाए भने हुवास, टकलाक, त्रिवेणी लगायतका गाविसमा चुनाव बहिष्कारको नारा लगाउदै राँके जुलुस प्रर्दशन गरेका थिए। नेपाली काँग्रेस र नेकपा एमालेले आचारसंहिताको मापदण्ड विपरित जिल्लाका सदरमुकाम कुश्माबजारमा गाडीमा लाउड स्पिकर लगाई बजारबासीहरूमा ध्वनि प्रदुषण हुने गरी प्रचार गरेका थिए।

रेडियो सालिग्रामले नेपाली काँग्रेस, रेडियो दिदीबहिनी, न्यूकालीगण्डकी दैनिक, निष्पक्ष अभिमत साप्ताहिक, पर्वत खबर साप्ताहिकले एमाले र फलेबास साप्ताहिक पर्वत सञ्जालले नेपाली काँग्रेसको पक्षमा प्रचार गरेका थिए।

कात्तिक १७ गते पर्वत जिल्ला क्षेत्र नं.१ का नेपाली काँग्रेसका उम्मेदवार अर्जुनप्रसाद जोशीको र्‍यालीमा निर्वाचन आयोगको स्वीकृति बिनै १५४ वटा मोटर साइकल २ वटा जिप र १५ वटा कार प्रयोग भएको थियो।

कात्तिक २४ गते पर्वत जिल्ला मुख्य निर्वाचन अधिकृतको कार्यालयले निर्वाचन आचार संहीता उल्लंघन भएको स्थानको फिल्ड अनुगमन गरी यस जिल्लाको देविस्थान, खानी गाउँ गाविस र सदरमुकाम कुश्मा बजारमा टाँसीएका आचारसंहिता विपरीतमा पम्प्लेट पर्चा नष्ट गरेको थियो।

कात्तिक २५ गते पर्वतको सदरमुकाम कुश्मा लब्लि डाँडामा रहेको एमाओवादी कार्यालय नजिक र शिवालय उच्च माविको प्राङगणमा अज्ञात समूहले बम राखेको थियो।

पर्वतको कटुवा चौपारीको साइकलचोक लगायतका विभिन्न सात स्थानमा मतदातालाई आतंकित पार्ने मनसायले बम जस्तो देखिने गरी प्लाष्टिकमा फोहोर पोको पारेर तार निकाली बनाइएका वस्तुहरू शंकास्पद वस्तु फेला परेका थिए।

मंसिर ४ गते पर्वतको कुश्मामा रहेको बालमन्दिर केन्द्रमा मतदाता लाईनमा उभिइरहेको अवस्थामा नेपाली काँग्रेसका उम्मेदवार अर्जुनप्रसाद जोशीले सबै मतदातालाई नमस्कार गर्दै मत प्रभावित पार्न खोजेका थिए। लाईनमा बसेका मतदातालाई काँग्रेस कार्यकर्ताले रूख चिन्हमा स्वस्तिक छाप लगाएको नमुना मतपत्र देखाएर मतदातालाई भोट हाल्न सिकाएका थिए। सोही केन्द्रमा एक जनाको मतदाता परिचयपत्र ल्याएर अर्कोले मतदान गर्न खोज्ने ७ जनालाई प्रहरी नियन्त्रणमा लिइ जरिवाना गरी मतदान समय सकिएपछि मुक्त गरिएको थियो।

पर्वतको ठूलीपोखरी गाविसस्थित जनता सुदर्शन उच्च मावि मतदान केन्द्रमा तीन राउन्ड हवाई फायर भएको थियो। मतदान भइरहेका बेला एमाओवादीका कार्यकर्ताले होहल्ला गर्न थालेपछि हवाई फायर भएको प्रहरीले बताएको थियो। झडपका क्रममा भएको भागदौडमा तीन जना घाइते भएका थिए। घाइते हुनेमा वडा नं ८ का प्रेम लामिछाने, रवण लामिछाने र होमनाथ भन्ने व्यक्ति घाइते थिए। घाइते तीनै जनाको स्थानीय प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भएको थियो। निर्वाचनका दिन पर्वतको २ नम्बर क्षेत्रका भोर्ले, सरौंखोला, होश्राङ्दी, पाखापानी र हुवास लगायतका ठाउँमा अज्ञात समूहले बम पड्काएका थिए।

## म्याग्दी

म्याग्दी जिल्लामा पनि प्रचण्डको कार्यक्रम असफल पार्न आमसभामा आउने जनतामाथी नेकपा-माओवादीका कार्यकर्ताले लुकिछिपी ढुङ्गामुढा गरेका थिए ।

नेकपा-माओवादीका जिल्ला सेक्रेटरी रेशम जुगजालीसहित अन्य १६ जना नेता कार्यकर्तालाई असोज २५ गते राति बिम गाविसमा एमाओवादीका जिल्ला नेता पुष्कर विक लगायतका चुनाव प्रचार प्रसार टोलीमाथि सांङ्घातिक आक्रमण गरेको आरोपमा प्रहरीले पक्राउ गरेको थियो ।

असोज २४ गते एनेकपा माओवादीको चुनावी प्रचार टोलीमाथि नेकपा-माओवादी म्याग्दी जिल्लाका सेक्रेटरी रेशम जुगजालीको नेतृत्वमा रहेको १२/१५ जनाको समूहले आक्रमण गर्दा एमाओवादीका पुष्कर वि.क., ईश्वर सुवेदीलगायत ४ जना घाइते भएका थिए ।

नेकपा एमालेका उम्मेद्वार नवराज शर्माको प्रचार पोष्टरहरू निर्वाचन आचारसंहिताले तोकेभन्दा ठूलो साइजको हुनुका साथै सार्वजनिक स्थलहरूमा पनि टाँसिएको थियो ।

निर्वाचन आचारसंहिता विपरित नेपाली काँग्रेसका उम्मेद्वार खमबिर गर्बुजाले देविस्थान गाविसमा रहेको न्यूदेविस्थान युवा क्लबका अध्यक्षलाई रू ४५,०००-(पैत्तालीस हजार) नगद बाँडेको, त्यस्तै मुदी गाविस, बिम गाविस तथा राखु गाविसमा रहेका महिला समूह र युवा क्लबहरूलाई क्रमशः ५५०००-, ६५०००।-, ३५०००।- नगद (आर्थिक सहयोग) गरेको समाचार पत्रपत्रिकामा प्रकाशित भएका थिए ।

# मध्यपश्चिमाञ्चल

## दाङ

राष्ट्रिय जनमोर्चाले कात्तिक ३ गते घोराहीमा गरेको आमसभामा कार्यकर्ता ओसारपसार गर्नका लागि दर्जनौं, सवारीसाधन, निर्वाचन आचारसंहिताले तोके विपरित झण्डा र चुनाव चिह्न अंकित ब्यानर, मोटरसाईकल प्रयोग गरेको थियो । निर्वाचनको मौन समयमा विभिन्न पार्टीका उम्मेद्वारहरूले एसएमएसमार्फत भोट मागेका थिए ।

नेकपा एमाले क्षेत्र नं. ४ का उम्मेदवार शंकर पोखरेलले आचारसंहिता विपरित महेन्द्र संस्कृत विश्वविद्यालयको पर्खाल तथा सार्वजनिक चौतारीहरूमा पोष्टरहरू टाँसेको पाइयो ।

कार्तिक २२ गते राष्ट्रिय जनमोर्चा क्षेत्र नं ३ कि उम्मेदवार कृष्णा रानाले खर्चिलो र तडकभडक रूपमा मोटरसाईकल र्‍याली गरेकी थिइन । त्यसैगरी नेपाली काँग्रेस क्षेत्र नं १ कि उम्मेदवार पार्वती डीसी चौधरीको प्रचार खर्चिलो र भड्किलो पाइयो । त्यस्तै क्षेत्र नं ४ का नेकपा एमालेका उम्मेदवार शंकर पोखरेलले घरदैलो कार्यक्रममा आचारसंहिता विपरित एमालेका स्वर्गीय नेता मदन भण्डारीको चुनाव चिह्न अंकित भेष्ट लगाएको र ठूला आकारका झण्डाहरू बोकेर हिंडेको पाइएको थियो ।

मंसिर २ गते निर्वाचन आयोगबाट खटिएका कर्मचारीहरूले मतदाता परिचयपत्र वितरण गर्न ढिलो गरेको, परिचयपत्रमा कतिपयको नाम जिल्ला वडा गाउँ फरक खालको आएको भनी मतदाताहरूले गुनासो गरेका थिए ।

कात्तिक २ गते एमाओवादी जिल्ला सदस्य हरिशचन्द्र चौधरीमाथि ४/५ जनाको अज्ञात समूहले गोली प्रहार गरेको थियो । प्रहरीले जनाए अनुसार गोली हान्नेमा पारस हमाल र जगत चौधरी रहेका थिए । जसमध्ये पारस हमालसहितको टोलीलाई प्रहरीले कात्तिक ९ गते तुलसीपुरको नयाँ बसपार्कबाट हतियारसहित प्रकाउ गरेको बताएको थियो ।

अज्ञात समूहले कात्तिक १४ गते राति दाङ क्षेत्र नं २ का एमाले उम्मेदवार शान्ता चौधरीको गाडिमा आगजनी गरेको थियो। घोराही नगरपालिका ४ डाँडा गाउँमा रातको समयमा चौधरीले प्रचारमा प्रयोग गरेको रा १ च ३६५ नम्बरको महिन्द्रा जिपमा आगजनी गरेका हुन्। त्यसैगरी नेकपा एमाले क्षेत्र न ४ का उम्मेदवार शंकर पोखरेलको रा १ ज २७६ नम्बरको जिपमा तुलसीपुर नगरपालिका ५ मा अज्ञात समूहले तोडफोड गरी क्षति पुऱ्याएका थिए। निर्वाचन क्षेत्र नं २ घोराही नगरपालिका गैरागाउँ र क्वाडीमा मतदाता शिक्षा दिन प्रयोग गरिएका नमूना मतपत्र जलाईएका थिए। कात्तिक १४ गते नेपाली काँग्रेस क्षेत्र नम्बर २ कि उम्मेदवार शुसिला चौधरीको आफ्नो घर अगाडि पार्किङ गरेर राखेको चुनाव प्रचार गाडिमा रातिको समयमा अज्ञात समूहद्वारा आगजनी गरिएको थियो। लु १ ख ४५२३ नम्बरको बलेरो जिप अघिल्लो भाग जलेर नस्ट भएको थियो। १४ गते नै निर्वाचन क्षेत्र नं ५ को पुरन्धारा गाविस हापुरेमा प्रसारण नभएको रेडियाको टावरमा टाँगिएको नेपाली काँग्रेसको झण्डा एमालेका कार्यकर्ताहरूले निकालेर जलाएका थिए।

कात्तिक १५ गते नेकपा-माओवादीले आफ्ना पक्राउ परेको कार्यकर्ता रिहाईको माग गर्दै चितवनदेखि पश्चिम नेपाल बन्द आयोजना गरेका थियो। जसका कारण यातायात बजार, शिक्षण संस्था प्रभावित, निर्वाचन अभियानमा लागेका उम्मेदवारहरूलाई चुनाव प्रचार गर्न कठिन भएको थियो।

कात्तिक २८ गते राति मानपुर गाविस वडा नम्बर ६ लक्ष्मीपुरमा सञ्चालनमा रहेको दिप सेकेण्डरी इङ्गलिस स्कूलमा अज्ञात समूहले आगजनि गरेको थियो। आगजनिबाट अफिस कोठमा रहेका महत्वपूर्ण सामाग्री जलेको थियो। सोहि दिन बिहानै एक बसमा आगजनि भएको थियो। काठमाडौंबाट प्रहरीको स्कर्टिङमा तुलसीपुर आईपुगेको बसमा बिहान करीब ४ बजे तिर अज्ञात समूहद्धारा आगजनि भएको थियो। राप्ति बस व्यवसायी समितिका सहकोषाध्यक्षसमेत रहेका प्रितमकुमार श्रेष्ठको घर अगाडि पार्किङ गरी राखेको ना ३ ख ८६८६ नम्बरको बसमा आगजनी भएको थियो। आगजनिबाट बसको अगाडिको भाग र क्याविनमा क्षति पुगेको थियो। घटना लगतै स्थानीयबासी, नेपाल प्रहरी, शशस्त्र प्रहरी, दमकलको प्रयासमा आगो नियन्त्रण भएको थियो। एउटा मोटरसाइकलमा आएका दुईजनाको समूहले बसमा आगजनी गरेको आशंका स्थानीयको थियो।

मंसिर १ गते दाङ निर्वाचन क्षेत्र नम्बर ४ स्थित हरिपौरिमा मतदान केन्द्रलाई लक्षित गरी अज्ञात समूहले बम विस्फोट गराएको थियो। मंसिर १ गते नै दाङ जिल्ला घोराही नपा निर्वाचन क्षेत्र नम्बर ३ का एकिकृत नेकपा माओवादी उम्मेदवार निर्मल आचार्यको घर अगाडि सकेट बम फेला परेको थियो, जसलाई नेपाली सेनाले निष्कृय पारेका थिए।

त्यसैगरी मंसिर २ गते राति अज्ञात समूहले निर्वाचन क्षेत्र नम्बर ४ हलवार गाविस ७ को घुसौरी कालाखोलामा रहेको मतदान केन्द्रलाई लक्षित गरी बम बिष्फोट गराएको थियो। निर्वाचन क्षेत्र नं ५ को तुलसीपुर नगरपालिका दोघरेमा रहेको निर्वाचन मतदान केन्द्रलाई लक्षित गरी बम बिष्फोट गराएको थियो। यसैगरी एमाओवादी निर्वाचन क्षेत्र नं ३ का उम्मेदवार निर्मल आचार्यको घर अगाडि राखिएको सकेट बम नेपाली सेनाले निष्कृय पारेको थियो।

मंसिर ३ गते बिहान पौने ६ बजे दाङ जिल्ला तुलसीपुर नगरपालिका तुलसीपुरस्थित अञ्चल प्रहरी कार्यालय पछाडिको खेतमा बम विस्फोट भएको थियो।

## प्यूठान

संविधानसभा बहिष्कारमा उत्रेको नेकपा माओवादी सहितको ३३ दलीय मोर्चाले उम्मेदवारी मनोनयन गर्दाकै अवधिदेखि विरोध सभा, पुत्ला दहन, मार्च पास, बन्द, हडताल र जनतामा भय तथा डर त्रास उत्पन्न गराएका थिए। अज्ञात समूहले विभिन्न स्थानमा बम बिष्फोट गराएको थियो। चुनाव प्रचारकै क्रममा पनि विभिन्न दलहरूबीच एक आपसमा झडप, कुटपिट, आक्रमण, गाडी जलाउने जस्ता घट्नाहरू पनि घटेका थिए।

कार्त्तिक २ गते राति १० बजे नेकपा-माओवादीका कार्यकर्ताले तिराम गाविस-२ मा एनेकपा (माओवादीका) नेता कृष्ण घिमिरेलाई आक्रमण गरेका थिए। आक्रमणबाट घिमिरेलाई सामान्य चोट लागेको थियो। कार्त्तिक ६ गते जुम्रीकाँढा गाविस १ मा अज्ञात समूहको आक्रमणमा परी नेकपा (एमाले)का कार्यकर्ता कमल भुसाल घाइते भएका थिए। कार्त्तिक १० गते नेकपा-माओवादीका कार्यकर्ताले आक्रमण गर्दा एमाओवादी रस्पुरकोट गाविसका कार्यकर्ता राजु पौडेल घाइते भएका थिए। कार्त्तिक १६ गते साँझ राष्ट्रिय जनमोर्चाका कार्यकर्ताको आक्रमणमा परी जुम्रीकाँढा ७ का नेकपा एमाले कार्यकर्ता सेवरे रोका घाइते भएका थिए। राष्ट्रिय जनमोर्चाकै कार्यकर्ताको आक्रमणमा परी कात्तिक १७ गते बाङ्गेमरोट गाविस ७ का राजु थापा घाइते भएका थिए। कात्तिक २२ गते एनेकपा (माओावादी)का कार्यकर्ताको आक्रमणमा परी नेकपा एमाले कोचिवाङ्ग गाविस वडा नं ५ का कुलबहादुर पुन घाइते भएका थिए। मंसिर ३ गते राष्ट्रिय जनमोर्चाका कार्यकर्ताको आक्रमणमा परी एमाओवादी ओखरकोट २ का सुमन रोका घाइते भएका थिए। अज्ञात समूहको आक्रमणबाट एकिकृत नेकपा माओवादीले प्रयोग गरेको बलेरो जिप कात्तिक १४ गते पूर्ण रूपमा ध्वस्त भएको थियो। मंसिर ३ गते प्युठान जिल्लाको तुषारा, बाङ्गेमरोठ, नयाँगाउँ गाविसमा अज्ञात समूहले बम राखेका थिए।

एकीकृत नेकपा माओवादीले विजयनगर गाविसमा मान्छेको नीजि घरमा निर्वाचन आचारसंहिता विपरित उम्मेदवारको फोटो अंकित ठूला ठूला ब्यानर लगाएको थियो। त्यस्तै नेकपा एमालेले पनि दाखाक्वाडी बिजुवार गाविसका नीजि घरमा उम्मेदवारको फोटो अंकित ठूला ठूला ब्यानरहरू लगाएको थियो। नेपाली काँग्रेसले पनि दाखाक्वाडी र खैरा गाविसका निजी घरहरूमा उम्मेदवारको फोटो अंकित ब्यानर लगाएको थियो। कार्त्तिक २० गते अखण्ड पार्टी नेपालले बिजुवार गाविसमा निर्वाचन आचारसंहिता विपरित बालबालिकालाई ट्याक्टरमा राखि चुनाव प्रचार प्रसार गरेको थियो। कार्त्तिक २० नै गते नेकपा एमालेले पनि खुङ ठूलाबेसीको गोमुखी उमाविको विद्यालय हाताभित्र बालबालिकाको सहभागितामा चुनावी सभा आयोजना गरेको थियो। कार्त्तिक २४ गते बिजुवार स्वर्गद्वारी क्याम्पसमा राष्ट्रिय जनमोर्चाले बालबालिकाको सहभागितामा चुनावी कार्यक्रम आयोजना गरेको थियो।

## रोल्पा

कात्तिक ७ गते चुनावी सभामार्फत पार्टीको प्रचार प्रसार गर्न थवाङ पुगेका एमाओवादी रोल्पा क्षेत्र नं २ कि उम्मेदवार ओनसरी घर्ती मगरको टोलीमाथि बहिष्कारमा लागेका नेकपा-माओवादीका कार्यकर्ताले ढुङ्गामुढा गरेका थिए।

चुनाव प्रचारप्रसारका लागि विभिन्न दलले भित्तेलेखन, प्रचार पम्पलेट लगायत अन्य प्रचार प्रसारका गतिविधिहरू आचारसंहिता भन्दा बाहिर गएर गरेका थिए। उनीहरूले विद्यालय, विभिन्न क्लब जस्ता ठाउँहरू पर्चा पमप्लेट टाँसेका थिए।

## रूकुम

कार्त्तिक ३ गते आठबिसकोटमा एनेकपा माओवादी र नेपाली काँग्रेसका कार्यकर्ताहरू बीच झडप हुँदा माओवादीका १२ र नेपाली काँग्रेसका ५ कार्यकर्ता गम्भीर घाइते भए। घाइते काँग्रेसका कार्यकर्ताहरूको हेलिकप्टरमार्फत काठमाडौँ लगेर उपचार भयो। कार्त्तिक १४ गते विजयश्वरी गाविसमा काँग्रेसको सभामा एमाओवादी कार्यकर्ताले आक्रमण गर्दा प्रहरीसहित दुवै पक्षका ६ जना गम्भीर घाइते भए भने समाचार संकलन गर्न पुगेका पत्रकार शेरप्रसाद ढकाल घाइते हुन पुगेका थिए।

कात्तिक २२ गते रूकुमको मुरूमा एमाओवादी कार्यकर्ता र नेपाली काँग्रेसका कार्यकर्ता बीच झडप हुँदा एमाओवादी कार्यकर्ता टेकबहादुर बि.क घाइते भएका थिए।

मंसिर २ गते राति युथफोर्स र वाईसियलबीच सामान्य विवादमा भएको झडपमा १८ जना घाइते भए भने घाइते मध्ये रूकुम घेत्मामा ज्यामिरकोटका २२ वर्षीय एमाओवादी कार्यकर्ता नेत्र ओलीको उपचारका क्रममा काठमाडौँको शिक्षण अस्पतालमा मंसिर ११ गते मृत्यु भएको थियो ।

रूकुममा कात्तिक २० गते अज्ञात समूहले राखेको होक्स नामको बम नेपाली सेनाले निष्कृय पारेको थियो। त्यस्तै कार्त्तिक २८ गते राखिएको सकेट बम पनि नेपाली सेनाले निष्कृय पारेको थियो ।

मंसिर ४ गते निर्वाचन बहिष्कारको पक्षमा रहेको नेकपा माओवादीले निर्वाचनको दिन दिउँसो पनि बम आतंका सिर्जना गरेको थियो। छिङ गाविसको छिङ मतदान केन्द्र नजिक अज्ञात समूहले बम बिष्फोट गराएका थिए ।

## बाँके

कार्त्तिक ४ गते, संविधानसभाकने निर्वाचन बहिस्कार गर्न आव्हान गर्दै आन्दोलन गरिरहेको नेकपा-माओवादीले संविधानसभा सदस्यको उम्मेद्वारी फिर्ता लिन नेपाली काँग्रेसका सभापति शुशील कोइरालालाई चिठी पठाएका थिए। काँग्रेस सभापति शुशील कोइरालालाई बाँके सभापति डा.अरूण कोइरालामार्फत नेकपा माओवादीका केन्द्रीय सदस्य आइपी खरेलले चिठी बुझाएका थिए।

कार्त्तिक ७ गते, अनुमतिनै नलिई चुनाव प्रचारमा प्रयोग गरिएका भारतीय नम्बर प्लेटका आठ वटा गाडी प्रहरीले नियन्त्रणमा लिई उम्मेद्वारले निर्वाचन कार्यालयमा दर्ता गराउने सर्तमा छोडको थियो। निर्वाचन आचारसंहिता पूर्णरूपमा कार्यान्वयन गराउनकालागि निर्वाचन कार्यालयले उम्मेद्वारलाई सचेत गराएपनि पूर्ण रूपमा कार्यान्वयन हुन सकेको थिएन। उम्मेद्वारले भारतीय नम्बर प्लेटका गाडी प्रयोग गरेको देखिएको थियो। कार्त्तिक ८ गते, पाँच राजनीतिक दल र ६३ उम्मेद्वारले मात्र निर्वाचन प्रयोजनकालागि सवारी साधन पास अनुमति लिएका थिए।

कार्त्तिक ६ गते, संविधानसभा निर्वाचनको विपक्षमा रहेको नेकपा-माओवादीका कार्यकर्ताले एमाओवादीका कार्यकर्ताले रिम्नामा खोनकोट र डाँडा गाउँ लैजाँदै गरेको प्रचार सामग्री लुटेर लगेका थिए।

कार्त्तिक ५ गते, बिहान नेकपा-माओवादीले सुर्खेत र रूकुमका लागि लगिदै गरेको निर्वाचन प्रचारप्रसार सामाग्री लुटेर जलाएका थिए।

## बर्दिया

बर्दियाको राजापुरमा काँग्रेस र एनेकपा माओवादी बिच झडप हुँदा २ जना घाईते भएका थिए। असोज २७ गते, बर्दियाको राजापुरमा काँग्रेस र एकीकृतनेकपा माओवादीबीच झडप भएको थियो। बर्दियाको क्षेत्र नम्बर ३ मा पर्ने राजापुर क्षेत्रमा दशैंको शुभकामनासहित चुनावी प्रचार गर्न गएका बेला काँग्रेस कार्यकर्ताले एकीकृत माओवादीको घरमा गएर चुनावी प्रचार गर्दै गर्दा विवाद उत्पन्न भएपछि झडप भएको थियो। विवादपछि काँग्रेस कार्यकर्ता र एकीकृत माओवादी कार्यकर्ताले भाला, खुकुरी, तरबार लिएर विवाद गर्दै गर्दा एकीकृत माओवादी कार्यकर्ताको आक्रमणमा परी २ जना काँग्रेस कार्यकर्ता घाईते भएका थिए। घाईते मध्ये १ जनाको अवस्था गम्भीर बनेको थियो। टाउकोमा गहिरो चोट लागेका दुवै जना घाईतेलाई सामान्य उपचारपछि राजापुरबाट सदमरुकाम गुलरीयामा ल्याईएको प्रहरीले जनाएको थियो। झडपमा परी काँग्रेस कार्यकर्ता राजापुर ३ मुरैयाका ज्योती विक्रम थारू र गणेशप्रसाद थारू घाईते भएको ईलाका प्रहरी कार्यालय राजापुरले जनाएको थियो।

कार्तिक २१ गते, बर्दियाको निर्वाचन क्षेत्र नम्बर ३ मा पर्ने बगनाहामा राप्रपा कार्यकर्ताले नेपाली

कांग्रेसका एक जना कार्यकर्तालाई कुटपीट गरी घाईते बनाएका थिए। चुनावी प्रचार प्रसारमा राप्रपा कार्यकर्ता चढेको जीपले मोटसाईकलमा हल्का ठक्कर दिएपछि भनाभन हुँदा बगनाहा प्रहरी चौकी नजिक जीपबाट एक्कासी ओर्लिएर नेउलापुर ५ भुरीगाँउका ३५ वर्षिय नेपाली कांग्रेस कार्यकर्ता शेरबहादुर चौधरीमाथि कुटपिट गरेका थिए। घाईते चौधरीको नेपालगञ्ज मेडिकल कलेजमा उपचार भएको थियो।

राजनीतिक दलले विद्यालय परिसरलाई सभा, साँस्कृतिक कार्यक्रम गर्न प्रयोग गरेका थिए। ठूला राजनीतिक दलहरूबाटै चुनाव प्रचारप्रसारका लागि विद्यालयको प्रयोग भएको पाइएको थियो। एनेकपा माओवादीले कार्त्तिक १८ गते क्षेत्र नं. ४ राजापुर गाविस २, धोविनपुरस्थित नेरा भेरी ललितापुर माविमा निर्वाचन प्रचारप्रसार कार्यक्रम गरेको थियो। यसैगरी मानपुरपराको भिमसेन प्रावि, पशुपतिनगर गाविसको पैठैयास्थित विद्यालय र खैरी चन्दनपुरको चन्द्रोदय निमाविमा एमाले र काँग्रेसले विद्यालयको प्रयोग गरी कार्यक्रम गरेका थिए।

एकीकृत नेकपा(माओवादी)का बर्दिया क्षेत्र नं २ का प्रत्यक्षतर्फका उम्मेदवार तिलकराम शर्माले निर्वाचन प्रचारप्रसारका लागि प्रयोग गरेको गाडीमा कार्त्तिक २८ गते अज्ञात समूहले आगजनी गर्‍यो। आगलागीले भे १ज ३४३ नं को जिप पूर्णरूपमा क्षतिग्रस्त भएको थियो।

## सुर्खेत

कार्त्तिक २९ गते दमारेमा अज्ञात समूहले गुडिरहेको भे १ प ९९८ नम्बरको बसमा पेट्रोल बम प्रहार गर्दा ६ जना घाईते भएका थिए।

कार्त्तिक ११ गते बाँके क्षेत्र नं ३ बाट नेपाली काँग्रेसका प्रत्यक्ष उम्मेदवार सुशिल कोइरालाले प्रचार प्रसारमा प्रयोग गरेको भे १ च ९१७ नम्बरको गाडिमा अज्ञात समूहले आगजनि गरेको थियो।

## जाजरकोट

कार्त्तिक ५ गते नेकमा माओवादीका कार्यकर्ताले जाजरकोट जिल्ला संविधानसभा क्षेत्र नं १ को खलंगा गाविसमा चुनाव प्रचार प्रसारका लागि टाँसिएका सबै पार्टीका पम्पलेट तथा पोष्टरहरू च्यातेर फालिदिएका थिए।

कार्त्तिक ६ गते जाजरकोट क्षेत्र नं १ बाट एकीकृत नेकपा माओवादीका उम्मेद्वार शक्ति बस्नेतको प्रचार प्रसार सामाग्री लिँदै गर्दा नेकपा-माओवादीका कार्यकर्ताले खलंगा गाविसको वडा नं ८ रिम्ना गाउँबाट लुटेका थिए।

कात्तिक ७ गते चुनाव प्रचारका क्रममा जाजरकोटको ढिमे-१ दम्दाला पुगेका एकीकृत नेकपा (माओवादी)का कार्यकर्तामाथि नेकपा-माओवादी कार्यकर्ताले आक्रमण गरेका थिए। आक्रमणबाट एकीकृत नेकपा (माओवादी) का विष्णु मल्ल, शान्तबहादुर बस्नेत, सुशील जैसी र चेतबहादुर रावल घाइते भएका थिए। उनीहरूको टाउको र खुट्टामा चोट लागेको थियो।

कात्तिक ७ गते एकीकृत नेकपा माओवादीले निर्वाचन क्षेत्र नं २ को कार्कीगाउँ गाविसको वडा नं १ मा चुनावी सभा गरिरहेको अवस्थामा नेकपा - माओवादीका कार्यकर्ताले नारा लगाउँदै कार्यक्रम विथोल्ने प्रयास गरेका थिए। चुनाव प्रचार प्रसारका लागि एकीकृत माओवादी, नेकपा एमाले, नेपाली काँग्रेस लगायतका दलहरूले चुनावी आचारसंहिता विपरीत रङ्गिन पम्पलेटहरू प्रयोग गरेका थिए।

कार्त्तिक ११ गते क्षेत्र नं २ मा एमाओवादी र नेकपा-माओवादी कार्यकर्ता बीच झडप हुँदा दुवैतर्फ गरी ५ कार्यकर्ता घाइते भएका थिए।

कात्तिक २६ गते क्षेत्र नं १ को ढिमे गाविसको वडा नं १ मा एकीकृत माओवादी जाजरकोट जिल्ला

संयोजक टेकबहादुर रावल प्रचार सकेर राति सुतिरहेको अवस्थामा वैद्य माओवादीका राष्ट्रिय जनस्वयम्सेवक सङ्घका बलबहादुर मल्लको नेतृत्वमा आएको टोलीले राति ३ बजे आक्रमण गरेको थियो । आक्रमणबाट रावलसहित ४ जना एमाओवादी कार्यकर्ता घाइते हुन पुगेका थिए । क्षेत्र नं २ को मजकोट गाविसको तैया गाउँमा एमाओवादी कार्यकर्ता र नेपाली काँग्रेसका कार्यकर्ताबीच झडप हुँदा काँग्रेसका विरेन्द्र शाही गम्भिर घाइते भएका थिए ।

मंसिर १ गते क्षेत्र नं १ को खलंगा गाविसको वडा नं ७ डिंगा गाउँमा नेपाली काँग्रेसका उम्मेदवार दिपकजंग शाहलाई एमाओवादीका कार्यकर्ताले घेरावन्दि गरेका थिए । निर्वाचन आचारसंहिता विपरीत मौन अवधि शुरू भैसकेपछि पनि काँग्रेसका उम्मेदवार सहितको टोलीले गाउँमा पैसा बाँड्न गरेको एमाओवादीले आरोप लगाएको थियो ।

त्यस्तै मंसिर २ गते क्षेत्र नं १ खलंगा गाविसको वडा नं २ मा निर्वाचन कार्यालयबाट अनुमति नलिई नेपाली काँग्रेसले प्रयोग गरेको ना ४ ख ८३१७ को बसमा एमाओवादीका कार्यकर्ताले ढुंगामुढा गर्दा बसमा सामान्य क्षति पुगेको थियो ।

कात्तिक २२ गते करिब राति ११ बजे खलंगा गाविस वडा नं ८ रिम्ना गाउँ घरमै सुतिरहेको अवस्थामा १०/१२ जनाको समूहले एमाओवादी जिल्लास्तरीय नेता लिने रानालाई अपहरण गरेको थियो । मिति २०७० कार्तिक ११ गते जाजरकोट क्षेत्र नं २ मा एकिकृत नेकपा (माओवादी) को तर्फका उम्मेदवार भक्तबहादुर शाह सहितको चुनाव प्रचार प्रसार टोली माथि नेकपा-माओवादीका कार्यकर्ताले कोर्ताङ्ग गाविसको वडा नं ४ मेसु गाउँमा आक्रमण गर्दा एकिकृत माओवादीका २ जना र नेकपा-माओवादी का ३ जना कार्यकर्ता घाइते भएका थिए ।

जाजरकोट जिल्ला क्षेत्र नं १ को खनेटकोट गाविस वडा नं ७ गाँवर भन्ने गाउँमा एमाले कार्यकर्ता र नेपाली काँग्रेस कार्यकर्ताबीच भएको झडपमा नेपाली काँग्रेसका स्थानीय कार्यकर्ता नरबहादुर खत्री सख्त घाइते भएका थिए भने एमालेका कार्यकर्ता भिमबहादुर चनारालाई सामान्य चोटपटक लागेको थियो । कार्तिक १३ गते नेकपा-माओवादीका कार्यकर्ताले कालिका खेतु र महावैपाथर खोला गाविसमा टाँसिएका निर्वाचन सचेतनासम्बन्धी प्रचार प्रसार सामाग्रीहरू च्यातेका थिए भने निर्वाचन सचेतना कार्यक्रममा अवरोध पुऱ्याएका थिए ।

जाजरकोट क्षेत्र नं २ को टालेगाउँ गाविसको जनकल्याण निमावि गुप्ताले मतदान केन्द्रमा बम पड्काउने डेटोनेटर तार बिछ्याउने तयारीमा रहेको भन्दै नेकपा-माओवादीका दुई कार्यकर्ता टालेगाउँ गाविस- ७ का सुरेन्द्र सिंह र अर्जुन सिंहलाई नेपाली सेनाले पक्राउ गरेको थियो ।

## दैलेख

निर्वाचनको दिन मंसिर ४ गते दैलेख जिल्लाको चामुण्डा गाविसस्थित चामुण्डा उच्च मावि परिसरको 'क' मतदान केन्द्रमा नेकपा-माओवादीले आक्रमण गरी मतपत्र च्यात्नुका साथै मतपेटिका फुटाएर भागेपछि मतदान केहीबेर स्थगित भएको थियो । दैलेख सदरमुकाम नारायण नगरपालिकादेखि नौ किमि टाढाको सो मतदान केन्द्रको मतदान प्रक्रिया सर्वदलीय सहमतिपछि दिउँसोबाट पुनः सुरू गरिएको थियो ।

## जुम्ला

कार्त्तिक ११ गते जुम्लामा शिक्षकहरू चुनावी प्रचार प्रसारमा लागेर निर्वाचन आचारसंहिताको उल्लंघन गरे । कार्तिक १३ गते नेकपा-माओवादीले कालिका खेतु र महावैपाथरखोला गाविसमा टाँसिएका निर्वाचन सचेतना सम्बन्धिका प्रचार प्रसार सामाग्रीहरू च्यातिदिए भने समुदायमा आधारित निर्वाचन सचेतना कार्यक्रममा अवरोध

पुऱ्याए। मंसिर १ गते एमाओवादी र एमाले कार्यकर्ता बीच झडप भएको थियो।

असोज २६ गते शनिगाउँ गाविस वडा नं १ धितालिही गाउँमा एकिकृत नेकपा (माओवादी) का कर्मराज धिताललाई नेपाल मजदुर किसान पार्टीका कार्यकर्ता तथा नेपाल शिक्षक युनियन (मजदुर किसान पार्टी समर्थक) शिक्षक पूर्ण धिताल लगायत १८ जना व्यक्तिले धारिलो हतियार एवम् खुकुरी प्रहार गरी कुटपिट गरेका थिए। कात्तिक २८ गते राति अज्ञात समूहले एमाओवादीले चुनावी प्रचारमा प्रयोग गरेको बस जलाइएको थियो।

मंसिर, ४ गते बिहान जुम्ला जिल्लाको देपालगाउँ गाविसमा अज्ञात समूहबाट बम बिष्फोट गराई जनमानसमा भयत्रासको वातावरण सृजना गराउन खोजेको थियो।

# सुदुरपश्चिमाञ्चल

## कैलाली

२०७० कार्तिक २५ कैलाली जिल्ला धनगढी न.पा. स्थित कभर्डहल एरियाको सडक पट्टीको वालमा अखण्ड पार्टीले भिते लेखन गरी निर्वाचन आचारसंहिता उल्लंघन गरेको पाइएको थियो।

कात्तिक २० गते कैलालीको रामशिखरझाला गाविसमा एमाले र एमाओवादी कार्यकर्ता बीच झडप हुँदा १८ जना घाइते भएका थिए। घाइते हुनेमा १५ जना एमाओवादीका र ३ जना एमालेका कार्यकर्ता थिए।

कार्तिक २५ गते कैलाली जिल्ला निर्वाचन क्षेत्र नं. ५ का एमाओवादीका प्रत्यक्ष उम्मेदार लेखराज भट्टको गेटा गाविस वडा नं. ३ मा रहेको घर नजिकै, गेटा गाविसकै वडा नं. ५ स्थित ग्रुपको गेटमा र टिकापुर न.पा को सामुदायिक वन जाने बाटोमा बम राखिएको हल्ला सुनिएपछि नेपाली सेनाको बम डिस्पोजल टोली पुगेर अनुसन्धान गर्दा सो वस्तु बम नभएर डिब्बामा वालुवा भरी कालो टेपले बेरिएको वस्तुले आतंक सिर्जना गर्न राखिएको पाइयो।

कात्तिक ८ गते कैलाली क्षेत्र न ६ स्थित नेकपा एमालेको निर्वाचन सर्म्पक कार्यालयमा अज्ञात समूहबाट तोडफोड गरेको थियो।

कात्तिक १० गते कैलाली क्षेत्र नं.४ का राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका उम्मेदवार विरेन्द्र बमको भारतीय नम्बर प्लेटको युपी.ए.०० एफ ७१०० नम्बरको गाडी घोडाघोडी ताल नजिक तोडफोड भएको थियो।

कार्त्तिक १४ गते राती कैलाली जिल्ला निर्वाचन क्षेत्र नं. ६ मा एनेकपा माओवादीका प्रत्यक्ष उम्मेदवार लीलाकुमारी भण्डारीको फूलवारी वडा नं. ४ ई गाउँ स्थित घरमा अज्ञात समूहबाट आगजनीको प्रयास गरिएको थियो।

कार्त्तिक २४ गते बिहान ११ वजे नेपाली काँग्रेसका प्रत्यक्ष तर्फका उम्मेदवार शेरबहादुर देउवाले फूलवारी गाविस वार्ड नं. ५ मा हुने चुनावी सभालाई सम्बोधन गर्ने कार्यक्रममा एउटा नीजि विद्यालयको बसमा पम्प्लेट र झण्डासहित कार्यकर्ता ओसारपसार गर्दा र विद्यार्थीहरूको पढाई प्रभावित भएको थियो।

## डोटी

एमाओवादीका अध्यक्षको चुनाव प्रचार अभियानलाई बाधा पार्ने उद्देश्यले नेकपा-माओवादीले कार्त्तिक १ गते डोटी आछाम, बाजुरा र डँडेलधुरा बन्दको आह्वान गरेको थियो।

कार्त्तिक २ गते डोटीको बुडर बजार भन्ने ठाउँमा करिब दुई सय मिटरको दूरीमा एकीकृत माओवादी

र एमालेको आमसभा थियो भने माओवादीले बन्दको कार्यक्रम राखेको थियो। साँझ ७ बजेतिर एमाओवादी र माओवादीका कार्यकर्ताबीच चर्को विवाद हुँदा गालि बेइज्यती हुने गरी बोलेका थिए। त्यसैगरी ३ गते प्रचण्डको बाजुरा भ्रमण बिथोल्न चारवटा जिल्ला बन्द गरेको थियो।

कार्त्तिक ४ गते डोटीको निर्वाचन क्षेत्र नं २ को लक्ष्मीनगर गाविस काँग्रेसले तडकभडकका साथ भोजभतेर चलाएको थियो। यातायातमा बस र जीपको प्रयोग गरेको देखियो। अनुमानित १ लाख ५० हजार भन्दाबढि खर्च गरेको थियो।

कार्त्तिक ५ गते डोटीको सरस्वती नगर गाविस ७ मा पर्ने रत्न निम्न माध्यामिक विद्यालयको परिसरमा तामझामका साथ आमसभा गरेको थियो। विद्यालय ब्यानर र पोस्टरले हेर्न लायक थिएन। इप्रकाका ठानेदार रणबहादुर विष्टलाई कार्यालय भित्रै पसेर एमालेका कार्यकर्ताले कुटपिट गरेका थिए। यसको कारण कार्त्तिक ६ गते, लक्ष्मीनगर गाविसको घण्टेश्वर उमाविको परिसरमा भएको आमसभामा प्रेमबहादुर आले मगरले महँगो गाडी चढेर आएको माइक र साउण्ड बक्स राखेको पाइएको थियो। यो आम सभालाई धेरैले खर्चालु सभा भनेका थिए। बालबालिकालाई चुनाव प्रचारप्रसारमा प्रयोग गरेकोपनि देखिएको थियो।

यस्तै, निरौली गाविसको खहरे भन्नेठाउँमा एनेकपा माओवादी र काँग्रेस कार्यकर्ताबीच ढुंगा हानाहान भएको थियो।

कार्त्तिक २२ गते नेपाली काँग्रेसको आम सभालाई लक्षित गरेर डोटीको दुर्गामाण्डौ गाविसमा अज्ञात समूहले राखेको विष्फोटक पदार्थ नेपाली सेनाले डिस्पोज गरेको थियो। जोरायलको लक्ष्मीनगरमा निजी घरहरूमा जबरजस्ति पर्चापमप्लेट टाँसेका दृश्य देखिएको थियो।

कार्त्तिक २४ गते एमालेका कार्यकर्ताले छतिवनमा ज्याकेट र टोपीमा चुनाव चिह्न राखेर लगाई हिंडेको देखिएको थियो। कार्त्तिक २५ गते, नेपाली काँग्रेसले लक्ष्मीनगरको एउटा विद्यालयमा अफ्नो पार्टीको ब्यानर टाँसेको थियो।

कार्त्तिक २७ गते एमालेले चुनावी चिह्नको झण्डा निरौली स्थित रघुनाथ उच्चमाविमा टाँगेको पाइएको थियो।

## कञ्चनपुर

असोज १६ गते म्यादी प्रहरीको छनौट अछाम मै हुनु पर्ने माग राख्दै आएका युवाहरूले अछामस्थित निर्वाचन कार्यालयसहित तीन सरकारी कार्यालयमा तोडफोड गरेका थिए।

असोज १७ गते संविधानसभा निर्वाचनको विरोधमा रहेको नेकपा-माओवादी जिल्ला समिति कञ्चनपुरले एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड), एमाले अध्यक्ष ऋलनाथ खनाल, नेपाली काँग्रेसका सभापति सुशील कोइराला र मधेशी लोकतान्त्रिकका अध्यक्ष विजय गच्छदारको पुत्ला दहन गरको थियो।

असोज १६ गते अखण्ड सुदुरपश्चिम पार्टीले आचारसंहिता विपरीत रंगिन पर्चा छापेर चुनाव प्रचार गरेको थियो। त्यस्तै उक्त पार्टीले सरकारी स्वामित्वको विद्युत र टेलिफोन लाईनका पोलहरूमा समेत पर्चा टाँसेको थियो।

कात्तिक ६ गते राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालले महेन्द्रनगरमा सरकारी सम्पत्तिका साथै विद्युतीय संचार माध्यमबाट प्रत्यक्ष प्रसारण गरेर चुनावीसभा गरेको थियो। सभामा भीमदत्त नगरपालिकाको रोस्टम प्रयोग गरिएको थियो।

कात्तिक ८ गते एकीकृत नेकपा माओवादीले निर्माणाधिन भीमदत्त स्मारकमा आफ्नो नारा लेखेको, नेपाली काँग्रेसले टेलीकमको कम्पाउण्डमा भित्तेलेखन र एमालेले मदनचोक नजिक ब्यानर झुण्ड्याएको पाइयो।

कात्तिक ९ गते एकीकृत माओवादी क्षेत्र नम्बर-४ का उम्मेदवार मोहन गिरीको प्रचारप्रसारका लागि महेन्द्रनगरबाट ब्रह्मदेव जाँदै गरेको म १ च ७३ नम्बरको महेन्द्रा जिपमा अज्ञात समूहले आगजनी गरेको थियो।

कात्तिक १० गते कञ्चनपुर क्षेत्र नं. २ तराई मधेश सद्भावना पार्टी नेपालका उम्मेदवार राम औतार राना ले से. १ प. १२७ नम्बरको गाडीमा विभिन्न रंगका पर्चा र पम्पलेटहरू टाँसेर प्रचार गरी निर्वाचन आचारसंहिता उल्लङ्घन गरेका थिए।

कात्तिक २५ गते कञ्चनपुर सदरमुकाम महेन्द्रनगरमा शंकास्पद वस्तु फेला परेको थियो।

कात्तिक २६ गते एमाओवादीको मेची-महाकाली राष्ट्रिय जनजागरण अभियानको समापन स्थल महेन्द्रनगरको खुल्लामञ्च सँगै रहेको बाल मन्दिर नजिकै अज्ञात समूहले बम राखेका थिए।

एकीकृत नेकपा (माओवादी)का अध्यक्ष पुष्पकमल दाहाललाई लक्षित गरेर २७ कात्तिकमा अज्ञात समूहले बम बिस्फोट गरायो। प्रहरीका अनुसार अध्यक्ष दाहाल कञ्चनपुरको दक्षिणी क्षेत्र बेलौरी जाने क्रममा देखतभूली-१ ढक्कापुर जङ्गलमा अज्ञात समूहले बम विस्फोट गराएको हो। अध्यक्ष दाहाल चढेको गाडी बम विस्फोट भएको स्थानबाट १०० मिटर अगाडि पुगिसकेकोले बिस्फोटनबाट क्षति हुन भने पाएन।

कात्तिक २७ गते अखण्ड सुदूरपश्चिम पार्टी क्षेत्र नं १ कञ्चनपुरका उम्मेदवार श्याम भट्टको पसलमा आगजनिको प्रयास अज्ञात समूहले गरेको थियो।

कात्तिक २८ गते नेपाली काँग्रेसका रमेश लेखक, बहादादुर थापा, एमाओवादीका मोहन गिरी, विना मगर, राप्रपाका धर्मराज जोशी लगायतका केही उम्मेदवारहरूले रेडियो शुक्लाफाँटा मार्फत दसैं, तिहार र छट पर्वको अवसरमा शुभकामना शैलीमा भोट दिन आग्रह गरेका थिए।

कार्तिक २८ गते अज्ञात समूहले कञ्चनपुरको कृष्णपुर-२ वाणीस्थित सरस्वति माध्यामिक विद्यालय नजिकै सुतली बम, कृष्णपुरकै बंक र पहरियाको भिण्डी बजारमा शंकास्पद बस्तु राखेर स्थानीयलाई त्रसित बनाएको थियो।

निर्वाचन आयोगको आचारसंहिता विपरित दलहरूका कार्यकर्ताहरू मतदाताहरूलाई घरदेखि ओसार्ने काम गरेका थिए भने जिल्ला प्रशासन कार्यालयको सवारी साधन अनुमती पत्र बिनै सवारी साधन संचालन गरेका थिए। दलहरूका कार्यकर्ताहरू मतदान स्थल गेटमै भिड लगाएर आफ्नो दलको उम्मेदवारलाई भोट दिन दबाब दिँदै गरेको देखिए। कञ्चनपुरका निर्वाचन क्षेत्र नम्बर १ मा प्रत्यक्ष तर्फका उम्मेदवारहरू नै भित्र पसी नमस्कार गर्दै मतदाताहरूलाई रिझाउँदै (जस्तै क्षेत्र नम्बर १ को रौलेश्वर उमाविमा राप्रपा नेपालका उम्मेदवार कर्ण विष्ट र कालिका प्राविमा काँग्रेस उम्मेदवार दिवान विष्ट) भित्रै प्रवेश गरका थिए।

## डँडेलधुरा

कात्तिक १० गते नेपाली काँग्रेसले निर्वाचन आयोगको अनुमति विना थुप्रै सवारी साधनको प्रयोग गरेका थियो भने कात्तिक ११ गते कोटेली गाविसमा एमाओवादीले राष्ट्रिय जनमोर्चाको चुनावी सभालाई बिथोल्ने प्रयास गरेको थियो। सोही दिन एमाओवादीले वेलापुर गाविसमा नेपाली काँग्रेसको चुनावी सभालाई पनि बिथोल्ने प्रयास गरेको थियो। कात्तिक १२ गते नेपाली काँग्रेसले शिर्ष गाविसमा आयोजना गरेको चुनावी ऱ्यालीमा विद्यालयका विद्यार्थीलाई सहभागि गराएको थियो।

कात्तिक १६ गते आलिताल गाविसको गोदाम बजारमा रातको ११ बजेसम्म नारा, जुलुश र माईकिङ्ग भएको थियो। कात्तिक १६ नै गते आलिताल, जोगबुढा, शिर्ष र बगरकोट गाविसका विभिन्न ठाउँमा अज्ञात समूहले बम राखेर जनजीवन आतंकित बनाएका थिए। कात्तिक २८ गते जोगबुढा गाविसको पुन्तुरामा नेपाली काँग्रेस र एमाओवादीका कार्यकर्ताबीच झडप हुँदा नेपाली काँग्रेसका समानुपातिक उम्मेदवार नरभान कामी घाइते भएका थिए। त्यस्तै कात्तिक २३ गते गणेशपुर गाविसमा नेकपा एमाले र नेपाली काँग्रेसका कार्यकर्ताबीच झडप भएको थियो। कात्तिक २४ गते धनगढिबाट तरकारी बोकेर आउँदै गरेको पिक अप भ्यान असीग्राम गाविसमा अज्ञात समूहले तोडफोड गरेका थिए। कात्तिक २५ गते आलिताल गाविस ५ मा एमाओवादीको चुनावी सभाबाट फर्किएको ना ४ ख २२६८ नम्बरको बस अज्ञात समूहले आगजनी गरेको थियो।

मंसिर १ गते अमरगढि नगरपालिका ५ मौरोडामा मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) का प्रत्यक्ष उम्मेदवार सन्तोष भट्टको मोटरसाईकल अज्ञात समूहले तोडफोड गरेको थियो। मंसिर १ गते नै जोगबुढा गाविसको सादनी र डंडेलधुरा र बैतडीको सीमानामा पर्ने विप्याकटालमा बमहरू राखिएको भेटिएका थियो। निर्वाचनको अघिल्लो दिन मंसिर ४ गते आलीताल गाविस ३, बाहिरीसैनमा पनि प्रेसरकुकर बम राखी जनजीवन आतंकित बनाएको थियो।

कात्तिक २८ गते अज्ञात समूहले डंडेलधुराको आलितालमा पार्किङ गरिएको बसमा आगजनी गरेको थियो। आलिताल-५ मौरे भन्ने ठाउँमा पार्किङ गरिएको ना ४ ख २२६८ नम्बरको बसमा चालकसहितका गाडी स्टाफ सुतिरहेकै अवस्थामा राति १२ बजे अज्ञात समूहले आगजनी गरेको थियो। बसमा लागेको आगोको धुँवा निस्केको थाहा पाएपछि बसभित्र सुतिरहेका तीनै जना भागेर बाँच्न सफल भएका थिए। बस पूर्ण रूपमा जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय डँडेलधुराले जानकारी दिएको थियो। त्यस्तै आसन्न संविधानसभा निर्वाचनमा डँडेल्धुराबाट प्रत्यक्षतर्फको चुनावी प्रतिस्पर्धामा रहेका मधेसी जनअधिकार फोरम लोकतान्त्रिकका उम्मेदवार सन्तोष भट्टको मोटरसाईकलमा आगजनी भएको थियो। अज्ञात समूहले रातको समय पारेर फोरम लोकतान्त्रिकका उम्मेदवार भट्टको से १ प ६१८१ नम्बरको मोटरसाईकलमा आगजनी गरेका थिए। बागबजार नजिकैको ४० को मोड भन्ने स्थानबाट कच्ची बाटो भएर आफ्नो घर मौरडातर्फ जाँदै गरेका उम्मेदवार भट्टको मोटरसाईकल १० जनाको समूहमा आएको अज्ञात समूहले जलाएको डँडेलधुरा प्रहरीले जानकारी दिएको थियो। कात्तिक २५ गते नेकपा-माओवादीले आह्वान गरेको नेपाल बन्दका क्रममा डँडेलधुरा सदरमुकामबाट साहुखर्कका लागि छुटेको से १ ज १४७ नम्बरको गुड्दै गरेको यात्रु बाहाक बसमा तीन गोली प्रहार भएको थियो।

## जाजरकोट

कार्तिक २६ आफ्नो पार्टीको चुनावी प्रचार प्रसारमा हिडेका एकिकृत नेकपा माओवादीका कार्यकर्तालाई गाविसका विष्णु मल्ल, सक्ला गाविस ४ का ३२ वर्षिय शात्त ब. बस्नेत, सोही गाविस ७ का शुसील जैधी र सोही गाविस ३ का चेतबहादुर रावललाई सोही राति १२ बजेतीर ४०/५० जनाको संख्यामा आएका नेकपा माओवादीका कार्यकर्ताहरूले कुटपिट गरी गम्भीर घाईते बनाएका थिए।

ढिमे १, दम्दालामा नेकपा माओवादी र एमाओवादी कार्यकर्ताबीच झडप हुँदा एमाओवादीकासान्तबहादुर बस्नेत, विष्णु मल्ल, शुसील गौतम र चेतबहादुर रावल घाइते भएका थिए।

कार्तिक २७ गते मझेरी ७ साल्मामा राति एमाले र एकिकृतको कार्यकर्ता बीच झडप भएको थियो। खलङ्गा ८, पिपे रानीवनमा राति ६ थान थ्रीअफ, ३८५ थान गोली बरामद गरिएको थियो। कोर्ताङ्गमा एमाओवादीबाट माओवादीका कार्यकर्ता कल्पना, विर बहादुर खड्का सह-इन्चार्ज माथि कुटपिट गरी घाइते बनाएका थिए।

कार्तिक २८ गते नेपाली कांग्रेस क्षेत्र नं. २ का सचिव विरेन्द्र शाहलाई राति ८ बजेतिर एकिकृत नेकपा

माओवादीका ४०/४५ जनाको संख्याका कार्यकर्ताहरूले धारिलो हतियार खुकुरी टाउकोमा प्रहार गरी गम्भीर घाईते बनाएका थिए। उनको जिल्लामा उपचार हुन नसक्ने भएपछि कात्तिक २८ गते उपचारको लागि हेलिकप्टरबाट काठमाडौं लगिएको थियो।

मंसिर २ गते, निर्वाचन क्षेत्र नं १ का नेपाली काँग्रेस का उम्मेदवार दिपक जंग शाहलाई खलंगा गाविसको वडा नं ७ डिंगा गाउँमा एमाओवादीका कार्यकर्ताले पैसा बाँड्न आएको भन्दै रातभरि घेरावन्दि गरी राखेका थिए।

मंसीर ३ गते, एकिकृत नेकपा माओवादीका कार्यकर्ता र नेपाली काँग्रेसका कार्यकर्ताबीच मंसिर ३ गते बेलुका ८ बजेतिर खलंगा गाविसको वडा नं २ स्यालामा झडप हुँदा नेपाली काँग्रेसका कार्यकर्ता भिम साह र गोकर्ण शाह गम्भीर घाईते भएका थिए। जनकल्याण नि.मा.वि. गुमथले टालेगाउँ मतदान केन्द्रको १० मिटर दुरीमा सुरक्षा चेकको क्रममा १ थान डेटोनेटर सहित २ जना पक्राउ परेका थिए। कार्कीगाउँ नेटा २, कार्कीगाउँ ९ गाडेसारमा बिहान ९ बजे, कोर्ताङ, खलङ्गा, डाडाँगाउँमा बम विष्फोट भएको थियो। कार्कीगाउँ सिरूगार मतदान केन्द्र कब्जाको उद्देश्यले नेकपा माओवादी तथा एमाओवादीबीच झडप भएको थियो।

## परिच्छेद - ९

# संविधानसभा -२ निर्वाचन सम्बन्धि केही तथ्य विश्लेषण

### समानुपातिक सूचिमा कुनै पनि दलले ३३५ पुऱ्याएनन्

प्रत्यक्षतर्फ २ सय ४० निर्वाचन क्षेत्रमा प्रतिस्पर्धा गरिरहेका प्रमुख दलहरूले समेत समानुपातिकतर्फ ३ सय ३५ उम्मेदवार कायम राख्न सकेनन् । केही उम्मेदवार निर्वाचन कानून विपरित रहेको हुँदा उनीहरूको नाम सूचिबाट हटाइँदा समानुपातिकमा ठूला दलहरूलेसमेत ३३५ को सूचि पुऱ्याउन नसकेका हुन् । निर्वाचन आयोगले समानुपातिकतर्फ १ सय २२ दलले बुझाएको बन्दसूचीबाट ३ सय २ उम्मेदवारलाई अयोग्य ठहर गर्दै उनीहरूको नाम सूचिबाट हटाएको थियो ।

**निर्वाचन आयोग**
**निर्वाचन अधिकृतको कार्यालय**
**(समानुपातिक निर्वाचन प्रणाली)**
**कान्तिपथ, काठमाण्डौं ।**

**उम्मेदवारको योग्यताको सम्बन्धमा प्राप्त भएको दावी विरोधको उजुरी दर्ताको सूचना**

संविधानसभा सदस्यको समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत हुने निर्वाचनको लागि देहाय बमोजिमका राजनीतिक दलहरुले पेश गरेका बन्दसूचीका देहायका व्यक्ति/व्यक्तिहरुको विरोधमा देहायबमोजिम उजुरी दर्ता भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित पक्षहरुले आ–आफ्नो सबुत प्रमाणसाथ मिति २०७०।०७।१६ गतेका दिन बिहान ११:00 बजे निर्वाचन आयोगमा अनिवार्यरुपमा उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ । उपस्थित नभएमा कानूनबमोजिम भै जाने व्यहोरासमेत जानकारी गराइन्छ ।

| क्र.सं. | उजुरी दर्ता नं. | उजुरीकर्ताको विवरण | | | | उजुरीको व्यहोरा | उजुरी गरिएको उम्मेदवारको | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पूरा नाम | ठेगाना | राजनीतिक दलको नाम | बन्द सूचीको क्र.सं. | | पूरा नाम | ठेगाना | राजनीतिक दलको नाम | बन्द सूचीको क्र.सं. | |
| १. | १ | रामकुमारी झाँक्री | काठमाण्डौं–३४,बानेश्वर | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | २१९ | सम्मानित सर्वोच्च अदालतले ज्यानसम्बन्धी फौजदारी कसुरमा दोषी ठहर गरेको । | बालकृष्ण ढुंगेल | पोकली–२, ओखलढुंगा | एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | २६५ | |
| २ | २ | राधेश्याम विश्वकर्मा | जनकपुर, धनुषा | विश्व सत्यवादी पार्टी | ४ | राष्ट्रिय दलित आयोगमा सदस्य पदमा रहेको | अनिता कुमारी परियार | इटहरी–५, सुनसरी | एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | १८ | |
| ३ | ३ | राधेश्याम विश्वकर्मा | जनकपुर, धनुषा | विश्व सत्यवादी पार्टी | ४ | राष्ट्रिय दलित आयोगमा सदस्य पदमा रहेको | धनमाया वि.क. (खनाल) | लेगुवा–३, धनकुटा | एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | २९९ | |
| ४ | ४ | लैलाकुमारी गहतराज | माँखा–५, सिन्धुपाल्चोक | समाजवादी जनता पार्टी | ३८ | भारतीय नागरिकसँग विवाह गरी भारतको र नेपालको समेत दोहोरो नागरिकता लिएको | रिता थापा मगर | पोखरा–१६, कास्की | समाजवादी जनता पार्टी | १० | |
| ५ | ५ | संगिता तामाङ | मामिङ–५, सिन्धुपाल्चोक | जनजागरण पार्टी | ८९ | दोहोरो सुविधा लिएको | हरिराम श्रीपाईली | तौनिया–१, कैलाली | एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | १९६ | |
| ६ | ६ | हिरा चन्द्र चौलागाई | पांखा–२, कालिकोट | लिग नेपाल शान्ति एकता पार्टी | ३६ | ठगी र नेपालबाट दोहोरो नागरिकता लिएको । | विमला लक्ष्मी शाह | काठमाण्डौं–५, काठमाण्डौं | लिग नेपाल शान्ति एकता पार्टी | ४२ | |
| ७ | ७ | मोहम्मद जाकिर हुसैन | पकली–३, सुनसरी | एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | २० | राष्ट्रिय मुस्लिम आयोगमा सदस्य पदमा रहेको आदी | उषा साह (फकिर) | काठमाण्डौं–३, महाराजगंज | एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | २९१ | |

मिति : २०७०।०७।१३
समय : साँझ ५:३० बजे

..............................
निर्वाचन अधिकृत

आयोगका अनुसार समानुपातिकतर्फ कांग्रेसको ३ सय ३४, एमालेको ३ सय ३३ र एमाओवादीको ३ सय ३२ उम्मेदवार रहेका थिए। यस्तै नेकपा माले ३ सय ३२, राप्रपा नेपाल ३ सय ३०, संघीय समाजवादी ३ सय ३० र राप्रपा ३ सय १८ उम्मेदवारमा सीमित हुन पुगे। दलहरूले आयोगमा नाम दर्ता गराएका ११ हजार ११ उम्मेदवारमध्ये ६ जनाले आफ्नो नाम फिर्ता लिन निवेदन दिएका थिए भने अन्य २ सय ९६ जना निर्वाचन काननुअनुसार उम्मेदवार रहिरहन अयोग्य ठहरिएका हुन्। समानुपातिकतर्फको बन्दसूचीका उम्मेदवार संख्या १० हजार ७ सय ९ कायम भएको थियो। १ सय ४८ जनाको नाम रद्द भएको थियो। सूचीमा नाम दर्ता नभएका कारण ७३ जनाको उम्मेदवारी खारेजीमा परेको थियो। निर्वाचन कानूनअनुसार संविधानसभा सदस्य निर्वाचनमा उम्मेदवार बन्न २५ वर्षउमेर पूरा भएको र फोटोसहितको मतदातासूचीमा नाम भएको हुनुपर्ने व्यवस्था थियो।

आयोगले व्यक्ति हत्याको आरोपमा सर्वोच्चबाट सजाय सुनाइएका एमाओवादी उम्मेदवार बालकृष्ण ढुंगेलको उम्मेदवारी खारेज गरेको थियो। त्यसैगरी सरकारी लाभको पदमा भएका ४ जना समानुपातिकतर्फको प्रतिस्पर्धाबाट बाहिरिएका थिए। त्यसैगरी प्रत्यक्षतर्फपनि उम्मेदवार भएका १९ जनाको समानुपातिकमा परेकाले खारेज भएको थियो भने समानुपातिकमै दोहोरो नाम भएका कारण ४८ उम्मेदवारको संख्या कम भएको थियो। सबैभन्दा बढी उम्मेदवारी रद्द हुनेमा फोरम लोकतान्त्रिकका थिए। उसका ६४ उम्मेदवार सूचीबाट हटेका थिए। १८ हजार ६ सय ८० मत ल्याउनेले समानुपातिकतर्फबाट १ सिट प्राप्त गरेको थियो। यसपटकको संविधानसभामा समानुपातिकतर्फबाट ३० दलको प्रतिनिधित्व रहेको छ। यसअघिको संविधानसभामा २५ दलको सहभागिता रहेको थियो भने समानुपातिक निर्वाचनमा कम्तीमा २१ हजार मत प्राप्त गरेका दलले एक सिट प्राप्त गरेका थिए।

## संविधानसभा निर्वाचनमा बालबालिकाको प्रयोग

निर्वाचन आयोगद्वारा जारी निर्वाचन आचारसंहिता तथा अन्तर्राष्ट्रिय बाल अधिकार महासन्धि १९८९ विपरित दलहरूले बालबालिकालाई चुनावप्रचारप्रसारको हतियार बनाए। राष्ट्रिय मानव अधिकार आयोग र संयुक्त राष्ट्रसंघीय बाल कोष (युनिसेफ)ले आसन्न संविधानसभाको निर्वाचनको क्रममा राजनीतिक दलहरूका चुनावी प्रचार गतिविधिमा बालबालिका प्रयोग गर्ननदिन कडाइ गर्ने बताएपनि विद्यालयमा शिक्षासमेत प्रभावित हुने गरी बालबालिकाको प्रयोग भए। विद्यालयमा चुनावी कार्यक्रम भए। जुलुस, र्‍याली, जनसभाहरूमा पनि बालबालिकाको प्रयोग भएको पाइयो। अन्तर्राष्ट्रिय बाल अधिकार महासन्धि १९८९ पारित गर्दा पूर्ण: सहमति जनाएको र सरकारले अनुमोदनसमेत गरिसकेकाले सो महासन्धिअनुसार १८ वर्षमुनिका कोही पनि बालबालिका राजनीतिक क्रियाकलापमा प्रयोग गर्न पाइँदैन। तर भुक्याउने, छलछाम, प्रलोभन वा डरत्रास देखाएर बालबालिकाको प्रयोग हुने गरेको अनुगमनका क्रममा पाइयो।

निर्वाचन सम्पन्न भएलगत्तै केन्द्रीय बाल कल्याण समितिले आफ्नो प्रतिवेदन सार्वजनिक गर्दै निर्वाचनमा प्राय सबै दलहरूले बालबालिकाको प्रयोग गरेको बताएको थियो। उक्त प्रतिवेदनमा निर्वाचनको समयमा नेपाली कांग्रेसले ३६ प्रतिशत, एमालेले ३४ प्रतिशत, एकीकृत माओवादीले २० प्रतिशत र राप्रपा नेपालले ७ प्रतिशत बालबालिकाको प्रयोग गरेको उल्लेख गरिएको छ। ८६ प्रतिशत मतदान केन्द्र विद्यालयमा राखिएको, २६ प्रतिशत मतदान केन्द्र अन्य सार्वजनिक स्थानमा राखिएको र एक प्रतिशत मतदान केन्द्र स्वास्थ्य चौकी तथा पुस्तकालयमा राखिएकाले निर्वाचनमा बालबालिकाको प्रयोग बढेको उल्लेख गरेको छ।

उक्त प्रतिवेदनमा २०७० कात्तिक १ गते सर्लाहीको सिसौटिया गाविस वडा नम्बर ५ का गरिब र दलित समुदायका चार बालकलाई मादक पदार्थ सेवन गराएर पोस्टर टाँस्न प्रयोग गरिएको गम्भिर कुरा उल्लेख गरेको छ।

माधक पदार्थ सेवनका कारण ती बालकहरू अस्वस्थसमेत हुन पुगेका थिए। बारा क्षेत्र नम्बर ६ मझौलिया निर्वाचन केन्द्रको अमर उच्च माविमा कक्षा ५ मा अध्ययनरत १४ वर्ष बालिका मतदान प्रतिनिधिका रुपमा

रहेको जनाइएको छ। निर्वाचनका सबै चरण (निर्वाचनपूर्व, निर्वाचनको दिन र निर्वाचनपश्चात) ७५ जिल्लामै गरिएको ४ सय ४१ घटनाको अनुगमनमा १२ हजार ४ सय २९ बालबालिकालाई प्रत्यक्ष प्रयोग गरेको पाइएको प्रतिवेदनमा जनाइएको छ। त्यसमध्ये १ सय ४६ गतिविधि विद्यालयभित्रै भएका थिए भने २ सय ९५ अन्य स्थानमा थिए।

निर्वाचनका बेला हुने हिंसात्मक घटनामा पनि बालबालिका प्रत्यक्ष प्रभावित बने। अज्ञात समूहले प्रहार गरेको र ठाउँठाउँमा छाडिएको बम, विस्फोटक पदार्थबाट एक जनाको मृत्यु भयो भने १६ बालबालिका अंगभंग तथा गम्भीर घाइते हुन पुगे।

निर्वाचनकै दिन भोटेवहालस्थित अरनिको विद्यालयमा राखिएको मतदान केन्द्र नजिक बेबारिसे बम पड्कँदा कक्षा १ मा अध्ययनरत ८ वर्षीय समिर खड्गी गम्भिर घाइते हुन पुगेका थिए। सो घटनामा सुनिता बलामी र गंगा बलामा सामान्य घाइते भएका थिए। कार्तिक २७ गते काठमाडौँको सामाखुशीमा अपरिचित समूहले गुडिरहेको माइक्रोबसमा पेट्रोल बम प्रहार गर्दा ८ जना घाइते भए। सो बम प्रहारबाट दोलखा डाँडाखर्ककी नितु श्रेष्ठ र उनकी साढे ४ वर्षकी छोरी मञ्जु पनि घाइते भएकी थिइन। मंसिर १ गते काठमाडौँको सतुंगल गुर्जुधारामा एक यात्रुबसमा पेट्रोल बम प्रहार हुँदा एक बालक गम्भिर घाइते हुन पुगेका थिए।

मकवानपुर जिल्लाको बसहामाडीमा अज्ञात समूहले २०७० कात्तिक २८ मा पेट्रोल बम प्रहार गर्दा बसमा खलासीका रुपमा कार्यरत १७ वर्ष राकेश यादवको उपचारका क्रममा मृत्यु भयो।

कात्तिक २३ मा ताप्लेजुङको खोकलिङ गाविसको मोती उच्चमाविमा एमालेले आमसभा गरिरहेका बेला अज्ञात समूहले बम प्रहार गर्दा १२ वर्षीय पदम मगर घाइते भए।

## संविधानसभामा महिला प्रतिनिधित्व घट्यो

मंसिर ४ मा सम्पन्न दोस्रो संविधानसभा निर्वाचनबाट संविधानसभामा सहभागिता महिला संख्या यसअघिको तुलनामा घटेको छ। यसअघिको संविधानसभामामा महिला मतदाता संख्या पुरुषको तुलनामा २ झण्डै प्रतिशतले बढी थियो भने हरेक मतदानस्थलमा प्राय महिलाकै संख्या बढी भेटिएको थियो। तर संविधानसभामा महिला प्रतिनिधित्व भने दुःख लाग्दो छ।

निर्वाचित ५ सय ७५ जना सभासदहरु मध्ये जम्मा १ सय ७२ अर्थात् ३० प्रतिशत मात्र महिलाको प्रतिनिधित्व रहेको छ। त्यसमा पनि प्रत्यक्ष तर्फ २ सय ४० निर्वाचित सभासदमध्ये जम्मा १० जना अर्थात् ४ प्रतिशत र समानुपातिक तर्फको ३ सय ३५ सिटमा जम्मा १६२ जना अर्थात् ४८.३५ प्रतिशत महिला सभासदहरु विभिन्न दलको तर्फबाट निर्वाचित भएका छन्।

पहिलो संविधानसभा निर्वाचनमा प्रत्यक्षतर्फ ३० जना महिला विजयी भएका थिए। त्यसो त संविधानसभा-२ को निर्वाचनमा ६ हजार ३ सय ४३ कुल उम्मेदवार मध्ये ६७२ महिला उम्मेदवार थिए।

महिला उम्मेदवारको संख्या कम भएकै कारण विजयी महिलाको संख्या पनि कम भएको भन्न सकिने आधार एउटा हुन सक्छ। तर प्रत्यक्षतर्फ सबै दलले कम महिला उम्मेदवार उठाए र प्रतिस्पर्धामा उत्रेका मध्ये पनि थोरै मात्र महिला विजयी हुन सके। त्यसैले पनि यसपटक संविधानसभामा उपस्थित हुने महिला संख्या कम भएको हो। पहिलो संविधानसभामा प्रत्यक्ष र समानुपातिकतर्फबाट गरी १९७ जना महिला सहभागि थिए।

नेपालको अन्तरिम संविधान २०६३ ले महिलालाई राज्यको हरेक संयन्त्रमा कम्तीमा एकतिहाई अर्थात् ३३ प्रतिशत महिला प्रतिनिधित्व गराउनुपर्ने उल्लेख गरेको छ।

संविधानसभा- २ को निर्वाचनमा पहिलो र दोस्रो पार्टी बनेको नेपाली कांग्रेस र नेकपा एमालेले आफ्नो घोषणापत्रमा महिलाको ३३ प्रतिशत सुनिश्चित गराउने प्रतिबद्धता गरेका थिए्। यसैगरी तेस्रो पार्टी बन्न पुगेको एकीकृत नेकपा माओवादीले त झन राज्यका हरेक संयन्त्रमा महिलाको ५० प्रतिशत सुनिश्चित गर्न प्रतिबद्धता गरेको थियो। तर यो प्रतिबद्धता कागजमा मात्र देखिएको छ भने व्यवहारमा लागू हुन सकेको छैन।

## अपेक्षित सफल हुन सकेन मतदाता शिक्षा

आयोगले संविधानसभा सदस्य निर्वाचन, २०७० को निर्वाचन प्रक्रियामा मतदाताहरूको सहभागिता उच्च तुल्याउन, बदर मतको प्रतिशतलाई न्यूनीकरण गर्न र निर्वाचनका सरोकारवालाहरूको सचेतना अभिवृद्धि गर्ने उद्देश्यले निर्वाचनको समयमा केन्द्रदेखि मतदानस्थलसम्मको संरचना तयार गरी मतदाताको घरदैलोसम्म मतदाता शिक्षा पुऱ्याउने कार्य गरेको थियो। मतदाता शिक्षाका लागि निर्वाचन शिक्षा कार्यकर्ता ४,७२१, मतदाता शिक्षा स्वयम्सेवक १०,०१३, स्थानीय समन्वयकर्ता ४,७२१, सुपरीवेक्षक १०,०१३ र जिल्ला समन्वयकर्ता २४० जना गरी जम्मा २९,७०८ जना जनशक्ति परिचालित गरेको जनाएको थियो। त्यसैगरी आमसंचार, सडक नाटक, कन्सर्ट पनि गरेको थियो। तर मतदाता शिक्षाका लागि करोडौं रकम खर्चिएपछि नतिजा आउँदा देखिएको बदर मतले सो कार्यक्रमलाई उपलब्धिमूलक भन्न सकिँदैन। संविधानसभा-२ निर्वाचनमा ७ लाख ८४ हजार ६ सय ६७ मत बदर भएको छ। निर्वाचन अयोगले सार्वजनिक गरेको तथ्याङ्कअनुसार प्रत्यक्षतर्फ भएको मतदानमा ४ लाख ७१ हजार ८ सय २६ मत बदर भएको छ भने समानुपातिकतर्फ ३ लाख १२ हजार ८ सय ४१ मत बदर भएको हो। देशभर खसेको जम्मा मतको प्रत्यक्षतर्फ ४ दशमलव ९६ प्रतिशत मत बदर भएको छ भने समानुपातिकतर्फ ३ दशमलव २ प्रतिशत मत बदर भएको आयोगले जनाएको छ।

निर्वाचनमा मत बदर नहोस् भनेर निर्वाचन आयोगले देशैभर करोडौं रुपैयाँ खर्च गरेको थियो। मतदातालाई मतदाता शिक्षाका बारेमा जानकारी दिन देशैभर कर्मचारी खटाएको थियो। मतदाता शिक्षा कार्यक्रम अनुसार कर्मचारीहरूले मतदाताकै घरमा पुगेर मतदान गर्ने तरिका सिकाउनुपर्ने थियो तर मतदाता शिक्षा कार्यक्रममा खटिएका थोरै मात्रै कर्मचारी मतदाताका घरदैलोमा पुगे भने धेरैजसोले आफ्नो जिम्मेबारी पूरा नगरेको टिप्पणी पर्यवेक्षणका क्रममा गुनासाहरु आएका थिए। मतदाताहरूले उचित किसिमको मतदाता शिक्षा नपाएको कारण मतगणना गर्दा सबै केन्द्रमा औँठा छाप लगाएका, एउटै मतपत्रमा २ वटा चिह्नमा छाप लगाइएको जस्ता कारणले धेरै मतपत्रहरू बदर भएको देखिन्छ।

अघिल्लो संविधानसभामा देशैभर गत संविधान सभा निर्वाचनमा ५ लाख ६० हजारभन्दा बढी मत बदर भएको थियो। यो कुल मतको ५ दशमलव १५ प्रतिशत थियो। ठूलो संख्यामा मत बदर भएका कारण निर्वाचन आयोगले मतदाता शिक्षामा विशेष जोड दिएको थियो। यस्तै निर्वाचन आयोगले यसपटक मतदाता शिक्षाका लागि आम सञ्चारमाध्यमको समेत व्यापक प्रयोग गरेको थियो।

आयोगले मतदाता शिक्षाका लागि 'झोलादेखि मेलासम्म' को अवधारणा ल्याएको र धामीझाँक्रि सम्मेलनदेखि धार्मिक मेलासम्ममा आयोगका कर्मचारीले मतदाता शिक्षा सञ्चालन गर्ने कार्यक्रम ल्याएको थियो। त्यस्तै सबै भाषाभाषीले मतदाता शिक्षा पाउन भनेर मिडियामा विभिन्न जातिको पहिचान जनाउने पोशाक लगाई विभिन्न भाषामा प्रचारप्रसार गरेको थियो। मतदानका अन्य कार्यमा लाग्ने खर्चभन्दा बढी खर्च मतदाता शिक्षामा खर्च गरिएको तर सफलता अपेक्षित बन्न सकेको पाइँदैन। विगतको भन्दा बदर मत कम छ, तर निर्वाचन आयोगले गरेको खर्चको हिसाबकिताब गर्दा यो बदर मतलाई सामान्य मान्न सकिँदैन।

## आयोगलाई प्रतिवेदन बुझाउने र नबुझाउने संस्थाहरू

४ मंसिरमा सम्पन्न दोस्रो संविधानसभा निर्वाचनको पर्यवेक्षण गरेका ३९ राष्ट्रिय पर्यवेक्षक संस्थाले अनुगमनको प्रारम्भिक प्रतिवेदन निर्वाचन आयोगलाई बुझाएका छन् । अन्तिम प्रतिवेदन बुझाउने समयसीमा ४ फागुनसम्म कायम गरिएको अवधिमा ४६ पर्यवेवक्षक संस्थामध्ये ३९ ले प्रारम्भिक प्रतिवेदन बुझाएका हुन् । निर्वाचन पर्यवेक्षण गरेका तीन अन्तर्राष्ट्रिय संस्थाले पनि प्रारम्भिक प्रतिवेदन आयोगमा बुझाएका हुन् । अघिल्लो संविधानसभा निर्वाचन पर्यवेक्षण गरेका १ सय ३० मध्ये ३८ संस्थाले मात्र प्रतिवेदन बुझाएका थिए ।

आयोगका अनुसार सातवटा पर्यवेक्षण गरेका संस्थाले तोकिएको समयमा प्रारम्भिक प्रतिवेदन बुझाएका छैनन् । पर्यवेक्षक आचारसंहिताअनुसार पर्यवेक्षक संस्थाले ३५ दिनभित्र प्रारम्भिक प्रतिवेदन बुझाउनु पर्छ । आयोग पर्यवेक्षण व्यवस्थापन शाखाका अनुसार चुनाव पर्यवेक्षण गरेर रिपोर्ट नबुझाउनेमा राष्ट्रिय मानवअधिकार सरोकार केन्द्र, ब्रमाण्डीय शान्ति संघ नेपाल, मानवअधिकार तथा शान्ति प्रतिष्ठान, जनकपुर उत्थान केन्द्र, तराई निर्वाचन पर्यवेक्षण मञ्च, दिगो कृषि तथा वातावरण र जलस्रोत संरक्षण केन्द्र, लोकतान्त्रिक गैरसरकारी संस्था महासंघ नेपाल रहेका छन् ।

राष्ट्रिय पर्यवेक्षक संस्था तर्फ ५४ संस्थाले अनुमति लिएकोमा ४६ संस्थाले मात्र निर्वाचन पर्यवेक्षण गरेका थिए । पर्यवेक्षण संस्थाले तोकिएभन्दा आधा कम मात्र पर्यवेक्षक खटाएका थिए । ७२ हजार पर्यवेक्षक खटाउने गरी अनुमति लिएका ती संस्थाका करिब ४० प्रतिशत मात्र पर्यवेक्षक चुनावी मैदानमा पुगेका थिए ।

प्रारम्भिक प्रतिवेदन धेरै संस्थाले बुझाउनुलाई निर्वाचन आयोगले 'पहिलेभन्दा राम्रो रेकर्ड बनेको' बताएको छ ।

निर्वाचन पर्यवेक्षण गरेका तीन अन्तर्राष्ट्रिय संस्था कार्टर सेन्टर, युरोपियन युनियन, एसिएन नेटवर्क फर फ्रि इलेक्सन (एनफ्रेल) ले आयोगमा प्रारम्भिक प्रतिवेदन बुझाएका छन् । अघिल्लो संविधानसभा निर्वाचनमा पर्यवेक्षणको अनुमति पाएकामध्ये एकतिहाइ संस्थाले पनि पर्यवेक्षण रिपोर्ट नबुझाएपछि निर्वाचन आयोगले यो पटक अनुमति प्रदान गर्न कडाइ गरेको थियो ।

## चुनाव पर्यवेक्षणका क्रममा देखिएका चुनौतीहरू

संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न गराउनु खिलराज रेग्मी सरकारको ठूलो चुनौती थियो, यद्यपी निर्वाचन अघि सरकार तथा आमनागरिकले जति चुनौतीको सामाना गर्नुपर्ने अनुमान गरेका थिए, त्यो अनुपातमा चुनौती बनेन । एकातिर नेकपा-माओवादी लगायत २२ दलीय मोर्चाद्वारा संविधानसभा -२ को निर्वाचनलाई असफल पार्ने कार्यक्रम अर्कोतर्फ निर्वाचन सम्पन्न गर्ने जिम्मेवारी बहन गर्दै बनेको खिलराज रेग्मी सरकारले निर्वाचन सम्पन्न गर्नु पनि उत्तिकै चुनौती महशुस गरिएको थियो ।

१० वर्षे शसस्त्र जनयुद्ध र पहिलो संविधानसभा विघटनभै दोस्रो संविधानसभाको निर्वाचन हुन गैरहेकोले अन्तर्राष्ट्रिय समुदायको ध्यान नेपालतर्फ आकर्षित बनेको थियो । त्यसैले निर्वाचन पर्यवेक्षणका लागि विश्व समुदायका विभिन्न कुनाबाट अनेक संघसंस्थाको प्रतिनिधित्व गर्दै निर्वाचन पर्यवेक्षकहरू नेपाल आएका थिए ।

हजारौँका संख्याका पर्यवेक्षकले संविधानसभा -२ को निर्वाचनको पर्यवेक्षण गरेका थिए । शान्तिसुरक्षा उनीहरूले झेल्नुपर्ने जोखिमपूर्ण चुनौती बनेको थियो । निर्वाचन अघि घटाइका केही हिंसात्मक घटनाका कारण पर्यवेक्षक स्वयम् भयमुक्त हुन नसकेको देखियो । विभिन्न संस्थाबाट खटिएका पर्यवेक्षकहरू बीच सूचनाको आदानप्रदान तथा सहयोग हुन नसकेको महशुस गरियो । प्रमुख अधिकृत निर्वाचन क्षेत्रमा हस्ताक्षरमा अति व्यस्त रहेको देखियो । कतिपय केन्द्रका निर्वाचन अधिकृतले तस्विर खिच्न नपाइने भन्दै आक्रोशसमेत व्यक्त गरे । पर्यवेक्षक संस्थाहरू निर्वाचनका बेलामा मात्र गठन हुने हुँदा धेरैजसो पर्यवेक्षण गर्ने संस्थाहरू कुनै न कुनै

राजनीतिक दलसम्बद्ध हुने गरेको र अप्रत्यक्ष रुपमा सो दललाई सघाउने रहेको पनि पाइयो। केही पर्यवेक्षकले खुलेआम पार्टीको कार्यकर्ताको रुपमा लाइनमा बसेका मतदातालाई सिकाउने गरेको पनि पाइयो।

पर्यवक्षकको सहज र सजिलो ठाउँमा मात्र बढी भिड लाग्ने गरेको, दुर्गम क्षेत्रमा पर्यवेक्षण गर्ने कुरालाई त्यत्ति ध्यान नदिएको देखिन्छ। पर्यवेक्षण गर्नुभनेको निर्वाचनका बेला मात्र हो भन्ने मानसिकता अधिकांश पर्यवेक्षण संस्थाको देखियो। निर्वाचन सम्पन्न भएदेखि मतपेटीकाको ओसारपसार तथा लाहाछाप खोल्ने र मतदान गणना गर्ने बेलामा पनि पर्यवेक्षण गर्ने कुरालाई गौण मानिएको पाइयो। यसपटक एकीकृत नेकपा माओवादीले सरकार र निर्वाचन आयोग मिलेर संस्थागत धाँधली भएको भन्दै प्रतिवेदन समेत सार्वजनिक गर्‍यो। (हेर्नुहोस् अनुसूचि १२) पर्यवेक्षण संस्थाहरू यस कुरामा आफूहरू चुकेको धेरैले महशुस गरे। आगामी दिनमा यो घटनाले पर्यवेक्षण संस्थाहरुलाई नयाँ शिक्षा दिएको छ।

## परिच्छेद - १०

# मुख्य ठहर तथा निष्कर्ष

निर्वाचन आयोगले संविधानसभा सदस्य निर्वाचन, २०७० सफलरूपमा सम्पन्न गरेको छ । संविधानसभा सदस्य निर्वाचन, २०६४ को तुलनामा मतदाता सहभागिता बढ्नुका साथै बदर मत प्रतिशत घटेको छ। यो निर्वाचनमा मतदाता सहभागीता बढ्को आधारमा आयोगले विश्वमै एक ऐतिहासिक निर्वाचन भनेको छ। कूल मतदाता १ करोड २१ लाख ४७ हजार ८६५ रहेका छन् जसमध्ये पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ ७८.३४ प्रतिशत मत खसेको छ भने समानुपातिक निर्वाचन प्रणालीतर्फ ७९.८२ प्रतिशत मत खसेको छ।

निर्वाचन आयोगले संविधानसभा -२ निर्वाचनलाई स्वच्छ, पारदर्शी र धाँधलीरहित बनाउन राजनैतिक दल, सुरक्षाकर्मी, कर्मचारी, गैरसरकारी संघसंस्था तथा संचारक्षेत्रका लागिसमेत लागू हुने गरी निर्वाचन आचारसंहिता २०७० लागू गर्‍यो भने २०७० मंसिर ११ गतेदेखि हटाएको थियो। आचारसंहिताले उम्मेदवारका लागि खर्चदेखि चुनाव प्रचारप्रसारका

### आचारसंहिता उल्लंघनमा भएको कारबाही

| क्र.सं. | घटना विवरण/प्रकृति | कारबाही संख्या |
|---|---|---|
| १ | आचारसंहिताविपरीत रंगीन क्यालेन्डर, पोस्टर, पम्प्लेट, शुभकामना कार्ड, ब्यानर, फलेक्स प्रिन्ट, होडिङ बोर्ड हटाइएको | ४९ |
| २ | अनुमतिबिना सवारी साधनको प्रयोगमा रोक | ८ |
| ३ | टिसर्ट, टोपी, झोला, ज्याकेटमा दलका निर्वाचन चिह्नको प्रयोगमा रोक | २२ |
| ४ | सार्वजनकि स्थानमा आमसभा, दलका झण्डा राखेको एवम् भित्तेलेखन गरेकोमा रोक लगाइएको | २६ |
| ५ | आचारसंहिताविपरीत नगद वा जिन्सी वितरण, वितरण, विकास निर्माण कार्य निर्माण सामाग्रीको वितरण | २१ |
| ६ | प्रचारप्रसारमा बालबालिकाको प्रयोग | ५ |
| ७ | आचारसंहिताविपरीत माइक तथा लाउन स्पिकरको प्रयोगमा रोक लगाइएको | १७ |
| ८ | दलको प्रचारप्रसारमा सरकारी कर्मचारीलाई रोक लगाइएको | १० |
| ९ | संचारमाध्यम(एफएम, पत्रपत्रिका, टेलिभिजन) बाट प्रचारप्रसारमा रोक | १३ |
| १० | विभिन्न राजनीतिक दलका कार्यकर्ताद्वारा डर, धम्की, लुटपाट, सांघातिक हमला भएको उजुरी | ६ |

**जम्मा १७७**

*स्रोत : नागरिक दैनिक*

सामाग्री कत्रो साइजमा छाप्नु पर्ने, तुल ब्यानर कति साइजको सम्म बनाउन पाइने जस्ता कुराहरूको स्पष्ट जानकारी समेत उल्लेख गरेको थियो ।

निर्वाचनको स्वतन्त्रतामा प्रतिकुल असर गर्नेगरी आचारसंहिता उल्लंघन गर्ने उम्मेदवारलाई विजयपछि पनि पदमुक्त गर्ने र भविष्यमा उम्मेदवार बन्न नपाउने गरी कार्वाही गर्ने सम्मको व्यवस्था उक्त आचारसंहितामा थियो । चुनाव प्रचारलाई कम खर्चिलो, तडकभडकरहित र महिला मैत्री बनाउने प्रावधान उल्लेख गरेको छ । चुनाव प्रचारमा प्लास्टिकका सामाग्री बर्जित गरिएको थियो भने बिहान ७ बजेदेखि बेलुका ७ बजेसम्म मात्र चुनाव प्रचार गर्न पाइने व्यवस्था थियो ।

निर्वाचन आयोगका अनुसार २७० वटा उजुरी परेकोमा २ सय २५ वटा उपर कारवाही भएको थियो । त्यसैगरी आचारसंहिता लागू भएको अवधिमा विदेश भ्रमण, सेवा करार, सरुवा बढुवा, काजलगायतका विभिन्न विषयमा सहमति मागिएको १ हजार ४ सय ५२ निवेदनमध्ये ८ सय ४१ लाई सहमति प्रदान गरिएको थियो । सञ्चार माध्यम अनुगमन सम्बन्धमा सञ्चार माध्यम अनुगमन एकाईमा उजुरी परेबमोजिम ४ वटा टेलिभिजन, २ वटा एफ.एम., १५ वटा विभिन्न पत्रिकाहरू र २ वटा अनलाइन पत्रिकाहरूलाई स्पष्टीकरण सोधिएको थियो भने केहीलाई कारवाही गरिएको थियो । त्यसै गरी घटनाको प्रकृतिअनुसार राजनीतिक दलहरू तथा उम्मेदवार हरूलाई आचारसंहिता विपरीतको कार्य नगर्न तथा नगराउन लेखी पठाइएको थियो भने केहीलाई निर्देशन र सचेत गराइएको थियो । हिंसात्मक र प्रचलित कानूनले निषेध गरेका घटनालाई तत्काल प्रचलित कानूनबमोजिम अनुसन्धान र कारवाही गर्न गृह मन्त्रालयलाई निर्देशनसमेत दिइएको आयोगले जानकारी दिएको छ । चुनावभन्दा १२० अघिदेखि लागू गरिएको यो आचारसंहिताले बन्देज गरेजस्तै पालना त हुन सकेन तर यसले दलहरूबीच हुने भिडन्तलाई कम गरायो भन्न सकिन्छ ।

निर्वाचन आयोगले आमसञ्चारका माध्यम (टीभी, रेडीयो/एफएम/छापाहरू) बाट मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरेको थियो । मतदाताहरूको लागि हाते पुस्तिका, बारम्बार सोधिने प्रश्न र उत्तर (एफ.ए.क्यू.), पोष्टर निर्माण गरी वितरण गरेको थियो । त्यसैगरी अडियो जिङ्गल, भिडियो पि.एस.ए., डकुमेन्ट्री, टेलिफिल्म, टेलिड्रामा, रेडियो नाटक विभिन्न भाषामा तयार गरी निरन्तर प्रसारण गरिएको थियो । यस्तै, सूचना विभागमार्फत निर्वाचनसम्बन्धी १५ वटा सन्देशमूलक सूचना देशभरिका पत्रपत्रिकामा प्रकाशन गर्न आवश्यक रकम उपलब्ध गराई प्रचारप्रसार गरिएको, आयोगका सूचनाहरू विभिन्न ३० भाषामा गोरखापत्रबाट प्रकाशन गरिएको, देशका १२ वटा राष्ट्रिय टेलिभिजन, १७ वटा स्थानीय टेलिभिजन र ३०४ वटा एफएम स्टेसनबाट जिङ्गल एवम् पि.एस.ए. प्रसारण गरिनुका साथै स्थानीय तहमा सडक नाटक र कन्सर्ट आदिबाटसमेत मतदातालाई निर्वाचन शिक्षा र मतदाता शिक्षाको साथै मतदान गर्ने विधि र तरीकाबारेमा जानकारी गराएको थियो । तर निर्वाचनमा देखिएको बदर मतको आधारमा मिडियामा करोडौँ रकम खर्चिएपनि परिणाम उपलब्धिमुलक हुन नसकेको देखिन्छ ।

उम्मेदवारहरूले लाखौं रुपैयाँ खर्चेर मिडियामा स्याल हुँइया मनाउने प्रवृत्ति यसपटक भने कम भेटिए । दलहरूले आचारसंहिताको पूर्ण पालना गर्ने प्रतिबद्धता जनाए पनि व्यवहारमा भने त्यो प्रतिबद्धता पाइएन । मौनअवधि सुरु भैसकेपछि पनि प्रचारप्रसार गरिएका घटनाहरू भएको पाइयो । आचारसंहिता लागू भैसकेपछि पनि दलहरूबीच समझदारी गरी हेरफेर गर्ने काम पनि भयो । दलहरूले एकले अर्को पक्षलाई आचारसंहिता विरोधी गतिविधि गरेको भन्दै निर्वाचन आयोगमा उजुरीहरू पनि परे, तर आयोगले सतर्क गराउने भन्दा अरु कार्वाही गर्न सकेको देखिएन ।

निर्वाचन विथोल्ने भन्दै ३३ दलीय मोर्चाले घोषणा गरेका विभिन्न आन्दोलनका कार्यक्रमका बीच सम्पन्न संविधानसभा -२ को निर्वाचन आशंका गरिए जस्तो हिंसात्मक घटना हुन नपाएपनि पूर्ण हिंसामूक्त भने हुन सकेन । निर्वाचन आयोगद्वारा जारी आचारसंहिता र सरकारले गरेको सुरक्षा व्यवस्थाका बाबजुद मानवअधिकार

विरोधी घटना हुन पुगे । ३३ दलीय मोर्चाले निर्वाचन विथोल्ने उद्देश्यले घोषणा गरेको बन्दको सबैभन्दा प्रत्यक्ष मारका रुपमा मतदान योग्य भएकाहरू पनि आ-आफ्नो क्षेत्रमा गएर मतदान गर्न पाएनन्, जसले जनताको मौलिक अधिकारको ठाडो उल्लंघन हुन पुग्यो । बन्दका कारण स्कुल कलेजका पठन पाठन प्रभावित हुन पुगे । उद्योग कलकारखाना बन्द हुँदा करोडौं मूल्यको राष्ट्रिय घाटा हुन पुग्यो । बन्दकै बहानामा बजारमा महँगी उस्तै बढ्न पुग्यो । सरकार निर्वाचन बहिष्कारको पक्षमा उभिएका राजनीतिक दलसँग वार्ता गरी समझदारीमा जानु भन्दा पनि जसरी पनि पेलेर गएको देखियो । यसले निर्वाचन भयरहित हुन सकेन । भलै यो निर्वाचनमा सहभागी मतदाताको संख्याको आधारमा निर्वाचन आयोगले ऐतिहासिक निर्वाचन भनेको छ ।

## पर्यवेक्षणका क्रममा भेटिएका तथ्यहरू :

- निर्वाचन/मतदान गर्ने दिनमा केही मिनेट यताउता परेपनि देशभर सबै निर्वाचन केन्द्रहरुमा निर्धारित समयमा नै मतदान सुरू भएको पाइयो ।
- मतदानको अघिल्लो दिनसम्म भय र आतंङ्कका कारणले मतदाताहरू मतदानमा सहभागी हुने नहुने आशंङ्कै रहे तापनि जनताहरू निर्वाचनका दिन बिहानैदेखि उत्साहपूर्वक मतदानमा सहभागी भएका थिए।
- तोकिएको समयमा निर्वाचन सम्पन्न हुनुले निर्वाचन अत्यन्तै सौहार्द तथा शान्तिपूर्ण ढंङ्गले सम्पन्न भएको देखियो ।
- राजनीतिक दलका कार्यकर्ताहरू बीच निर्वाचन अघि चुनाव प्रचारप्रसारका क्रममा प्रतिस्पर्धा भएपनि निर्वाचनका दिन भने तनाब र्सिजना हुने खालका घटना नभएको पाइयो ।
- निर्वाचन आयोगको फोटोसहितको मतदाता परिचयपत्र वितरणको कार्यले चुनावमा गैरमतदाताको सहभागिताको प्रयत्नलाई निस्तेज बनाएको थियो ।
- मतदान गर्न आउने मतदाताको सुविधाको लागि महिला र असक्तहरूको लागि छुट्टै लाइनको व्यवस्था भएको देखिन्थ्यो ।
- सुरक्षा व्यवस्था राम्रो भएको कारण मतदाताले निर्धक्क साथ मतदान गर्न पाएका थिए ।
- मतदाताहरूले स्वतन्त्रपूर्वक मतदानमा भाग लिन पाए ।
- मतदाताहरूमा उत्सुकता र उत्साह देखिएको ।
- कतिपय मतदान केन्द्र राखिएको स्थान साँघुरो पाइयो ।
- राजनीतिक दलका प्रतिनिधि सबैसँगै बसेर नाम रूजु गर्ने व्यवस्था हुँदा विवाद सिर्जनाको स्थिति नदेखिएको ।
- फोटोसहितको मतदाता परिचय पत्र समयै लिन नसकेकाहरूले पनि नागरिकताका आधारमा मतदान गर्न पाएको ।
- संचारकर्मीहरूको सकारात्मक सहयोग देखियो ।
- चुनावी प्रचारप्रसारमा राजनीतिक पार्टीबाट बालबालिकाहरूको प्रयोग भएको पाइयो ।
- मतदान केन्द्रहरूमा पर्यवेक्षकहरूको उपस्थिति पनि राम्रै रहेको थियो ।
- पर्यवेक्षकलाई पर्यवेक्षण गर्न कुनै अवरोध नभएको, यद्यपी केही केन्द्रमा निर्वाचन अधिकृतबाट फोटो खिच्न रोक लगाइएको थियो ।
- मतदान कहाँ कसरी हुँदैछ भन्ने कुराको जानकारी पलपलमा संचारकर्मीहरूबाट जानकारी गराइएको

हुँदा पनि यसले मतदान वातावरण सहज बनाउन सहयोग पुगेको देखिन्छ ।

- फोटोसहितको मतदाता परिचयपत्रका लागि फोटो खिचाउने कतिपय मतदाताहरूको समेत मतदाता नामावलीमा नाम नहुनाले मतदानमा सहभागी हुनबाट बञ्चित भएको देखियो ।
- मतदाता शिक्षाको अभावले कतिपय मतदाताहरू भुक्किएर एउटै मत पत्रमा दुई वा सो भन्दा बढी छाप लगाएको समेत भेट्टियो ।
- कतिपय मतदान योग्य नेपाली नागरिकले मतदाता परिचयपत्र खिच्नबाट बञ्चित हुँदा मतदानमा पनि सहभागी हुन पाएनन् ।
- विदेशमा रहेका युवाहरूको ठूलो जमात मतदान गर्नबाट बञ्चित भए ।
- स्वास्थ्यजस्तो संवेदनशील क्षेत्रका कर्मचारी पनि निर्वाचनमा खटाइएकाले अस्पतालमा बिरामीहरू समस्यामा परेको पाइयो ।
- पर्यवेक्षक तथा पर्यवेक्षण गर्ने संघसंस्थाहरूले केही ठाउँमा आचारसंहिता विपरीत काम गरेको घटना भेटिए ।
- आम जनमानसमा निर्वाचनको विश्वसनीयता दिलाउन नसक्नु कमजोरी महशुस भयो ।
- निर्वाचन सम्पन्न गर्नका लागि खटिएका सबै निकायबीच दोहोरो समन्वय र सम्बन्ध गर्नेमा कमी भएको देखियो ।
- पम्प्लेट आदिलाई मतदानको दिन पनि केही मतदान केन्द्रहरूमा झिक्ने कार्य नभएको पाइयो ।
- मतदाता शिक्षा कार्यक्रम प्रभावकारी रूपमा नचलाएको कारण मतदाताहरू मतपत्रमा छाप कसरी लगाउने, कति वटा छाप लगाउने, कसरी पट्याउने तथा कसरी खसाल्नेजस्ता कुराहरू नबुझेका कारण धेरै मतपत्र बदर भएको पाइयो ।
- रसुवास्थित श्री निलकण्ठ नमुना मावि भवनमा पर्यवेक्षण गर्ने गएका केहि संस्थाका पर्यवेक्षकहरूले कर्मचारी जसरी लाईन मिलाउने, मसी लगाईदिने आदि कार्य गरेको देखियो ।
- निर्वाचन प्रचारप्रसारका क्रममा राजनैतिक दलले बालबालिकाको प्रयोग गरेको देखियो ।

## सिफारिस तथा सुझावः

नेपालको राजनीतिमा गणतन्त्रलाई संस्थागत र जनताको लागि जनताद्वारा जनताको संविधान निर्माण गर्न ४ मंसिर, २०७० मा सम्पन्न दोस्रो संविधानसभाको निर्वाचनमा उत्साहपूर्ण रूपमा जनताले आफ्नो अमूल्यमत जाहेर गरेका छन् । संविधानसभाको पुन: निर्वाचन प्रक्रिया निर्वाचन मिति घोषणादेखि नै केही राजनैतिक शक्तिहरूबाट विरोध, आशंका, अनिश्चितता, अन्यौलता र भयत्रास रहँदारहँदै पनि समग्रतामा निर्वाचन शान्तिपूर्ण र सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको छ। राजनैतिक संक्रमणको अन्त्य गरी मुलुकमा लोकतान्त्रिक गणतन्त्रको सुदृढिकरण तथा मानवअधिकारको संरक्षण तथा प्रबर्द्धनका लागि लोकतान्त्रिक संविधान प्राप्त गर्ने अभिप्रायले नेपाली जनताले राजनैतिक दल तथा उम्मेदवारहरूलाई पुन: मौका दिएका छन् ।

मंसिर ४ मा सम्पन्न संविधानसभा निर्वाचन राजनैतिक दलहरूबीच सामान्य विवाद, संविधानसभाको निर्वाचन बहिष्कार गरेका दलहरूबाट बन्दको घोषणा तथा केही ठाउँमा बिष्फोटक पदार्थ पड्काउने काम गरी अवरोध सिर्जना गर्ने प्रयास गरिएपनि मतदानको समग्र प्रक्रिया शान्तिपूर्ण र सहज वातावरणमा सम्पन्न भएको छ । यसपटकको निर्वाचनमा महिला सहभागिता अत्यन्त उत्साहजनक र पुरूषको तुलनामा बढी रहेको पाईन्छ। नेपाली

जनताले विभिन्न अवरोध र आशंकाका बावजुत पनि आफ्नो मतको उपयोग गरेका छन् । निर्वाचन सफल गराउन नेपाल सरकार, निजामति कर्मचारी, न्यायक्षेत्र, संविधानसभामा सहभागी राजनैतिक दलहरू, संघसंस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यबेक्षक, नागरिक समाज लगायत सम्पूर्ण सरोकारवालाहरूको प्रत्यक्ष तथा परोक्ष सहभागिता, सहयोग र समर्थन रहेको पाइएको छ ।

संविधानसभा निर्वाचन २०७० समग्रतामा केही छिटफुटका घटना तथा अनियमितता बाहेक सफलतापूर्वक सम्पन्न भएको निष्कर्षसहित यसको प्रभावकारीताका लागि निम्न कुराहरूमा सुधारको आवश्यकता रहेको देखिन्छ :

## नेपाल सरकार

- सरकारले संविधानसभा -२ निर्वाचनमा खटिएका सरकारी र संस्थाका कर्मचारी, सुरक्षाकर्मी तथा शिक्षक कामको शिलशिलामा मृत्य भएमा उनीहरूका आश्रित परिवारलाई बढीमा १५ लाख रुपैयाँसम्म क्षतिपूर्ति दिने निर्णयले विशेषगरी सुरक्षाकर्मीको मनोबल बढेको देखिन्छ । मनोबल बढाउने यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्दछ ।
- सरकारले देशभरका निर्वाचन क्षेत्रहरूलाई सुरक्षाको दृष्टिले संवेदनशील र अति संवेदनशील क्षेत्र भनि त्यहि अनुसारको सुरक्षा व्यवस्था गरी निर्वाचन सम्पन्न गर्नु सकारात्मक देखिएको हुँदा आगामी दिनमा पनि यस्ता कार्यले निरन्तरता पाउनु पर्ने ।
- केही स्थानहरूमा हिसांत्मक घटना भएको पाइएकोले जिल्ला प्रशासन कार्यालयले अझ ठोस सुरक्षा योजना बनाई सुरक्षाकर्मी परिचालन गर्न र विभिन्न पक्षहरूबीच समन्वय गरी काम गरेमा आगामी दिनमा त्यस्ता घटना कम हुने देखिन्छ ।
- निर्वाचन सम्पन्न भई सकेपछि मतपेटिका मतगणना स्थलसम्म लैजाँदा विभिन्न दलका प्रतिनिधिहरूसहित लगेमा पारदर्शिता बढ्ने र विभिन्न आशंकाबाट मुक्त हुने देखिन्छ ।
- निर्वाचनमा प्रयोग भई बाँकी रहेका मतपत्र लगायतका सामाग्रीहरू सबै दलका प्रतिनिधिहरूको रोहवरमा सम्बन्धित निकायमा पुऱ्याउनु पर्ने देखिन्छ ।
- निर्वाचन प्रक्रिया निष्पक्ष र धाँधलीरहित भएको विषयमा राजनैतिक दल, जनता र अन्तर्राष्ट्रिय जगतमा समेत विश्वसनीयता कायम गराउनका लागि निर्वाचनमा सहभागी हुने पक्ष र निर्वाचन गराउने निकाय दुबै पक्षभन्दा अलग तेस्रो निकायको रूपमा पर्यवेक्षकहरूको प्रतिनिधित्व तथा उपस्थिति देशभरका सबै मतदान केन्द्रहरूमा हुनु अनिवार्य देखिन्छ ।
- मतदान केन्द्र राख्दा सबैलाई पायक पर्ने स्थानमा राख्नु पर्ने देखिन्छ ।
- अत्यावश्यक सेवा जस्तै स्वास्थ्यका कर्मचारीलाई निर्वाचनमा खटाउन नहुने ।
- मतदानका दिन मतदान गरिसकेका व्यक्तिलाई मतदान केन्द्रबाट तुरून्त फर्काउनु पर्ने ।
- निर्वाचनमा शिक्षक/शिक्षिकाको प्रयोग गर्नाले विद्यार्थीको पढाईलाई बाधा परेकोले यसमा विचार गर्नुपर्ने देखिन्छ ।
- पर्यवेक्षणलाई अनिवार्य मानी कानूनमै व्यवस्था गर्नुपर्ने उचित देखिन्छ ।

## राजनैतिक दलहरू

- राजनैतिक दलहरूले निर्वाचनसम्बन्धी आचारसंहिताको पालना गर्दै स्वच्छ प्रतिस्पर्धा हुने गरी लोकतन्त्रको अभ्यास गर्नु पर्ने देखिन्छ ।

- राजनैतिक दलका कार्यकर्ताहरू हातमा लट्ठि लिएर चुनावी कार्यक्रममा भाग लिन नहुने र त्यो क्रियाकलापहरूलाई बन्द गरिनु पर्ने ।
- चुनावमा प्रचार गरेका पोष्टर, पम्प्लेट र बालपेन्टहरू निर्वाचन समाप्त भएलगत्तै हटाउनु पर्ने ।
- एक दलका कार्यकर्ताले अर्को दलका कार्यकर्ताहरूलाई कुटपिट तथा गालि गलौज गर्ने क्रियाकलाप बन्द गरिनु पर्ने ।
- राजनैतिक दलले बालबालिकाको प्रयोग नगर्ने प्रतिबद्दता गर्नुपर्ने र दलले आफ्ना कार्यकर्तालाई मतदान नामावली दर्ता गर्नका लागि बढि भन्दा बढि परिचालन गरी मतदान गर्न योग्य कोही व्यक्तिको नाम दर्ता हुनबाट बञ्चित नहुनका लागि विशेष कार्यक्रम संचालन गरिनु पर्ने ।
- यदि राजनैतिक दलहरू चुनाव प्रचार प्रसारका बेला मतदान केन्द्रको १०० मिटर नजिकमा आफ्ना पोष्टर पम्प्लेट तथा वालपेन्ट गरेको भएपनि निर्वाचनको दिन हटाउनु पर्ने ।

## निर्वाचन आयोग

- दलहरूले निर्वाचन आचारसंहिता विपरित कार्य गरेको देख्दा देख्दै पनि र कारबाहिको माग गर्दै निवेदन परेपनि निर्वाचन आयोग निरीह जस्तो देखियो, यसले आयोगले आगामी दिनमा यस्ता उजुरीका सम्बन्धमा कार्वाही पनि गर्न सके पछिका चुनावमा अस्वस्थ प्रतिस्पर्धा कम गराउन सहयोग पुग्दछ ।
- कतिपय ठाउँमा राजनीतिक पार्टीहरू र मतदानमा खटिएका कर्मचारीहरूको बीच मिलेमतो हुने हुँदा निर्वाचन आयोगको ध्यान जानु पर्ने देखिन्छ ।
- निर्वाचन सम्पन्न भई सकेपछि मतपेटिका मत गणना स्थलसम्म लैजाँदा विभिन्न दलका प्रतिनिधिहरूसहित लगेमा पारदर्शिता बढ्ने र विभिन्न आशंकाबाट मुक्त हुने देखिन्छ ।
- निर्वाचनमा परिचालित पर्यवेक्षकहरूको अनुगमन निर्वाचन आयोगद्वारा नियमित रूपमा हुन सके पर्यवेक्षक अनुशासित हुनुका साथै पर्यवेक्षक परिचयपत्रको दुरूपयोगलाई रोक्न मद्दत मिल्छ ।
- चुनावी प्रचारमा बिना पासका गाडिहरू चलाउन बन्द गरिनु पर्ने ।
- निर्वाचन आयोगले चुनावी प्रचारमा राजनैतिक दलले चलाएको सवारीसाधन पास लिए नलिएको अनुगमन गरी पास नभएको सवारी साधनलाई चुनावी प्रचारमा प्रयोग गर्न बन्द गरिनुपर्ने ।
- मतदान केन्द्रमा खटिएका कर्मचारीहरू अन्य मतदान केन्द्रमा गएर मतदान गरेको पाइएकोले कर्मचारीहरूलाई सो कार्यमा निगरानी गरी कारबाही गर्नुपर्ने ।
- आयोगले कर्मचारीको व्यवस्था गर्दा पहिला नै ध्यान दिनुपर्ने देखिन्छ ।
- निर्वाचन आयोगमा दर्ता भएको तर मतदाता नामावलीमा नाम दर्ता नभएको पाइयो, यस्तो कुरामा आयोगले ध्यान दिनुपर्ने ।
- दलहरूलाई चुनावप्रचार प्रसारका लागि झण्डा र पर्चा निषेध गरी घोषणापत्र मात्र वितरण गर्नुपर्ने ।
- घरदैलो कार्यक्रम निषेध गरी सार्वजनिक सभा मात्र गर्न दिनुपर्ने ।
- मोटरसाइकल ऱ्याली निषेध गर्नुपर्ने ।
- निर्वाचन कानून र आचारसंहिताको पूर्ण कार्यान्वयन गराउनु पर्ने ।

### संचारमाध्यम

- केही आमसंचार माध्यमहरू आचारसंहिता विपरित दलको पक्षपोषण गरेको, कार्यक्रमस्थलबाट प्रत्यक्ष प्रसारणसमेत गरेको देखियो। अरुलाई आचारसंहिताको पाठ सिकाउने संचारमाध्यमले आफूलाई तटस्थ राख्दै आफ्नो भूमिका निर्वाह गर्नुपर्दछ।

### पर्यवेक्षण संस्था र नागरिक समाज

- निर्वाचनमा पर्यवेक्षकहरूको प्रतिनिधित्व जिल्लाभरिका सम्पूर्ण मतदान केन्द्रहरूमा हुने गरी व्यवस्था मिलाउँदा निर्वाचनमा अझ निष्पक्षता आउँछ।
- पर्यवेक्षणमा खटाइनु अघि पर्यवेक्षकहरूलाई पर्यवेक्षण सम्बन्धी आचारसंहितासम्बन्धी तालिमको व्यवस्था हुनुपर्ने।
- पर्यवेक्षकहरूको सुरक्षा र बिमाको व्यवस्था हुनुपर्ने।
- पर्यवेक्षणमा लागेका सामाजिक संघसस्थाले वा त्यसमा खटिएका पर्यवेक्षकले निर्वाचन आयोगमा सम्बन्धित विषय बारे जानकारी गराउनु पर्ने आवश्यक छ।
- पर्यवेक्षण संस्थाहरूले आफ्ना सबै पर्यवेक्षकहरूलाई परिचयपत्र र ज्याकेट उपलब्ध गराउनु पर्ने।
- आफ्ना पर्यवेक्षकहरूको नामावली निर्वाचन आयोगका साथै जिल्लाजिल्लामा उपलब्ध गराउनु पर्ने।
- पर्यवेक्षकको पनि पर्यवेक्षण हुनुपर्ने।
- नागरिक समाजले पर्यवेक्षकलाई सघाउनु पर्ने।

## अन्तर्राष्ट्रिय समुदाय/दातृनिकाय

- निर्वाचन आयोगले अन्तर्राष्ट्रिय पर्यवेक्षण संस्थाहरूले निर्वाचनको पर्यवेक्षणको अनुमति लिए तर यी संस्थाहरू केन्द्र केन्द्रीत भएको देखियो। अन्तर्राष्ट्रिय पर्यवेक्षकहरू दुर्गम क्षेत्रमा पनि पुग्न सके यसले स्वतन्त्र निर्वाचन सम्पन्न गर्न सहयोग पुग्दछ।
- अन्तर्राष्ट्रिय पर्यवेक्षण संस्थाहरूले सबै राष्ट्रिय पर्यवेक्षण संस्थासँग सहकार्य गरी कार्य गर्नु उचित देखिन्छ।

सबै निर्वाचनहरू सत प्रतिशत विवादरहित हुँदैनन्। निर्वाचनले लोकतन्त्रलाई सवलिकरण र संस्थागत गर्ने प्रक्रियालाई मद्दत पुऱ्याउने भएकोले प्रत्येक निर्वाचनमा देखा परेका कमजोरी र समस्यालाई निर्वाचन आयोगले आत्मसात गर्दै सिकाइको माध्यमबाट सच्याउने प्रयासस्वरूप देखापरेका समस्या र विभिन्न कोणबाट उठाइएका सवालहरूलाई समयमै सम्बोधन गर्नु उपयुक्त हुन आउँछ। यद्यपी निर्वाचनसँग जोडिएर भएका कमजोरी, अनियमितता र धाँधलीका सम्बन्धमा सुनुवाई गर्ने र निर्णय दिने निकायको रूपमा संविधानसभा अदालतको व्यवस्था भएको छ। निर्वाचन प्रक्रियालाई सुदृढिकरण गर्दै स्वतन्त्र र निष्पक्ष निर्वाचनको प्रत्याभूति दिने प्रमुख निकाय निर्वाचन आयोग नै भएकोले आयोगको भूमिका प्रमुख हुन आउँछ। स-साना प्रक्रियागत त्रुटिहरूलाई समयमै सच्याएर निर्वाचनको प्रक्रिया र पद्दतिमा समानुसार वैज्ञानिक सुधार गर्दै गएमा लोकतन्त्रलाई सुदृढ, शसक्त र संस्थागत गर्नका लागि निर्वाचन आयोगको भूमिकाले थप बल प्रदान गर्दछ भन्ने हाम्रो ठहर छ।

# चुनौती र सिकाईहरूः

## चुनौतीहरू :

- फोटोसहितको मतदाता परिचयपत्रका लागि फोटो खिचाउने कतिपय मतदाताहरूको समेत मतदाता नामावलीमा नाम नहुनाले मतदानमा सहभागी हुनबाट बञ्चित भएको देखियो ।
- मतदाता शिक्षाको अभावले कतिपय मतदाताहरू भुक्किएर एउटै मत पत्रमा दुई वा सो भन्दा बढी छाप लगाएको समेत भेट्टियो ।
- मतदाता शिक्षा प्रभावकारी रूपमा लागू हुन नसकेको ।
- मतदाता परिचयपत्र खिच्नबाट बञ्चित मतदानयोग्य नेपाली नागरिकले पनि मतदानमा सहभागी हुन नपाएको भन्ने केही गुनासा आएको ।
- मतदाता शिक्षा कार्यक्रम प्रभावकारी रूपमा नचलाएको कारण मतदाताहरू मतपत्रमा छाप कसरी लगाउने, कति वटा छाप लगाउने, कसरी पट्याउने तथा कसरी खसाल्नेजस्ता कुराहरू नबुझेका कारण धेरै मतपत्र बदर भएको पाइयो ।
- विदेशमा रहेका युवाहरूको ठूलो जमात मतदान गर्नबाट बञ्चित रहेको ।
- पर्यवेक्षकको सुरक्षा, निष्पक्षता, मर्यादा र दक्षता चुनौती बनेको ।

## सिकाइहरू

- निर्वाचनका हरेक चरणमा पर्यवेक्षकको प्रत्यक्ष सहभागिताले राजनैतिक दल तथा निर्वाचनमा संलग्न निकायहरूलाई आचारसंहिता पालना गर्न गराउन उत्तरदायी बनाउन सहयोग पुग्ने ।
- निर्वाचन आयोगद्वारा जारी गरिने परिचयपत्रको अवधि १ दिनका लागि(निर्वाचनको) मात्र नभएर कम्तीमा ३ दिन(मतगणना भइन्जेल) सम्मको लागि जारी हुनुपर्ने ।
- निर्वाचन आयोगले जिल्लाबाट नै पर्यवेक्षण अनुमति र परिचयपत्र दिने व्यवस्था गर्नुपर्ने ।
- निर्वाचन आयोग स्वयम् पर्यवेक्षणमा खट्नु अस्वभाविक हुने तर्कतर्फ पनि आयोगले ध्यान पुऱ्याउनु पर्ने हुन्छ ।

## Chapter - 11

# Constituent Assembly-2: Analysis of some facts relating to Elections

### None of the Political Parties confirmed 335 in Proportional Representation

From the proportional list of the candidates submitted by the 122 political parties, the Election Commission of Nepal (ECN) had removed 332 proportional candidates from the list declaring them as non-qualified. This is an irony that the major political parties contesting in the 240 election constituencies of the country could not maintain the 335 seats of the proportional candidates. Some of the names of the candidates as submitted by the major political parties were removed based on the grounds that they had committed offences against the election laws. The major political parties also could not maintain the list of 335.

According to the ECN, the total candidates of the proportional representation of Nepali Congress (NC) had 334, Nepal Communist Party (United Marxist and Leninist-UML) had 333, and the United Communist Party (UCPN-Maoist) had 332. Similarly, the candidates of proportional representation of Nepal Communist Party (Marxist and Leninist) had 332, Rastriya Prajatantra Party-Nepal had 330, Federal Socialist had 330, and Rastriya Prajatantra Party had 318. Out of the 11011 candidates registered at the ECN by various political parties, 6 candidates had tendered application to withdraw their candidacy. Similarly, 296 candidates were declared as disqualified to be a candidate pursuant to the prevailing election laws. Hence, the final number of the candidates in proportional representation was 10,709. The candidacy of 148 members was cancelled. Likewise, other 73 candidates were also declared as disqualified as they were not included in the list. According to the election laws, one should attain the age of 25 years to be a candidate of CA election, and his/her name should also have been registered in the voter identity list with photograph.

The ECN had quashed the candidacy of Balkrishna Dhungel who was convicted by the Supreme Court of Nepal in the charge of murder. Similarly, other four candidates had relinquished their candidacy as they were holding public positions of the government, and candidacy of 19 members was also dismissed as they were also the candidate of first-past-the post election. Number of 48 candidates was reduced due to the duplicity of their names. Forum Democratic was on the top to be disqualified the candidates that the total 64 candidates were removed from the list. The present CA has representation of 30 political parties, whereas the

past CA had representation of only 25 political parties. A political party that has secured at least 21 thousand in the proportional election has obtained one seat.

## Use of Children in the CA Election

Political Parties used children for the publicity of their election which is against the code of conducts issued by the ECN and the Child Rights Convention, 1989 (CRC). Children were used in the election affecting the educational environment of schools, even if the National Human Rights Commission and the United Nation's Child Fund (UNICEF) had strong objection to use the children for election campaigning of political parties. Election rallies and programs were conducted in schools. Children were used in the rallies and assemblies of the political parties. As per the provision of the CRC, which Nepal has already ratified and made full commitment at the time of ratification, no child less than 18 years age can be used for the political activities including election purposes of political parties. During the observation, it was found that children were used by the political parties under duress and threat and making them influenced.

The Central Child Welfare Committee published a report indicating that all most all the political parties used children in the election activities. According to the report, Nepali Congress 36 percent, Nepal Communist Party (United Marxist and Leninist) 34 percent, Unified Nepal Communist Party (Maoist) 20 percent and Rastriya Prajantra Party 7 percent children used for political affairs. Similarly, the report further highlights that 86 percent election polling centers were placed in schools, 13 percent polling stations were placed in other public places and one percent election polling stations were placed in health posts and library. The report also reads that four children from poor families and dalit families of Ward No. 5 of Sisautiya Village Develoρent Committee of Sarlahi District on 1st of Kartik, 2070 were deployed to fix posters of candidates and political parties offering them alcohol. The report further underlines that due to the alcohol, the children went senseless.

At Majhauliya poll center of Amar Higher Secondary School of Constituency No. 6 of Bara District, a 14 years girl of grade five was deployed as election officer. The report, based on the observation of 441 incidents in all the 75 districts, further elaborates that 12429 children were directly deployed during the whole election process, before the day, on the day of election and in the post election days. Out of that, 146 activities were occurred inside of schools and remaining 295 were occurred at other places.

Children became direct victims of the violence occurred during the elections. Bombs and other explorative materials as dropped by unidentified group at different places took life of a child and 16 children became severe injury, and some of them lost their body organs.

On the day of elections, eight years old Samir Khadki became a victim of explosion of bomb dropped near the election polling station of Araniko School of Bhotebahal. In the same incident, two other children Sunita Balami and Ganga Balami had also been injured. On 27th of Kartik, 8 people were injured when an unidentified group threw a patrol bomb in a running bus at Samakhusi. In the incident, Nitu Shrestha from Dadakharka of Dolakha District and her 4 years old daughter Manju were also injured. At Gurjudhara Satungal of Kathmandu a child met serious injury when an indentified group threw a patrol bomb at a running bus

on Manshir 1. On 28th of Kartik 2070, at Basahamadi of Makwanpur district, an identified group threw a patrol bomb at a passenger bus and the helper of the bus Rakesh Yadab aged 17 was severely injured and died later when he was admitted in a hospital for treatment. On 23rd of Kartik, a 12 years old child Padam Magar injured when an identified group threw a bomb at a mass meeting organized by Nepal Communist Party ( United Marxist Leninist) at Moti Higher Secondary School of Khokling Village Development Committee of Taplejung District.

## Women Participation in the CA decreased

Female voters in the CA elections-2 were approximately 2 percent higher than the previous CA elections. Even in the election poll centers, dominant number of female voters was observed. However, the representation of women in the CA is very low.

Out of the total 240 seats in the direct elections of the CA, only 10 women members have been elected. The total female CA members are now 172 including 162 elected through the proportional representation. In the first CA elections, there were 30 female CA members elected in the direct election. In the CA election-2, out of the total 6343 candidates the female candidates were only 672. This figure shows that the number of the female CA members is low as the number of candidates was also low. To elaborate further, the reason behind less female CA members is that the political parties allocated less seats for the female candidates and many of the candidates could win the elections. This is the reason that the number of female CA members is low. In the previous CA, there were 197 female CA members.

The Interim Constitution 2007 has provisioned that at least 33 percent women should be ensured to represent in every mechanism of the state.

Nepali Congress and UML, the first and the second largest party in the present CA, had declared commitment in their election manifesto that at least 33 percent representation of women, whereas the their largest party, UCPN Moist had committed in the election manifesto 50 percent women representatives. However, it seems that it is a challenge to fulfill the commitments made by the political parties.

## Voter Education: Not success as expected

Notwithstanding million of rupees was spent for the voter education, the votes indicates that the program of voter education was not successful. It will also be more clear if we see the fact that the number of invalid votes in this election is higher than the previous CA elections. The total number of invalid votes in the second CA election was 784,667. As per the statistics published by the ECN, the invalid votes in the direct election is 471,826 and in the proportional representation 312,841. In the total votes casted across the country 4.76 percent votes in the direct elections have been void. Similarly, the ECN has informed that total 3.02 percent votes in the proportional representation have been invalid.

The ECN spent millions of Rupees across the country in order to avoid the invalid vote casting phenomenon. It also deployed many staffs across the country to provide voter education. As per the direction and program, the deployed staffs were supposed to visit the home/residence

of the voters and provide education. However, there is a criticism that very less staffs visited voters in their residents and provided voter education. Most of the staffs have not fulfilled their duty. The lack of knowledge of voters to cast the vote was reflected in the ballot papers that in most of the polling centers, voters have made their thumb impression in the ballot papers. Similarly, some of the voters have given more than two stamps on one election symbol.

In the previous CA elections, the statistics of the invalid votes was more than 560,000 across the country. This statistic is 5.15 percent of the total votes casted. Considering the big number of invalid votes casted, the ECN had offered voter education program in the second CA election. The ECN had also used mass media for the voter education.

For the voter education program, the ECN had adopted various ways. For instance program from Jhola to Mela ( from bag to public gathering), from mass meeting of Dhami Jhakri (witchdoctors) to religious meetings, in which the staffs deployed from the ECN used to provide voter education. Similarly, in order to ensure voter education to all the ethnic people, information regarding voter education was broadcasting in different languages with the dress codes of the respective ethnic group. To follow the statistics, the amount spent in the voter education is higher than other headings of the elections, however the result has not been reflected as expected. Yes it is true that the invalid votes casted in the second CA election is low than the previous CA, however it can not be considered as a satisfactory in comparison to the resources spent for it.

## Submission of Report to ECN

4th of Falgun was set as the final deadline to submit the final report of the elections observation of the second CA elections which had taken placed on 4th of Manshir. During this time 39 National Observer Organizations out of 46 have submitted preliminary reports to the ECN. Three international observer organizations also have submitted their preliminary reports to the ECN. In the first CA elections, out of 130 observer organizations, only 38 organizations had submitted their reports to the ECN.

According to the ECN, seven observer organizations have not submitted their preliminary report within the set deadline. The observer organizations are required to submit their preliminary reports of election observation within 35 days subject to the election observation code of conduct. According to the Observation Management Section of the ECN, the organizations that did not submit the preliminary reports are National Human Rights Concern Center, Bramadiya Shanti Sangh Nepal, Human Rights and Peace Institution, Janakpur Uththan Kendra, Tarai Nirbachan Paryebachhan Manch, Sustainable Agriculture and Environment and Water Resources Center and Democratic NGO Federation Nepal.

Out of 54 national observer organizations that had obtained the permission for election observation at national level, only 46 organizations had conducted elections observation. The observer organizations had deployed less than half number of organizations than the prescribed number. The organizations had mandate to deploy 72 thousand observers, whereas the organization had deployed only 40 percent observers in the field.

The ECN has said that the submission of preliminary report by many organizations is a good track record maintained in comparison to the previous elections.

The international observer organizations-Cater Center, European Union, and Asian Network for Free Election have submitted their preliminary reports to the ECN. This time the ECN had made strictness to provide observation permission taking into consideration the experiences of the previous CA elections in which less than one third observer organizations had submitted their reports to the ECN.

## Challenges experienced in Election Observation

Every field has challenges. The Khil Raj government had also many challenges for conducting elections. However, the government did not face the challenges as in the same level which the general people had expected. The scenario was , on the one hand, some groups of political parties were committed to make the election unsuccessful and on the other hand the government was committed to success the elections in any manner. It was the major challenge of the government.

The first CA which was constituted on the background of the 10 years people's war was, however, dissolved without result. Therefore, it was natural to draw the attention of international community in the second CA elections. Many international observers arrived in Nepal representing from different organizations across the world.

Thousand of observers from Nepal and abroad observed the second CA elections. Security of those observers and other difficulties to be faced by the observers were major challenges of the observers. However, due to the major incidents of violence occurred by some groups before the day of the elections the observation environment was not realized as free of fear. It was also realized that there was lack of coordination and exchange of information among the observers themselves. Chief election officers at the polling centers were extremely busy in making signature on the ballot papers. In some of the election polling center, the election officers were prohibiting to make pictures. It was also a considerable matter that most of the election observer organizations were set up only before the elections, most of the observers and observer organizations were somehow attached to political parties and it also seemed that they were assisting to the political parties with whom they are loyal. Some observers as a carder of a political parties were found assisting to the voters to cast vote, falling in the queue with the voters etc.

Similarly, it was found that there was a crowd of observers in the easy or accessible places, whereas there were less numbers of observers in the remote areas. The mentality of most of the organizations was that the election observation is done only during the election. Therefore, it was not fond that the observers were highly sincere in terms of post election activities such as transfer of poling boxes, opening of seals and counting. The UCPN (Maoist) published a report that there was institutional forgery by the mutual efforts of the government and the ECN to disfavor some of the political parties. (see appendix 13). Many observer organizations realized this issue and it has been a lesson for the future.

# Chapter - 12

# Major Finding and Conclusion

Despite of the several obstructions and anti-election movements of the 33 party's alliances, the election held in a peaceful manner. However, violence did not occurred in such a manner as expected by the general people, it also could not establish a ground to say that the elections co held being free from violence. Even if the ECN had issued code conducts for election and the government had ensured security, many incidents of human rights violence occurred. Due to the strike called on by the 33 party's alliances, many qualified voters could not go to the polling centers for casting their votes, which is the violation of human rights of the people. Moreover, the strike also affected the educational environment of schools and colleges. Also, the country experienced a great financial loss as all the factories and industries were closed due to the strikes. People also experienced artificial price hiking in the market in the name of strikes and bandas.

So as to ensure the second CA elections free, fair and accountable, the ECN issued a code of conducts, 2013 to be applicable to the political parties, security personnel, staffs, non-governmental organizations and media. The ECN has enforced the code of conduct from 7$^{th}$ of Srawan to 11$^{th}$ of Manshir 2070. The code of conduct had contained the provisions relating to election activities such as expenditures of election campaigning, size and expenditure of banners etc.

The code of conducts have an ambitious provision that states that if the ECN finds that someone has violated the code of conduct, it may release the candidate from the CA member and also declare not to allow to contest in the future elections. The code of conduct also has contained provisions for making the election less expenses, simple and women friendly. The plastic materials were prohibited. There was also a provision that election campaigning could only be carried out from 7a.m. to 7p.m.

This time it was also found that concerned parties were discouraged to make election campaigning and publicity through media spending a huge amount of money. The political parties declared that they will respect and abide the code conduct wholeheartedly. However, in practice, those commitments were not abided. Many incidents found that the political parties were conducting campaigning even after the commencement of silence period. After

the commencement of the code of conduct, it was changed in the mutual understanding of the parties. Political parties tendered complaints at the ECN alleging that their rivals or other political parties violated the code of conducts, however the ECN took no action on such complaints except making them warned.

According to the ECN, the total number of the complaints was 187 and the ECN took action against 144 complaints. The ECN also had provided consent for 841 applications out of 1452 tendered after the commencement of the code of conduct. While the code of conduct was commenced before 120 days of the day of elections, it could show its full strength in terms of effective implementation. However, it can be agreed that it reduced the possible conflicts and violence among the political parties.

## ECN took actions in the following incidents of violence of code of conducts

| S.N. | Incidents | Organization |
|---|---|---|
| 1. | Colorful calendars, posters, pamphlets, greeting cards, banners, flex prints, hording boards against the code of conducts were removed | (49 organizations) |
| 2. | Prohibition of using vehicle without obtaining permission | (8 organizations) |
| 3. | Prohibition on using election marks of political parties in a T-shirt, cap, bag, jacket etc | (22 organizations) |
| 4. | Prohibition in conducting mass meetings in public places, fixing party's flag and wall painting | (26 organizations) |
| 5. | Distribution of cash or any other inventories against code of conduct and distribution of construction materials | (21 organizations) |
| 6. | Use of children in election campaigning | (5 organizations) |
| 7. | Prohibition in using mike and loud speakers against the code of conduct | (17organizations) |
| 8. | Prohibition of involvement of government employees in the election campaigning of political parties | (10 organizations) |
| 9. | Prohibition in election campaigning by broadcasting ( F.M. Newspapers, Television) in media. | (13 organizations) |
| 10. | Complaints against threat, lootings, attacks and assaults by the various political parties | (6 organizations) |
| | **Total :** | **177** |

*Source: Nagarik Daily*

## Facts found during the observation of the Elections

- The elections were conducted on time, except some delays of few minutes
- Even if the voters were not free from the doubt whether or not to involve in the voting because of fear and threat, it found that the voters were excited and they were in the queue in the early morning of the day of election.
- As the elections were held and completed within the determined time, it can be said that the elections went in a peaceful manner
- Obviously there were conflicts and misunderstanding among the cadres of the political parties before the day of election, there were, however, no incidents of violence on the day of elections.
- The photo identity card issued by the ECN had discouraged the fake voters in the elections
- There were separate line arrangement for women and disables
- As the security system was arranged perfectly, voters felt comfort to cast the votes
- Voters were free to cast their votes
- Due the effectiveness of program relating to voter education, the rate of invalid votes was quite high.
- Voters were encouraged
- Some of the polling center were placed in congested places
- As the representatives of all the political parties could easily verify the names of the voters, there was less chance of conflict among the political parties regarding verification of names,
- Those voters who could not receive photo-identity card, obtained opportunity to vote on the basis of citizenship certificate.
- Cooperation of media persons
- Children were used by the political parties for election activities
- Observers were present in the polling centers
- There was no restrictions for the observers to monitor the elections, however some of the election officers prohibited to make a photo in some of the polling centers
- As the media persons were broadcasting information in time to time regarding the entire activities of the elections, it had made easier to the people and maintain election environment conducive.
- As the voters whose photo-identity was registered in the ECN system but they did not find their names in the voter list and consequently they deprived from the voting
- Due to the lack of voter education, many voters were confused and casted invalid votes
- Some of the Nepalese who were qualified to cast the vote but could not get opportunity

as their names was not registered in the voter's registration list.

- Considerable number of citizens who were out of the country were deprived from casting votes in the elections
- As the employees of health sector were also deployed in election, if affected the medical facilities of the people
- In some areas, observers and observers organization violated the code conducts
- It was a weakness realized that the government could not ensure confident of election to the people
- There was lack of coordination among the government agencies responsible for the elections
- Pamphlets were not removed from some of the poll center even on the day of election
- Due to the lack of voter education, there was a confusion among the voters that how to cast vote, how to fold, how many times to stamp on a mark, and how to drop in the box etc. Because of this, many votes were void.
- At Namuna Secondary School of Rasuwa District, the observers were found managing lines of voters and also providing ink-mark in the thumb of the voters.
- Political parties used children for election campaigning.

## Recommendations:

On 4th of Manshir, 2070, in order to institutionalize the republic system of the country and promulgation of constitution made by the ownership of the people, the citizenship of Nepal participated in the election with full of encouragement and enjoyment. In spite of the oppositions of some of the political parties from the day first of declaration of election , doubt, uncertainty, fear and terror, the second CA election has been successfully completed in a peaceful manner. The people of Nepal have given another opportunity to the political parties in Nepal for enhancing democratic republic and protection of human rights of Nepali people through introducing a new democratic constitution.

The CA election held on 4th of Manshir conducted in a peaceful and comfortable environment except nominal conflicts among the political parties, strike called on by the agitating political parties against the elections, and obstruction in some places with or without using exploding materials. In comparison to male, the participation of women was remarkable in this election. The people of Nepal have exercised their voting rights despite of various types of obstructions and dilemma. The government of Nepal, civil servants, employees of judicial services, political parties represented in the CA, non-governmental organizations, national and international observers, civil society and other stakeholders have played tremendous role directly and indirectly for the cooperation, coordination and support of the elections.

In general, except some incidents and violence and irregularities, it can be concluded that the CA elections 2070 concluded successfully. For the future consideration, the following recommendations are proposed:

## The Government of Nepal

- The decision of the government to compensate 15 lakh rupees to the family of the employees from government agencies including government owned corporations, security personnel and teacher of government schools who are deployed in the election has encouraged the mentality of the staffs, particularly the security personnel, who go to the field for elections. It seems necessary to continue such programs in the future elections too.
- The classification of the government as most vulnerable and vulnerable places from the security point of view is seemed as a positive effort, such strategies should also be kept continuing in the future.
- In order to avoid the violence occurred in some of the districts, the Chief District Officer of the district has to develop concrete plans of security arrangement in the future and implement in the cooperation with other agencies in the district. If so, such violence will be discouraged in the future.
- After the voting is over, it is necessary to invite the representatives of the political parties in the whole process including transfer and making seal in the ballot boxes. It will make transparency and remove the uncertainties.
- All the election materials including unused ballets should be disposed off or return to the concerned agencies in the presence of the representatives of the parties.
- In order to ensure trust and faith to the political parties, people and international community regarding the fairness of the election, independent observers, as a third entity other than government and political parties contesting in the election, should be deployed to the entire polling centers.
- Polling centers should be fixed in such a place which is accessible to all the voters
- Employees from necessary services such as health should not be deployed in the election.
- The voters who have completed voting should be immediately evacuated from the polling stations
- The deployment of teachers in the election has affected the teaching environment of schools, therefore it is necessary to rethink before deploying the teachers in the elections.
- Since observation is important in the democratic elections, it should be provisioned by law.

## Political Parties

- The political parties should respect the code of conducts and practice democracy in a free and fair manner with fair competition
- Carders of political parties should not be involved in election campaigning taking sticks in their hands.

- Posters, pamphlets, and wall paintings should be immediately removed after the completion of the election.
- Unfair criticisms of political parties against each other or beating and defamation against others should be discouraged.
- The political parties should make a commitments that they will not deploy children in their election campaigning. However, the political parties can move their carders to ensure that all the voters have been registered in the voter registration system.
- Posters, pamphlets and wall paintings of the political parties lying within 100 meter of the polling center should be removed on the day of elections.

## Election Commission

- There were rampant violation of the election code of conducts by the political parties and many applications were tendered at the ECN for taking necessary actions against the violation of the code of conduct. Unfortunately, the ECN could not perform active role in terms of taking actions against violator of code of conduct. Therefore, it is recommended that the ECN should take action against such violation effectively so that it helps to avoid the unhealthy competition in the election in the days ahead.
- In some of the cases, there is unfair relation between the political parties and the deployed employees in the election. The ECN has to pay necessary attention on it.
- After the completion of the elections, the ballet boxes should be transferred in the presence of the representative and the representatives should be accompanied till the ballot boxes are brought in the counting places, it ensures accountability and makes free from any doubt.
- The observers should be frequently monitored by the ECN, if so, the observers cannot misuse the observation identity card issued by the ECN.
- In the election campaigning, vehicles without permission should be prohibited
- The ECN should monitor whether or not the political parties are using their vehicles in election campaigning taking approval. If it is found that vehicles are used without permission of the ECN, they have to be stopped to use it.
- It is found that staffs deployed in one polling center have casted voted from another polling center. The ECN has to closely monitor and discourage such activities.
- Some voters are registered in the ECN system but their names are not found in the voter registration book. The ECN has to remove such problems in the future.
- The ECN has to prohibit the political parties using flags and pamphlets and should only allow election manifesto to distribute.
- Should discourage door-to –door programs and should only allow mass meetings.
- Motorcycle rallies should be prohibited
- The ECN should cause to implement the code of conduct completely

## Media

- Some of the medias found supporting a particular political party's election campaigning. They have made live broadcasting from the place of rally, which is against the election code of conduct. The media that teaches others about code of conducts should know the code of conduct first. They have to be able to demonstrate their role neutral and impartial.

## Observer organizations and Civil Society

- In order to ensure more impartiality in the election, arrangements should be made that all the polling centers/districts should have been covered by the observers.
- Before observers are deployed in the field, there should be provision of trainings for them.
- There should be provisions for security and insurance to observers
- The observers and the organization observers should inform the ECN regarding any burning topic that to be immediately settled.
- The observer organizations should provide jacket and identity card to all the observers
- The observer organizations should provide name list of all the observers to the election commission and districts
- Observers should also be observed
- Civil Society members should assist the observers

## International Community/ Donors Community

- International community took permission from the ECN but they centralized their observation activities only in the center places. If they really want to observe the election and offer cooperation, they have to go to the remote areas too.
- All the international observers should make coordination with the national observers.

It is obvious that all the elections are not free from disputes. As the elections help enhance and to institutionalize democracy, the ECN has to learn lesson from the weakness performed and underlined every time by the stakeholders during the elections. If the ECN can address the identified problems, it will support to correct the weaknesses. However, there is separate mechanism, Constituent Court, for the hearing of disputes regarding elections, irregularities and unfairness, the ECN is the main body in terms of performing roles for making election procedure more effective and ensuring fair elections. We believe that democracy will be more empowered and effective and institutionalized if the ECN timely improves the mistakes (even mistakes are minor) and improves the election procedures in a scientific way.

**Challenges:**

- Some of the voters who had made voter identity card but their names were not recorded in the voter registration book; it ultimately deprived a person casting a vote.
- Due to the lack of voter education, many voters have marked twice on the same election mark
- The voter education was not effective.
- Those who are qualified Nepali citizens but could not make voter identity card with photo were deprived from the voting.
- Due to the inefficiency of the voter education, many votes were declared as invalidas the voters were not so much familiar in terms of making mark, how many times to make mark, how to fold and how to drop in the ballot box.
- A big number of populations who are residing in abroad were deprived from voting.
- It was also a challenge regarding security, impartiality and skill and dignity of observers.

**Lesson Learned**

- Involvement of observer in every stage of the elections may help for the effective implementation of code conduct by the concern stakeholders.
- The identity card of the election observers issued by the ECN is for one day, but should be at least for three days or at least until the counting is finished.
- The ECN should make arrangement to distribute permission for observation and identity cards from the concern districts.
- It is necessary to think by the ECN that the involvement in the observation of the ECN is not so rational.

## परिच्छेद - १३

# संविधानसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रतिबद्धता/घोषणापत्रहरू

### नेपाली काँग्रेस

संसदबाट निर्वाचित कार्यकारी प्रधानमन्त्री र संवैधानिक राष्ट्रपति रहने व्यवस्थासहित आगामी एक वर्षभित्र संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान निर्माण गर्ने सङ्कल्पका साथ नेपाली कांग्रेसले आफ्नो घोषणापत्र सार्वजनिक गऱ्यो ।

दुई खण्डमा विभाजित उक्त घोषणापत्रको पहिलो खण्डमा प्रतिबद्धता र दोस्रोमा सङ्कल्प प्रस्तुत गरेको छ । गत संविधानसभाभित्र आफ्नै अग्रसरतामा लोकतान्त्रिक संविधानका सन्दर्भमा भएका सहमतिका विषयहरूलाई ग्रहण गर्दै सहमति हुन बाँकी विषयमा संविधानसभाभित्र बाहिरका राजनीतिक शक्तिहरूसँग समन्वय गरी पहिचान र अधिकारका लागि संघषरत विभिन्न जाति, वर्ग लिङ्ग, क्षेत्र, समुदाय र समूहसँग छलफल गरी एक वर्षभित्र संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान निर्माण गर्ने सङ्कल्प उल्लेख गरेको छ ।

उसले "शान्ति, समृद्धि र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानः संविधानसभाको सफलताका लागि नेपाली काँग्रेसलाई मतदान" मूल नाराका साथ सङ्कल्प र मार्गचित्र प्रस्तुत गरेको थियो । शासकीय स्वरुपमा संवैधानिक राष्ट्रपति र संसदबाट निर्वाचित कार्यकारी अधिकार सम्पन्न प्रधानमन्त्रीको व्यवस्था तथा केन्द्रीयस्तरमा दुई सदनात्मक र प्रान्तीयस्तरमा एक सदन रहने, स्थानीय रुपमा गाउँ, नगर र जिल्लालाई संयोजन गरी स्थानीय स्वायत्त शासनको अवधारणाअनुरुप स्थानीय सरकारको रुपमा विकसित गर्ने तथा प्रदेश सभामा उक्त सभाबाट निर्वाचित मुख्यमन्त्री वा पछि नाम राख्न सकिने गरी त्यसको व्यवस्था गर्न सकिने जनाइएको छ । सो घोषापत्रमा केन्द्र बहुभाषिक बहुधार्मिक, बहुजातीय रहने र प्रत्येक प्रदेशहरू पनि त्यही ढङ्गले रहने व्यवस्था हुनुपर्ने मान्यतालाई अघि सारेको छ । संघीय संरचना निर्माण गर्दा हरेक पक्ष, जाति, जनजाति तथा राष्ट्रका सबै पक्षको प्रतिनिधित्व सुनिश्चित गर्न मूलतः सात प्रदेशको केन्द्रीकृत अवधारणा रहने व्यवस्था गरिएको छ भने समझदारीमा अघि बढ्नुपर्दा संख्यात्मकरुपमा केही लचकता हुन सक्ने, पहिचान र सहभागिता, समतामूलक विकास र शक्तिको निक्षेपीकरणसहित नेपालको सन्दर्भमा संघीयता, समावेशी लोकतन्त्रमा आधारित समृद्ध नेपाल निर्माण गर्ने महत्वपूर्ण माध्यम बन्नुपर्ने घोषणापत्रमा उल्लेख छ ।

उसले अब बन्ने संविधानमा बहुलवादमा आधारित बहुदलीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, संघीयतामा आधारित समावेशी राज्य संरचना, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका तथा कानूनी राज्यको अवधारणालगायत

लोकतान्त्रिक मूल्य र मान्यताप्रतिको नेपाली काँग्रेसको निरन्तरको प्रतिबद्धतालगायतका कुरालाई उसले आफ्नो सैद्धान्तिक आधारका रुपमा उल्लेख गरेको छ।

संघीय, प्रदेश र स्थानीय तह गरी तीन तहको संरचनाको परिकल्पना गरेको छ। सात प्रदेशको प्रस्तावसहित १३ प्रदेशको विकल्प पनि खुल्ला गरेको छ।

दोस्रो खण्डमा संविधान निर्माणको कार्यभार सँगसँगै निर्वाचित संसदको चार वर्षको अवधिमा जनआकांक्षाअनुरुप परिवर्तनको अनुभूति दिलाउने गरी आर्थिक विकास र समृद्धिका लागि कार्यक्रमहरू द्रुततर गतिमा अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ।

संविधान निर्माणमा सहजीकरणसँगै चार वर्षमा जनतालाई परिवर्तनको अनुभूति दिलाउने गरी आर्थिक विकास र समृद्धिका लागि 'समुन्नत नेपाल, समृद्ध नेपाली' भन्ने मूल मन्त्र लिएर देशभित्र लगानीको वातावरण निर्माण गरी आठ देखि १० प्रतिशतका दरले आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखेको छ। उसले घोषणापत्रमा कुनै पनि अवस्थामा नेपाल बन्द नगर्ने प्रतिबद्धता पनि गरेको छ।

घोषणापत्रमा समृद्ध, आधुनिक, न्यायपूर्ण समावेशी नेपाल निर्माण गरी यसको गन्तव्य समाजवाद, समतामूलक समाज निर्माण तथा विश्व अर्थतन्त्रबाट लाभ लिन सक्ने, प्रतिस्पर्धामा जाने अर्थतन्त्रको विकास गर्नु नेपाली काँग्रेसको मूल उद्देश्य रहेको जनाइएको छ। त्यस्तै उर्जाअन्तर्गत आगामी तीन वर्षभित्र विद्युतभार कटौती अन्त गरिने, पाँच वर्षभित्रमा थप पाँच हजार मेगावाट जलविद्युत उत्पादन गरिने, दस वर्षमा नेपाल आउने बाह्य पर्यटकको संख्या ५० लाख पुऱ्याउने दृष्टिकोण लिई काम गरिने तथा पाँच वर्षभित्रमा पूर्वपश्चिम रेलमार्गको कम्तिमा एक चौथाई निर्माण सम्पन्न गरिने, पाँच वर्षभित्रमा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल तथा पोखरा, जनकपुर, भैरहवा र धनगढीमा दक्षिण एसियाली मुलुकभित्र उडान भर्नसक्ने क्षेत्रीय विमानस्थल निर्माण सम्पन्न गरिने जस्ता लक्ष्य पनि काँग्रेसले घोषणापत्रमा समेटेको छ।

## नेकपा एमाले

प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र बहुपहिचानसहितका सात प्रदेशको संघीय अवधारणासहित एमालेले घोषणापत्र सार्वजनिक गऱ्यो। शासकीय स्वरुपमा भने एमालेले विगतमाझैं प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र संवैधानिक राष्ट्रपतिको प्रस्ताव गरेको छ भने राज्यपुर्नसंरचनामा बहुपहिचानसहित सात प्रदेशको धारणा अघि सारेको हो। संघीयतासहितको लोकतान्त्रिक संविधान, बहुपहिचान र भौगोलिक आधारमा सात प्रदेश र जनताबाट प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको अवधारणा सार्वजनिक गरेको छ।

उसले घोषणापत्रमा नयाँ संविधान लेखनमा पार्टीको अडान र आर्थिक विकासका लागि महत्वकांक्षी योजना समावेश गरेको छ। संविधानसभालाई फलदायी र सार्थक बनाउन एमालेले संविधानका विवादित विषयको टुंगो एक वर्षभित्र लाग्न नसके त्यसको निर्णय जनमतसंग्रहबाट गर्नुपर्ने अवधारणा अघि सारेको छ। राज्य पुर्नसंरचनामा केन्द्र, प्रान्तीय सरकार र स्थानीय सरकारबीच अधिकारको स्पष्ट बाँडफाँड गर्नुपर्नेमा एमालेको जोड छ।

उसले पाँच लाख घरबारविहीन परिवारलाई आवासको ग्यारेन्टी गर्ने र ३ लाखलाई रोजगारी दिने, रोजगारी दिन नसके बेरोजगार युवालाई भत्ता दिने जस्ता महत्वकांक्षी योजना पनि अघि सारेको छ। एमालेले नेपाल बन्द कहिल्यै नगर्ने, लोडसेडिङ पूर्णरुपमा अन्त्य गर्ने, राजनीतिक दललाई उसले प्राप्त गरेको मतका आधारमा राज्यबाट अनुदान दिने व्यवस्था गर्ने प्रस्ताव गरेको छ। आफ्नो नौ महिने सरकारका पालामा शुरु गरेको बृद्ध, एकल महिला र अपाङ्ग भत्ताका साथै अन्य सामाजिक सुरक्षाभत्ता बृद्धि गर्ने पनि घोषणापत्रमा उल्लेख छ।

संघीय, प्रादेशिक र स्थानीय गरी तीन तह र विशेष संरचना समेतको संघीय ढाँचाको प्रत्याभूति गरिने,

सहियता पहिचान र सामर्थ्यका आधार निर्माण गरिने, आर्थिक अधिकारको न्यायोचित बाँडफाँडसहित अलग र साझा अधिकारको सर्वसम्मत सूची निर्माण गरिने जनाइएको छ । प्राकृतिक स्रोतको समन्यायिक सिद्धान्तमा वितरण गरिने, ती निकायमा बसोबास गर्ने आदिवासी जनजातिको पहिचान र स्वशासनको प्रत्याभूति गरिने कुरामा जोड दिइएको छ । उसले मिश्रित निर्वाचन प्रणालीको प्रस्ताव गर्दै दलहरूमाथि प्रतिबन्ध लगाउन बन्देजसहित दलसम्बन्धी व्यवस्था पनि गरेको छ ।

संविधानको व्याख्याताको रुपमा सर्वोच्च अदालत र संघीय इकाइहरूबीचको विवाद समाधानका लागि पाँच बर्षसम्म संवैधानिक अदालतको व्यवस्था गरिने, न्यायाधीशहरूको नियुक्ति र बर्खास्तगीका लागि स्वतन्त्र संरचना बनाइने उल्लेख गरेको छ ।

"नेकपा (एमाले)को परिकल्पना :सुखी नेपाली र समतामूलक समृद्ध नेपाल स्थापना" नारालाई अघि सार्दै एमालेले संविधानसभालाई अधिकार प्राप्ति आन्दोलनको अन्तिम बिन्दु र सामाजिक-आर्थिक रुपान्तरण र समृद्धिको युगमा प्रवेश गर्ने मूलद्वारका रुपमा लिएको उल्लेख गरेको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न र छोटो समयमा तीव्र आर्थिक तथा सामाजिक विकास हासिल गर्ने, लैङ्गिक, जातीय, भाषिक र साँस्कृतिक जस्ता सामाजिक उत्पीडनको यो विभेदकारी संरचना अन्त्य गर्ने कुरामा जोड दिइएको छ ।

तीव्र आर्थिक वृद्धि र न्यायोचित वितरणमा आधारित सन्तुलित विकासको ढाँचालाई अगाडि बढाउने, समृद्ध राष्ट्र बन्नका लागि हाम्रो देश नेपालसँग आवश्यक अथाह प्राकृतिक र साँस्कृतिक सम्पदा, परिश्रमी र इमान्दार मानव सम्पदा, दुर्लभ भौगोलिक, जैविक र साँस्कृतिक विविधता तथा अन्तर्राष्ट्रिय सद्भाव र सहयोगी हातहरूलाई क्रियाशिल बनाउने लक्ष्य बोकेको छ ।

## एकीकृत नेकपा (माओवादी)

संविधानको पहिलो निर्वाचनमा सबैभन्दा ठूलो दल बन्न सफल भएको एकिकृत नेकपा माओवादीले नयाँ नेपालको तस्विरसहित ५४ पृष्ठको घोषणापत्र (प्रतिबद्धतापत्र) सार्वजनिक गऱ्यो । प्रतिबद्धतापत्रमा एमाओवादीले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र संसदबाट निर्वाचित प्रधानमन्त्री शासकिय स्वरुपको साथै पहिचानसहितको ११ संघीय प्रदेशको खाका प्रस्तुत गरेको थियो ।

नयाँ संविधान प्रारम्भ भएको एक वर्षभित्र विगतमा भएका सबै सन्धीसम्झौताहरूको पुनरावलोकन गरी राष्ट्रियहित प्रतिकुल रहेका सन्धीसम्झौताहरू खारेज गर्ने र राष्ट्रिय हित अनुकुलका नयाँ सन्धीसम्झौताहरू राज्यले गर्ने, कुनै विदेशी राष्ट्र वा संघसंस्थासँग सन्धि वा सम्झौता गर्ने अधिकार संघीय सरकारमा निहित रहने र स्वायत्त प्रदेशलाई प्रत्यक्ष असर पर्ने वा स्वायत्त प्रदेशको क्षेत्राधिकार भित्रको विषयमा सन्धी वा सम्झौता गर्दा संघले सम्बन्धित प्रदेशको परामर्श लिने, शान्ति र मैत्री, सुरक्षा एवम् सामरिक सम्बन्ध, नेपाल राज्यको सीमाना र राष्ट्रलाई व्यापक, गम्भीर वा दीर्घकालिन असर पर्ने प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाँड विषयका सन्धी वा सम्झौताको अनुमोदन संघीय व्यवस्थापिकाको दुई तिहाई बहुमतबाट गर्नुपर्ने, जनताको सार्वभौमसत्ता, संविधानको सर्वोच्चता, विधिको शासन, बहुदलीय प्रतिस्पर्धा, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेसस्वतन्त्रता, मानवअधिकार आदि सार्वभौम गुणहरू युक्त पूर्णलोकतान्त्रिक प्रणाली अपनाइने घोषणापत्रमा उल्लेख छ ।

संघीय नेपालको मूल तहगत संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने,संघ तथा प्रदेशमा व्यवस्थापिका, न्यायपालिका र कार्यपालिका रहने, स्थानीय तहमा प्रादेशिक कानून अन्तर्गत विधायिकी, कार्यकारिणी

र न्यायिक अधिकार रहेको एक निर्वाचित परिषद् रहने, मूल संरचनाका अतिरिक्त विशेष संरचनाका रुपमा प्रदेश अन्तर्गत स्वायत्त क्षेत्र, विशेष क्षेत्र र संरक्षित क्षेत्र रहन सक्ने छन्। प्रदेशभित्र स्थापना गरिने एक जाति/समुदाय वा भाषाको बाहुल्य भएको वा सघन उपस्थिति रहेको क्षेत्रलाई 'विशेष स्वायत्त क्षेत्र' वा 'स्वायत्त क्षेत्र' भनिने छ। प्रदेशभित्र अति अल्पसंख्यक, लोपोन्मुख र अति सीमान्तकृत रुपमा रहेका जाति, समुदाय र साँस्कृतिक क्षेत्रको संरक्षण र सम्बर्धन गर्न स्थापना गरिने क्षेत्रलाई 'संरक्षित क्षेत्र' भनिने छ। स्वायत्त क्षेत्र र संरक्षित क्षेत्रले नसमेटेको, सम्बन्धित प्रदेशभित्र पिछडिएको आर्थिक र सामाजिक अवस्थामा रहेको क्षेत्रलाई विकास गर्न बनाइने इकाइलाई 'विशेष क्षेत्र' भनिने छ। स्वायत्त क्षेत्रमा प्रादेशिक कानून अन्तर्गत विधायिकी, कार्यकारिणी र न्यायिक अधिकार रहेको एक निर्वाचिन परिषद् रहने घोषणापत्रमा उल्लेख छ।

नेपालको एकात्मक राज्यलाई पुनर्संरचना गरी जाति,भाषा र क्षेत्रका 'पहिचान' र आर्थिक अन्तरसम्बन्ध, पूर्वाधार विकास, प्राकृतिक साधनस्रोत र प्रशासनिक सुगमताका 'सामर्थ्य' का आधारमा ११ स्वायत्त प्रदेशमा विभाजन गरिने र प्रदेशहरूको यथार्थ सीमांकन राज्य पुनर्संरचना आयोगको सिफारिसमा गरिने उल्लेख छ।

संघ, प्रदेश, स्थानीय तह र विषेश संरचना बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्दान्तमा आधारित हुनेछ। संघीय इकाइहरू बीच उत्पन्न हुने विवाद समाधान गर्न संघका कार्यकारी प्रमुखको अध्यक्षतामा संघीय गृहमन्त्री, संघीय अर्थमन्त्री र प्रदेशका प्रमुखहरू रहेको एक अन्तरप्रादेशिक परिषद् हुने धारणा राखेको छ। उसले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र सदनबाट चुनिएका दैनिक प्रशासन हेर्ने प्रधानमन्त्री सहितको नयाँ शासकीय प्रणाली अपनाउनु उपयुक्त हुने धारणा जनाएको छ।

व्यवस्थापिका तीन तहको प्रतिनिधिसभा हुने, केन्द्रमा संघीय प्रतिनिधिसभा, प्रान्तमा प्रान्तीय प्रतिनिधिसभा र स्थानीय रुपमा नगर/गाउँ परिषद् रहने छन्। संघीय व्यवस्थापिका दुई सदनात्मक हुनेछ। तल्लो सदनमा जनसंख्याको आधारमा प्रतिनिधिहरू चुनिने छन् भने उपल्लो सदनमा सवै प्रान्तहरूबाट बराबर प्रतिनिधि चुनिने छन्। प्रान्तमा एक सदनात्मक व्यवस्थापिका हुने, सबै तहका व्यवस्थापिकाको संख्या सकेसम्म सानो राखिने, सबै तहका व्यवस्थापिकाको गठन बहुसदस्यीय निर्वाचन क्षेत्र प्रणाली अनुसार विभिन्न वर्ग जाति/जनजाति, महिला, दलित आदिको समावेशी तथा समानुपातिक प्रतिनिधित्व हुने गरी प्रत्यक्ष निर्वाचनद्वारा गरिने छ।

केन्द्रमा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र व्यवस्थापिका सदस्यहरूबाट निर्वाचित प्रधानमन्त्री हुने छन्। राष्ट्रपतिले राष्ट्राध्यक्ष, सेना प्रमुख र कार्यकारी प्रमुखको भूमिका निर्वाह गर्ने छन् र प्रधानमन्त्रीले दैनिक सरकार र प्रशासन संचालनको जिम्मेवारी बहन गर्ने छन्। राष्ट्रपति र प्रधानमन्त्रीको कार्यकाल दुई पूर्णअवधिको निम्ति भन्दा बढी हुने छैन। प्रदेशमा प्रदेशप्रमुख (गभर्नर) र मुख्य मन्त्री हुने छन्। राष्ट्रपतिले सम्बन्धित प्रदेशको मुख्यमन्त्रीको सहमतिमा प्रदेश प्रमुखको नियुक्ति गर्ने छन्। प्रत्येक स्थानीय निकायमा कार्यकारिणी प्रमुखको रुपमा प्रत्यक्ष निर्वाचित अध्यक्ष रहने छन्।

न्यायपालिकाका सन्दर्भमा जनतालाई औपचारिक मात्रै होइन वास्तविक न्याय सरल र सुलभ ढंगले दिलाउनका लागि र विधिको शासनको लोकतान्त्रिक मूल्यमान्यता प्रत्याभूत गर्नका लागि सवल, सक्षम, स्वतन्त्र र जनउत्तरदायी न्यायपालिकाको गठन गरिने उल्लेख छ। संघीय संरचना अनुरुप तीन तहका अदालत रहने छन्। केन्द्रमा संघीय सर्वोच्च अदालत, प्रदेशमा उच्च अदालत र जिल्ला/स्थानीय अदालत हुनेछन्। संविधान र संघीय कानूनको न्याय गर्ने अधिकार संघीय सर्वोच्च अदालत साथै संघ र प्रदेश बीचको विवाद, प्रदेश र प्रदेश बीचको विवाद, संघीय संवैधानिक अंगहरू बीचको विवाद, राष्ट्रिय सुरक्षा र वैदेशिक मामिला सम्बन्धी विवाद आदि संघीय सर्वोच्च अदालतका शुरु क्षेत्राधिकार हुनेछन्। प्रत्येक प्रदेशमा प्रदेशस्तरको सबैभन्दा माथिल्लोस्तरको असाधारण अधिकार क्षेत्र युक्त एक उच्च अदालत हुनेछ। सबै नागरिकको नयायमा पहुँच पु¥याउन र सानातिना मुद्दा मामिला र विवाद स्थानीय स्तरमै छिटोछरितो

तरिकाले टुङ्ग्याउन स्थानीय अदालतहरूको व्यवस्था गरिनेछ । साथै पारिवारिक विवाद, महिलामाथिको घरेलु हिंसा, दलितहरूमाथि छुवाछुत, आदिवासी/जनजाति, मधेसी, मुस्लिम आदिका सांस्कृतिक, धार्मिक विवाद इत्यादिको निरुपण गर्न आवश्यकता अनुसार लोक अदालत वा मेलमिलाप केन्द्र स्थापना गरिने छ । आवश्यकता अनुसार खास किसिम र प्रकृतिका मुद्दा हेर्ने विशिष्टिकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको गठन गर्न सकिने उल्लेख गरेको छ ।

## राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल

राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालले संवैधानिक राजतन्त्रसहितको शासन व्यवस्थाको परिकल्पनालाई उसले घोषणापत्रमा उल्लेख गरेको छ। दुई सदनात्मक व्यवस्थापिका र दुई सय सात जना हुने जनप्रतिनिधिसभाको परिकल्पना गरेको छ । जनप्रतिनिधिसभा ७५ जिल्लाबाट निर्वाचित ७५ जना र समानुपातिकतर्फबाट प्रत्येक दुई लाख जनसंख्याबाट एक जना प्रतिनिधि हुनेगरी एक सय ३२ जना गरेर दुई सय सात जना रहने कुरा घोषणापत्रमा उल्लेख गरेको हो । ७० जना सदस्य हुने त्यसैगरी माथिल्लो सदनमा जनप्रतिनिधि र स्थानीय निकायबाट निर्वाचित ६० जना र मन्त्री परिषद्बाट १० जना सदस्य रहने, दुवै सदनको अधिकार बराबर हुने, न्यायपालिकामा तीनवटा तह हुने, सर्वोच्च, पुनरावेदन र स्थानीय अदालतको व्यवस्था रहने जनाएको छ ।

सो दलले आर्थिक विकासका लागि ३० वर्षे गुरुयोजना सार्वजनिक गरेको छ। १० वर्षमा आर्थिक वृद्धिदर दोहोर अंकमा पुऱ्याउने, १५ वर्षभित्रमा स्वदेशमै रोजगारीका अवसर सिर्जना गरी विदेश जाने बाध्यताको अन्त्य गर्ने, ३० वर्षमा प्रतिव्यक्ति आय विकसित देशको दाँजोमा पुऱ्याउने जस्ता कुरालाई घोषणापत्रमा समावेश गरेको छ ।

युवा बेरोजगारहरूलाई मासिक १५ सय बेरोजगार भत्ता दिने, मेची-महाकाली विद्युतीय रेलमार्ग निर्माण गर्ने, काठमाडौँ-जुम्ला राजमार्ग कोसी तथा नारायणीमा जलमार्ग र काठमाडौँ-तराई फास्ट ट्र्याक निर्माण गरिने जस्ता कुरालाई घोषणापत्रमा उल्लेख गरेको छ। बाराको निजगढमा काठमाडौँको विकल्पमा विमानस्थल निर्माण, पोखरा, विराटनगर र नेपालगञ्ज विमानस्थलमा ठूला जहाज बस्ने गरी विस्तार गर्ने, पाँच वर्षभित्रमा लोडसेटिङको अन्त्य गर्ने जस्ता महत्वकांक्षी योजना पनि बनाएको छ ।

## फोरम लोकतान्त्रिक

फोरम लोकतान्त्रिकले आफ्नो घोषणापत्रमा अघिल्लो संविधानसभामा उच्चस्तरीय राज्य पुन:संरचना आयोगको प्रस्तावलाई समर्थन गर्दै सो बमोजिम पहाड-हिमालमा रहने आठ प्रदेश गरी १० प्रदेशको अवधारणा अघि सारेको छ। सो पार्टीले शासकीयस्वरुपका सम्बन्धमा सुधारिएको समावेशी संसदीय लोकतान्त्रिक प्रणालीको पक्षमा आफ्नो मत जायर गर्दै सुधारिएको समावेशी संसदले प्रधानमन्त्री छान्ने र केन्द्रीय संसद तथा प्रदेश सभाहरूले राष्ट्रपति छान्ने मोडेलमा जोड दिएको छ। स्वतन्त्र न्यायपालिका बन्नुपर्ने पार्टीको मान्यतालाई अघिसार्दै न्यायपालिका, कार्यकालिका र विधायिकाबीच शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलनको सिद्दान्तले काम गर्नुपर्ने घोषणापत्रमा उल्लेख गरेको छ। निर्वाचन प्रणाली केन्द्रीय संसद र प्रदेश सभा दुवै ठाउँमा प्रत्यक्ष तथा समानुपातिक गरी मिश्रित निर्वाचन प्रणाली कायम गरिनुपर्ने, मिश्रित अर्थव्यवस्थाको विकास, सार्ववनिक(निजी) साझेदारी, उदार अर्थव्यवस्था र विदेशी पुँजी लगानी तथा स्वदेशी पुँजीको विकास र परिचालनको नीतिलाई अघि सारेको छ ।

## राष्ट्रिय प्रजातन्त्र पार्टी

राष्ट्रिय प्रजातन्त्र पार्टीले संवैधानिक राष्ट्रपति र संसदबाट निर्वाचित तथा संसदप्रति जवाफदेही कार्यकारिणी अधिकारयुक्त प्रधानमन्त्री रहने अवधारणसहितको घोषणापत्र सार्वजनिक गरेको छ । राज्यको पुर्नःसंरचनाका सामर्थ्य, पहिचान, भूगोल र ऐतिहासिक पृष्ठभूमिलाई संघीय संरचनाको आधार बनाउने सोही आधारमा सातवटा संघीय राज्य (तराई/मधेशमा दुईवटा र पहाड-हिमालमा पाँचवटा प्रदेश) बनाउने प्रस्ताव गरेको छ। सो पार्टीले संवैधानिक राष्ट्रपति कार्यकारी प्रधानमन्त्री हुने व्यवस्था गर्ने, केन्द्रीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकार गरी शासकीय स्वरुपमा तीन तहका सरकारको प्रस्ताव गरेको छ। एक वर्षभित्र नयाँ संविधान बनाएर मुलुकको संक्रमणकालीन अवस्थाको अन्त्य गर्ने, सनातन धर्मसापेक्ष राष्ट्रको पहिचान दिने, विश्वसनीय, जनउत्तरदायी, क्षमताशील, सम्बृद्ध र अखण्ड नेपाल भावी पुस्तालाई हस्तान्तरण गनेपर्ने उल्लेख गरेको छ । घोषणापत्रमा मुलुकको आर्थिक विकासका लागि हरित क्रान्ति गर्ने, जलस्रोत तथा उर्जाक्रान्ति, पर्यटन क्रान्ति, सूचना प्रविधि क्रान्ति, औद्योगिक क्रान्ति गर्ने उल्लेख गरेको छ ।

## मधेसी जनअधिकार फोरम नेपाल

मधेसी जनअधिकार फोरम नेपालले आत्मनिर्णयको अधिकारसहितको स्वायत्त मधेस-प्रदेश गठन हुनुपर्ने माग राख्दै चुनावी घोषणापत्र जारी गरेको छ । सो पार्टीले शासकीय स्वरुपमा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति नै उपयुक्त हुने प्रस्ताव गरेको छ । उपराष्ट्रपतिको हकमा भने निर्वाचन संसद तथा प्रादेशिक विधायिकाका सदस्यहरूको बहुमतबाट हुनुपर्ने व्यवस्था पनि घोषणापत्रमा गरिएको छ । घोषणापत्रमा तराईमा एक प्रदेशको अवधारणा अघि सारेको छ । व्यवस्थापिका वा संसद् केन्द्रीय तहमा दुई सदनात्मक हुनेछ, जसमा जनप्रतिनिधि सभा (तल्लो सदन)को अध्यक्षता सभामुखले गर्ने र राष्ट्रियसभा वा जातीय सभा (माथिल्लो सदन) को अध्यक्षता उपराष्ट्रपतिले गर्ने घोषणापत्रमा छ । प्रदेशहरूमा समानुपातिक निर्वाचन प्रणालीद्वारा निर्वाचित एक सदनात्मक व्यवस्थापिका, प्रदेशको सरकार प्रमुख वा मुख्यमन्त्रीको निर्वाचन प्रत्यक्ष रुपमा प्रदेशका जनताबाट नै निर्वाचित हुनुपर्ने घोषणापत्रमा जनाइएको छ ।

यस्तै राष्ट्रिय महत्वका विषयहरूमा निर्णय गर्दा जनमत सँग्रहमार्फत् गर्नुपर्ने, केन्द्रमा प्रतिनिधिसभा र राष्ट्रिय वा जातीय गरी दुई सदनात्मक संसद हुनुपर्ने पनि घोषणापत्रमा उल्लेख छ ।

## तराई मधेस लोकतान्त्रिक पार्टी

तराई मधेस लोकतान्त्रिक पार्टी (तमलोपा) ले समावेशी राज्य संयन्त्रमा जोड दिएको छ । तमलोपाद्वारा सार्वजनिक गरिएको घोषणापत्रमा व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका र सेनाको संरचना समावेशी हुनुपर्ने उल्लेख गरेको छ। स्वायत्त मधेस प्रदेश एजेण्डालाई प्राथमिकता दिएको छ। उसले मिश्रित निर्वाचन प्रणालीबाट चुनिने संसदबाट कार्यकारी प्रधानमन्त्रीको चयन र अलंकारिक राष्ट्रपतिको प्रस्ताव गरेको छ। उसले भूमिहीन र कम्लरीको व्यवस्थापनलाई घोषणापत्रमा महत्व दिइएको छ ।

मधेशमा थारु र पहाडका आदिवासी जनजातिको समेत स्वशासन स्थापित गर्ने, नयाँ संविधानमा स्वायत्ततासहितको संघीय राज्य तथा पहिचानसहितको संघीयता र संघीयतासहितको संविधान निर्माण गर्न प्रतिबद्धता जनाइएको छ ।

## सद्भावना पार्टी

सद्भावना पार्टीले सुधारिएको संसदीय व्यवस्थासहितको आलङकारिक राष्ट्रपति र कार्यकारी प्रधानमन्त्री रहने गरी शासकीय स्वरुप हुनुपर्ने प्रस्ताव गर्दै आफ्नो घोषणापत्र सार्वजनिक गऱ्यो।

केन्द्र र प्रदेशमा दुई सदनको व्यवस्था गर्ने, दुई वटै सदनबाट निर्वाचन मण्डल बनाएर राष्ट्रपतिको चुनाव गराउनुपर्ने, तल्लो सदन जनसंख्याका आधारमा ५२ र ४८ प्रतिशत मिश्रित निर्वाचन प्रणालीमार्फत बढीमा १ सय ५१ सदस्यीय हुने घोषणापत्रमा जनाएको छ। त्यस्तै प्रान्तिय सभा पनि सोही प्रतिशत एवम प्रणालीअनुसार जनसंख्याका आधारमा २१ देखि १ सय १ जनाको रहने प्रस्ताव गरेको छ। उसले विगतको संविधानसभाले सबै दलका प्रतिनीधि सम्मिलित राज्य पुनर्सरचना आयोगले दिएको सुझावबाट १० प्रदेशको प्रस्तावमा उल्लेखित प्रदेशको सीमा र संरचनालाई आत्मसाथ गरेको छ। मेचीदेखि महाकालीसम्म मधेसका जनता सहमत भए सम्पूर्ण मधेसलाई प्रदेश बनाउने र सहमति हुन नसके नारायणीदेखि पूर्वएउटा र पश्चिम एउटा गरी तराईलाई दुई प्रदेशमा विभाजन गर्नेप्रस्ताव गरेको छ।

## नेकपा माले

नेकपा मालेले जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री र संसदबाट निर्वाचित राष्ट्रपति रहने शासकीय स्वरुपको प्रस्तावसहित चुनावी घोषणापत्र सार्वजनिक गरेको छ। उसले संसदप्रति जवाफदेही हुने गरी प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र संसदबाट निर्वाचित राष्ट्रपति रहने गरी शासकीय स्वरुप प्रस्ताव गरेको छ। सगरमाथा, जनकपुर, बागमति, लुम्बिनी, कर्णाली र सेती-काली गरी ६ प्रदेश रहने संघीय व्यवस्थाको प्रस्ताव गरेको छ। चार तहको संघीय राज्य रहने गरी केन्द्र (संघीय तह), प्रदेश, प्रदेशभित्र जिल्ला तथा जातीय स्वशासित एकाइ र जिल्लादेखि तल आवश्यकताअनुसार गठित नगरपालिका र गाउँ पालिकाहरू रहने उल्लेख छ। बलियो केन्द्र रहेको संघीय प्रणाली नेपालका लागि उपयुक्त हुने जनाइएको छ। निश्चित आधारमा केन्द्रले प्रादेशिक सरकार विघटन गरी निश्चित अवधिका लागि राष्ट्रपति शासन लागू गर्ने प्रावधान राखिएको छ। प्रतिनिधिसभा, राष्ट्रियसभा र प्रादेशिक व्यवस्थापिकाका सदस्यले राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन गर्ने घोषणापत्रमा उल्लेख गरिएको छ। घोषणापत्रमा वालिग मताधिकारका आधारमा सिङ्गो देशबाट प्रत्यक्ष रुपमा निर्वाचित हुने नेपाली नागरिक प्रधानमन्त्रीका रुपमा सरकारका कार्यकारी प्रमुख रहने र प्रत्यक्ष रुपमा निर्वाचित प्रधानमन्त्रीले संसद-सदस्यबाट मात्र नभई बाहिरबाट समेत योग्य नेपाली नागरिकलाई लिई मन्त्रीपरिषद्को गठन र सञ्चालन गर्न सकिने उल्लेख छ। राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्री लगातार दुई कार्यकालका निम्ति निर्वाचित हुन सक्ने र सबैको एक कार्यकालको अवधि पाँच वर्षको रहने जनाइएको छ।

## संघीय समाजवादी पार्टी नेपाल

संघीय समाजवादी पार्टी नेपालले आफ्नो घोषणापत्रमा शासकीय व्यवस्थामा 'समावेशी राष्ट्रपति प्रणाली' प्रस्ताव गरेको छ। उसले राष्ट्रपति र उपराष्ट्रपति प्रत्यक्ष निर्वाचनबाट चुनिने र फरक जाति समुदायको हुने भनेको छ। जनताको सर्वोच्चता, संघीय शासन बहुलतायुक्त खुला समाज, संवैधानिक तथा कानूनी राज्य, शक्ति पृथकीकरण, मौलिक हक तथा मानवअधिकार, बालिग मताधिकार र आवधिक निर्वाचनबारे उल्लेख छ।

प्रस्तावमा स्वायत्त प्रदेश, स्वायत्त क्षेत्र, संक्षत क्षेत्र र गैरभौगोलिक विशेष क्षेत्र हुने जनाएको छ। प्रदेशमा प्रत्यक्ष निर्वाचनबाट मुख्यमन्त्री निर्वाचित हुने र स्थानीय तहमा समेत त्यही प्रणालीको राजनीतिक व्यवस्था रहने उल्लेख छ। आदिवासी जनजाति, मधेसी, खस, दलित र मुस्लिमको अधिकारलाई प्रष्टरुपमा किटान गरिने भनिएको

छ। अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि -१६९ नेपाल पक्ष राष्ट्र भएकोले त्यसैका आधारलाई टेकिने जनाइएको छ। संविधानसभा चुनावलाई श्रमजिवी वर्ग र उत्पीडित समुदायको अधिकारको लागि संघर्षको थलोका रुपमा हुने संघीय समाजवादीले जनाएको छ। प्रतिस्पर्धात्मक बहुदलीय व्यवस्था र समानुपातिक प्रतिनिधित्व, राज्यसत्ता र पार्टीको लोकतान्त्रिकरण, समाजवादी अर्थराजनीतिक दिशा अँगालेको उसले उल्लेख गरेको छ। आर्थिक व्यवस्था समाजवादी उन्मुख मिश्रित अर्थतन्त्र हुने भनिएको छ। संघीय समाजवादीले राष्ट्रियता र राष्ट्रिय हित संरक्षणका निम्ति जनक्रान्तिको उपलब्धी रक्षा गर्नसमावेशी लोकतन्त्र, संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता, उत्पीडित समुदायको मुक्ति, वर्गीय मुक्ति, सामाजिक न्याय, सु-शासन रहने भनेको छ।

## नेपाल मजदूर किसान पार्टी

नेपाल मजदूर किसान पार्टीले भूगोल र प्राकृतिक स्रोत-साधनहरूको आधारमा चौध प्रदेशको अवधारणासहित आफ्नो पार्टीको संविधानसभाको घोषणापत्र सार्वजनिक गऱ्यो। सो पार्टीले प्रस्तुत गरेको घोषणापत्रमा प्रदेशमै हिमाल, पहाड र तराई समावेश हुनुपर्ने, देशको रक्षा, परराष्ट्र, राष्ट्रिय यातायात, सञ्चार, मुद्रा, अन्तर्राष्ट्रिय व्यापार, विज्ञान र प्रविधि, खनिज र जलस्रोत, हुलाक, भन्सार आदि केन्द्रिय सरकारमा नीहित हुने तथा एउटा स्वायत्त र केन्द्रीय विश्वविद्यालय राजधानीमा रहने उल्लेख गरेको छ।

प्रत्यक्ष निर्वाचित राष्ट्रपति, सांसदहरू मन्त्री नहुने र राष्ट्रपति अनुकूल सानो मन्त्रिपरिषद् हुने, राष्ट्रपति 'राष्ट्रप्रमुख', 'सरकार प्रमुख' र 'सेनाध्यक्ष' हुने जनाएको छ। घोषणापत्रमा स्थानीय निकाय प्रजातन्त्रको जग भएको उल्लेख गर्दै स्थानीय भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण र सम्बर्धन गर्न संविधानमै स्थानीय निकायलाई विशेष दायित्व दिनु आवश्यक रहेको उल्लेख गरेको छ। स्थानीय निकायलाई स्वायत्तता र विकेन्द्रिकरणमार्फत अधिकारसम्पन्न बनाएर देशको आधा बजेट विकास निर्माणमा खर्च गर्नदिने संवैधानिक व्यवस्था गर्न आवश्यक रहेको घोषणापत्रमा जनाएको छ। घोषणापत्रमा व्यवस्थापिका माथिल्लो र तल्लो गरी दुई सदनात्मक हुने उल्लेख गर्दै माथिल्लो सदन जातजातिको राष्ट्रिय सभा हुने तथा तल्लो सदन प्रतिनिधिसभा हुने उल्लेख छ।

प्रतिनिधिसभाको चुनाव मिश्रित सदस्य समानुपातिक प्रतिनिधित्व (एमएमपीआर) को आधारमा हुनुपर्ने, प्रादेशिक विधानसभा एक सदनको हुने, यसका सदस्यहरू भूगोल र जनसंख्या (एमएमपीआर) को आधारमा निर्वाचित हुने, राष्ट्रपति (केन्द्र सरकार) बाट नियुक्त प्रदेशका प्रमुख कार्यकारी अधिकारी (गभर्नर) ले केन्द्र र प्रदेश सरकारको बीच पुलको काम गर्ने, प्रादेशिक विधानसभाका सदस्यहरूलाई प्रत्याआह्वानको व्यवस्था हुने उल्लेख गरेको छ। घोषणापत्रमा प्राकृतिक स्रोतसाधनहरू विदेशसँगका सन्धि-सम्झौताहरू संयुक्त सदनको दुई तिहाई बहुमतबाट पारित गरिनुपर्ने उल्लेख गरिएको छ।

## राष्ट्रिय जनमोर्चा

राष्ट्रिय जनमोर्चाले संघीयताको विपक्षमा उभिने दोहोऱ्याउँदै संविधानसभा चुनावका लागि घोषणापत्र सार्वजनिक गऱ्यो। घोषणापत्रमा संघीयता खारेज गरी एकात्मक प्रणालीअन्तर्गत हालका १४ अञ्चललाई ७ वटा प्रदेशमा विभाजन गरिने उल्लेख छ। प्रस्तावित ७ प्रदेशहरूमा मेची र कोसी अञ्चललाई मिलाएर कोसी प्रदेश, जनकपुर र सगरमाथालाई मिलाएर सगरमाथा प्रदेश, बागमती र नारायणीलाई मिलाएर बागमती प्रदेश गण्डकी र धौलागिरीलाई मिलाएर गण्डकी प्रदेश, राप्ती र लुम्बिनीलाई मिलाएर लुम्बिनी प्रदेश भेरी, सेती र महाकालीलाई मिलाएर महाकाली प्रदेश र कर्णाली अञ्चललाई कर्णाली प्रदेश बनाउने उल्लेख छ। घोषणापत्रमा राज्यको प्रमुख संवैधानिक राष्ट्रपति, सरकार प्रमुख संसद्बाट निर्वाचित प्रधानमन्त्री हुने, २ सदनात्मक संसद, स्थानीय स्वायत्त शासनलाई संवैधानिक अंग मानिने र प्रमुख संवैधानिक पदहरूमा वंशज नागरिक मात्र निर्वाचित हुने उल्लेख छ।

सो पार्टीले घोषणापत्रमा शासकीय स्वरुपमा प्रजातान्त्रिक विकेन्द्रीयता र स्थानिय स्वायत शासनमाथि आधारित एकात्मक प्रणाली हुनुपर्ने प्रस्ताव गरेको छ। पार्टीले घोषणापत्रमा विशुद्ध जातीय आधारमा जातीय स्वायत शासन र जातीय अग्राधिकारको विरोध गर्दै कुनै पनि पिछडीएको जात जातीको स्थानिय जातीय स्वायतशासन कायम हुनु पर्ने एवम् देशभरमा छरिएर बसेका जनजाती र दलित जातीहरूको प्रतिनिधित्व वा अधिकारहरूको संरक्षणका लागि राष्ट्रिय काउन्सिलको गठनको माग गरेको छ।

## नेपाल कम्यूनिष्ट पार्टी संयूक्त

नेपाल कम्यूनिष्ट पार्टी संयूक्त ईलेक्ट्रोल कलेजबाट निर्वाचित संबैधानिक राष्ट्रपति र संसदबाट निर्वाचित कार्यकारी प्रमुख प्रधानमन्त्री रहने संसदीय प्रकृतिको शासन व्यवस्थासहितको आफ्नो घोषणापत्र सार्वजनिक गऱ्यो। घोषणापत्रमा संघीय संसदका दुवै सदन, प्रान्तीय, स्वायत्त स्वशासित क्षेत्र र विशेष क्षेत्रका निर्वाचित जनप्रतिनिधिसभाका सदस्यहरूको निर्वाचन मण्डलबाट निर्वाचित हुने राष्ट्रपति राष्ट्रप्रमुख र सेनाको परमाधिपति हुने र सोही निर्वाचन पद्दतिबाट गर्भनर निर्वाचित गर्ने प्रस्ताव गरिएको छ। सामर्थ्य, पहिचान र भौगोलिक सुगमताको आधारमा हिमाल र पहाडमा ६ त्यस्तै तराईमा ३ प्रदेश निर्माण गर्ने प्रस्ताव सो पार्टीको घोषणापत्रमा उल्लेख छ।

घोषणापत्रमा दुई सदनात्मक संघीय सदन, प्रान्त, स्वायत्त स्वशासित क्षेत्र, विशेष क्षेत्रमा एक एक जनप्रतिनिधिसभा रहने र प्रान्तीय जनप्रतिनिधिसभामा प्रान्तमा बसोबास गर्ने सबै जातजाती, भाषा, धर्म लिङ्गको जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व गर्ने व्यवस्था गरिने, मिश्रित निर्वाचन प्रणाली तथा जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व गर्न, सहकारिता तथा सामुदायिकताका आधारमा राज्यले आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराई देशको आर्थिक जीवनको मुल प्रभावमा ल्याएर शिक्षित बेरोजगारी र यूवा बेरोजगारीको अन्त्य गर्ने, साझा, सहकारी, सामुदायिक तथा नीजि क्षेत्रलाई एक अर्काको पुरक रुपमा विकास गर्न, बैदेशिक लगानीका लागि मैत्रीपूर्ण बातावरण निर्माण गरी संयूक्त कम्पनीलाई प्रोत्साहन गर्ने आर्थिक नीतिको प्रस्ताव गरिएको छ।

## राष्ट्रिय मधेस समाजवादी पार्टी

राष्ट्रिय मधेस समाजवादी पार्टीले संघीय समावेशी लोकतान्त्रिक प्रणालीको अवधारणासहितको चुनावी घोषणापत्र सार्वजनिक गऱ्यो। केन्द्रीकृत एकात्मक राज्यको सट्टामा लोकतान्त्रिक शासनप्रणाली, पहिचानसहितका स्वायत्त प्रदेशहरू रहेको सार्वभौमसत्ता सम्पन्न संघीय समावेशी लोकतान्त्रिक नेपाल निर्माणको अवधारणा लिएको छ। प्रदेशको संरचनाको प्रमुख आधारमा भौगोलिक अवस्थिति, जनसंख्या, प्राकृतिक स्रोतसाधन, आर्थिक सम्भाव्यता, भाषिक जातीय एवम् सांस्कृतिक विविधता तथा सघनता, राजनीतिक प्रशासनिक सुगमता आदि हुने जनाएको छ। आत्मनिणर्यको अधिकार एवम् पहिचानसहितको स्वायत्त मधेस प्रदेशसहितका प्रदेशहरूको निर्माण हुनुपर्ने जनाएको छ।

संघमा संसदबाट निर्वाचित प्रधानमन्त्री सरकार प्रमुख र संघ तथा प्रदेशबाट निर्वाचित जनप्रतिनिधिबाट निर्वाचित संवैधानिक राष्ट्रपति राष्ट्रप्रमुख रहने गरी संसदीय सर्वोच्चताको संवैधानिक व्यवस्था हुनुपर्ने आफ्नो घोषणापत्रमा समेटेको छ।

संघीय र प्रादेशिक संसदको चुनाव प्रत्यक्ष निर्वाचन प्रणाली (पहिलो हुने निर्वाचित हुने) का आधारमा हुनुपर्ने, गैरभौगोलिक क्षेत्र कायम गरी मधेसी, थारु, आदिवासी जनजाति, दलित, मुसलमान, महिला, अल्पसंख्यक आदि समुदायका लागि समावेशी प्रतिनिधित्वको व्यवस्था हुनुपर्नेमा आफ्नो दृढता व्यक्त गरेको छ।



मधेसी युवालाई आफ्नै देशमा स्वरोजगारको वातावरण दिएर विदेश जानबाट रोक्न तथा गइसकेकालाई

फर्काउन अनि उनीहरूको संलग्नतामा मधेसमा हरित क्रान्ति तथा चुरे सम्बर्द्धन गरी यथेष्ठ लाभ लिन विविध कार्यक्रमहरू सञ्चालन गर्ने कुरालाई पनि घोषणापत्रमा समेटेको छ ।

## राष्ट्रिय जनमुक्ति पार्टी

राष्ट्रिय जनमुक्ति पार्टीले दुई सदनात्मक शासन व्यवस्था, १२ स्वायत्त प्रदेशको संघीय संरचना, राष्ट्रपतिको सट्टा पाँच सदस्यीय राष्ट्रिय अध्यक्ष मण्डल, संसदीय प्रधानमन्त्री हुने उल्लेख गर्दै आफ्नो घोषणापत्र सार्वजनिक गऱ्यो ।

शासन संचालनका लागि केन्द्रिय तहमा संघीय सभा र संघीय परिषद नामका दुई सदन हुने, देशको नीति निर्माण गर्ने मुल थलो बन्ने संघीय सभामा जातीय जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधि रहने र संघीय परिषद्मा स्वायत्त प्रदेशका प्रतिनिधिहरू रहने घोषणापत्रमा उल्लेख छ। जनमुक्ति पार्टीले पूर्णसंघीयताको मर्मअनुसार संघीय सरकारमा रहने परराष्ट्र, सुरक्षा, मुद्रा, युद्ध र शान्तिको घोषणा, राष्ट्रिय पारवाहन, संचार र राष्ट्रिय हितका ठूला उद्योग व्यवसायबाहेक अन्य सबै अधिकार स्वायत्त राज्यलाई रहने प्रस्ताव गरेको छ।

## तराई मधेस सद्भावना पार्टी (तमसपा)

तराई मधेस सद्भावना पार्टी (तमसपा) ले अन्य मधेसवादी दलले जस्तै 'स्वायत्त मधेस प्रदेश' मा जोड दिएको छ । उसले राज्यसभा र विधानसभा गरी दुई सदनात्मक व्यवस्थापिकाको परिकल्पना गरेको छ भने प्रदेशमा मुख्यमन्त्री रहने उल्लेख गरेको छ। माथिल्लो सदनका लागि प्रदेशबाट राज्यसभामा प्रतिनिधि चयन गर्दा जनसंख्यालाई मुख्य आधार बनाउनुपर्ने, सरकार प्रमुखमा संसदबाट चुनिएका प्रधानमन्त्री र राष्ट्रपति आलंकारिक हुनुपर्ने प्रस्ताव गरेको छ । उसले उच्च शिक्षासम्म नि:शुल्क गर्न, दलित, मुस्लिम र पिछडिएको समुदायका विद्यार्थीलाई प्राविधिक विषय (विज्ञान, इन्जिनियरिङ लगायत) मा अध्ययन गर्न बिना ब्याजी ऋण उपलब्ध गराउनेलगायत कार्यक्रम घोषणापत्रमा समेटेको छ ।

## थरुहट तराई पार्टी नेपाल

थरुहट तराई पार्टी नेपालले जातीय समानुपातिक प्रतिनिधित्वको आधारमा सरकार गठन गर्नुपर्ने शासन व्यवस्थाको पक्षमा उभ्याएको छ। सो पार्टीद्वारा जारी घोषणापत्रमा संसदबाट चयन हुने कार्यकारी प्रधानमन्त्रीको नेतृत्वमा जातीय समानुपातिकताको आधारमा मन्त्रीमण्डल गठन गर्ने र प्रदेश-केन्द्रको जातीय सभाको निर्वाचन मण्डलद्वारा संवैधानिक राष्ट्रपति चयन गर्ने उल्लेख छ। केन्द्र र प्रदेशमा प्रतिनिधि र जातीय सभा गठन गर्ने र त्यसमा कम्तिमा पनि प्रत्येक जातीबाट एक र प्रदेशबाट एक जनाको प्रतिनिधित्व सुनिश्चित गराउने व्यवस्था प्रस्ताव गरेको छ। प्रदेशहरूलाई आर्थिक अधिकारको सम्बन्धमा सो क्षेत्रबाट उठ्ने कुल राजस्वको ९० प्रतिशत प्रदेश र १० प्रतिशत केन्द्रले बाँडफाँड गर्ने प्रस्ताव गरेको छ। सो पार्टीले नेपालको आर्थिक विकासको बाटोको रुपमा भ्रष्टाचार मुक्त देश घोषणा, स्वरोजगारी, प्राकृतिक स्रोत साधनको अधिकतम प्रयोग र विज्ञान तथा प्राविधिको प्रयोगलाई अघि सारेको छ।

## नेपाल परिवार दल

नेपाल परिवार दलले नयाँ बन्ने संविधानमा बहुसांस्कृतिक पहिचान र अधिकार सम्पन्न बढीमा ७ प्रदेश हुने गरी राज्यको पुर्नसंरचना गर्नुपर्ने प्रस्ताव गरेको छ। घोषणापत्रमा राष्ट्रिय अखण्डता, स्वाभिमान, सार्वभौमिकता र

स्वतन्त्रतामा कुनै आँच नआउने गरी भौगोलिक, प्राकृतिक स्रोत र साधन, जनघनत्वलाई ध्यानमा राखेर प्रदेशहरू गठन हुनुपर्ने उल्लेख गरेको छ। केन्द्रमा दुई र प्रदेशमा एक सदन रहने गरी मुलुक सञ्चालनको लागि मिश्रित शासन प्रणाली प्रस्ताव गर्दै सदनबाट निर्वाचित कार्यकारी प्रधानमन्त्री र प्रदेश, केन्द्रसभाको ईलेक्ट्रोल कलेजबाट राष्ट्रपति निर्वाचित गर्न तर अधिकार भने दुबैको स्पष्ट रुपमा संविधानमै उल्लेख हुनुपर्ने प्रस्ताव गरेको छ।

त्यसैगरी केन्द्रिय व्यवस्थापिका संसदमा २४५, माथिल्लो सदनमा ५५ र प्रदेशमा ५१ देखि ७५ सदस्यीय सभा रहने, उपराष्ट्रपतिले माथिल्लो सदनको अध्यक्षता गर्ने, सभामुख र उपसभामुख मध्ये १ अनिवार्य महिला हुनुपर्ने, धर्मनिरपेक्षताको ठाउँमा हिन्दू धर्मलाई सम्मान गर्दै धार्मिक स्वतन्त्रताको आवश्यकता औल्याउँदै धार्मिक सहिष्णुता कायम राख्न सबै धर्मको प्रतिनिधित्व हुने गरी अन्तरधार्मिक आयोगको गठन र इच्छा विपरीत धर्मपरिवर्तन गर्ने कार्यलाई प्रतिबन्ध लगाउनु पर्ने प्रस्ताव गरेको छ।

पञ्चशिलको आधारमा परराष्ट्र नीति तय गर्ने, कृषि, प्राविधिक शिक्षा, जलविद्युत, पर्यटन, जडिबुटी र विज्ञानको माध्यमबाट मुलुकको आर्थिक उन्नति गर्न योजना समावेश गरेको छ। दश हजार मेगावाट विद्युत उत्पादन, प्रतिवर्ष ५० लाख पर्यटकको आगमन, कृषिको आधुनिकीकरण र राष्ट्रिय उद्योगधन्दाको विकास गरी नेपाललाई विकसित राष्ट्रमा सूचीकृत गर्ने आधारहरू प्रस्तुत गरेको छ।

## दलित जनजाति पार्टी

कार्यकारी अधिकार सम्पन्न संसदबाट निर्वाचित प्रधानमन्त्री र आरक्षणसहितको शासन प्रणालीसहितको जातीय सद्भाव, छुवाछुत संघीयता, धर्मनिरपेक्षता, समावेशी खालको राज्यसत्तामा जोड दिएको छ। एकल जातीय प्रदेशको विरोध गर्दै ८ देखि ११ प्रदेश र त्यसमा ८० प्रतिशत बहुसंख्यक समुदायलाई अधिकार दिनुपर्ने जनाएको छ।

## अखण्ड नेपाल पार्टी

अखण्ड नेपाल पार्टीले साझा पहिचानका आधारमा राज्य पुन:संरचना गर्नुपर्ने र प्रत्यक्ष निर्वाचित राष्ट्रपति हुनुपर्ने जनाएको छ। प्राकृतिक सम्पदाको आधारमा नाम राखेर पाँच विकास क्षेत्रलाई पाँच प्रदेश तथा काठमाडौं, ललितपुर र भक्तपुरलाई मिलाएर केन्द्र प्रशासित गरी ६ प्रदेश बनाइनुपर्ने, जाति, भाषा, धर्मा आधारमा नभइ हिमाल, पहाड र तराईको अन्तर सम्बन्धलाई कायम राख्दै साझा पहिचानका आधारमा राज्य पुन:संरचना हुनुपर्ने जनाएको छ।

उसले हिन्दू धर्मसापेक्ष राष्ट्र घोषित गर्नुपर्ने यसमा विवाद भएमा जनमतसंग्रहबाट निर्णय गर्नुपर्ने उल्लेख गरेको छ। शासकीय स्वरुपमा प्रत्यक्ष निर्वाचित राष्ट्रपति, दुई सदनात्मक संसस, राज्य सभामा ७५ प्रतिशत सिट न्यूनतम स्नातकोत्तर योग्यताको हुनुपर्ने तथा संसदभित्र वा बाहिरबाट राष्ट्रपतिले प्रधानमन्त्री चुन्ने व्यवस्थाको पक्षमा उभिएको छ। आरक्षण दिँदा जातीय नभई वर्गीय आधारमा दिनुपर्ने तथा सबै आदिवासी जनजाति हुने र सबै जनजातिलाई आदिवासी हुने परिभाषा त्रुटिपूर्ण रहेकाले आदिवासी जाति, आदिवासी जनजाति, जनजाति दलित, पिछडा वर्ग मधेसी भन्ने समूह बनाई देशका १२६ वटै जातिलाई अनुकूल समूहमा राखी सूचीकृत गर्नुपर्ने प्रस्ताव गरेको छ।

## मधेसी जनाधिकार फोरम (गणतान्त्रिक)

संघीय अवधारण अन्तर्गत देशको शासन संचालन प्रधानमन्त्रीय प्रणालीद्वारा हुने, सार्वभौमसत्ता र राजकीय सत्ता जनतामा निहित रहने र यसको प्रयोग केन्द्रमा जनताद्वारा निर्वाचित संसद (दुई सदन) र प्रदेशमा

जननिर्वाचित विधायिकाद्वारा हुने भन्ने मान्यताका साथ मधेसी जनाधिकार फोरम गणतान्त्रिकले आफ्नो घोषणापत्र जारी गऱ्यो। उसले घोषणापत्रमा 'एक मधेश स्वायत्त प्रदेश' प्रति पूर्णप्रतिबद्धता व्यक्त गरेको छ।

व्यवस्थापिकाले केन्द्रमा प्रधानमन्त्रीको चयन गर्ने र त्यसको विश्वास प्राप्त सरकारले राज्य संचालन गर्ने अवधारणा उल्लेख छ। प्रदेशका विधायिकाले प्रदेशको लागि मुख्यमन्त्रीको चयन गर्ने, राष्ट्रपति राष्ट्रप्रमुख हुने, तर उसको भूमिका आलङ्कारीक हुने जनाइएको छ। स्वतन्त्र संवैधानिक निकायको रुपमा न्यायपालिका रहने, संविधानको अन्तिम व्याख्याताको रुपमा सर्वोच्च अदालत रहने, राज्यको पुर्नसंरचनासँगै न्यायपालिका पनि तीन तहमा रहने छ। प्रदेशहरूको आ-आफ्नै प्रादेशिक न्यायपालिका र जिल्ला न्यायालय रहने घोषणापत्रमा उल्लेख छ।

शक्ति र अधिकार दुरुपयोग नियन्त्रण, भ्रष्टाचार नियन्त्रण, लोकसेवा आयोग, महालेखा परिक्षक, अख्तियार दुरुपयोग निवारण आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग, महिला आयोग, अल्पसंख्यक र पिछडावर्ग आयोग जस्ता स्वतन्त्र संवैधानिक आयोगहरूको व्यवस्था गरिने भनिएको छ।

मुलुकको समग्र विकासको लागि एउटा मजबुत केन्द्र र जातीय पहिचानसहित भाषिक र सांस्कृतिक एकरुपताको आधारमा संघीय प्रदेशहरूको संरचना गरिने, आत्मनिर्णयसहितको स्वायत मधेश प्रदेशको साथ साथै जल, जंगल एवम् जमिनमा मधेशीहरूको स्वामित्व रहने पनि घोषणापत्रमा उल्लेख छ।

## नेपाली जनता दल

पार्टीले कार्यकारी प्रधानमन्त्री र आलङ्कारिक राष्ट्रपति शासन प्रणाली हुने व्यवस्थासहित पाँच प्रदेशको निर्माण गर्ने प्रस्ताव घोषणापत्रमार्फत गरेको छ। नेपाल बहुभाषी, बहुजातीय र बहुसांस्कृतिक देश भएकोले यसलाई एकरुपताका आधारमा एउटा बलियो केन्द्र विकसित गर्नका लागि पाँच प्रदेशको संरचना गर्नुपर्ने प्रस्ताव गरेको छ। घोषणापत्रमा छुवाछुतमुक्त राज्य बनाउने, शिक्षामा कक्षा बाह्रसम्म निःशुल्क शिक्षाको व्यवस्था गर्ने, महिलाको राजनैतिक, प्रशासनिक र नीति निर्माण तहमा समावेशी समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिने, छोराछोरीलाई पैतृक सम्पतिमा समान अधिकारको व्यवस्थाको ग्यारेन्टी गर्ने सो पार्टीले उल्लेख

## नेपाः राष्ट्रिय पार्टी

नेपाः राष्ट्रिय पार्टीले पाँच वर्ष आवधिक प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति हुने अवधारणासहित पार्टीको घोषणापत्र ल्याएको छ। घोषणापत्रमा केन्द्रीय सरकारको स्थायित्वको लागि राष्ट्रपति कै नेतृत्वमा सरकार गठन हुने र सरकारमा केन्द्रले हेर्ने रक्षा, परराष्ट्र, राष्ट्रियस्तरका उद्योग, उर्जा, संघीय मामिला जस्ता केही मन्त्रालय मात्रै हुने उल्लेख गरेको छ। राज्यसत्ताद्वारा सदियौंदेखि लादिएको एक जाति, एक भाषा, एक सँस्कृति र एक धर्मको नीतिले गर्दा यहाँका बहुभाषा, बहुजाति, बहुसँस्कृति र बहुधर्मउत्पीडित हुँदै आइरहेको सन्दर्भमा राज्य पुनर्संरचना गरी देशमा विद्यमान हरेक किसिमका जातीय, भाषिक, धार्मिक, साँस्कृतिक उत्पीडनको उन्मूलन गर्ने र संविधानसभाको चुनावमार्फत नयाँ संघीय गणतान्त्रिक संविधान निर्माण गर्ने लक्ष्य राखेको छ।

सो पार्टीले पहिचान र सामर्थ्य दुवै पक्ष समेटिएको समन्वयकारी अवधारणा अघि सारेको छ। घोषणापत्रमा पहिचानका लागि १५ वटा जातीय राज्यहरू, सामर्थ्यका लागि पाँच वटा भौगोलिक प्रान्तहरू र समन्वयका लागि एउटा केन्द्रको व्यवस्था रहने सोच ल्याएको छ।

| ७ | इश्तियाक अहमद खान | ४६ | पु | मधेशी अन्य | होइन |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | गीता सिंह | ५१ | म | मधेशी अन्य | होइन |
| ९ | लक्ष्मी थापा पासमान | २९ | म | मधेशी दलित | होइन |
| १० | आनन्दी पन्त | ६३ | म | खस, आर्य तथा अन्य | होइन |

## मधेशी जनअधिकार फोरम, नेपाल

| क्र.सं. | उम्मेदवारको नाम | उमेर | लिंग | समूह पहिचान | पिछडिएको क्षेत्र |
|---|---|---|---|---|---|
| १ | लाल वावु राउत | ४७ | पु | मधेशी अन्य | होइन |
| २ | उषा यादव | ५० | म | मधेशी अन्य | होइन |
| ३ | लक्ष्मीकुमारी चौधरी | ३१ | म | मधेशी अन्य | होइन |
| ४ | जन्नतुन निसा धुनिया | ४४ | म | मधेशी अन्य | होइन |
| ५ | छाँया शर्मा पन्त | ५८ | म | खस, आर्य तथा अन्य | होइन |
| ६ | श्रवणकुमार अग्रवाल | ६६ | पु | मधेशी अन्य | होइन |
| ७ | शिवजी यादव | ५५ | पु | मधेशी अन्य | होइन |
| ८ | बिरेन्द्रप्रसाद महता | ४४ | पु | मधेशी अन्य | होइन |

## तराई–मधेश लोकतान्त्रिक पार्टी

| क्र.सं. | उम्मेदवारको नाम | उमेर | लिंग | समूह पहिचान | पिछडिएको क्षेत्र |
|---|---|---|---|---|---|
| १ | विजयकुमार सिंह | ६१ | पु | मधेशी अन्य | होइन |
| २ | अकबाल अहमद शाह | ५३ | पु | मधेशी अन्य | होइन |
| ३ | रमेशप्रसाद कुर्मी | ४४ | पु | मधेशी अन्य | होइन |
| ४ | केदार नन्दन चौधरी | ४८ | पु | मधेशी अन्य | होइन |
| ५ | इन्द्रा झा | ५३ | म | मधेशी अन्य | होइन |
| ६ | मिना चौधरी | २७ | म | मधेशी अन्य | होइन |
| ७ | राजकुमारी गडेरिया | ४३ | म | मधेशी अन्य | होइन |

## सद्भावना पार्टी

| क्र.सं. | उम्मेदवारको नाम | उमेर | लिंग | समूह पहिचान | पिछडिएको क्षेत्र |
|---|---|---|---|---|---|
| १ | शैलकुमारी देवी | ४८ | म | मधेशी अन्य | होइन |
| २ | लक्ष्मणलाल कर्ण | ६६ | पु | मधेशी अन्य | होइन |
| ३ | नरसिहं चौधरी | ६१ | पु | मधेशी अन्य | होइन |
| ४ | विमलकुमार केडिया | ५० | पु | मधेशी अन्य | होइन |
| ५ | माधवी रानी साह | ५६ | म | मधेशी अन्य | होइन |

## नेपाल कम्युनिष्ट पार्टी (मार्कसवादी–लेनिनवादी)

| क्र.सं. | उम्मेदवारको नाम | उमेर | लिंग | समूह पहिचान | पिछडिएको क्षेत्र |
|---|---|---|---|---|---|
| १ | चन्द्र प्रकाश(सीपी)मैनाली | ६२ | पु | खस, आर्य तथा अन्य | होइन |
| २ | कलसादेवी महरा | ४५ | म | खस, आर्य तथा अन्य | होइन |
| ३ | अइन्द्र सुन्दर नेम्वाङ | ३५ | पु | जनजाति | होइन |
| ४ | कमला विक | ३८ | म | दलित | होइन |
| ५ | शिवचन्द्र चौधरी | ६४ | पु | मधेशी अन्य | होइन |

## संघीय समाजवादी पार्टी, नेपाल

| क्र.सं. | उम्मेदवारको नाम | उमेर | लिंग | समूह पहिचान | पिछडिएको क्षेत्र |
|---|---|---|---|---|---|
| १ | उर्मिला देवी शाह | ४४ | म | मधेशी अन्य | होइन |
| २ | डिलबहादुर नेपाली | ३९ | पु | दलित | होइन |
| ३ | काशीराम अली सिद्धिकी | ६२ | पु | खस, आर्य तथा अन्य | होइन |
| ४ | राधा तिमिल्सिना | ५४ | म | खस, आर्य तथा अन्य | होइन |
| ५ | अशोककुमार राई | ५६ | पु | जनजाति | होइन |

## नेपाल मजदुर किसान पार्टी

| क्र.सं. | उम्मेदवारको नाम | उमेर | लिंग | समूह पहिचान | पिछडिएको क्षेत्र |
|---|---|---|---|---|---|
| १ | प्रेम सुवाल | ५३ | पु | जनजाति | होइन |
| २ | डिल्लीप्रसाद काफ्ले | ५२ | पु | खस, आर्य तथा अन्य | हो |
| ३ | अनुराधा थापामगर | ३१ | म | जनजाति | होइन |

## राष्ट्रिय जनमोर्चा

| क्र.सं. | उम्मेदवारको नाम | उमेर | लिंग | समूह पहिचान | पिछडिएको क्षेत्र |
|---|---|---|---|---|---|
| १ | चित्रबहादुर के.सी. | ७१ | पु | खस, आर्य तथा अन्य | होइन |
| २ | दुर्गा पौडेल | ४२ | म | खस, आर्य तथा अन्य | होइन |
| ३ | मीना पुन | ४० | म | जनजाति | होइन |

## नेपाल कम्युनिष्ट पार्टी (संयुक्त)

| क्र.सं. | उम्मेदवारको नाम | उमेर | लिंग | समूह पहिचान | पिछडिएको क्षेत्र |
|---|---|---|---|---|---|
| १ | जयदेव जोशी | ५६ | पु | खस, आर्य तथा अन्य | होइन |
| २ | मिथिला चौधरी | ४७ | म | मधेशी अन्य | होइन |
| ३ | प्रमिला राणा | ४९ | म | खस, आर्य तथा अन्य | होइन |

## राष्ट्रिय मधेश समाजवादी पार्टी

| क्र.सं. | उम्मेदवारको नाम | उमेर | लिंग | समूह पहिचान | पिछडिएको क्षेत्र |
|---|---|---|---|---|---|
| १ | निर्जला राउत | ४४ | म | खस, आर्य तथा अन्य | होइन |
| २ | दिनेशप्रसाद साह | ४७ | पु | मधेशी अन्य | होइन |
| ३ | धर्मेन्द्रकुमार साह तेली | ४३ | पु | मधेशी अन्य | होइन |

## राष्ट्रिय जनमुक्ति पार्टी

| क्र.सं. | उम्मेदवारको नाम | उमेर | लिंग | समूह पहिचान | पिछडिएको क्षेत्र |
|---|---|---|---|---|---|
| १ | शिवलाल थापा | ६० | पु | जनजाति | होइन |
| २ | सिमाकुमारी बि.क. | ३८ | म | दलित | होइन |

## तराई मधेश सदभावना पार्टी नेपाल

| क्र.सं. | उम्मेदवारको नाम | उमेर | लिंग | समूह पहिचान | पिछडिएको क्षेत्र |
|---|---|---|---|---|---|
| १ | नरेन्द्र साह कलवार | ४१ | पु | मधेशी अन्य | होइन |
| २ | अमेरिका कुमारी | ४८ | म | मधेशी अन्य | होइन |

## थरुहट तराई पार्टी नेपाल

| क्र.सं. | उम्मेदवारको नाम | उमेर | लिंग | समूह पहिचान | पिछडिएको क्षेत्र |
|---|---|---|---|---|---|
| १ | गोपाल दहित | ४६ | पु | जनजाति | होइन |
| २ | गंगा चौधरी(सत्गौवा) | ३४ | म | जनजाति | होइन |

## नेपाल परिवार दल

| क्र.सं. | उम्मेदवारको नाम | उमेर | लिंग | समूह पहिचान | पिछडिएको क्षेत्र |
|---|---|---|---|---|---|
| १ | एकनाथ ढकाल | ३८ | पु | खस, आर्य तथा अन्य | होइन |
| २ | मिलनकुमारी राजवंशी | ३१ | म | मधेशी जनजाति | होइन |

## दलित जनजाति पार्टी

| क्र.सं. | उम्मेदवारको नाम | उमेर | लिंग | समूह पहिचान | पिछडिएको क्षेत्र |
|---|---|---|---|---|---|
| १ | बिश्वेन्द्र पासवान | ५२ | पु | मधेशी दलित | होइन |
| २ | यशोदाकुमारी लामा | ४५ | म | जनजाति | होइन |

## अखण्ड नेपाल पार्टी

| क्र.सं. | उम्मेदवारको नाम | उमेर | लिंग | समूह पहिचान | पिछडिएको क्षेत्र |
|---|---|---|---|---|---|
| १ | कुमार खड्का | ४५ | पु | खस, आर्य तथा अन्य | होइन |

## मधेशी जनअधिकार फोरम (गणतान्त्रिक)

| क्र.सं. | उम्मेदवारको नाम | उमेर | लिंग | समूह पहिचान | पिछडिएको क्षेत्र |
|---|---|---|---|---|---|
| १ | सरिताकुमारी यादव | २५ | म | मधेशी अन्य | होइन |

## नेपाली जनता दल

| क्र.सं. | उम्मेदवारको नाम | उमेर | लिंग | समूह पहिचान | पिछडिएको क्षेत्र |
|---|---|---|---|---|---|
| १ | हरिचरण शाह | ५६ | पु | मधेशी अन्य | होइन |

## खम्वुवान राष्ट्रिय मोर्चा, नेपाल

| क्र.सं. | उम्मेदवारको नाम | उमेर | लिंग | समूह पहिचान | पिछडिएको क्षेत्र |
|---|---|---|---|---|---|
| १ | रामकुमार राई | ४४ | प | जनजाति | होइन |

## नेपाः राष्ट्रिय पार्टी

| क्र.सं. | उम्मेदवारको नाम | उमेर | लिंग | समूह पहिचान | पिछडिएको क्षेत्र |
|---|---|---|---|---|---|
| १ | लक्ष्मण राजवंशी | ७८ | प | जनजाति | होइन |

## जनजागरण पार्टी नेपाल

| क्र.सं. | उम्मेदवारको नाम | उमेर | लिंग | समूह पहिचान | पिछडिएको क्षेत्र |
|---|---|---|---|---|---|
| १ | लोकमणी ढकाल | ५४ | प | खस, आर्य तथा अन्य | होइन |

## संघीय सद्भावना पार्टी

| क्र.सं. | उम्मेदवारको नाम | उमेर | लिंग | समूह पहिचान | पिछडिएको क्षेत्र |
|---|---|---|---|---|---|
| १ | डिम्पल कुमारी झा | ३४ | म | मधेशी अन्य | होइन |

## मधेश समता पार्टी नेपाल

| क्र.सं. | उम्मेदवारको नाम | उमेर | लिंग | समूह पहिचान | पिछडिएको क्षेत्र |
|---|---|---|---|---|---|
| १ | मेघराज नेपाली (निषाद) | ५२ | पु | जनजाति | होइन |

## समाजवादी जनता पार्टी

| क्र.सं. | उम्मेदवारको नाम | उमेर | लिंग | समूह पहिचान | पिछडिएको क्षेत्र |
|---|---|---|---|---|---|
| १ | प्रेमबहादुर सिंह | ६० | पु | खस, आर्य तथा अन्य | हो |

## संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (थरुहट)

| क्र.सं. | उम्मेदवारको नाम | उमेर | लिंग | समूह पहिचान | पिछडिएको क्षेत्र |
|---|---|---|---|---|---|
| १ | रुक्मिणी चौधरी | ३६ | म | जनजाति | होइन |

# अनुसूचिहरू

# अनुसूचि - १

## ऐतिहासिक १२ बुँदे समझदारीपत्र

नेपालमा लामो समयदेखि चल्दै आएको निरंकुश राजतन्त्र र लोकतन्त्र (Democracy) बीचको संघर्ष आज अत्यन्त गम्भीर र नयाँ मोडमा पुगेको छ । विगत दश वर्षदेखि जारी सशस्त्र द्वन्द्वको अग्रगामी राजनीतिक निकासद्वारा समाधान गर्दै शान्ति स्थापना गर्नु आजको आवश्यकता भएको छ । त्यसैले निरंकुश राजतन्त्रको अन्त्य गरी पूर्णलोकतन्त्र स्थापना गर्दै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सबै क्षेत्रका वर्गीय, जातीय, लिङ्गीय, क्षेत्रीय आदि समस्याहरूको समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्दै पूर्णलोकतन्त्रको अवधारणालाई कार्यान्वयन गर्नु अपरिहार्य आवश्यकता भएको छ । देशमा विद्यमान उक्त परिप्रेक्ष्य र सन्दर्भमा संसद भित्रका सात राजनीतिक दलहरू र नेकपा (माओवादी) बीच विभिन्न ढङ्गले वार्ता भई निम्न प्रकार समझदारी भएको कुरा सार्वजनिक गर्दछौं ।

## समझदारी भएका बुँदाहरू

१. आज देशमा लोकतन्त्र, शान्ति, समृद्धि, सामाजिक अग्रगमन तथा स्वतन्त्र सार्वभौम नेपाल आम नेपाली जनताको प्रमुख चाहना हो। त्यसकानिम्ति प्रमुख बाधक निरंकुश राजतन्त्र हो भन्ने कुरामा हामी पूर्णसहमत छौं । निरंकुश राजतन्त्र अन्त्य गरेर पूर्णलोकतन्त्र स्थापना नगरेसम्म देशमा शान्ति, प्रगति र समृद्धि सम्भव छैन भन्ने हाम्रो स्पष्ट धारणा छ। त्यसैले निरंकुश राजतन्त्र विरोधी सम्पूर्ण शक्तिहरूले निरंकुश राजतन्त्रका विरुद्ध आ-आफ्नो ठाउँवाट प्रहार केन्द्रित गर्दै देशव्यापी लोकतान्त्रिक आन्दोलनको आँधिबेहरी निर्माण गरेर निरंकुश राजतन्त्रलाई अन्त्य गरी पूर्णलोकतन्त्र स्थापना गर्न समझदारी भएको छ ।

२. आन्दोलनको शक्तिले संसदको पुनर्स्थापना गर्न र त्यसको निणर्यले अधिकारसम्पन्न सर्वदलिय सरकार, माओवादीसँग वार्ता र सहमतिका आधारमा संविधानसभाको निर्वाचन गरी पूर्णलोकतन्त्र स्थापना गरेर नै देशमा विद्यमान द्वन्द्वको समाधान गर्न सकिन्छ र सार्वभौमसत्ता र राजकीय सत्ता पूर्णरुपले जनतामा स्थापित गर्न सकिन्छ भन्ने कुरामा आन्दोलनरत सात राजनीतिक दलहरू पूर्ण प्रतिबद्ध छन् । आन्दोलनरत लोकतान्त्रिक शक्तिहरूको राष्ट्रिय राजनीतिक सम्मेलन गर्न र त्यसको निर्णयले अन्तरिम सरकार बनाई संविधानसभाको निर्वाचन गरेर उल्लेखित लक्ष्य हासिल गर्न सकिन्छ भन्ने नेकपा (माओवादी) को धारणा र प्रतिबद्धता रहेको छ। यो प्रकृयागत कार्यसूचीको विषयमा आन्दोलनरत सात राजनीतिक दल र नेकपा (माओवादी) बीचमा संवाद चलाउँदै जाने र साझा सहमतिको खोजी गर्न समझदारी बनेको छ । उक्त लक्ष्य हासिल गर्न जनआन्दोलनको शक्ति नै एकमात्र विकल्प हो भन्ने कुरामा समझदारी भएको छ ।

३. देशले आज सशस्त्र द्वन्द्वको सकारात्मक समाधानका साथ स्थायी शान्ति स्थापनाको माग गरेको छ । त्यसैले हामी निरंकुश राजतन्त्रको अन्त्य र उक्त प्रकृयागत आधारमा आउने संविधान सभाको निर्वाचन र पूर्णलोकतन्त्र स्थापनाको अग्रगामी राजनीतिक निकासद्वारा देशमा विद्यमान सशस्त्र द्वन्द्वको अन्त्य गरी स्थायी शान्ति स्थापना गर्न दृढ संकल्पित छौं । यस प्रक्रियाद्वारा शान्तिपूर्ण नयाँ राजनैतिक धारमा अघि बढ्न ने.क.पा. (माओवादी) प्रतिबद्धता व्यक्त गर्दछ । यसै सन्दर्भमा निरंकुश राजतन्त्रको अन्त्य पछि हुने संविधानसभाको निर्वाचनको क्रममा माओवादी सशस्त्र शक्ति र शाही सेनालाई संयुक्त राष्ट्र संघ वा भरपर्दो अन्तर्राष्ट्रिय सुपरिवेक्षणमा राख्ने, निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष ढंगले सम्पन्न गर्ने र निर्वाचनको

परिणामलाई स्वीकार्न समझदारी भएको छ । वार्ता प्रक्रियामा समेत भरपर्दो अन्तर्राष्ट्रिय समुदायको संलग्नतालाई हामी अपेक्षा गर्दछौं ।

४). प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मानव अधिकार, कानूनी राज्यको अवधारणा आदि लोकतान्त्रिक मूल्यमान्यताप्रति नेकपा (माओवादी)ले आफ्नो प्रतिबद्दता प्रष्टताका साथ संस्थागत ढङ्गले सार्वजनिक गर्दै तदनुरुप आफ्ना गतिविधिहरू अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ ।

५). नेकपा (माओवादी)ले सशस्त्र द्वन्द्वको क्रममा विस्थापित हुन पुगेका अन्य लोकतान्त्रिक पार्टीका नेता, कार्यकर्ता र जनतालाई यथास्थानमा फर्केर स-सम्मान बसोवास गर्ने, उनीहरूको अन्यायपूर्ण तरिकावाट कब्जा गरिएका घरजग्गा सम्पत्ति फिर्ता गर्ने र उनीहरूलाई निर्बाध ढंगले राजनैतिक गतिविधि गर्न पाउने वातावरण तयार गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

६). विगतका गल्ती कमजोरीहरूको आत्मसमीक्षा र आत्मआलोचना गर्दै भविष्यमा गल्ती कमजोरी हुन नदिन नेकपा (माओवादी)ले प्रतिवद्धता व्यक्त गरेको छ ।

७). सात राजनीतिक दलहरूले विगतमा संसद र सरकारमा छँदा भएका गल्ती कमजोरीप्रति आत्मसमीक्षा गर्दै अब त्यस्ता गल्ती कमजोरी नदोऱ्याउने प्रतिबद्धता व्यक्त भएको छ ।

८). शान्ति प्रक्रियालाई अघि बढाउने सन्दर्भमा मानव अधिकारका मूल्यमान्यताहरूलाई पूर्णसम्मान गर्ने र तिनका आधारमा अघि बढ्ने तथा प्रेस स्वतन्त्रताको सम्मान गर्ने कुरा प्रतिबद्धता गरिएको छ ।

९). जनता र अन्तर्राष्ट्रिय समुदायलाई भ्रम दिने तथा राजाको निरंकुश र अवैधानिक शासनलाई वैधानिकता प्रदान गर्ने कुत्सित उद्देश्यका लागि अघि सारिएको नगरपालिकाको निर्वाचनको घोषणा र संसदको निर्वाचनको चर्चा एउटा कपटपूर्ण चाल भएकाले त्यसलाई आ-आफ्नो ढंगले सक्रिय बहिष्कार गर्ने घोषणा गर्दै त्यस्तो निर्वाचनलाई असफल बनाउन आम जनतालाई आह्वान गरिएको छ ।

१०). जनता र तिनका प्रतिनिधि राजनीतिक दलहरू नै राष्ट्रियताका वास्तविक पहरेदार हुन् । त्यसैले देशको स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा र राष्ट्रिय एकताप्रति हामीहरू पूर्णरुपले प्रतिबद्ध छौं । शान्तिपूर्ण सहअस्तित्वका सिद्धान्तका आधारमा संसारका सबै मुलुकहरूसँग मैत्री सम्बन्ध र छिमेकी मुलुकहरू, खास गरी भारत र चीनसँग असल छिमेकीको सम्बन्ध कायम राख्नु हामी सबैको साझा कर्तव्य हो । परन्तु आफ्नो निरंकुश र अवैधानिक शासन टिकाउन र देशभक्त जनतालाई भ्रम दिन राजा र राजावादीहरूले मण्डले राष्ट्रवादको हौवा खडा गर्ने र राजनीतिक दलहरूको देशभक्तिमाथि प्रश्नचिन्ह खडा गर्ने जुन मिथ्या प्रयास गरिरहेका छन् त्यसबाट सतर्क रहन हामी सम्पूर्ण देशभक्त जनसमुदायलाई आग्रह गर्दछौं र अन्तर्राष्ट्रिय शक्तिहरू र जनसमुदायलाई नेपालको निरंकुश राजतन्त्र विरोधी लोकतान्त्रिक आन्दोलनलाई हरतरहले साथ दिन अपील गर्दछौं ।

११). लोकतन्त्र शान्ति समृद्धि, अग्रगामी सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, सावैभौमिकता र स्वाभिमानलाई केन्द्रमा राखेर भएका हाम्रा यी समझदारीका आधारमा संचालित हुने शान्तिपूर्ण जनआन्दोलनमा सक्रिय सहभागिता जनाई आन्दोलनलाई सफल बनाउन हामी नागरिक समाज, पेशागत समुदाय, जनवर्गीय संघसंगठनहरू, सबै जाति र क्षेत्रका जनता, पत्रकार जगत, बुद्धिजीवीहरू र आम नेपाली जनसमुदायमा हार्दिक आह्वान गर्दछौं ।

१२). विगतमा दलहरूबीच भएका अनुपयुक्त व्यवहारहरूको सन्दर्भमा दल विशेषले आपत्ति जनाएका र छानवीनको माग गरेका घटनाहरूको सम्बन्धमा छानवीन गर्न र दोषी पाइएमा दोषीलाई कार्वाही गरी सार्वजनिक रुपमा जानकारी गराउने साझा प्रतिबद्धता व्यक्त भएको छ। अब उपरान्त दलहरूबीच समस्या उत्पन्न भए सम्बन्धित तह वा नेतृत्व तहमा छलफल गरेर संवादको माध्यमबाट समस्याहरूको समाधान गर्ने समझदारी भएको छ।

नेपाली कांग्रेस सभापति गिरिजाप्रसाद कोइराला

ने.क.पा. (माओवादी) अध्यक्ष क. प्रचण्ड

नेकपा (एमाले) महासचिव माधवकुमार नेपाल

नेपाली कांग्रेस (प्रजातान्त्रिक) का.वा. सभापति गोपालमान श्रेष्ठ

जनमोर्चा, नेपाल अध्यक्ष अमिक शेरचन

नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) उपाध्यक्ष भरतविमल यादव

संयुक्त वाममोर्चा अध्यक्ष कृष्णदास श्रेष्ठ

नेपाल मजदुर किसान पार्टी प्रेम सुवाल

२०६२/८/७

# अनुसूचि -२

## प्रतिनिधिसभाको घोषणापत्र, २०६३

शान्तिपूर्ण संयक्त जनआन्दोलनमा नेपाली जनताले गरेको बलिदान, जीवन उत्सर्ग र सहभागिताप्रति उच्च सम्मान गर्दै, स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न नेपालको राज्यशक्तिको स्रोत जनता रहेको र नेपाली जनताले केही समयअघि शान्तिपूर्ण संयुक्त जनआन्दोलनद्वारा सार्वभौमसत्ता र राज्यशक्तिको स्रोत जनता मात्र भएको सत्यलाई थापित गर्न उत्कट अभिलाषा प्रकट गरेको तथ्यलाई ध्यानमा राख्दै, शान्तिपूर्ण संयुक्त जनआन्दोलनमा सात राजनीतिक दलको मार्गचित्र र सातदल(नेकपा (माओवादी) बीचको बाह्र बुँदे समझदारीअनुरुप नेपाली जनताले संविधानसभामार्फत् नयाँ संविधान निर्माण गरी लोकतन्त्र, राज्यको पुन:संरचनासहित समावेशी राज्य व्यवस्था र दिगो शान्ति स्थापना गर्नदिएको जनादेशलाई पूरा गर्न संकल्प गर्दै, मुलुकको राष्ट्रिय अखण्डता, अविभाज्यता एवम् राष्ट्रिय एकतालाई सुदृढ गर्न सार्वभौम नेपाली जनताको गहन जिम्मेवारीलाई आत्मसात गर्दै, "राज्यशक्तिको स्रोत नेपाली जनता भएको र नेपालको सार्वभौमसत्ता एवम् राजकीय सत्ता नेपाली जनतामा नै निहित रहेको तथ्यलाई हृदयङ्गम गर्दै वर्तमान जनआन्दोलनमार्फत अभिव्यक्त भएको जनभावना एवम् आन्दोलनरत सात राजनीतिक दलको गठबन्धनको मार्गचित्रका आधारमा मुलुकमा जारी हिंसात्मक द्वन्द्व लगायत समग्र समस्याहरूको समाधान गर्न २०६३ वैशाख ११ गतेको राजाको घोषणामा जनआन्दोलनको बलमा स्थापित प्रतिनिधिसभा सार्वभौम अधिकारसम्पन्न रहेको स्वीकार गरिएको, २०४६ सालको जनआन्दोलनका उपलब्धिहरूलाई रक्षा गर्दै वर्तान जनआन्दोलनका उपलब्धिहरूलाई संस्थागत गरी निरंकुश राजतन्त्रको अन्त्य र पूर्णलोकतन्त्र स्थापनाको दिशामा अग्रसर हुने जिम्मेवारी ग्रहण गर्न अर्को संवैधानिक व्यवस्था नभएसम्म सम्पूर्णअधिकारहरू प्रयोग गर्नका लागि यो प्रतिनिधिसभा सार्वभौमसत्ता सम्पन्न भएको घोषणा गर्दछ, र राज्यशक्ति यही प्रतिनिधिसभामार्फत प्रयोग हुने भएकाले देहायको घोषणा गर्दछ :

### १. व्यवस्थापिकाका सम्बन्धमा:

१.१. नेपालको व्यवस्थापिकाका सम्बन्धी सम्पूर्ण अधिकार प्रतिनिधिसभाद्वारा प्रयोग गरिने छ। कानून निर्माण गर्न प्रक्रिया प्रतिनिधिसभाले निर्धारण गरे बमोजिम हुनेछ।

१.२. संविधानसभाको मार्गमा अघि बढ्ने प्रक्रिया प्रतिनिधिसभाले आवश्यकताअनुसार निर्धारण गर्ने छ।

१.३. प्रतिनिधिसभाको अधिवेशनको आहृवान र अन्त्य देहाय बमोजिम हुनेछ।

क) प्रधानमन्त्रीबाट अधिवेशनको आह्वान हुनेछ र प्रधानमन्त्रीको सिफारिसमा सभामुखबाट अधिवेशनको समापन गरिने छ।

ख) प्रतिनिधिसभाको अधिवेशन चालु नरहेको वा बैठक स्थगित भएको अवस्थामा अधिवेशन वा बैठक बोलाउन वाञ्छनीय छ भनी प्रतिनिधिसभाको सम्पूर्णसंख्याको एक चौथाई सदस्यहरूले सभामुखसमक्ष समावेदन गरेमा सभामुखले त्यस्तो अधिवेशन वा बैठक पन्ध्र दिनभित्र बस्ने गरी मिति र समय तोक्नुपर्नेछ।

१.४ नेपाल राज्यको मन्त्रिपरिषद् प्रशासन, प्रहरीलगायतका सम्पूर्ण कार्यकारी अंगहरू प्रतिनिधिसभाको मातहतमा हुने छन्।

१.५. प्रतिनिधिसभाले प्रतिनिधिसभा नियमावली स्वयम् बनाई लागू गर्नेछ।

२. **कार्यकारिणीका सम्बन्धमा**

२.१. नेपाल राज्यको सम्पूर्णकार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित रहने छ।

२.२. मन्त्रिपरिषद्ले प्रतिनिधिसभाको विश्वासको मत लिनुपर्नेछ।

२.३. प्रमको सिफारिसमा प्रतिनिधिसभा सदस्य नरहेको व्यक्ति पनि मन्त्रिपरिषद्मा मनोनित हुन सक्नेछन्।

२.४. मन्त्रिपरिषद्/मन्त्रीहरू सामूहिक रुपमा र आफ्नो मन्त्रालयको कामका लागि व्यक्तिगत रुपमा समेत प्रतिनिधिसभाप्रति उत्तरदायी हुनेछन्।

२.५. सरकारको कार्यविभाजन र कार्यसम्पादन नियमावली मन्त्रिपरिषद्बाट पारित भई प्रतिनिधिसभामा प्रस्तुत गरिने छ।

३. **सेनाका सम्बन्धमा**

३.१ 'शाही नेपाली सेना'को नाम परिवर्तन गरी 'नेपाली सेना' गरिने छ।

३.२. सेना परिचालनसम्बन्धी सुरक्षा परिषद्को विद्यमान व्यवस्था खारेज गरिएको छ। नेपाली सेनाको गठन नियन्त्रण, प्रयोग र परिचालन मन्त्रिपरिषद्ले गर्नेछ।

३.३. नेपालीसेनाको प्रधानसेनापतिको नियुक्ति मन्त्रिपरिषद्ले गर्ने छ। सोको अनुमोदन प्रतिनिधिसभाले व्यवस्था गरे बमोजिम हुनेछ।

३.४. सेनाको परमाधिपतिसम्बन्धी विद्यमान व्यवस्था खारेज गरिएको छ।

३.५. सेना परिचालन सम्बन्धी मन्त्रिपरिषद्को निर्णय ३ दिनभित्र प्रतिनिधिसभाले तोकेको समितिमा प्रस्तुत भई अनुमोदन हुनुपर्नेछ।

४. **राजपरिषद्का सम्बन्धमा राजपरिषद्को विद्यमान व्यवस्था खारेज गरिएको छ। त्यसले गर्दै आएका आवश्यक काम प्रतिनिधिसभाले व्यवस्था गरेबमोजिम हुनेछ।**

५. **राजदरबार सम्बन्धमा**

५.१. राजगद्दी उत्तराधिकार सम्बन्धी कानून बनाउने, संशोधन गर्ने र खारेज गर्न अधिकार प्रतिनिधिसभामा रहने छ।

५.२. श्री ५ को खर्च र सुविधा प्रतिनिधिसभाको निर्णय बमोजिम हुनेछ।

५.३. श्री ५ को निजी सम्पत्ति र आयमाथि कानून बमोजिम कर लाग्ने छ।

५.४. श्री ५ बाट संविधान र कानूनविपरित गरे भएका कामहरूका बारेमा प्रतिनिधिसभा र अदालतमा प्रश्न उठाउन सकिने छ

५.५. 'श्री ५ को सरकार' लाई अब उप्रान्त 'नेपाल सरकार' भनिने छ।

५.६. विद्यमान राजप्रसाद सेवाको व्यवस्था खारेज गरी राजदरबारमा निजामति सेवाबाट आवश्यक कर्मचारीहरू खटाइने छ।

५.७. राजदरबारको सुरक्षा प्रबन्ध मन्त्रिपरिषद्ले व्यवस्था गरेबमोजिम हुने छ।

६. **विविध**

क) प्रतिनिधिसभाको नियमावलीमा तोकिएका सार्वजनिक पदधारण गर्न पदाधिकारीहरूले यो घोषणापत्रप्रति

आस्था प्रकट गरी प्रतिनिधिसभाबाट तोकिएको समय र ढाँचामा शपथ लिने छन्। शपथ लिन इन्कार गर्ने पदाधिकारी पदमुक्त हुने छन्।

ख) यस घोषणासँग बाझिएका नेपाल अधिराज्यको संविधान २०४७ र अन्य कानूनका व्यवस्थाहरू बाझिएको हदसम्म अमान्य हुने छन्।

ग) यो घोषणाको कार्यान्वयनमा आइपर्ने कुनै पनि बाधा व्यवधान प्रतिनिधिसभा स्वयमले निर्णय गरी अनुकूल गर्न सक्ने छ।

घ) वैकल्पिक राष्ट्रिय गानको व्यवस्था गरिने छ।

ङ) नेपाल धर्मनिरपेक्ष राज्य हुनेछ।

# अनुसूचि –३

## राजनीतिक दलहरूका बिच भएको सात बुँदे सहमति

२०६८ साल कार्तिक १५ गते भएको सात बुँदे सहमति बमोजिम संविधान निर्माण कार्यलाई सम्पन्न गर्न तथा राष्ट्रिय सहमतिको सरकार गठन गर्न राजनीतिक दलहरूका बिचमा निम्नलिखित सहमति भएको छ :

१) वर्तमान मन्त्रिपरिषद्का सबै सदस्यहरूले राजीनामा गरिसकेको वर्तमान स्थितिमा दुई दिन भित्र विगतमा भएको सात बुँदे सहमति बमोजिम प्रधानमन्त्री डा. बाबुराम भट्टराईको नेतृत्वमा सहमतिको नयाँ सरकार गठन गरिने छ ।

२) संविधान निर्माणका क्रममा देखिएका राज्यको पुन:संरचना, शासकीय स्वरुप लगायतका सबै विषयहरूलाई तीन दिन भित्र सहमतिमा टुङ्ग्याइने छ । सहमति हुन नसकेका विषयहरूलाई प्रक्रियाबाट निर्णयमा लगिने छ ।

३) २०६९ साल जेष्ठ १४ गते अगावै नयाँ संविधान घोषणा गरिने छ । संविधान घोषणा गर्नु अघि वर्तमान प्रधानमन्त्रीले राजीनामा गरी नेपाली कांग्रेसको नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार गठन गरिने छ । यो सरकारले एक बर्षभित्र राष्ट्रिय आम निर्वाचन सम्पन्न गराउने छ ।

४) शान्ति प्रक्रियाका बाँकी कामहरू बिगतका सहमति बमोजिम अविलम्ब सम्पन्न गरिने छ ।

५) संविधान निर्माणको कामलाई तीब्रता दिन राजनीतिक दलका शीर्षनेताहरूको नियमित रुपमा बैठक गरिने छ ।

अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' एनेकपा (माओवादी)

सभापति सुशील कोइराला नेपाली काँग्रेस अध्यक्ष

झलनाथ खनाल नेकपा (एमाले)

विजयकुमार गच्छदार संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको तर्फबाट

मिति २०६९/१/२१

# अनुसूचि –४

## संविधानसभा सदस्य निर्वाचन आचारसंहिता, २०७०

प्रस्तावना: स्वतन्त्र, स्वच्छ, निष्पक्ष, पारदर्शी र विश्वसनीय ढंगबाट संविधान सभाको निर्वाचन सम्पन्न गर्नका लागि सरोकारवालाहरूले पालना गर्नुपर्ने आचरणलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले, निर्वाचन आयोग ऐन, २०६३ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले सरोकारवालाहरूसँग परामर्श गरी देहायको आचारसंहिता बनाएको छ।

### परिच्छेद –१

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भ:

(१) यस आचार संहिताको नाम “संविधानसभा सदस्य निर्वाचन आचारसंहिता, २०७०” रहेको छ।

(२) यो आचारसंहिता सम्वत् २०७० साल श्रावण ७ गते देखि प्रारम्भ हुने छ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचारसंहितामा :

(क) “निर्वाचन” भन्नाले सम्वत् २०७० साल मङ्सिर ४ गते सम्पन्न हुने संविधान सभा सदस्यको निर्वाचन सम्झनु पर्छ।

(ख) “आयोग” भन्नाले निर्वाचन आयोग सम्झनुपर्छ।

३. आचारसंहिता लागू हुने निकाय, अधिकारी, संस्था, र व्यक्ति: यो आचारसंहिता देहायका निकाय, अधिकारी, संस्था र व्यक्तिलाई लागू हुनेछ :-

(क) राजनीतिक दल र उम्मेदवार,

(ख) राजनीतिक दल तथा उम्मेदवारसँग सम्बन्धित व्यक्ति, स्पष्टीकरण :

(१) “राजनीतिक दल” भन्नाले राजनीतिक दलको भातृ संगठनलाईसमेत जनाउँछ।

(२) “राजनीतिक दल तथा उम्मेदवारसँग सम्बन्धित व्यक्ति” भन्नाले राजनीतिक दल वा उम्मेदवारको तर्फबाट निर्वाचन प्रचारप्रसार गर्ने कार्यमा संलग्न जुनसुकै व्यक्ति सम्झनु पर्छ।

(ग) नेपाल सरकार र नेपाल सरकारका मन्त्री,

(घ) नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्था र स्थानीय निकाय,

(ङ) आमसञ्चारका माध्यम,

स्पष्टीकरण : “आम सञ्चारका माध्यम” भन्नाले सरकारी, सामुदायिक र निजी क्षेत्रका विद्युतीय तथा मुद्रणका सञ्चार माध्यम सम्झनुपर्छ।

(च) नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्था र स्थानीय निकायका कर्मचारी र निर्वाचन कार्यमा संलग्न कर्मचारी तथा सुरक्षाकर्मी,

(छ) गैरसरकारी संघ/संस्था र

(ज) निर्वाचन प्रयोजनको लागि आयोगले खटाएको स्वयंसेवक।

## परिच्छेद – २

**राजनीतिक दल, उम्मेदवार र राजनीतिक दल तथा उम्मे दवारसाग सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने आचरण**

निर्वाचन प्रचार-प्रसार गर्दा राजनीतिक दल, उम्मेदवार र राजनीतिक दल तथा उम्मेदवारसँग सम्बन्धित व्यक्तिले देहायको आचरण पालना गर्नु पर्नेछ :-

**निर्वाचन प्रचार-प्रसारसम्बन्धी सामान्य आचरणः**

४. नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता, जनतामा निहित राजकीय सत्ता प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, मानव अधिकार र स्वतन्त्र न्यायपालिकाको अवधारणा प्रतिकूल हुने गरी निर्वाचन प्रचारप्रसार गर्न वा गराउनु हुँदैन।

५. कुनै धर्म, सम्प्रदाय, जात जाति, लिङ्ग, भाषा, समुदाय वा प्रादेशिकताको आधारमा घृणा वा द्वेष उत्पन्न गर्ने गरी निर्वाचन प्रचार-प्रसार गर्न वा गराउन हुँदैन।

६. भाषण, वक्तव्य र अन्य यस्तै कुरामा शिष्ट र मर्यादित भाषा प्रयोग गर्नु पर्छ।

७. कुनै राजनीतिक दल वा उम्मेदवारको आलोचना गर्दा त्यस्तो दल वा उम्मेदवारको नीति तथा कार्यक्रम र विगतमा निजले गरेको काममा मात्र सीमित रही गर्नु पर्नेछ; उम्मेदवार, राजनीतिक दलको नेता वा कार्यकर्ताको सार्वजनिक कामसँग सम्बन्धित नभएको निजी जीवनको कुनैपनि कुराको आलोचना गर्नु हुँदैन।

८. लैङ्गिक हिंसा लगायत अन्य हिंसाजन्य कार्य गर्न र त्यस्तो कार्य गर्न कसैलाई उक्साउनु हुँदैन।

९. प्रचलित कानूनबमोजिम निर्वाचनसम्बन्धी कसूर मानिने कार्य गर्न वा गराउन र त्यस्तो कसुर गर्न कसैलाई उक्साउनु हुँदैन।

१०. धार्मिक, पुरातात्विक वा ऐतिहासिक भवन, स्मारकस्थल वा सरकारी वा सार्वजनिक भवन र शैक्षिक संस्थाको भित्ता वा पर्खालमा कुनै पनि किसिमको पर्चा टाँस्न हुँदैन।

११. कसैको निजी घर कम्पाउण्ड, पसल, पर्खाल वा यस्तै अन्य स्थानहरूमा घरधनीको स्वीकृति नलिई कुनै पनि किसिमको पर्चा टाँस्न हुँदैन।

१२. भित्ते लेखन गर्न, तुल, ब्यानर प्रयोग गर्न वा गराउन हुँदैन।

१३. शान्तिपूर्ण र बाधा अबरोधरहित मानवीय जीवन जीउन पाउने प्रत्येक व्यक्तिको अधिकारलाई सम्मान गर्नु पर्नेछ; कुनै व्यक्तिको विचारको विरोध गर्दा निजको घर अगाडि विरोध गर्न र प्रदर्शन गर्न हुँदैन।

१४. निर्वाचन प्रचार-प्रसारको प्रयोजनको लागि पचहत्तर ग्रामसम्मको कागजमा कूल क्षेत्रफल तीन सय बर्ग इञ्चसम्मको आकारको पर्चा मात्र प्रयोग गर्नु पर्नेछ; त्यस्तो पर्चा छपाउँदा एक रङमा मात्र छपाउनु पर्नेछ र प्रत्येक पर्चामा पर्चा मुद्रक र पर्चा छपाउने राजनीतिक दल वा उम्मेदवार समेतको नाम र ठेगाना उल्लेख गर्नु पर्नेछ।

१५. कुनै राजनीतिक दल वा उम्मेदवारले टाँस गरेको वा त्यस्तो दल वा उम्मेदवारको तर्फबाट टाँस भएको पर्चा वा निर्वाचन चिन्हलाई केरमेट गर्न, उप्काउन, च्यात्न वा त्यसमाथि आफ्नो पर्चा टाँस्न वा टाँस्न लगाउन हुँदैन।

१६. कसैको पुत्ला लिएर हिंड्न वा पुत्ला जलाउने कार्य गर्नु वा गराउनु हुँदैन ।

१७. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था, निकाय वा स्थानीय निकाय र कुनै परियोजनाको साधन, श्रोत र सम्पत्ति प्रयोग गर्नु वा गराउनु हुँदैन ।

१८. प्रचार-प्रसारको लागि कुनैपनि प्रकारको प्लास्टिक सामग्री प्रयोग गर्नु हुँदैन ।

१९. मादक पदार्थको सेवन गरी निर्वाचनको प्रचार-प्रसार गर्न वा गराउनु हुँदैन ।

२०. निर्वाचन आयोगद्वारा वितरित मतदाता शिक्षा सम्बन्धी प्रचार सामग्री वा सूचनालाई विगार्न, नास्न, केरमेट गर्न वा अन्य कुनै किसिमबाट थपघट गर्न गराउन वा विकृत गर्न हुँदैन ।

२१. मतदातालाई प्रभाव पार्ने उद्देश्यले नगद, जिन्सी र अन्य कुनै पनि सामग्री वितरण गर्न वा प्रदान गर्न वा भोज भतेरको आयोजना गर्नु वा गराउनु हुँदैन ।

२२. आफूले टाँसेको पर्चा सम्बन्धित निर्वाचन क्षेत्रको परिणाम घोषणा भएको साठी दिनभित्र उप्काई वा हटाई पर्चा टाँसेको स्थान सफा गर्नु पर्नेछ ।

**जुलुस तथा आमसभा सम्बन्धी आचरण :**

२३. जुलुस, र्‍याली, आमसभा, वैठक वा भेला गर्दा वा गराउँदा स्थानीय प्रशासन र प्रहरीलाई सुरक्षा प्रबन्ध गर्न सोको समय, मिति, मार्ग, रुट र स्थानका बारेमा स्थानीय प्रशासन र प्रहरीलाई कम्तीमा चौबीस घण्टा अगावै जानकारी गराएर मात्र गर्नु पर्नेछ; त्यसरी तय भई सकेको मार्ग स्थानीय प्रशासन र प्रहरीको अनुमतिबिना फेरबदल गर्न सकिने छैन ।

२४. दुई वा दुईभन्दा बढी राजनीतिक दल वा उम्मेदवारहरूले एउटै समय, स्थान र मार्गमा जुलुस, र्‍याली, आमसभा, वैठक वा भेला गर्दा स्थानीय प्रशासनले दिएको अनुमति अनुसार मात्र आयोजना गर्नु पर्नेछ ।

२५. नेपाल सरकार वा स्थानीय प्रशासनले सार्वजनिक सुरक्षा र हितका लागि प्रचलित कानूनबमोजिम निषेध गरेको समय र स्थानमा कुनैपनि जुलुस, र्‍याली, आमसभा, वैठक, भेला वा प्रचार-प्रसारको कार्यक्रमको आयोजना गर्नु वा गराउनु हुँदैन ।

२६. सार्वजनिक आवागमनमा अवरोध हुने गरी जुलुस, आमसभा गर्नु वा गराउनु हुँदैन ।

२७. मसाल जुलुस र हातहतियारसहितको जुलुस निकाल्नु हुँदैन ।

२८. जुलुस, र्‍याली, वा आमसभामा भाग लिने व्यक्तिहरूले आफ्नो हातमा १०"१८" को आकारसम्मको झण्डा लिन सक्नेछन् ।

तर निर्वाचन प्रचार-प्रसारको लागि प्रयोग गरिने सवारी साधनमा वा आमसभास्थलमा सोभन्दा ठूलो आकारको झण्डा प्रयोग गर्न बाधा पुगेको मानिने छैन ।

२९. हात हतियार वा विष्फोटक पदार्थ लिएर हिंड्न वा रासायनिक वा विषालु पदार्थ वा लाठी, भाला, खुकुरी जस्ता धारिलो तथा जोखिमी प्रकृतिका हातहतियारको प्रदर्शन गर्न वा प्रयोग गर्न गराउन हुँदैन ।

३०. अरु राजनीतिक दल वा उम्मेदवारले आयोजना गरेको जुलुस, र्‍याली, आमसभा, वैठक वा भेला विथोल्न वा त्यस्तो जुलुस, र्‍याली, आमसभा, बैठक वा भेलालाई कुनै प्रकारको बाधा अवरोध पुर्‍याउनु हुँदैन ।

३१. जुलस, र्‍याली, आमसभा वा भेला जस्ता प्रचार-प्रसारका कार्यक्रम बिहान सात बजेदेखि साँझ सात बजेसम्म मात्र गर्नु पर्नेछ ।

३२. बालवालिकालाई जुलुस, ऱ्याली, आमसभा, वैठक वा भेलामा सहभागी गराउन तथा निर्वाचन प्रचार-प्रसार र निर्वाचनसँग सम्बन्धित अन्य कुनैपनि काम वा गतिविधिमा प्रयोग गर्न र गराउन हुँदैन।

३३. जनसाधारणको हितमा प्रतिकूल असर नपर्ने गरी निर्वाचनको प्रचार-प्रसार गर्ने उद्देश्यले आमसभा र आमसभाको लागि सूचना प्रवाह गर्ने प्रयोजनका लागि वाहेक अन्यत्र माइक तथा लाउडस्पिकर र यस्तै ध्वनी उत्पन्न गर्ने यन्त्र प्रयोग गर्न हुँदैन।

३४. मतदान हुने दिनभन्दा अठचालीस घण्टा अघिदेखि मतदानको काम पूरा नभएसम्म जुलुस निकाल्न, नारा लगाउन, राजनीतिक दल वा राजनीतिक दलसँग आबद्ध संस्थाको झण्डा, निर्वाचन चिन्ह र अन्य कुनैपनि सामग्री प्रदर्शन गर्न र निर्वाचन प्रचार-प्रसार हुने कुनैपनि कार्य गर्नु र गराउनु हुँदैन।

३५. विद्यालय र विद्यालय हाताभित्र आमसभा, माइकिङ्ग लगायत निर्वाचन प्रचारका काम गर्नु हुँदैन।

**सवारी साधनको प्रयोगसम्बन्धी आचरणः**

३६. हवाईजहाज तथा हेलिकप्टर जस्ता सवारी साधन चार्टर गरी निर्वाचन प्रचार-प्रसार गर्नु वा गराउनु हुँदैन। तर सोलुखुम्बु, मनाङ, मुस्ताङ, डोल्पा, हुम्ला, जुम्ला, मुगु, कालिकोट, बझाङ, बाजुरा र जाजरकोट जिल्लाको हकमा यो दफा लागू हुनेछैन।

३७. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था, स्थानीय निकाय र परियोजनाका सवारी साधन प्रयोग गर्नु वा गराउनु हुँदैन।

३८. उम्मेदवारले निर्वाचन प्रचार-प्रसारका लागि एक निर्वाचन क्षेत्रमा वढीमा दुईवटा हलुका सवारी साधन प्रयोग गर्न सक्नेछ। त्यस्ता सवारी साधन नचल्ने निर्वाचन क्षेत्रमा वढीमा चार वटा घोडा प्रयोग गर्न सक्नेछ। तर एउटा उम्मेदवारले प्रयोग गरेको सवारी साधन अर्को कुनै पनि उम्मेदवार वा राजनीतिक दलले कुनै पनि प्रकारले प्रयोग गर्न हुदैन।

३९. राजनीतिक दलले निर्वाचन प्रचारका लागि एउटा जिल्लामा वढीमा दुई वटा हलुका सवारी साधन प्रयोग गर्न सक्नेछ। तर एउटा राजनीतिक दलले प्रयोग गरेको सवारी साधन अर्को कुनै पनि राजनीतिक दल वा उम्मेदवारले कुनै पनि प्रकारले प्रयोग गर्न हुदैन।

४०. निर्वाचन अधिकृतले राजनीतिक दल र उम्मेदवारले निर्वाचन प्रचारको लागि प्रयोग गर्ने सवारी साधनको लागि अनुसूची –२ बमोजिमको ढाँचामा निस्सा प्रदान गर्नेछ।

४१. दफा ४० बमोजिम निस्सा दिँदा निर्वाचन अधिकृतले त्यस्तो सवारी साधनमा टाँस्नुपर्ने सवारी साधन संख्या नम्वर दिनेछ र सम्बन्धित राजनीतिक दल र उम्मेदवारले त्यस्तो संख्या उक्त सवारी साधनमा सवैले देख्ने गरी टाँस्नु पर्नेछ।

४२. निर्वाचन अधिकृत, अनुगमन टोली, मतदान अधिकृत, आयोग वा आयोगले तोकिदिएको अधिकृतले दफा ४१ बमोजिमको निस्सा र संख्या जाँच गर्न सक्नेछ।

४३. मतदानको दिन मतदातालाई हवाईजहाज, हेलिकप्टर, बस, ट्रक, जीप, मोटरसाईकल र अन्य कुनै पनि सवारी साधनबाट ओसार-पसार गर्नु र गराउनु हुँदैन। तर हिंडडुल गर्न नसक्ने अशक्त मतदाताले आयोग वा सम्बन्धित निर्वाचन अधिकृत वा मतदान अधिकृतले तोकिदिएको सवारी साधन प्रयोग गर्न सक्नेछ।

**अनुचित प्रभाव तथा अवरोध सम्बन्धी आचरण :**

४४. निर्वाचनसँग सम्बद्ध कर्मचारी तथा सुरक्षाकर्मीलाई कुनै किसिमको डर, त्रास, धाक, धम्की दिई वा बल प्रयोग गरी वा प्रलोभन दिई आफ्नो कर्तव्य पालन गर्नबाट विचलित गर्नु वा गराउनु हुँदैन।

४५. मतदातालाई डर, त्रास, धाक, धम्की वा प्रलोभन दिने वा धर्म भकाउने जस्ता काम गरी निजको इच्छा विपरित मतदान गर्न वा नगर्न बाध्य गर्नु वा गराउनु हुँदैन।

४६. कुनै किसिमको डर, त्रास, धाक, धम्की दिई वा बल प्रयोग गरी कुनै पनि उम्मेदवारलाई निर्वाचनको प्रचार-प्रसार गर्न नपाइने गरी रोक्ने, थुन्ने, छेक्ने वा निर्वाचनमा प्रत्यक्ष वा अप्रत्यक्ष ढङ्गबाट असर पर्न सक्ने गरी कुनै पनि किसिमको काम कारवाही गर्न वा गराउन हुँदैन।

४७. निर्वाचन विथोल्ने, निर्वाचन प्रति वितृष्णा पैदा हुने, निर्वाचनमा भ्रम सिर्जना हुने वा निर्वाचनमा अवरोध हुनेगरी कुनै कार्य गर्नु वा गराउनु हुँदैन।

४८. मतदाताहरूलाई मतदान गर्न जान वा मतदान गर्नबाट बन्चित गराउने अभिप्रायले कुनैपनि किसिमले अवरोध वा थुनछेक गर्नु वा गराउनु हुँदैन।

**मतदानसम्बन्धी आचरण:**

४९. मतदानको दिन मतदान शान्तिपूर्ण तथा सुव्यवस्थितरुपमा सञ्चालन गर्न र मतदाताले कुनै वाधा, अवरोध, हैरानी विना आफ्नो मताधिकार प्रयोग गर्ने कार्य सुनिश्चित गर्न मतदानमा खटिएका कर्मचारी तथा सुरक्षाकर्मीलाई सहयोग गर्नु पर्नेछ।

५०. मतदानको दिन मतदान केन्द्र र सोको २०० मिटर वरिपरि राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिन्ह अंकित कुनैपनि किसिमको पहिरन, पोशाक, टोपी, स्टिकर, लोगो, भोला आदिको प्रयोग गर्न र गराउन हुँदैन।

५१. मतदान केन्द्र र सोको २०० मिटर वरिपरि रहने आफ्नो प्रतिनिधि र कार्यकर्तालाई कुनै चिन्ह वा संकेत नभएको सादा परिचयपत्र वा ब्याच प्रदान गर्नु पर्नेछ।

५२. मतदान केन्द्र र सोको २०० मिटर वरिपरि भीड जम्मा गर्न र पर्चा, भण्डा, संकेत लगायत निर्वाचन प्रचारका कुनैपनि सामग्री टाँस्न वा टाँस्न लगाउन, राख्न वा राख्न लगाउन र लेख्न वा लेख्न लगाउन हुँदैन। त्यसरी लेख्न वा लेख्न लगाएको रहेछ भने सम्बन्धित राजनीतिक दल वा उम्मेदवारले मतदान कार्य शुरु हुन अघि त्यस्ता सामग्री हटाउनु पर्नेछ।

५३. मतदानको दिन कुनै दल वा उम्मेदवारको निर्वाचन प्रचार हुने गरी शरीरमा टाटु लगाउने वा टाँक वा टीका लगाउने वा अन्य यस्तै कार्य गर्नु हुँदैन। राजनीतिक दल, उम्मेदवार र राजनीतिक दल तथा उम्मेदवारसँग सम्बन्धित व्यक्तिको दायित्व र जिम्मेवारी :

५४. आफ्नो कार्यकर्ता तथा समर्थकहरूलाई निर्वाचन सम्बन्धी आचारसंहिताको जानकारी गराई सोको पालना गर्न र गराउन लगाउनु पर्नेछ।

५५. आफ्नो कार्यकर्ता वा समर्थकबाट आचारसंहिता उल्लंघन भएमा सो को जिम्मेवारी त्यस्तो दल र उम्मेदवारले लिनु पर्नेछ।

५६. निर्वाचनसम्बन्धी ऐन, नियम, आदेश तथा निर्देशिकामा भएका व्यवस्थालाई पूर्णरुपमा पालना गर्नु र गराउनु पर्नेछ।

**परिच्छेद – ३**

नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था र स्थानीय निकायले पालना गर्नुपर्ने आचरण निर्वाचनको सिलसिलामा नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्था, स्थानीय निकाय र सोको कर्मचारीले देहायका आचरण पालना गर्नु पर्नेछ :-

५७. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था र स्थानीय निकायले वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएकोमा बाहेक नयाँ नीति, योजना तथा कार्यक्रमको घोषणा गर्न, स्वीकृत गर्न, कार्यान्वयन गर्न, सञ्चालन गर्न र सो प्रयोजनका लागि जनशक्ति तथा श्रोत, साधनको परिचालन गर्नु र गराउनु हुँदैन ।

५८. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था र स्थानीय निकायले कुनै पनि योजनाको शिलान्यास गर्ने, उद्घाटन गर्ने, नयाँ योजना वा कार्यक्रम स्वीकृत गर्ने, शुरु गर्ने, सर्वेक्षण गर्ने, अध्ययन गर्ने वा सोको लागि अनुदान दिने जस्ता कार्यहरू गर्नु र गराउनु हुँदैन ।

तर प्राकृतिक प्रकोपको कारणबाट काबु बाहिरको परिस्थिति सिर्जना भई मानवीय आधारमा सहयोग पुऱ्याउन कुनै कार्यक्रम सञ्चालन गर्न आवश्यक भएमा त्यस्तो कार्यक्रम सञ्चालन गर्न वाधा पुगेको मानिने छैन ।

५९. नेपाल सरकारका मन्त्री तथा राजनीतिक नियुक्ति पाएका व्यक्तिले सरकारी कामका लागि भ्रमण वा निरीक्षणमा जाँदा वा जुनसुकै सरकारी काममा संलग्न रहँदा निर्वाचन प्रचार-प्रसारको काममा संलग्न हुनु हुँदैन ।

६०. निर्वाचनमा उम्मेदवार नभएका मन्त्री वा स्थानीय निकायका पदाधिकारी मतदान गर्ने कामको लागि मात्र मतदान केन्द्रभित्र प्रवेश गर्नु पर्नेछ ।

६१. मन्त्रिपरिषद्का अध्यक्ष, मन्त्री, मन्त्रीका सल्लाहकार र राजनीतिक नियुक्ति पाएको व्यक्तिले प्रयोग गर्ने सरकारी साधन, श्रोत र सहुलियत निर्वाचन प्रचार-प्रसारको काममा प्रयोग गर्नु वा गराउनु हुँदैन ।

६२. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था वा स्थानीय निकायमा कार्यरत कर्मचारीलाई नेपाल सरकार वा अख्तियारवाला पदाधिकारीले निर्वाचन प्रचार-प्रसारको काममा वा निर्वाचन परिणाममा प्रभाव पार्ने खालको काममा प्रयोग गर्नु वा गराउनु हुँदैन ।

६३. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका निकाय वा स्थानीय निकायका भवन, अतिथि गृह, सभागृह वा त्यस्तै अन्य साधन र सुविधा राजनीतिक दल, उम्मेदवार र निर्वाचनको प्रचार-प्रसारमा संलग्न अन्य व्यक्तिहरूलाई प्रयोग गर्न दिनु हुँदैन ।

६४. नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था र स्थानीय निकायका प्रमुख र कर्मचारीले नेपाल सरकार, त्यस्तो संस्था र स्थानीय निकायको कुनैपनि किसिमको श्रोत तथा साधन निर्वाचन प्रचार-प्रसारका लागि उपलब्ध गराउनु हुँदैन ।

६५. नेपाल सरकारका कर्मचारी तथा सुरक्षाकर्मी, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था र स्थानीय निकायमा कार्यरत कर्मचारी र सामुदायिक विद्यालयका शिक्षकलाई निर्वाचन सम्बन्धी काममा वाहेक अन्यत्र सरुवा गर्न, काजमा खटाउन, वढुवा गर्न वा रिक्त पदमा पूर्ति गर्नु हुँदैन ।

तर प्रचलित कानूनबमोजिम नियमित रुपमा हुने बढुवाका सम्बन्धमा यो दफा लागू हुने छैन ।

६६. नयाँ पदको सृजना गर्न, विज्ञापन गर्न वा भत्ता बृद्धि गर्न वा ग्रेड, पुरस्कार प्रदान गर्न हुँदैन ।

तर लोकसेवा आयोग र न्याय सेवा आयोगद्वारा नियमित रुपमा गरिने विज्ञापनको सम्बन्धमा र कर्मचारीले

नियमित रुपमा प्रचलित कानूनबमोजिम पाउने भत्ता, ग्रेड वा पुरस्कारका सम्बन्धमा यो दफा लागू हुने छैन ।

६७. निर्वाचन अधिकृत नियुक्त भई काम गरेको कर्मचारीलाई निर्वाचनको परिणाम घोषणा भएको पन्ध्र दिनसम्म सरुवा गर्न हुँदैन ।

६८. स्थानीय प्रशासनले उम्मेदवारको मनोनयन दर्ता भएको मितिदेखि मतदान हुनु तीन दिन अघिसम्म बेलुकी आठ बजेपछि मादक पदार्थ विक्रि वितरण गर्न र मतदानको तीन दिनअघि देखि निर्वाचन परिणाम घोषणा नभएसम्म मादक पदार्थ विक्रि वितरण र सेवनमा रोक लगाउनु पर्नेछ ।

६९. निर्वाचन अधिकृत, मतदान अधिकृत, मतदान केन्द्रमा खटिएका वा निर्वाचनको काममा संलग्न अन्य कुनै अधिकृत, कर्मचारी, अनुगमनमा खटिएका कर्मचारी वा सुरक्षाकर्मी, स्वयंसेवक र पर्यवेक्षकले निर्वाचनको कुनै काम गर्दा तटस्थ र निष्पक्ष रुपमा आफ्नो पदीय कर्तव्य पालना गर्नु पर्नेछ र कानूनबमोजिम कुनै उम्मेदवारलाई आफ्नो मत दिन बाहेक कुनै उम्मेदवार वा दलको पक्ष वा विपक्षमा कुनै किसिमको काम गर्न वा गराउन हुँदैन ।

७०. निर्वाचन कार्यक्रम प्रकाशन भएपछि निर्वाचन समाप्त नहुन्जेलसम्म मुलुकको प्रतिनिधित्व गरी विदेश भ्रमणमा जानुपर्ने सरकारी प्रतिनिधि वा प्रतिनिधि मण्डल बाहेक अन्य कुनैपनि प्रयोजनका लागि नेपाल सरकार, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था र स्थानीय निकायको तर्फबाट विदेश भ्रमणमा जानु हुँदैन ।

## परिच्छेद – ४

### गैरसरकारी संस्थाको आचरण

गैरसरकारी संस्थाले निर्वाचनको सम्बन्धमा देहायका आचरण पालना गर्नु र गराउनु पर्नेछ :-

७१. यो आचारसंहिता लागू भएपछि कुनै राजनीतिक दल वा उम्मेदवारलाई प्रभावित पार्ने गरी नयाँ नीति, योजना र कार्यक्रमको घोषणा गर्न वा सो प्रयोजनको लागि जनशक्ति तथा श्रोत साधनको परिचालन गर्नु गराउनु हुँदैन ।

७२. राजनीतिक दलका पदाधिकारी र सदस्य वा कुनै पनि उम्मेदवारबाट कुनै नयाँ योजनाको शिलान्यास वा उद्घाटन गराउने र अन्य यस्तै काम गराउनु हुँदैन ।

७३. आफ्नो नामबाट कुनै राजनीतिक दल वा उम्मेदवारको निर्वाचन प्रचार-प्रसार गर्नु वा गराउनु हुँदैन ।

७४. आफ्नो संस्थाको कुनै पनि श्रोत, साधन कुनै राजनीतिक दल वा उम्मेदवारको प्रचार-प्रसारको लागि उपलब्ध गराउनु हुँदैन ।

७५. निर्वाचन कार्यक्रमलाई प्रभावित पार्ने गरी मतदातालाई कुनै प्रकारले नगद, जिन्सी वा कुनैपनि किसिमको उपहार वा अनुदान दिनु वा दिन लगाउनु हुँदैन ।

७६. निर्वाचन सम्पन्न नभएसम्म राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा हुनेगरी सभा वा जुलुस पर्दशन जस्ता कार्य गर्नु वा गराउनु हुँदैन ।

७७. मतदाताहरूलाई भ्रममा पार्ने गरी सूचना प्रकाशन वा प्रसारण गर्नु गराउनु हुँदैन ।

स्पष्टीकरण : यस परिच्छेदको प्रयोजनको लागि "गैरसरकारी संस्था" भन्नाले नाफाको उद्देश्य नराखी प्रचलित कानूनबमोजिम नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको गैर सरकारी संस्था सम्झनु

पर्छ र सो शब्दले विदेशमा दर्ता भई प्रचलित कानून बमोजिम नेपालमा संचालन भएको अन्तर्राष्ट्रिय गैर सरकारी संस्था समेतलाई जनाउँछ ।

## परिच्छेद – ५

**आम सञ्चार माध्यमले पालना गर्नुपर्ने आचरण**

निर्वाचनको अवधिमा आम संचार माध्यमले देहायका आचरण पालना गर्नु पर्नेछ :-

७८. सूचना वा समाचार सम्प्रेषण गर्दा तथ्यमा आधारित भई, पक्षपात नगरी र वस्तुनिष्ठ ढंगले सम्प्रेषण गर्नु पर्नेछ ।

७९. सूचना वा समाचार सम्प्रेषण वा प्रसारण गर्दा कसैप्रति पूर्वाग्रह नराखी र कसैलाई पक्षपात नगरी सम्प्रेषण गर्नु पर्नेछ ।

८०. सूचना वा समाचारको संकलन तथा सम्प्रेषण रोक्न, दबाउन वा लुकाउन हुँदैन ।

८१. सूचना वा समाचार सर्वसाधारणलाई भ्रममा पार्ने गरी सम्प्रेषण गर्न, प्रकाशन वा प्रसारण गर्न हुँदैन ।

८२. निर्वाचनसँग सम्बन्धित शिक्षामूलक समाचार र सूचना सम्प्रेषणलाई उच्च प्राथमिकता दिनुपर्नेछ। सूचना र समाचार संकलन र सम्प्रेषण गर्न कसैले वाधा अवरोध पुऱ्याएमा सो कुरा समेत सूचना तथा समाचारमा समावेश गर्नु पर्नेछ ।

८३. कसैबाट कुनै किसिमको अनुचित लाभ ग्रहण गर्न वा पेशागत आचरण एवम् मान्यता विपरीत हुने कुनै काम कारबाही गर्नु हुँदैन ।

८४. सूचना र समाचार सम्प्रेषण गर्दा, प्रकाशन गर्दा वा प्रसारण गर्दा कसैप्रति कुनै किसिमले भेदभाव दर्शाउने वा हिंसालाई उक्साउने खालको भाषाको प्रयोग गर्न र विभिन्न जातजाति, धर्म, लिङ्ग, भाषा र सम्प्रदाय बीचको सम्बन्ध र सद्भावमा कुनैपनि किसिमबाट खलल पर्ने गरी सम्प्रेषण गर्न, प्रकाशन गर्न र प्रसारण गर्न हुँदैन ।

८५. निर्वाचनमा विभिन्न जात जाति, धर्म, लिङ्ग, भाषा र सम्प्रदायको सहभागिता अभिबृद्धि हुनेगरी सूचना र समाचार सम्प्रेषण गर्नु पर्नेछ ।

८६. कुनै गलत वा भ्रामक सूचना वा समाचार, सम्प्रेषण, प्रकाशन वा प्रसारण हुन गएमा सम्बद्ध सञ्चार माध्यम तथा सञ्चारकर्मीले त्यस्तो सूचना वा समाचार तुरुन्त सच्याउनु पर्नेछ । सरकारी स्वामित्वका सञ्चार माध्यमको आचरण:

८७. कुनैपनि राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा सम्पादकीय लेख्न र प्रसारण गर्न हुँदैन ।

८८. राजनीतिक दल वा उम्मेदवारलाई मतदाता माझ आफ्नो विचार, नीति तथा कार्यक्रम अभिव्यक्त गर्न मनासिव अवसर दिनु पर्नेछ ।

८९. निर्वाचन तथा मतदाता शिक्षासम्बन्धी सामग्री प्रकाशन तथा प्रसारण गर्न प्राथमिकता दिनु पर्नेछ। नि:शुल्क प्रसारण सुविधा

९०. संविधानसभा सदस्यको निर्वाचनमा भाग लिने राजनीतिक दलको नीति तथा कार्यक्रम प्रचारप्रसारको प्रयोजनको लागि आयोगले सो दललाई सो दलले समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनमा खडा गरेको कुल उम्मेदवारको अनुपातमा रेडियो र टेलिभिजन प्रसारण सेवामा नि:शुल्क समय उपलब्ध गराउनेछ ।

९१. आयोगले दफा ९० बमोजिमको समय उपलव्ध गराउँदा देहाय बमोजिमको तीन चरणमा उपलव्ध गराउनेछ :-

क) पहिलो चरणमा राजनीतिक दलको घोषणापत्र सार्वजनिक गर्नको लागि पाँचदेखि बीस मिनेटसम्म रेडियो प्रसारण सेवामा,

ख) दोस्रो चरणमा निर्वाचन प्रसारको लागि दुईदेखि पाँच मिनेटसम्म टेलिभिजन प्रसारण सेवामा, र

ग) तेस्रो चरणमा प्रत्येक राजनीतिक दललाई अभिमतको लागि अन्तिमरुपमा आव्हान गर्न दफा ९३ बमोजिमको मौन अवधि शुरु हुनुअघि एक एक मिनेट टेलिभिजन प्रसारण सेवामा।

९२. दफा ९१ मा उल्लिखित चरणमा प्रसारण गरिने सामग्री सम्बन्धित दलले तयार गरी सम्बन्धित प्रसारण सेवालाई दिनु पर्नेछ।

९३. मौन अवधिमा प्रचार-प्रसार गर्न नहुने : आम सञ्चार माध्यमले मौन अवधिमा कुनै राजनीतिक दल वा उम्मेदवारको निर्वाचनको प्रचार-प्रसार हुने गरी सूचना वा समाचार सम्प्रेषण, प्रकाशन र प्रसारण गर्नु हुँदैन।

तर आयोगले प्रवाह गरेको सूचना तथा समाचार सम्प्रेषण, प्रकाशन वा प्रसारण गर्न यस दफाले वाधा पुऱ्याएको मानिने छैन,

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "मौन अवधि" भन्नाले मतदान हुने दिनको अघिल्लो अठचालीस घण्टा देखि मतदानको दिन अन्तिम मतदान केन्द्र बन्द नहुन्जेलको समय सम्झनु पर्छ।

९४. अभिलेख राख्नु पर्ने : आम सञ्चार माध्यमले निर्वाचनको सम्बन्धमा प्रकाशन वा प्रसारण गरेका प्रत्येक सूचना र समाचार त्यसरी प्रकाशन वा प्रसारण भएको मितिले पैंतीस दिनसम्म सुरक्षित राख्नु पर्नेछ।

९५. सूचना तथा समाचार सम्प्रेषणको अनुगमन गर्ने :

(१) आयोगले आम सञ्चार माध्यमहरूबाट सम्प्रेषण, प्रकाशन र प्रसारण भएका निर्वाचन प्रचार-प्रसारसम्बन्धी सूचना र समाचारको नियमित अनुगमन गर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा कुनै समाचारको सम्प्रेषण, प्रकाशन वा प्रसारणबाट आचार संहिताको उल्लङ्घन भएको देखिएमा त्यस्तो सूचना वा समाचार सच्याउन आयोगले सम्बन्धित सञ्चार माध्यमलाई निर्देशन दिनेछ।

(३) उपदफा (२) बमोजिमको निर्देशन प्राप्त भएपछि सम्बन्धित सञ्चार माध्यमले त्यस्तो सूचना सच्याउनु पर्नेछ।

## परिच्छेद-६

### निर्वाचन खर्च सम्बन्धी व्यवस्था

९६. निर्वाचन खर्चको अधिकतम सीमा :

(१) निर्वाचनको खर्चको अधिकतम सीमा अनुसूची-२ मा तोकिए बमोजिम हुनेछ।

(२) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतको निर्वाचनको उम्मेदवारले निर्वाचन सम्बन्धी कार्यमा खर्च गर्दा अनुसूची-२ मा तोकिएको सीमाभित्र रही खर्च गर्नु पर्नेछ र निर्वाचन खर्चको

विवरण निर्वाचन परिणामको घोषणा भएको मितिले पैंतीस दिनभित्र अनुसूची-३ बमोजिमको ढाँचामा सम्बन्धित जिल्लाको जिल्ला निर्वाचन कार्यालयमा बुझाउनु पर्नेछ।

(३) समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा भाग लिएका राजनीतिक दलले निर्वाचन सम्बन्धी कार्यमा खर्च गर्दा अनुसूची-२ मा तोकिएको सीमाभित्र रही खर्च गर्नु पर्नेछ र निर्वाचन खर्च सम्बन्धी विवरण अनुसूची-४ बमोजिमको ढाँचामा निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले पैंतीस दिन भित्र निर्वाचन आयोग समक्ष बुझाउनु पर्नेछ।

(४) प्रत्येक उम्मेदवारले निर्वाचनको कार्यमा स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा मात्र खर्च गर्नु, गराउनु पर्नेछ।

## परिच्छेद – ७

### आचारसंहिताको कार्यान्वयन तथा अनुगमन

९७. अनुगमन टोली गठन गर्न सक्ने :

(१) यो आचार संहिताको पालना भए नभएको जाँचवुझ वा अनुगमन गर्न आयोगले आवश्यकता अनुसार अनुगमन टोली वा अन्य संयन्त्र गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन टोली वा संयन्त्र गठन भएकोमा त्यस्तो टोली वा संयन्त्रले जाँचवुझ वा अनुगमन सम्बन्धी प्रतिवेदन आयोगले तोकिदिएको अवधिभित्र आयोगसमक्ष पेश गर्नु पर्नेछ।

९८. आचारसंहिता उल्लङ्घनको सूचना वा जानकारी दिन सकिने:

(१) यो आचारसंहिताको उल्लङ्घन भएको थाहा पाउने राजनीतिक दल, उम्मेदवार वा अन्य कुनै व्यक्ति वा संस्थाले आयोग, जिल्ला निर्वाचन कार्यालय, निर्वाचन अधिकृतको कार्यालय वा दफा ९७ बमोजिमको अनुगमन टोली वा संयन्त्रमा जानकारी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना वा जानकारीबाट वा अन्य कुनै स्रोतबाट आचारसंहिताको उल्लङ्घन भएको थाहा भएमा आयोग, सम्बन्धित निर्वाचन अधिकृत, जिल्ला निर्वाचन कार्यालय, अनुगमन टोली वा संयन्त्र वा मतदान अधिकृतले सो सम्बन्धमा जाँचबुझ गर्नेछ।

तर आचार संहिताको उल्लङ्घन तत्काल रोक्नु पर्ने प्रकृतिको देखिएमा आयोग वा सम्बन्धित निर्वाचन अधिकृत, जिल्ला निर्वाचन कार्यालय, अनुगमन टोली वा संयन्त्र वा मतदान अधिकृतले सम्बन्धित राजनीतिक दल, उम्मेदवार, राजनीतिक दल वा उम्मेदवारसँग सम्बन्धित व्यक्ति, आम सञ्चारका माध्यम लगायत अन्य संघसंस्था वा व्यक्तिलाई कुनै काम गर्न वा नगर्न तत्काल आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको जाँचवुझबाट आचार संहिताको उल्लङ्घन भएको देखिएमा आयोग वा सम्बन्धित निर्वाचन अधिकृत, जिल्ला निर्वाचन कार्यालय, अनुगमन टोली वा संयन्त्र वा मतदान अधिकृतले सम्बन्धित राजनीतिक दल, उम्मेदवार, राजनीतिक दल तथा उम्मेदवारसँग सम्बन्धित व्यक्ति, आम सञ्चारका माध्यम लगायत अन्य संघ संस्था वा व्यक्तिलाई कुनै काम गर्न वा नगर्न आदेश दिन सक्नेछ।

(४) उपदफा (२) वा (३) को आदेशबमोजिमको काम नभएमा आयोग वा सम्बन्धित निर्वाचन अधिकृत, जिल्ला निर्वाचन कार्यालय, अनुगमन टोली वा मतदान अधिकृतले स्थानीय प्रशासन र प्रहरीको सहयोग लिई आचार संहिताको पालना गर्न लगाउनेछ।

(५) आयोग वा सम्बन्धित निर्वाचन अधिकृत, जिल्ला निर्वाचन कार्यालय, अनुगमन टोली वा संयन्त्र वा मतदान अधिकृतले उपदफा (४) बमोजिम माग गरेको सहयोग दिनु स्थानीय प्रशासन र प्रहरीको कर्तव्य हुनेछ ।

(६) निर्वाचन अधिकृत, जिल्ला निर्वाचन कार्यालय, अनुगमन टोली वा संयन्त्र वा मतदान अधिकृतले आचार संहिताको उल्लंघन सम्बन्धी उजुरी र सोको कार्यान्वयनसम्बन्धी विवरण निर्वाचन आयोगमा तुरुन्त पठाउनु पर्नेछ ।

(७) यो आचारसंहिता पालना गर्नुपर्ने निकाय, अधिकारी, संस्था वा व्यक्तिले पालना नगरेमा सोको जानकारी आयोगले सञ्चार माध्यममार्फत सर्वसाधारणलाई जानकारी गराउनेछ ।

(८) कर्मचारीले आचारसंहिता उल्लङ्घन गरेमा निर्वाचन अधिकृत वा मतदान अधिकृतले आवश्यक कारवाहीका लागि सोझै वा जिल्ला निर्वाचन कार्यालयमार्फत निर्वाचन आयोगमा लेखि पठाउनुपर्ने छ।

## परिच्छेद – ८

### विविध

९९. प्रहरी प्रशासनलाई सूचना वा लिखित उजुरी दिनुपर्ने : कुनै राजनीतिक दल, उम्मेदवार र राजनीतिक दल तथा उम्मेदवारसँग सम्बन्धित व्यक्तिले निर्वाचन प्रचार-प्रसार गर्दा कुनै व्यक्ति वा समूहले त्यस्तो प्रचार-प्रसारमा बाधा अवरोध पुऱ्याएमा त्यस्ता व्यक्ति वा समूहउपर प्रचलित कानूनबमोजिम कारवाही गर्न त्यस्तो दल, उम्मेदवार र व्यक्तिले स्थानीय प्रहरी प्रशासनलाई सूचना वा लिखित उजुरी दिनुपर्नेछ। त्यस्तो व्यक्ति उपर आफैंले कुनै किसिमको कारवाही गर्नु हुँदैन ।

१००. प्रचार-प्रसार लैंगिकमैत्री तथा फरक किसिमले सक्षम व्यक्तिमैत्री हुनुपर्ने:

(१) निर्वाचन प्रचार-प्रसार गर्दा लैंगिकमैत्री तथा फरक किसिमले सक्षम व्यक्तिहरूप्रति संवेदनशील भएर गर्नु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि महिला तथा फरक किसिमले सक्षमता भएका उम्मेदवारको आत्म सम्मानमा ठेस पुग्ने तथा चरित्र हत्या गर्ने काम गर्नु हुदैन ।

१०१. मत सर्वेक्षण गर्न गराउन नहुने : कसैले पनि उम्मेदवारको मनोनयन दर्ता भएको मितिदेखि मतदानको कार्य समाप्त नभएसम्म कुनै राजनीतिक दल वा उम्मेदवारको निर्वाचनको परिणामका सम्बन्धमा मत सर्वेक्षण गर्न र उम्मेदवारको मनोनयन दर्ता हुनुअघि नै यस्तो मत सर्वेक्षण गरिएको रहेछ भने उम्मेदवारको मनोनयन दर्ता भएपछि मतदानको कार्य समाप्त नभएसम्म त्यस्तो मत सर्वेक्षणको परिणाम समेत प्रकाशन गर्नु हुँदैन।

१०२. अनुगमनसम्बन्धी विवरण प्रकाशन गर्नुपर्ने : आयोगले यस आचारसंहिताको पालना भए नभएको सम्बन्धमा गरेको अनुगमन सम्बन्धी विवरण सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

१०३. बाधा अड्काउ फुकाउन सक्ने : यो आचार संहिताको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ आइपरेमा आयोगले आदेश जारी गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१०४. खारेजी : संविधान सभा सदस्य निर्वाचन आचार संहिता, २०६४ खारेज गरिएको छ ।

**द्रष्टव्यः** आचारसंहिता उल्लंघन गरेमा हुने सजाय (निर्वाचन आयोग ऐन, २०६३ को दफा २९) कसैबाट आचारसंहिता पालना नभएको वा उल्लङ्घन गरेको देखिएमा त्यस्तो काम तुरुन्त रोक्न वा बदर गर्नको लागि

निर्वाचन आयोगले सम्बन्धित राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आदेश दिनेछ र त्यस्तो आदेशबमोजिम काम कारवाही नरोक्ने वा बदर नगर्ने राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आयोगले एक लाख रुपैयाँ सम्म जरिवाना गर्न सक्ने एवम् आचार संहिताको उल्लङ्घन गरेको कारणवाट निर्वाचन स्वतन्त्र, स्वच्छ र धाँधलीरहित तवरवाट हुन नसक्ने कुरामा आयोग विश्वस्त भएमा आयोगले त्यस्तो उम्मेदवारको उम्मेदवारी रद्द गर्न सक्ने ।

निर्वाचन आयोगले निर्धारण गरेको निर्वाचन खर्चको हदभन्दा बढी खर्च गरेमा वा खर्चको विवरण आयोग समक्ष पेश नगरेमा आयोगले निर्वाचन खर्चको विवरण पेश गर्नुपर्ने दायीत्व भएको व्यक्तिलाई निजले गरेको निर्वाचन खर्च वा आयोगद्वारा निर्धारित खर्चको हदमध्ये जुन बढी हुन्छ सोही बराबरको रकम जरिवाना गर्न सक्ने र खर्चको लेखा परीक्षण प्रतिवेदनको आधारमा अनुचित तबरले खर्च गरेको देखिएमा त्यस्तो व्यक्तिलाई तत्कालै देखि लागू हुने गरी बढीमा ६ बर्षसम्म कुनै पनि निर्वाचनमा उम्मेदवार हुन अयोग्य हुने गरी आयोगले निर्णय गर्न सक्ने र यसरी निर्णय गरेकोमा त्यस्तो व्यक्ति निर्वाचित भएको रहेछ भने निजको निर्वाचन स्वत: बदर हुने (निर्वाचन आयोग ऐन, २०६३ को दफा ३१)।

# अनुसूचि –५

## संविधानसभा सदस्य निर्वाचन पर्यवेक्षण आचारसंहिता, २०७०

प्रस्तावना : स्वतन्त्र,स्वच्छ, निष्पक्ष, पारदर्शी र विश्वसनिय ढंगवाट संबिधान सभाको निर्वाचन सम्पन्नगर्नको लागि पर्यवेकक्षकहरूले पालना गर्नुपर्ने आचरणलाई व्यवस्थित गर्न वाञ्छनिय भएकोले निर्वाचन आयोग ऐन, २०६३ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले सरोकारवालाहरूसंग परामर्श गरी देहायको आचार संहिता बनाएको छ । आयोगबाट पर्यवेक्षणका लागि अनुमति प्राप्त सबैलाई यो आचार संहिता लागू हुनेछ ।

## प्रारम्भिक

१) संक्षिप्त नाम र प्रारम्भ :

(१) यस आचार संहिताको नाम "राष्ट्रिय पर्यवेक्षकहरूका लागि संविधानसभा सदस्य निर्वाचन पर्यवेक्षण आचार संहिता, २०७०" रहेको छ ।

(२) यो आचार संहिता निर्वाचन आयोगबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२) परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचार संहितामा :

(क) "निर्वाचन" भन्नाले संवत् २०७० साल मंङ्सिर ४ गते हुने संविधान सभा सदस्यको निर्वाचनसम्झनु पर्छ ।

(ख) "निर्वाचन पर्यवेक्षण" भन्नाले संविधान सभा सदस्य निर्वाचन, २०७० को पर्यवेक्षण कार्यलाई सम्झनु पर्छ ।

(ग) "पर्यवेक्षण संघ/संस्था" भन्नाले संविधान सभा सदस्य निर्वाचन, २०७० को पर्यवेक्षणका लागि आयोगबाट पर्यवेक्षण अनुमति प्राप्त संघ/संस्था सम्झनु पर्छ ।

(घ) "पर्यवेक्षक" भन्नाले संविधान सभा सदस्य निर्वाचन, २०७० को पर्यवेक्षण गर्न आयोगबाट पर्यवेक्षक अनुमति पत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(ङ) "आयोग" भन्नाले संविधानको धारा १२८ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

३) आचार संहिता लागु हुने निकाय, संस्था र व्यक्ति : यो आचार संहिता आयोगबाट पर्यवेक्षण अनुमति प्राप्त संघसंस्था र पर्यवेक्षक परिचयपत्र प्राप्त व्यक्तिलाई लागु हुनेछ ।

## परिच्छेद–२

राष्ट्रिय पर्यवेक्षकहरूको अधिकार र पालना गर्नुपर्ने आचरण

४) पर्यवेक्षकहरूको अधिकार : राष्ट्रिय पर्यवेक्षकहरूलाई देहाय अनुसारको अधिकार प्राप्त हुनेछ :

१. पर्यवेक्षकहरूले निर्वाचनसँग सरोकार राख्ने सम्बद्ध सबै पक्षसँग निर्वाचन सम्बन्धी विषयमा स्वतन्त्रतापूर्वक संवाद गर्न सक्नेछन्,

२. पर्यवेक्षकहरूले पर्यवेक्षण आचारसंहिता अन्तर्गत रही निर्वाचन सम्बन्धी विषयमा स्पष्ट हुन पाउनेछन् ।

३. पर्यवेक्षकहरूले निर्वाचन आयोग वा मातहतका अधिकारीहरूबाट जारी गरिएको अधिकार क्षेत्र सम्बन्धी जानकारी पाउन सक्नेछन् ।

४. पर्यवेक्षकहरूले निर्वाचन प्रचार अभियान, मतदाताको निर्वाध आवत जावत, संवेदनशील निर्वाचन

सामाग्रीहरू (मतपेटिका, मतपत्र आदि) को ओसारपसार, मतदान प्रक्रिया, मतगणना, निर्वाचन परिणाम र सञ्चार माध्यमहरूमा पहुँच आदि कुराको पर्यवेक्षण गर्न सक्नेछन्,

५. पर्यवेक्षकहरूले निर्वाचन सम्बन्धी प्रक्रियाको विभिन्न चरणमा तोकिए अनुसार राजनीतिक दलहरूको सहभागिता रहे/नरहेको विषय बारे थाहा पाउन सक्नेछन्,

६. पर्यवेक्षकले निर्वाचन सम्बन्धमा परेको कुनै पनि उजुरी वा गुनासो बारे जानकारी पाउन सक्नेछन्,

७. पर्यवेक्षकले मतदान केन्द्रको गोप्य कक्षमा बाहेक मतदान अधिकृतको अनुमति लिएर मतदान केन्द्रभित्र प्रवेश पाउन सक्नेछन्,

८. पर्यवेक्षकहरूले मतगणना स्थलमा निर्वाचन अधिकृतको अनुमति लिएर प्रवेश पाउन सक्नेछन्,

९. पर्यवेक्षकहरूले निर्वाचन परिणाम घोषणा गर्दा अपनाइने प्रक्रिया सम्बन्धी जानकारी लिन पाउन सक्नेछन,

१०. पर्यवेक्षकहरूले पर्यवेक्षणको क्रममा आफूले प्राप्त गरेको अनुभव आदान-प्रदान गर्न सक्नेछन्,

११. पर्यवेक्षकहरूले चाहेमा निर्वाचन अधिकृतले तोकेबमोजिम मतपेटिका राखेको स्थलमा (मतदान कार्य समाप्त भई निर्वाचन अधिकृतको कार्यालयमा मतपेटिका ल्याइसके पछि) बस्न पाउनेछन् ।

५) राष्ट्रिय पर्यवेक्षकहरूले पालना गर्नुपर्ने आचरण : संविधान सभा सदस्य निर्वाचन, २०७० को पर्यवेक्षण गर्दा पर्यवेक्षकहरूले देहायका आचरणको पालना गर्नुपर्नेछ :

१. पर्यवेक्षकले पर्यवेक्षक परिचयपत्र सबैले देख्ने गरी लगाउनुपर्नेछ ।

२. मतदानकेन्द्र लगायतका निर्वाचन प्रक्रियामा संलग्न सबै निकायहरूमा जाँदा पर्यवेक्षकले शिष्टाचारका नियमहरूको पालना गर्नुपर्नेछ ।

३. पर्यवेक्षकले आफूलाई अनुमति प्राप्त क्षेत्रको मात्र पर्यवेक्षण गर्नुपर्नेछ ।

४. पर्यवेक्षकले निर्वाचन आयोगको सम्मान र प्रतिष्ठामा आँच आउने कुनै कार्य गर्न हुँदैन । आयोगका अन्य पदाधिकारीहरू, निर्वाचन कार्यमा संलग्न कर्मचारीहरू लगायत मतदाताहरूको सम्मान गर्नु पर्नेछ ।

५. पर्यवेक्षकले निर्वाचन पर्यवेक्षण गर्दा स्वतन्त्र, निष्पक्ष, तटस्थ एवम् वस्तुनिष्ठतापूर्वक गर्नु पर्नेछ । कुनै राजनीतिक दल वा उम्मेदवारप्रति झुकाव वा पूर्वाग्रह राख्नु हुँदैन ।

६. पर्यवेक्षकले निर्वाचनका सरोकारवालाहरूलाई आक्षेप लगाउने किसिमको व्यवहार गर्नु, गराउनु हुँदैन ।

७. कुनै राजनैतिक दल वा स्वतन्त्र उम्मेदवारको समर्थन वा विरोध हुने गरी पर्यवेक्षकहरूले चिन्ह, व्याच लगाउन वा अन्य कुनै माध्यमद्वारा प्रचारप्रसार वा प्रदर्शन गर्न गराउन हुदैंन ।

८. पर्यवेक्षकले निर्वाचन कार्यमा खटिएका कर्मचारीहरूलाई अनावश्यक सल्लाह दिन, सूचना प्रदान गर्न र कानूनको व्याख्या गर्न हुदैन ।

९. पर्यवेक्षकले मतदान केन्द्रमा उठेको विवाद समाधान गर्न, निर्वाचन परिणाम प्रमाणित गर्न वा प्रमाण लाग्ने किसिमले वक्तव्य प्रकाशन गर्न गराउन हुँदैन ।

१०. पर्यवेक्षकले कुनै मतदान केन्द्रमा मतदान भईरहेको समयमा मतदान कार्यलाई असर पर्ने किसिमको कुनै सूचना प्रवाह गर्न वा वक्तव्य दिन वा अवाञ्छित क्रियाकलाप गर्न गराउन हुदैन ।

११. पर्यवेक्षकले निर्वाचन कार्यमा खटिएका कर्मचारीहरूको कर्तव्य पालनामा असर पार्ने गरी कुनै किसिमको बाधा अड्चन उत्पन्न हुने कुनै कार्य गर्न गराउन हुदैन ।

१२. पर्यवेक्षकले मतदान केन्द्रभित्र मतदान अधिकृतको अनुमति लिएर तोकिएको अवधिभित्र मात्र पर्यवेक्षण गर्नुपर्नेछ ।

१३. सुरक्षा संवेदनशीलताको कारण निषेध गरिएका स्थान र मतदान केन्द्रहरूको पर्यवेक्षण गर्नु हुदैन ।

१४. पर्यवेक्षकले पर्यवेक्षण गर्न जाँदा मतदान अधिकृतबाट अनुमति लिएर कामसँग सम्बन्धित उपकरण मात्र प्रयोग गर्नुपर्छ।

१५. पर्यवेक्षकले आवश्यक भएमा मतदातासँग सामान्य जानकारी लिन सक्नेछन्। तर मतदाताको गोप्यता भङ्ग हुने वा मतदानको स्वच्छता र निष्पक्षतामा आँच आउने एवम् मतदान कार्य वा क्षेत्रमा वाधा उत्पन्न हुने किसिमबाट कुनै कार्य गर्न पाउने छैनन्।

१६. मतदाताले मतसङ्केत गरेको अवस्थाको बाहेक निर्वाचन अधिकृत⁄मतदान अधिकृतले स्वीकृति दिएमा मतदानकेन्द्र लगायतका निर्वाचन प्रक्रियाको तस्वीर खिच्न पाउनेछन।

१७. पर्यवेक्षकले चाहेमा मतगणना प्रक्रिया एवम् मतपेटिकाको सम्बन्धमा निर्वाचन अधिकृतबाट आवश्यक जानकारी प्राप्त गर्न सक्नेछन्।

१८. पर्यवेक्षकले निर्वाचन अधिकृत वा निर्वाचन आयोगले निर्वाचनको अन्तिम परिणाम घोषणा गर्नु अघि उम्मेदवार विजयी भएको सूचना सम्प्रेषण गर्नु गराउनु हुँदैन।

१९. पर्यवेक्षकले निर्वाचन प्रक्रिया सम्बन्धमा ऐन, नियम, निर्देशिकाहरूले व्यवस्थित गरेको प्रावधान बारे सञ्चार माध्यमहरूमा टिका टिप्पणी गर्न पाउने छैनन् तर ती प्रावधानहरू पालना गर्दा देखिएका त्रुटि, कमजोरीहरूलाई आफ्नो प्रतिवेदनमा औंल्याउन पाउने छन्।

२०. पर्यवेक्षकले पर्यवेक्षणको क्रममा कुनै मतदान केन्द्र वा वरिपरि कुनै किसिमको विसङ्गति, अनियमितता, धाँधली, डर त्रास देखाई मतदाताहरूलाई मतदानबाट बञ्चित गर्ने कार्य आदि भएको महसुस गरेमा सो सम्बन्धी जानकारी तुरुन्त निर्वाचन अधिकृत⁄मतदान अधिकृत⁄निर्वाचन आयोगलाई गराउनु पर्नेछ।

२१. पर्यवेक्षकले आफूलाई चाहिने साधन र श्रोतको व्यवस्था आफैं मिलाउनु पर्दछ। तर हलुका सवारी साधनको अनुमति आवश्यकता अनुसार निर्वाचन अधिकृतले उपलब्ध गराउन सक्नेछ।

२२. पर्यवेक्षकले पर्यवेक्षण अवधिमा संकलन गरेका सूचनाहरू वास्तविक, सत्य र वस्तुनिष्ठ हुनु पर्नेछ।

२३. पर्यवेक्षकले निर्वाचन पर्यवेक्षणको समीक्षा गर्दा वा प्रतिवेदन दिंदा निर्वाचन प्रक्रियामा प्रभाव पार्ने समग्र तथ्य र कारणहरूको विश्लेषण गरी यथार्थपरक र फराकिलो (Realistic, accurate and comprehensive) दृष्टिकोण राख्नु पर्नेछ।

२४. मतदान कार्य पूरा भएको ३० दिनभित्र प्रारम्भिक प्रतिवेदन र ९० दिन भित्र अन्तिम प्रतिवेदन अनिवार्य रुपमा निर्वाचन आयोगमा बुझाउनु पर्नेछ।

# अनुसूचि –६

## पर्यवेक्षण गर्न अनुमति प्रदान गरिएका संघसस्थाहरूः

आयोगको मिति २०७०/६/१ र २०७०/६/४ को निर्णय वमोजिम आगामी संविधानसभा सदस्य निर्वाचन २०७० को पर्यवेक्षण गर्न अनुमति प्रदान गरिएका संघसस्थाहरूको विवरण देहाय बमोजिम रहेको छ।

(क) आयोगवाट मिति २०७०।६।१ मा आगामी संविधान सभा सदस्य निर्वाचन २०७० को पर्यवेक्षण गर्न अनुमति पाएका संघ/सस्थाहरू।

| सिनं. | संघ/संस्थाको नाम | संस्था प्रमुखको नाम |
|---|---|---|
| १. | राष्ट्रिय मानव अधिकार सरोकार केन्द्र, डिल्लीबजार | विश्व प्रकाश भण्डारी |
| २. | राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक), ललितपुर-१०, कुपण्डोल | सूर्य प्रसाद श्रेष्ठ |
| ३. | हिम गंगा ग्रामिण विकास केन्द्र, काठमाण्डौं | विजय कु. बस्नेत |
| ४. | नेपाल ग्रामीण विकास तथा वातावरण संरक्षण परिषद्, काठमाण्डौं | शोभा कुमारी पौडेल |
| ५. | निर्वाचन पर्यवेक्षण समिति, नेपाल, बुद्धनगर | प्रदिप पोखरेल |
| ६. | आम निर्वाचन पर्यवेक्षण समिति नेपाल (जियोक), बबरमहल | हिमालय शम्शेर राणा |
| ७. | ब्रह्माण्डीय शान्ती संघ नेपाल, नक्साल | नारायण शर्मा गजुरेल |
| ८. | मानव अधिकार तथा शान्ति सरोकार समाज, काठमाडौं | शालिकराम काफ्ले |
| ९. | न्यूज क्लव अफ नेपाल, पुतली सडक | ध्रुव कुमार मैनाली |
| १०. | निर्वाचन पर्यवेक्षण मञ्च, नेपाल, कोटेश्वर | मातृका प्रसाद भट्टराई |
| ११. | मामांखे समाज नेपाल काठमाडौं, बागबजार | डिल्लीराज लिम्बु (मादी) |
| १२. | राष्ट्रिय निर्वाचन पर्यवेक्षण परिषद (निकोन) नेपाल, अनामनगर | सुदिप पाठक |
| १३. | ग्रामीण विकास अभियान (रुडेक), नेपाल, धादिङ्ग | सन्तोष सिमखडा |
| १४. | समाज परिवर्तनको लागि एकता, ललितपुर | पुरुषोत्तम आचार्य |
| १५. | इन्टरनेसनल सेन्टर फर एजुकेसन कल्चरल इकोनोमिक्स एण्ड टेक्नोलोजिकल एक्सचेन्ज, ललितपुर | अनु कार्की |
| १६. | निर्वाचन पर्यवेक्षण संयुक्त मञ्च (केओफ) नेपाल, बालुवाटार | डा. पूर्णकान्त अधिकारी |
| १७. | राष्ट्रिय व्यवसायिक पहल (NBI), कान्तिपथ | पद्म ज्योती |
| १८. | सुशासन संघ नेपाल, लेले | दिक्षा डोटेल |
| १९. | मानव विकास तथा जागरण मञ्च, बालाजु | विनिता देवी पन्त |
| २०. | लोकतन्त्र र निर्वाचन पर्यवेक्षण नेपाल (DEW Nepal), वालुवाटार | प्रा.डा. नवल किशोर राई |
| २१ | निर्वाचन सरोकार नेपाल, नुवाकोट | कृष्ण प्रसाद कुईकेल |
| २२. | नेपाल मानव अधिकार जागरण मञ्च, बागवजार | लोकवहादुर खत्री |

| सिनं. | संघ/संस्थाको नाम | संस्था प्रमुखको नाम |
|---|---|---|
| २३ | मानव अधिकार महिला तथा कानून, काठमाडौं | राजकुमार थापा |
| २४. | थेचम्वु कावेली सेवा समाज, कोटेश्वर | शिव कुमार लिम्वु |
| २५. | राष्ट्रिय युवा महासंघ नेपाल, अनामनगर | कविन्द्र वुर्लाकोटी |
| २६. | स्वाधिन सुत्र नेपाल, वालुवाटार | गणेश राज शर्मा |
| २७. | श्रोता (लिस्नर्स) क्लव नेपाल, मैतिदेवि | ओम प्रकाश सुवेदी |
| २८. | नेपाल निर्वाचन पर्यवेक्षण सञ्जाल, अनामनगर | मिन वहादुर वस्नेत |
| २९. | नेपाल ग्रामिण पूननिर्माण संस्था, गैरीधारा | डा. प्रविण मानन्धर |
| ३०. | नेपाल इलेक्सन वाच (न्यू), लाजिम्पाट | सूर्य किरण गुरुङ्ग |
| ३१. | जन उत्थान प्रतिष्ठान, जावलाखेल | अमृत विश्वकर्मा |
| ३२. | Asian Network For Free Election (ANFREL),Thailand | |
| ३३ | Carter Centre, Atlanta Gorgia | |

(ख) आयोगवाट मिति २०७०।६।४ मा आगामी संविधान सभा सदस्य निर्वाचन २०७० को पर्यवेक्षण गर्न अनुमति पाएका संघ/सस्थाहरू।

| सिनं. | संघ/संस्थाको नाम | संस्था प्रमुखको नाम |
|---|---|---|
| ३४. | नागरिक अभियान नेपाल, काठमाण्डौं | डा. हिरा प्र. ढकाल |
| ३५. | राष्ट्रिय अपाङ्ग महासंघ, नेपाल, भृकुटीमण्डम | सुदर्शन सुवेदी |
| ३६. | अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), कलंकी | सुबोधराज प्याकुरेल |
| ३७. | मानव अधिकार एलाईन्स, नयाँबानेश्वर | गणेश वि.के. |
| ३८. | गुड न्यूज मिसन, सातदोबाटो | शंकर दत्त भट्ट |
| ३९. | तीनपाटन सरोकार समिति, काठमाडौं | रामेश्वर प्रसाद घिमिरे |
| ४०. | संकल्प, शान्ति न्याय र लोकतन्त्रका लागि समावेशी महिला सञ्जाल, ललितपुर | चन्द्रा देवी राई श्रेष्ठ |
| ४१. | सामुदायिक विकास मञ्च, तिनथाना | एम.वि.राउत |
| ४२. | नेपाल जेसिज, थापाथली | भोलेश्वर दुलाल |
| ४३ | मानव अधिकार तथा शान्ति समाज, कालिकास्थान | होमकान्त चौलागाई |
| ४४. | मानव अधिकार तथा शान्ति प्रतिष्ठान (मा.शा.प्र.), नेपाल, नयाँ वजार | मान वहादुर थापा |
| ४५. | एकिकृत विकास नेपाल (आई.डी.नेपाल),कोटेश्वर | सुदाम प्रसाद गौतम |
| ४६. | नागरिक अनुगमन समाज, बालकुमारी | शालिकराम खनाल |

| सिनं. | संघ/संस्थाको नाम | संस्था प्रमुखको नाम |
|---|---|---|
| ४७. | अपराध र आतंकवाद विरुद्ध अभियान नेपाल (MACAT-Nepal), डिल्ली वजार | विकास लकाई खड्का |
| ४८. | विश्वपरिदृश्य (World View), नेपाल, ललितपुर | विजय देव भट्ट (कार्यकारी प्रमुख) |
| ४९. | मधेश मानव अधिकार आँखा, बबरमहल | वालदेव शाह |

(ग) जिल्लास्थित निर्वाचन कार्यालयहरूमा दर्ता भई आयोगमा प्राप्त हुन आएका आवेदनहरू मध्ये आयोगबाट मिति २०७०।८।१० मा आगामी संविधान सभा सदस्य निर्वाचन २०७० को पर्यवेक्षण गर्न अनुमति पाएका संघ/सस्थाहरू ।

| सिनं. | संघ/संस्थाको नाम | संस्था प्रमुखको नाम |
|---|---|---|
| १. | जनकपुर उत्थान केन्द्र, धनुषा | मनोज कुमार शाह |
| २. | तराइ निर्वाचन पर्यवेक्षण मञ्च, कपिलवस्तु | रविन्द्र थान ठाकुर |
| ३. | दिगो कृषि तथा वातावरण र जलस्रोत संरक्षण केन्द्र (सेवक) दैलेख | महारुप खत्री |
| ४. | सामाजिक सेवा केन्द्र (सोसेक),दैलेख | हिरासिंह थापा |

# अनुसूचि –७

## निर्वाचन पर्यवेक्षकहरूका लागि निर्वाचन पर्यवेक्षण समिति(इओसी) नेपालको आचारसंहिता

सबैखाले निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित बनाउन सहयोगी भूमिका खेल्ने उद्देश्यले स्थापित एक गैरसरकारी, गैरराजनीतिक र गैरलाभ लिने संस्था हो। यस संस्थाका तर्फबाट निर्वाचन पर्यवेक्षण कार्यमा सरिक हुने सबै व्यक्तिहरूलाई पर्यवेक्षण कार्यमा संलग्न रहँदाको अवधिभरका लागि लागू हुनेगरि संस्थागत आचारसंहिता लागू गरिएको छ।

- आफ्नो पेशागत नैतिकता एवम् मर्यादालाई उच्च प्राथमिकता दिनुपर्नेछ।
- लोकतान्त्रिक शासनव्यवस्थामा विश्वास नगर्ने कुनै पनि व्यक्ति निर्वाचन पर्यवेक्षक बस्न सक्ने छैनन्।
- पर्यवेक्षण कार्यमा संलग्न रहँदाको अवधिभरि निर्वाचन पर्यवेक्षकले कुनै पनि दल वा उम्मेदवारको पक्षविपक्षमा अभिमत व्यक्त गर्न वा प्रचारप्रसारमा सामेल हुन पाउने छैनन्।
- कुनै पनि राजनीतिक दलका सदस्यले पर्यवेक्षण गर्न पाउनेछैनन।
- निर्वाचन पर्यवेक्षक जुनसुकै वर्ग वा पेसासँग सम्बन्धित भए पनि वा जुनसुकै राजनीतिक वा धार्मिक आस्थासँग सम्बन्धित भए पनि पर्यवेक्षण अवधिभरि निर्वाचन पर्यवेक्षण कार्यमा मात्र केन्द्रीत रहने छन्।
- पर्यवेक्षणको दौरान निर्वाचन पर्यवेक्षणसँग असम्बन्धित अन्य विवादास्पद मामिलाबाट पर्यवेक्षकहरू मुक्त रहने छन्।
- पर्यवेक्षकहरूले निर्वाचन प्रक्रियामा कुनै पनि अवस्थामा व्यवधान खडा गर्ने छैनन् र कुनै पनि प्रकारको हस्तक्षेप गर्ने छैनन्। मतदानको दौरान कुनै धाँधली वा अवाञ्छित गतिविधि भएको पाएमा आफैले हस्तक्षे गर्ने होइन की केन्द्रीय कार्यालयमा त्यसको जानकारी दिनेछन्।
- पर्यवेक्षकहरूले जस्तोसुकै अवस्थामा पनि पूर्वाग्रहरहित भएर कार्यसम्पादन गर्ने छन्।
- अन्य पर्यवेक्षण निकायसँग समन्वय र सद्भाव राख्नुपर्नेछ।
- पर्यवेक्षण कार्यमा संलग्न रहँदाको अवधिभरि निर्वाचन पर्यवेक्षकहरूले मादक पदार्थ सेवन गर्ने छैनन्।
- संस्थाको आधिकारीक निकायबाट अनुमति नलिई पर्यवेक्षणसम्बन्धी संस्थागत भनाई वा धारणा व्यक्त गर्नु हुँदैन।
- कुनैपनि प्रकारको हातहतियार लिई पर्यवेक्षणमा सहभागी हुन पाइने छैन। पर्यवेक्षकले इओसीले उपलब्ध गराएको पर्यवेक्षक परिचयपत्र अनिवार्य लगाउनु पर्नेछ।
- इओसीले उपलब्ध गराएको प्रश्नावली अनुसार प्रतिवेदन तयार गरी केन्द्रीय कार्यसमितिलाई बुझाउनु पर्यवेक्षकहरूको दायित्व हुनेछ।
- पर्यवेक्षणको निष्पक्षता भंग हुने गरी यो आचारसंहिताको उल्ङ्घन गरेमा त्यस्ता पर्यवेक्षकहरूलाई तुरुन्त पर्यवेक्षण कार्यबाट हटाइने र सदस्यहरूको हकमा सदस्यताबाट वञ्चित गरिने छ।
- निर्वाचन आयोगद्वारा जारी निर्वाचन पर्यवेक्षण आचार संहिताको पालना गर्नुपर्नेछ।

यो आचारसंहिता पर्यवेक्षणका लागि संस्थाले तोकेको मितिदेखि लागू भई संविधानसभाको निर्वाचन सम्पन्न भएपछि स्वतः समाप्त हुनेछ।

# अनुसूचि –८

## आसन्न संविधानसभा निर्वाचनको सन्दर्भमा मन्त्रीपरिषद्का अध्यक्ष खिलराज रेग्मीको ध्यानाकर्षण

सम्माननिय अध्यक्षज्यू
मन्त्री परिषद नेपाल सरकार
सिंहदरवार, काठमाडौं

**विषय : आसन्न संविधानसभा निर्वाचनको सन्दर्भमा ध्यानाकर्षण ।**

सम्माननिय,

उपरोक्त सम्वन्धमा निर्वाचन पर्यवेक्षण समिति नेपाल दोस्रो संविधानसभा निर्वाचनको घोषणासँगै गठन भई नेपाल सरकार, समाज कल्याण परिषद् तथा निर्वाचन आयोगमा समेत दर्ता भई निर्वाचनसँग सम्बन्धित सम्पूर्ण गतिविधिहरूलाई गहिरोसँग अवलोकन र अनुगमन गरिरहेको व्यहोरा विदितै छ । यसै सन्दर्भमा यस समितिद्वारा करिब ५० जना दिर्घकालिन पर्यवेक्षकहरू मुलुकभर खटाई दैनिक रुपमा हरेक जस्तो घटनालाई गहिरो रुपमा पर्यवेक्षण गरिरहेको छ। नेपालमा खटिएका यस संस्थाका पर्यवेक्षकहरूको हालसम्मको प्रतिवेदनको आधारमा निर्वाचनसँग सम्बन्धित नेपाल सरकार तथा निर्वाचन आयोगको तयारी सन्तोषजनक रुपमा अगाडी बढिरहेको पाईएको छ । साथै निर्वाचन हुन्छ वा हुँदैन भन्ने बहसको अन्त्य भई सिङ्गो मुलुक निर्वाचनमय भएको सहर्ष जानकारी गराउँदछौं । मुलुक यस अवस्थामा आउन नेपाल सरकारले खेलेको भूमिका प्रशंसनिय छ । तथापी निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन र आम नागरिकहको उत्साहजनक सहभागिताको लागि निम्न लिखित कुराहरूप्रति नेपाल सरकारको ध्यानाकर्षण गर्न चाहान्छौं ।

### १. नेपाल सरकारको भूमिका सन्दर्भमा ।

- विभिन्न स्थानहरूमा दैनिक जसो निर्वाचन बिथोल्ने क्रियाकलापहरू व्यापक रुपमा बढदै गईरहेकाले सरकारले आमनागरिकहरूलाई डर, त्रास र भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुने कुराप्रति आश्वस्त पार्न सुरक्षासँग सम्बन्धित निकायलाई चुस्त बनाउँदै अवाञ्छित तथा गैरकानूनी क्रियाकलापहरूलाई निरुत्साहित गर्न प्रभावकारी कदम तत्काल चाल्नु पर्ने ।
- निर्वाचनको संघारमा सरकार निर्वाचनसँग सम्बन्धित गतिविधिमा केन्द्रित हुनुपर्नेमा सार्क महासचिव लगायतका नियूक्तिहरू तथा कर्मचारीहरूको सरुवा-वढुवा निरन्तर भइरहनुले सरकारबाटसमेत निर्वाचन आचारसंहिता विपरित क्रियाकलापहरू भएको घटनाप्रति यस संस्थाको ध्यानाकर्षण भएको छ । निर्वाचनलाई असर पार्ने यस्ता खाले गतिविधिहरू तत्काल रोक्नका लागि सरकारको ध्यानाकर्षण गर्दछौं ।

### २. निर्वाचन आयोगको भूमिका सन्दर्भमा ।

- निर्वाचन आयोगद्वारा जारी निर्वाचनसँग सम्बन्धित आचारसंहिता एवम् निर्देशिका र नियमावलिहरू

पटक पटक परिवर्तन गरिरहनुले निर्वाचन आयोगको स्वायत्तता प्रति शंका उत्पन्न भएको छ। सरकार लगायत निभिन्न राजनैतिक दल तथा संघसंस्थाहरूबाट निर्वाचन आचारसंहिता विपरित सयौं घटना भइरहेको अवस्थाप्रति विभिन्न समयमा निर्वाचन आयोगलाई ध्यानाकर्षण गराउँदासमेत कारवाहिप्रति उदासिनताको कारण उल्लंघनका घटनाहरूमा तिब्रता आएको पाईएको छ।

## ३. राजनैतिक दलको क्रियाकलाप सन्दर्भमा।

- निर्वाचनको संघारमा राजनैतिक दलहरूमा अस्वस्थ प्रतिस्पर्धाको कारण कतिपय स्थानमा मुडभेडको अवस्था सिंजना भएको अवस्था छ। जसले गर्दा सिंङ्गो निर्वाचन नै हिंसात्मक हुने हो कि भन्ने त्रास जनतामा उत्पन्न हुन गएको छ।
- दलहरूले निर्वाचनको प्रचार प्रसारको क्रममा निर्वाचन आचारसंहिताको उल्लंघन हुने किसिमका क्रियाकलापहरू व्यापक रुपमा भइरहेको अवस्था (भारतीय गाडीको प्रयोग, अनावश्यक खर्च गरी प्रचार सामाग्रीको प्रयोग, भोज भतेर, चन्दा वा निर्माणका कार्य प्रति सरकारको ध्यानाकर्षण गराउँदछौं।
- प्रचारका क्रममा एकले अर्कालाई निषेध गर्ने प्रवृत्ति, गालीगलौचको राजनीति, भड्किलो र खर्चिलो संस्कृतिलाई रोकि लोकतान्त्रिक राजनैतिक संस्कृति अंगिकार गर्न/गराउन सरकारको सक्रिय पहलको अपेक्षा गर्दछौं।

## ४. सञ्चार जगतको भूमिका सन्दर्भमा।

- निर्वाचनको सन्दर्भमा विद्युतिय र छापा सञ्चारले गरेको समाचार सम्प्रेषणमा कतिपय अवस्थामा अमुक राजनैतिक दलको प्रचारप्रसारमा सहयोग पुग्न जाने जस्ता क्रियाकलापले प्रश्रय पाइरहेको अवस्थामा सञ्चार जगतको विश्वासनियता र स्वतन्त्र पत्रकारितामा असर पर्नुका साथै निर्वाचन आचारसंहिता समेतको उल्लंघन भइरहेको अवस्थाप्रति सरकारको ध्यानाकर्षण गराउँदछौं।
- चौंथो अंगको रुपमा रहेको सञ्चार जगतको क्रियाकलापका कारणले पनि निर्वाचनको स्वतन्त्रता, निष्पक्षता र भयरहित वातावरणमा सम्पन्न हुनेप्रति आशंका उत्पन्न हुने भएकोले सञ्चार जगतको आचारसंहिता कडाईका साथ कार्यान्वयन गर्न/गराउन सरकारको ध्यानाकर्षण गराउँदछौं।

## ५. गैरसरकारी संस्थाहरूको सन्दर्भमा।

- कतिपय गैससबाट निर्वाचनको सन्दर्भमा कुनै अमूक दलहरूलाई फाइदा र कुनै अमुक दलहरूलाई नोक्सान हुने गरी आफ्नो क्रियाकलाप केन्द्रित गरेको पाइएको छ। खासगरी द्वन्द्वकालिन घटनाहरूलाई अतिरन्जित प्रचार एवम् वकालतको नाउँमा निर्वाचन प्रभाव पार्न कतिपय गैसस उद्दत रहेको पाइएको छ।
- निर्वाचनको संघारमा गैससद्वारा समुदायमा हुने विकास कार्यक्रमहरू कुनै राजनैतिक दलको उमेदवारको सिफारिसमा लागू गरेकोसमेत पाइएकाले तत्काल रोक्नका लागि पहल गर्न सरकारको ध्यानार्कषण गराउन चाहान्छौं।

## ६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षक संघसंस्थाको भूमिका सम्बन्धमा

- कतिपय पर्यवेक्षक संघसंस्थाहरू अमुक दलको मात्र निगरानी गर्ने, प्रतिवेदन सार्वजनिक गर्ने तर अमुक दलप्रति मौन रहने गरेको पाइएकाले पर्यवेक्षण तटस्थ बनाउने तर्फ पहल गर्न नेपाल सरकारकोसमेत

ध्यानार्कषण गराउन चाहान्छौं ।

अन्त्यमा समग्रमा निर्वाचनको सुरक्षा निति व्यवस्था एवम् सबै क्रियाकलाप सन्तोषजनक भएतापनि माथि उल्लेखित कुराहरूमा तत्काल नेपाल सरकारको पहल भएमा निर्वाचन अझ बढी स्वतन्त्र हुने विश्वासका साथ आगामी दिनमा नेपाल सरकारको सुझाव, सहयोग र संयोजन एवम् सहकार्यको अपेक्षा गर्दछौं ।

भवदिय

अध्यक्ष

**प्रदिप पोखरेल**

**निर्वाचन पर्यवेक्षण समिति नेपाल**

# अनुसूचि -९

## निर्वाचन आचारसंहिताप्रति आयोगको ध्यानाकर्षण

माननीय प्रमुख आयूक्तज्यू

निर्वाचन अयोग, काठमाण्डौ

**विषय : निर्वाचन आचारसंहिताप्रति ध्यानाकर्षण ।**

महोदय,

आसन्न संविधानसभा निर्वाचनमा नेपाल सरकार विभिन्न निकाय र राजनैतिक दलहरूबाट निर्वाचन आचारसंहिता उल्लंघन भएकोप्रति माननीय आयूक्तज्यूको ध्यानाकर्षण गर्दछौं। साथै, निर्वाचन स्वतन्त्र, निष्पक्ष र धाँधलिरहित सम्पन्न गराउनको लागि सुरक्षाको अहम भूमिका हुने भएकोले उमेद्वार र आम मतदाताहरूको सुरक्षा सुनिश्चितताका लागि सम्बन्धित निकायमा आवश्यक पहल र दबावका लागि समेत अनुरोध गर्दछौं।

निर्वाचन आचारसंहिता उल्लंघन भएका केही प्रतिनिधिमूलक घटनाहरू तपशिल बमोजिम रहेको व्यहोरा अनुरोध छ।

अन्तमा, निर्वाचनका सम्पूर्ण गतिविधिमा आयोगसँग सहकार्य गदै पर्यवेक्षणको माध्यमबाट निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र धाँधलिरहित सम्पन्न गराउन आवश्यक भूमिका खेल्ने प्रतिबद्धता व्यक्त गर्दछौं। अन्य विषयमा पनि यसै साथ संलग्न पत्रमार्फत जानकारी गराउँदछौं।

............................

**प्रदिप पोखरेल**

अध्यक्ष

## तपशिल

- टेलिभिजनबाट प्रसारण हुने विज्ञापनमा हाम्रो ध्यानाकर्षण भएको छ। जसमा 'उठौं युवा जागौं युवा, संविधानसभाको निर्वाचनमा जुटौं युवा' भन्ने सन्देश प्रेषित गरिएको छ। उक्त विज्ञापनमा विभिन्न राजनैतिक दलका भात्र सँगठनसँग सम्बन्धित युवा नेताहरूलाई पात्र बनाईएको छ, यो आफैमा सराहनीय कार्य भएको छ। यो चेतनामूलकविज्ञापन निर्वाचनको लागि उमेद्वारी मनोनयन हुनुभन्दा अगाडिसम्मको लागि अति उत्तम भएता पनि विज्ञापन देखिएका मध्येका एकजना पात्र महेशबस्नेत(नेकपा एमालेको भक्तपुर जिल्ला क्षेत्र नं. २ बाट र गणेश पुन (एकीकृत नेकपा माओवादी) को रूकुम जिल्लाबाट प्रत्यक्षतर्फका उमेद्वार भएकाले यस्ता विज्ञापन प्रसारप्रचार हुँदा निर्वाचन आचारसंहिताको उल्लंघन हुने भएकोले सम्मानित आयोगको ध्यानाकर्षणको लागि अनुरोध छ।
- त्यस्तै अन्य प्रचार सामाग्रीतर्फ भाषा र साहित्य क्षेत्रका विशिष्ट व्यक्तित्वहरूलाई दौरा सुरूवाल कोटटोपीमा निर्वाचनको प्रचारप्रसारको लागि देखाइकोमा पनि हाम्रो ध्यानाकर्षण भएको छ। त्यसमा हाम्रो जस्तो भाषा, धर्म, संस्कृति, लैंगिक र पहिरनको विविधता भएको देशमा सबैको सहभागिता

र सम्मान भएमा मात्र समावेशी हुने नभएका खण्डमा विभेदकारी हुनेतर्फ सम्मानित आयोगको ध्यानाकर्षण गर्न चाहान्छौं । उक्त प्रचारसामाग्री संविधानसभा सदस्य निर्वाचन आचारसंहिता २०७० को दफा ५ विपरित देखिन्छ ।

- संविधानसभा सदस्य निर्वाचन आचारसंहिता २०७० को दफा ६५ मा नेपाल सरकारका कर्मचारी तथा सुरक्षाकर्मी, नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था र स्थानीय निकायमा कार्यरत कर्मचारी र सामुदायीक विधालयका शिक्षकलाई निर्वाचन सम्बन्धी काममा बाहेक अन्यत्र सरुवा गर्न, काजमा खटाउन, बढुवा गर्न वा रिक्त पदमा पूर्ति गर्न हुँदैन भन्ने उल्लेख भएता पनि निर्वाचनको मिति घोषणा भईसकेको अवस्था र निर्वाचन सम्पन्न हुन आजका दिनदेखि ४३ दिन बाँकी रहेको अवस्थामा २०७० आश्विन १० गते सार्कको महासचिवको पदावधि ६ महिना बाँकी रहँदै नियूक्तिका लागि सिफारिस गरिनु माथि उल्लेखित प्रावधान विपरित देखिन्छ । यसतर्फ सम्माननीय आयोगको ध्यानाकर्षण गर्दछौ । स्मरण रहोस् सार्क महासचिवका लागि सम्बन्धित देशबाट ६ महिनाअघि नियूक्त भईसक्नु पर्ने कुनै कानूनी प्रावधान छैन । वर्तमान महासचिव अहमद सलिमलाई मालदिप्स सरकारले २२ फेब्रुअरी २०१२ मा नियूक्तिका लागि सिफारिस गरेको थियो भने निजले १२ मार्च २०१२ मा पद बहाली गरेका थिए ।
- तराईका विभिन्न जिल्लामा उमेदवारहरूको मनोनयनदेखि प्रचारप्रसारमा व्यापक रुपमा भारतीय नम्बर प्लेट भएका गाडीहरूको प्रयोग भई रहेको पाईयो र यस्ता क्रियाकलापलाई निरुत्साहित गर्न स्थानीय प्रशासन, जिल्लास्थित निर्वाचन आयोगको भूमिका शुन्य भएको पाईयो । उक्त कार्य संविधानसभा सदस्य निर्वाचन आचारसंहिता २०७० को दफा ३८, ३९, ४० र ४१ को विपरित रहेको छ ।
- त्यसैगरी बारा जिल्ला क्षेत्र नं. २ का नेकपा एमाले दलका उमेद्‌वार महमुद आलम माथिको सांघातिक आक्रमणले निर्वाचनमा चुन्ने र चुनिने मात्र नभई सम्पूर्ण नागरिकलाई भय खडा गरेको छ । यस परिवेशमा आयोगले भयरहित निर्वाचन सम्पन्न गराउन सरकार र सम्बन्धित सरोकारवाला निकायलाई सुरक्षाको प्रभावकारी प्रवन्धको लागि आवश्यक पहलकदमिका लागि अनुरोध गर्दछौं ।
- संविधानसभा सदस्य निर्वाचन आचारसंहिता २०७० को दफा १६ मा कसैको पुत्ला लिएर हिड्न वा पुत्ला जलाउने कार्य गर्नु वा गराउनु हुँदैन भन्ने उल्लेख भएता पनि प्रत्यक्ष तर्फका उम्मेदवारहरूको उम्मेदवारी दर्ता गर्ने मिति : २०७० आश्विन १६ गतेका दिन देशका अधिकांस स्थानमा पुत्ला दहन भएका घटनाहरू देखिए ।

तर निर्वाचन आचारसंहिताको विपरितको कार्यलाई निरुत्साहित गर्न निर्वाचन आयोग ऐन २०६३ को दफा २ ९ अनुसार निर्वाचन आयोगबाट कुनै पहल भएको देखिएन ।

धन्यवाद ...

# अनुसूचि –१०

## श्री सर्वोच्च अदालतमा चढाएको निवेदनपत्र

**विषयः नेपालको अन्तरिम सविधान, २०६३ को धारा १०७ (१) र (२) बमोजिम उत्प्रेषण, परमादेश लगायत जो चाहिने आदेश जारी गरिपाऊ ।**

**प्रदिप पोखरेलसमेत** ...................................................................३

**विरुद्ध**

**निर्वाचन आयोग कान्तिपथ काठमाडौं समेत** ........................................२

**मुद्दा : उत्प्रेषण परमादेश समेत**

हामी रिट निवेदक नेपालको अन्तरिम संविधान २०६३ को प्रस्तावना एवम् धारा १२, १३ र २१ द्वारा प्रदत्त मौलिक हक एवम् ६३ (७) द्वारा प्रदत्त संवैधानिक हक प्रचलनका लागि ऐ. को धारा ३२ अनुसार र धारा १०७ (१) र (२) बमोजिम सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४० बमोजिम निवेदन बापत लाग्ने दस्तुर रु. ५००/- बुझाई निम्नलिखित निवेदन गर्दछौं :

(१) माग दावीको मूल विषयः निर्वाचन आयोगद्वारा मिति २०७०/४/२५ मा जारी गरिएको संविधानसभा सदस्य निर्वाचन पर्यवेक्षण निर्देशिका २०७० को दफा ५ मा राष्ट्रिय पर्यवेक्षको लागि आवश्यक योग्यता तोकी सोहि दफाको उपदफा १ (ग) मा 'प्रविणता प्रमाणपत्र तह वा दश जोड दुई वा सो सरह उत्तिर्ण भएको' हुनुपर्ने योग्यता तोकेको छ । त्यसैगरी सोही दफाको उपदफा २ (क) मा 'आयोगले सञ्चालन गरेको निर्वाचनमा पर्यवेक्षणको अनुभव भएका व्यक्तिहरूको हकमा एसएलसी उत्तिर्ण भएको' हुनुपर्ने भनि उल्लेख गरिएको छ । सोहि निर्देशिकाको दफा १६ माअनुमति प्राप्त पर्यवेक्षण संघसंस्थाको कर्तव्य तोकी सोही दफाको उपदफा १ (ज) मा 'पर्यवेक्षकको स्थाई बसोबासभएको निर्वाचन क्षेत्रमा पर्यवेक्षणका लागि खटाउन पाईने छैन' भन्ने व्यवस्था गरिएको छ । उपरोक्त व्यवस्था हुनुले एकातर्फ हरेक नागरिकलाई एकसाथमा मतदान गर्ने र पर्यवेक्षण गर्ने अधिकारबाट वञ्चित भई ती मध्ये एक रोज्नु पर्ने हुनगएको छ । अर्को तर्फ पर्यवेक्षकको योग्यतामा शैक्षिक योग्यता समेत तोकिनुले आवश्यक संख्यामा निर्वाचन पर्यवेक्षकहरूद्वारा पर्यवेक्षण गर्न नसकिने भई पर्यवेक्षकहरूको अनुपस्थितिमा निर्वाचन निष्पक्ष, स्वतन्त्र एवम् धाँधलिरहित सम्पन्न नहुने खतरा बढेको छ । हाम्रो देशको जस्तो द्वन्द्व उप्रान्त शान्ति सम्झौताद्वारा संविधानसभा गठनका लागि हुने निर्वाचन पर्यवेक्षण विना गरिने कुनै पनि निर्वाचनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता पाउन नसक्ने हुन्छ । विपक्षी निर्वाचन आयोगद्वारा जारी उक्त निर्देशिकाका उपरोक्त प्रावधानहरू संविधान प्रदत्त मौलिक हक एवम् नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धिसम्झौताहरूको व्यवस्थासँग बाझिएको र उक्त प्रावधानहरूको मर्म विपरितसमेत भएकाले उत्त गैरकानूनी प्रावधान रोकी हरेक नागरिकलाई निर्धक्कसँग मतदान गर्ने नैसर्गिक हक स्थपित गर्न सम्मानित अदालत एक मात्र निकाय भएकाले सो हक प्रचलनका लागि यो रिट निवेदन दायर गरेका छौं । तसर्थ सार्वजनिक सरोकारको यो महत्वपूर्ण विषयमा यो रिट निवेदन गर्ने हक हामीलाई रहेको छ ।

(२) कानूनी प्रश्न : विपक्षी निर्वाचन आयोगद्वारा जारी गरिएको निर्देशिका संविधान एवम् कानूनी प्रावधानसँग प्रत्यक्ष बाझिने भई नेपालको अन्तरिम संविधान २०६३ को प्रस्तावना धारा १२ धारा १३ धारा २१ र धारा ६३ एवम् नेपाल पक्ष भएका विभिन्न सन्धिसम्झौतामा उल्लेखित प्रावधानको मर्म विपरित रहेका छन् ।

(३) माग दाबी संवैधानिक एवम् कानूनी व्यवस्था विपरित विपक्षहरूबाट संविधानमा मौलिक हकको रुपमा रहेको व्यक्तिको वैयक्तिक स्वतन्त्रता मतदानको अधिकार, पर्यवेक्षकको अधिकार उपभोग गर्नबाट वञ्चित हुने अवस्था भएबाट उक्त अधिकार प्रचलन गराउन र अन्तरिम संविधानको प्रस्तावना, धारा १२, १३, १७ तथा मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २१, नागरिक तथा राजनीतिक अधिकारको महासन्धिको धारा २५, महिला विरुद्ध हुने सबै प्रकारका भेदहरूको अन्त्य सम्बन्धि महासन्धिको धारा ७ को उपधारा (क) र (ग), अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धिको धारा २१,२२ र २ ९ विपरित र उक्त संवैधानिक ऐन कानूनी व्यवस्था विपरितसमेत रहेकोले उक्त निर्देशिका लागू हुँदा कुनैपनि नागरिकले निवार्चन पयर्वक्षेण गर्न पाउने स्वतन्त्रता एवम् समानताको हकबाट बञ्चित हुनुपर्ने भएकाले उक्त गरै संवैधानिक काम कारवाही रोकी संवैधानिक तथा कानूनी सर्वोचता कायम राख्नु संविधानको अन्तिम व्याख्यता तथा रक्षकसमते रहेको सम्मानित सर्वोच्च अदालतनै भएकाले विपक्षीहरूका नाममा त्यस्तो गैरसंवैधानिक र गरैकानूनी रुपमा जारी गरिएको निवार्चन पयवेक्षण निर्देशिकाको दफा ५ को उपदफा १ (ग), दफा ५ को उपदफा २ (क) र दफा १६ को उपदफा १ (ज) लागू नगर्न नगराउन विपक्षीहरूका नाममा तत्काल अन्तरिम आदेश जारी गरिपाऊँ । अन्तिम सुनुवाइका बखत सर्वसाधारण व्यक्तिलाई मौलिक हकको रुपमा रहको मतदानको अधिकार एवम् स्वतन्त्र निष्पक्ष र धाँधलिरहित निर्वाचन सम्पन्न गर्न अनुगमन गर्न पाउने हरेक नागरिकको व्यक्तिक स्वतन्त्रताको अधिकार सरंक्षण गर्ने पर्यवेक्षण निर्देशिकाको दफा ५ को उपदफा १ (ग), दफा ५ को उपदफा २ (क) र दफा १६ को उपदफा १ (ज) वदर गरी एवम् भविष्यमा यस्तो गैरसंवैधानिक प्रावधानसहित कुनै पनि व्यवस्था भएको कानून जारी नगर्न सबै विपक्षीहरूका नाममा उत्प्रेषण, परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाऊँ ।

व्यहोरा साँचो हो झुठा ठहरे कानून बमोजिम सहुँला बुझाँउला ।

निवेदकहरू

निज निवेदक प्रदिप पोखरेल.................१

निज अधिवक्ता श्रीकृष्ण सुवेदी..............१

निज अधिवक्ता रविन सुवेदी ................१

इति सम्वत् २०७० साल असोज महिना १४ गते रोज २ शुभम्............................।

मिति : २०७० आश्विन २३

# अनुसूचि –११

## निर्वाचन परिणाम बहिष्कार गर्ने भन्दै एमाओवादीद्वारा जारी प्रेस वक्तव्य

२०६२ मंसीर ७ गतेको 'बाह्र बुँदे समझदारी' र २०६३ मंसीर ५ गतेको 'विस्तृत शान्ति सम्झौता' बमोजिम देशमा २०६४ चैत्र २८ गते पहिलो संविधानसभाको निर्वाचन र २०७० मंसीर ४ मा दोस्रो संविधानसभाको निर्वाचन सम्पन्न भएको सर्वविदितै छ । १० वर्षे महान जनयुद्ध र ऐतिहासिक जनआन्दोलनको मर्म र भावना अनुरुप संविधानसभालाई 'राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक सबै क्षेत्रका वर्गीय, जातीय, लिङ्गीय, क्षेत्रीय आदि समस्याहरूको समाधान गर्न राज्यको अग्रगामी पुर्नसंरचना गर्ने माध्यमका रुपमा ती समझदारी र सम्झौतामा स्वीकार गरिएको पनि स्पष्ट नै छ । परन्तु जुन षड्यन्त्रपूर्ण ढंगले पहिलो संविधानसभाको अवसान गराइयो र दोस्रो संविधानसभाको निर्वाचन शिलशिलेवार ढंगले परिवर्तन र अग्रगमनको एजेण्डालाई कमजोर पार्न र यथास्थितिवाद तथा प्रतिगमनको आधार मजबुद पार्न गरी हालै सम्पन्न गरियो । त्यसप्रति हामी आफ्नो असावधानी र उदारताप्रति आत्मालोचित हुँदै आम परिवर्तनकामी जनसमुदायको ध्यानाकर्षण गर्न चाहन्छौं । दोस्रो संविधानसभा निर्वाचनको क्रममा वैधानिकरुपले निर्वाचित सरकारलाई विस्थापित गरेर अन्तरिम चुनावी सरकार गठन गर्न, पहिलो संविधानसभाको निर्वाचनमा सहमतिले अपनाएको मतदाता सूची संकलन विधि फेर्न आदि कुराले यो निर्वाचनलाई सुरु देखिनै शंकाको घेरामा राखेकै थियो । तैपनि संविधानसभाको यो दोस्रो निर्वाचनको वातावरण बनाउन हामीले आफ्नो तर्फबाट अधिकतम प्रयत्न गरिएको तथा जनताको मतको सम्मान गर्न हाम्रो स्पष्ट प्रतिबद्धता रहेको तथ्य सर्वविदितै छ । तर अहिले निर्वाचनको शिलशिलामा देशव्यापी रुपमा योजनाबद्ध ढंगले दृश्य र अदृश्य धाँधलीका रुपहरू अपनाइएको, ठूलो मात्रामा आर्थिक चलखेलहरू भएको, मतपेटीकाहरू सार्ने क्रममा रहस्यमय हर्कतहरू भएको, सिल तोडिएका मतपेटीकाहरूलाई समेत स्वीकार्नु पर्ने निर्देशन गरिएको, मतगणनाको क्रममा अस्वभाविक ढंगले राखिएका मतपत्रहरूको संख्या र स्वरुप फेला परेको आदि घटनाले यो निर्वाचन प्रक्रिया जनताको अभिमत र अपेक्षा विपरित धाँधलीपूर्ण र षड्यन्त्रमूलक रहेको स्पष्ट भएको छ । यो स्थितिमा हाम्रो पार्टी वर्तमान निर्वाचन प्रक्रियालाई स्थगन गरी समग्र प्रक्रियाको पुनरावलोकन र निष्पक्ष छानविन गरेर मात्र अगाडिको कदम निर्धारण गर्नुपर्ने निष्कर्षमा पुगेको छ । र गत राति देखिनै मतगणना प्रक्रियाबाट अलग भएको छ र यसबारे सम्बन्धित सबैलाई बेलैमा गम्भीर बन्न विशेष आग्रह गर्दछ । जनताको पूर्णमुक्तिको अधिकारभन्दा माथि कुनै पनि प्रक्रिया र पद्दती हुन नसक्ने कुराको स्मरण पनि गराउँदछ । साथै विगतमा भएका समझदारी र सहमति अनुसार शान्तिपूर्ण र लोकतान्त्रिक विधिद्वारा राज्यको अग्रगामी पुर्नसंरचना गर्न सबै राजनीतिक पक्षसँग वार्ता र सहकार्यको प्रक्रिया भने जारी नै रहने छ ।

मंसिर ६, २०७०

**पुष्पकमल दाहाल 'प्रचण्ड'**
अध्यक्ष
एकीकृत नेकपा(माओवादी)
केन्द्रीय समिति

# अनुसूचि -१२

## संविधानसभा निर्वाचन-२ मा धाँधली भएको भन्ने विषयमा एकीकृत नेकपा (माओवादीद्वारा गठित छानबिन समितिको प्रतिवेदन

- २०६४ चैत्र २८ गते सम्पन्न पहिलो ऐतिहासिक संविधानसभाको निर्वाचनले एनेकपा (माओवादी) लाई (तात्कालीन नेपाल कम्युनिष्ट पार्टी माओवादी) १२ बूँदे सहमति, विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानका मर्म र भावनालाई मुखरित हुने गरी संविधान जारी गर्ने ऐतिहासिक जिम्मेवारी र दायित्व सार्वभौम नेपाली जनताले एनेकपा (माओवादी) लाई तत्कालिन संविधान सभाको सबैभन्दा ठूलो दलको रुपमा स्थापित गरेका थिए।
- संवैधानिक बाधा रहेकोले बाधा अड्काउ फुकाई सर्बौच्च अदालतका प्रधान न्यायाधिशको अध्यक्षतामा गैरराजनैतिक व्यक्तिहरू सम्मिलित अन्तरिम चुनावी मन्त्रिपरिषद् गठन गरियो।
- प्रमुख राजनैतिक दलहरूको सहमतिमा अन्तरिम चुनावी मन्त्रिपरिषद्ले मिति २०७० बैशाख ३० गते निर्णय गरी २०७० मंसीर ४ गते मंगलबार पुन: संविधानसभाको अर्को निर्वाचन गर्ने निर्णय गरियो।

### मतदान कार्यक्रम

**मतदान :**

बिहान ७ बजे देखि साँझ ५ बजेसम्म मतदाताले आ-आफ्नो मतदान केन्द्रमा एतए र एच लागि निर्धारित मतपत्रमा स्वास्तिक छाप चिन्ह लगाई सिलबन्दी मतपेटिकामा मतदान गर्ने।

### मतपेटिका ढुवानी र भण्डारण :

मतदान समाप्त भएपछि निर्धारित विधि र प्रक्रिया पूरा गरी दलका प्रतिनिधि वा उम्मेदवारका प्रतिनिधिको रहोवर/उपस्थितिमा मतपेटिकाहरू निर्धारित भण्डारण केन्द्रमा सुरक्षित तरिकाले ढुवानी गरी भण्डारण गर्ने।

### मतपेटिका सुरक्षाः

(१) राजनैतिक दलका प्रतिनिधि वा उम्मेदवार वा तिनको प्रतिनिधि मतपेटिकाको साथ लागि आउन सक्ने यस्ता प्रतिनिधिले मतपेटिका नजिक बस्न वा सुत्न चाहेमा मतदान अधिकृतले अनुमति दिनुपर्छ।

(२) मतपेटिकाको सुरक्षित भण्डारण, मतदान अधिकृतले बुझाएको सामानमा प्रयोग भएका मतपेटिका निर्वाचन अधिकृतले संकलन गरी सुरक्षाको प्रबन्ध मिलाई सुरक्षित रुपमा एउटै ठाउँमा राख्नुपर्छ। भण्डारण स्थलमा दलका प्रतिनिधि वा उम्मेदवार वा तीनका प्रतिनिधिले आफ्नो लाहाछाप लगाउन चाहेमा दिनु पर्दछ।

(३) मतपेटिका राखेको कोठा बाहिर राजनैतिक दलका प्रतिनिधि वा उम्मेदवार वा तिनको प्रतिनिधि बस्न वा सुत्न चाहेमा निर्वाचन अधिकृतले अनुमति दिनुपर्छ।

**मतगणना :**

- संविधानसभा सदस्य निर्वाचन ऐन को परिच्छेद ८ को दफा ४७, ४८ र ४९ बमोजिम देहाय अनुरुपका प्रक्रिया अपनाउनु पर्दछ :

(१) निर्वाचन अधिकृतको आफ्नो प्रत्यक्ष रेखदेख तथा नियन्त्रणमा मतगणना गराउनु पर्दछ।

(२) सबै मतपेटिका प्राप्त भएपछि निर्वाचन अधिकृतले मतगणना गर्ने स्थान र समयको सूचना राजनैतिक दल तथा उम्मेदवारलाई दिनु पर्दछ।

- असहमतिका पक्षहरू मतदान समाप्त भएपछि मतदान केन्द्रबाट मतपेटिका ढुवानी गर्ने कार्य,
- मतपेटिका भण्डारण गर्ने कार्य,
- भण्डारण स्थलबाट मत पेटिका पुन: मतगणना केन्द्रसम्म ढुवानी गर्ने कार्य,
- निर्वाचन आयोगबाट जारी गरिएका सर्कुलर मतपेटिका ढुवानी एवम् भण्डारणको सुरक्षा तथा उम्मेदवार वा दलका प्रतिनिधिलाई मतपेटिका ढुवानी र भण्डारण स्थलमा उपस्थिति एवं प्रवेश निषेध गरेको विषयमा समेत गम्भीर नीतिगत, कानूनी र संस्थागत असहमतिरहेको

## उच्चस्तरीय तथ्य संक्तलन कार्यदलको कार्यविधि

- कार्यदलले धाँधली र षड्यन्त्रका रुप र प्रकार पहिचानको लागि सम्बन्धित पक्षसँग अन्तरक्रिया गर्न सहज होस् भन्ने उद्देश्य राखी एक प्रश्नावली तयार गरी उक्त प्रश्नावली सबै उम्मेदवार एवम् विभिन्न राज्यका इन्चार्ज तथा संयोजकहरू, केन्द्रीय सदस्यहरू र निर्वाचनमा खटीएका नेता तथा कार्यकर्ताहरूलाई उपलब्ध गराइयो।
- कार्यदलले शीर्ष नेतृत्वतहको निर्देशनको लागि अध्यक्ष एवं केन्द्रीय कार्यालयको टीमसँग अन्तरक्रिया समेत गरेको थियो।
- कार्यदलको कार्यकक्ष पार्टी मुख्यालय पेरिशडाँडामा राखी उक्त स्थानमा नै विभिन्न उम्मेदवार तथा विभिन्न राजनैतिक दलका प्रतिनिधिहरूसँग अन्तरक्रिया गरी विवरण लिने कार्य सम्पन्न गऱ्यो।
- कार्यदलको कार्यकक्ष पार्टी मुख्यालय पेरिसडाँडामा राखी उक्त स्थानमा नै विभिन्न उम्मेदवार तथा विभिन्न राजनैतिक दलका प्रतिनिधिहरूसँग अन्तरक्रिया गरी विवरण लिने कार्य सम्पन्न गऱ्यो।

## नीतिगत धाँधली र षड्यन्त्र – १

- मतदान समाप्त भई मतगणना समेत प्रारम्भ भइसकेको अवधिमा निर्वाचन आयोगबाट १० बूँदे सर्कुलर जारी भयो। उक्त १० बूँदे सर्कुलरको पहिलो बूँदामा भनिएको छ :
- "पहिलो हुने निर्वाचीत हुने र समानुपातिक निर्वाचन प्रणालीतर्फ मतदान गराउनका लागि आयोगबाट भएको निर्देशन बमोजिम प्रयोग भएको सानो तथा ठूलो मतपेटिका प्रयोग गर्ने क्रममा सानो तथा ठूलो मतपेटिकाहरू स्थानीयस्तरमा उपलब्ध भए अनुसार गरिएको मतपेटिकाको प्रयोगलाई समर्थन गर्ने।"
- उक्त वूदा के कति प्रयोजनको लागि र के कस्तो बाधा अड्काउ आइपरेको कारणले जारी गर्नु परेको हो? उक्त परिवर्तित व्यवस्थावारे दलका प्रतिनिधिको पूर्व सहमति आवश्यक पर्ने वा नपर्ने? यो व्यवस्था आफैमा के कति पारदर्शी भयो वा भएन? निर्वाचन आयोगले स्पष्ट जवाफ दिनु पर्ने र यस्तो परिवर्तन के कति मतदान केन्द्रमा गरियो?

## नीतिगत धाँधली र षड्यन्त्र – २

### सर्कुलरको बूँदा नं. ३ मा भनिएको छ :–

- "मतपत्रमा मतदान अधिकृतबाट हस्ताक्षर गर्दा कालो मसीले हस्ताक्षर गर्नु पर्ने भनी तोकिएको भए तापनि अलग रंगको मसी प्रयोग भएको अवस्थामा समेत उक्त मतपत्रलाई मान्यता दिई मतगणना गर्ने"
- संविधानसभा सदस्य निर्वाचन निर्देशिका बमोजिम कालो मसीले सहीगर्ने भनी प्रष्ट गरेको अवस्थामा र सबै निर्वाचन अधिकृतलाई सोही बमोजिमको सर्कुलर र निर्देशन दिइसके पछि के कति कारणले मतगणना प्रारम्भ भइसकेपछि उक्त सर्कुलर जारी भयो । साथै, सोही निर्देशिकाले दस्तखतको छाप लगाउन हुँदैन भनेको अवस्थामा पनि के कति कारणले दस्तखतको छाप लगाइएको मतपत्रलाई पनि मान्यता प्रदान गरिएको हो ? यसले प्रष्ट रुपमा नीतिगत धाँधली र षड्यन्त्र भएको तथ्य स्थापित हुन जान्छ ।

## नीतिगत धाँधली र षड्यन्त्र – ३

- १० बुँदे सर्कुलरको बूँदां नं. ४ मा "........मतपत्र मतदातालाई दिंदा भुलवस अर्धकट्टीसमेत मतदातालाई दिई उक्त अर्धकट्टी सहितको मतपत्र मतपेटिकामा रहन गएको अवस्थामा पनि त्यस्ता अर्धकट्टीलाई छोपी अलग राखी सो मतपत्रलाई मान्यता दिई मतगणना गर्ने "
- माथि अन्य बूँदामा उल्लिखित तर्कको अतिरिक्त प्रस्तुत बूँदाको हकमा यस्ता मतपत्र के कति संख्यामा रहे ? कुन कुन दलका के कति संख्यामा थिए? भन्ने विवरण निर्वाचन आयोगले सार्वजनिक गर्नु पर्ने ।

## नीतिगत धाँधली र षड्यन्त्र – ४

### १० बूँदे सर्कुलरको बूँदा नं. ८ मा भनिएको छ :–

- "प्रतिनिधि सहित सबुेत अवस्थामा प्राप्त भएको मतपेटिकामा लगाइएको सील टुटफुट भएको अवस्थामा कसैको कर्तव्यबाट नभई ढुवानी तथा भण्डारणको क्रममा सील टुटफुट वा घटीबढी भएको अवस्थामा पनि त्यस्ता मतपेटिकालाई सील सावुतै भएको मानी मतगणना गर्ने"
- दलका प्रतिनिधिलाई एकातिर ढुवानी र भण्डारण गर्ने ठाउंमा निषेध गरिन्छ र अर्को तर्फ प्रतिनिधि सहित सावुत अवस्थामा मानिन्छ भने यो विरोधाभाषपूर्ण सर्कुलरको नियत माथि गम्भीर षड्यन्त्र र धाँधलीको शंका रहेको छ ।

## नीतिगत धााधली र षड्यन्त्र – ५

### यसैगरी १० बूदे सर्कुलरको अन्तिम बूादामा भनिएको छ :–

- "मतपेटिका लगायत निर्वाचन कार्यमा प्रयोग भएका सबै सामग्रीहरू सावुत अवस्थामा निर्वाचन अधिकृतको कार्यालयमा प्रतिनिधि सहित बुझाउन ल्याएको फारम नं. ५८ को ढाँचामा विवरण भरी नबुझाएको अवस्थामा पनि उक्त मतपेटिका तथा मतदान सामग्रीहरू दुरुस्त भएको मानी मतगणना गर्ने ।"
- यो बूँदा पूर्ण रुपेण दुराशययुक्त छ। संविधान सभा सदस्य निर्वाचन निर्देशिकाको दफा ११८ र १२० को उक्त प्रावधान अनिवार्य सर्त हो। निर्देशिकाको यस्तो अनिवार्य सर्तलाई आयोगबाट जारी भएको सर्कुलरले अन्यथा गर्न मिल्दैन। निर्देशिकाको दफा १४० को बाधा अड्काउ फुकाउने प्रावधानको

मनसाय निर्देशिकाको मर्म र भावना जसले निर्वाचनको निष्पक्षता, पारदर्शिता र स्वतन्त्रमा नै आँच पुऱ्याउने हुन सक्दैन। निर्देशिकाको स्पष्ट प्रावधानका विपरित त्यस्ता विषयमा सर्कुलर वा आदेश जारी गरी फुकाउनुको एकमात्र उद्देश्य धाँधली र षड्यन्त्रलाई प्रश्रय दिने मनसाय प्रमाणित हुन जान्छ।

## संस्थागत /संरचनागत धाँधली र षड्यन्त्र

- राजनैतिक दलहरूको सहमति नेपाल सरकारको निर्णय अनुसार नेपाली सेना मतदान केन्द्रको तेस्रो घेरामा मात्र र त्यो पनि निर्वाचनको बेला मुलुकलाई प्रदान गरिनु पर्ने विशेष संवेदनशिल आम सुरक्षाको प्रयोजनको लागि मात्र खटाउने सहमति भएको थियो।
- मतदान केन्द्रबाट मतपेटिका भण्डारण स्थलसम्म ढुवानी गर्दा र भण्डारण गर्दा अधिकांश मतदान केन्द्रमा राजनैतिक दल वा उम्मेदवारका प्रतिनिधिलाई निषेध गरियो।
- अधिकांश मतदान केन्द्रबाट भण्डारण स्थलसम्म मतपेटिका ढुवानी गर्ने जिम्मेवारी तेस्रो घेराको सुरक्षा निकायको जिम्मामा दिइयो।
- अधिकांश मतदान केन्द्रमा नेपाली सेनाको ब्यारेकलाई मतपेटिका भण्डारण गर्ने स्थलको रुपमा प्रयोग गरियो।
- मतपेटिका भण्डारण स्थलबाट जिल्ला निवार्चन कार्यालय(जहाँ मतगणना गरिन्छ) सम्म ढुवानी गर्दा अस्वाभाविक रुपमा घुमाउरो बाटो प्रयोग गरियो। र लामो समय सम्म मतपेटिका मतगणना केन्द्रमा ल्याइएन।

## प्रक्रियागत धाँधली र षड्यन्त्र

- विभिन्न जिल्ला निर्वाचन कार्यालय र मतदान केन्द्रमा भएका धाँधली र षड्यन्त्र मुलरुपमा माथि उल्लेख गरिएका नीतिगत र प्राविधिकपक्षका विकसित, परिवर्तित र परिष्कृत रुपमा देखा परेका छन्।
- कार्यदललाई प्राप्त भएका विवरणको आधारमा विश्लेषण गर्दा जिल्लास्थित विभिन्न निर्वाचन कार्यालय र मतदान केन्द्रबाट प्राप्त भएका विवरण देहाय अनुसारको तालिकामा प्रस्तुत गरिएको छ :

| | |
|---|---|
| रुपन्देही | • सुरक्षा निकायले मतपेटिका जिम्मा लिएको मतदान अधिकृत र उम्मेदवारका प्रतिनिधिलाई मतपेटिकाको साथमा वस्न नदिई लाठी चार्ज गरी मरणासन्न अवस्थामा पुरयाएको कृष्ण रिमाल अस्पतालमा उपचारार्थ छन्।<br>• लुम्विनी वाणिज्य कलेजका मतदान अधिकृत मध्येका एक प्रेम घिमिरेले मतदान केन्द्रबाट मतपेटिकाकासाथमा आफुलाई जान नदिएको, मतपेटिका प्रहरीले लगेर इलाका प्रहरी कार्यालय वुटवलमा रातिमा लगेर राखेको, प्रतिनिधिहरू मतपेटिका छोडन नमान्दा लाठी चार्ज गरेको सोही समयमा विद्युत आपुर्ति वन्द गरेको मतदान अधिकृतहरूलाई सात घण्टा पछि मात्र वोलाई वुझाएको भरपाई गर्न लगाएको मतपेटिका भण्डारणमा कुनै प्रतिनिधि छैन, शिल मुचुल्का लाहाछाप केही पनि छैन। |

| | |
|---|---|
| म्याग्दी | • ४ गते साझ प्रहरीले सार्वजनीक गाडीमा दलका प्रतिनिधी र मतदान अधिकृतलाई सँगै राखेर मतपेटिका बेनी ल्याउन गाडीमा लोड गरेपनि सेनाले रोकेपछि ५ गते सेनाको गाडीले दलका प्रतिनिधीहरूलाई साथमा नराखी बेनी ल्याएको ।<br>• मतपेटिका र मतदानमा प्रयोग भएका सामाग्रीहरू कपडामा पोको पारेपनि लाहछाप नलगाई ओसार्ने काम भएको ।<br>• मुदी गाविसको चन्द्रज्योती मावि र मुदी गाउँको मतदान केन्द्रमा हाम्रा प्रतिनिधीलाई मतदानका दिन एजेन्ट बस्न दिइएन । चन्द्रज्योती मावि मतदान केन्द्रका हाम्रा एजेण्ट कमल पाईजालाई ४ गते बिहान ६ बजेदेखि ११ बजेसम्म नजरबन्द गरियो । |
| वैतडि | • प्रतिनिधि कर्मचारी समेत मतपेटिकाकासाथ जान दिएन, मतपेटिका सेनाले लग्यो । बाँकी रहेको खाली मतपत्र मतदान अधिकृतले सेनालाई खुल्लै झोलामा राखेर पठाए । राति नै मतगणना स्थलबाट मतपेटिका ब्यारेक पठाईयो । कतिपय सिडिओ कार्यालयमा पाईयो ।<br>• मतपेटिकामा कति मत खसेको छ भन्ने लेखिएन मुचुल्का पनि गरिएन गणनाको नियम स्थानीय रुपमा वनाउन पाईएन माथिबाटै आयो । खाली बाकस पनि मगाएर ल्याएको छ । |
| वाँके | • मतगणनास्थलभन्दा २४ किमि पश्चिम रौनियापुरको बुथको बाकस भेटियो मुचुल्का गरी राखिएको छ । मतगणनास्थल न.पा. मा सो को २५ कि.मि टाढा वनकटियामा मतपेटिका भेटियो । |
| डंडेलधुरा | • मतपेटिकाका साथमा प्रतिनिधिलाई आउन दिएन मतपेटिका सैनिक व्यारेकमा राखियो साथै जान खोज्दा बन्दुक ताकी फायर गर्न खोजियो ।<br>• अजयमरु गाविस स्थित सहश्रालिंग उमावि केन्द्रमा एक मत रु ५ सहित खसालियो तर त्यो मतपत्र गणनामा देखिएन मतपेटिका साटिएको पुष्टि हुन्छ ।<br>• मुचुल्का भिडाउने काम कहिल्यै गरिएन, मतसंख्या सोध्दा प्रत्यक्षमा ४७४१८ र समानुपातिकमा ४८६४८ भनियो तर गन्दा त्यो भन्दा बढी भेटियो । |
| कैलाली | • मतदान प्रतिनिधिलाई मतपेटिकासाथमा जान दिएन सेनाको जिम्मा बाकस रहे । निर्वाचनका सामाग्रीहरू जंगलमा वेवारिसे अवस्थामा भेटिए शिल स्ट्याम्प प्याड मसी साथमा छ । |
| डंडेलधुरा | • जोगवुढा अलिताल शिर्ष भित्री मधेश क्षेत्रका मतपेटिका लैजान प्रतिनिधिलाई जान दिइएन सेनाले जान दिएन सिडियो न्यायाधिशलाई अनुरोध गरियो तैपनि जान पाईएन ।<br>• अजयमरु गविसस्थित सहश्रालिंग उच्च मावि केन्द्रमा रु. ५/- नोट सहितको मत हालेको गणनामा भेटिएन, मुचुल्का भिडाईएन १५ मतपेटिका एकसाथ गणना गरियो । |
| दैलेख | • बसको पट्टा भाँचियो भन्ने बाहाना बनाएर राकाम दुल्लु नौमुलेका मतपेटिका ८/९ घण्टा सैनिक ब्यारेक सिमरामा राखियो । नौमुलेमा सप्रजिअले मतपेटिका राख्न लगाए । |

| | |
|---|---|
| प्युठान | • क्षेत्र नं.१ को जुम्रीकाँडा गाविस र गोठीवाड गाविसबैाट मतपेटिका कुनैपनि प्रतिनिधिलाई लान नमानेको ।<br>• बाँगेसाल, तिराम, मर्कवाड, दाखा, विजयनगर वर्जिवाड, नयाँगाउँ, मतपेटिका करिव ३ घण्टा विजुवार प्रहरी चौकीमा सबै मतदान अधिकृत र दलका प्रतिनिधिहरूलाई बाहिरै राखी प्रहरीद्वारा छुट्टै कोठामा राखेको ।<br>• क्षेत्र नं. २ पूजा, रजवारा अर्खा र खुगका मतपेटिका ठुलावेसीमा अस्थायी आर्मी क्याम्पमा करिव चारघण्टा मतदान अधिकृत र प्रतिनिधिलाई बाहिर पठाई बाहिरबाट काँडेतार लगाएर राखेको ।<br>• स्याउलीवाड खवाडका मतपेटिका वहाने प्रहरी चौकीमा पाच घण्टा राखेको र वामदेव गौतमद्वारा व्यापक आर्थिक चलखेल गरेको । |
| रसुवा | • मतपेटिकाको बिर्को लाहाछाप सहितको शिल गरेको कपडाको टुक्रा र शिल लकर भेटिएको । |
| भक्तपुर | • निर्मल भट्टराईद्वारा प्राप्त सुचनाअनुसार नखेल, चितापोल, ताथली, नगरकोट, वागेश्वरी सुडालका मतपेटिका पाँच मिनेटको दुरीकको मतगणनास्थल सानो ठिमीमा लैजान पर्नेमा जिल्ला प्रसाशन कार्यालयमा राखियो र ६ वजेदेखि सात बजेसम्म विद्युत वन्द गरियो ।<br>• जिल्ला प्रशासन कार्यालय पछाडि दुईवटा लकर भेटिएको ।<br>• गुण्डु भुक्तेश्वरी निमाविको बुथमा एकसय मत बढी भेटियो । |
| दोलखा | • जलेको मतपत्र भेटिएको |
| काठमाण्डौ ३ | • मतगणना हुन लागेको अवस्थामा हामीले सिल्ड तोडेको बारेमा कुरा गर्दा निर्वाचन अधिकृत पशुपति आचार्यले निर्वाचन आयोगको परिपत्र भनि सुनाए। त्यसपछि झन विवाद भयो। उनले प्रहरी, शसस्त्र, सेना बोलाएर हामीलाई गणना स्थलबाट बाहिर पठाए। हामीले गणना बहिष्कार गर्दै नारा लगाएर बाहिर आयौ। काठमाडौं २ मा पनि १४ मत बढी थियो।<br>• कपडाले वेरेको पेटिकाहरू कपडाविहिन थियो। पेटिकाको विर्को हात पस्ने गरी सिल्ड मिलाइएको थियो। कयौं पेटिकाको सिल्ड तोडिएको थियो।<br>• कयौं मतपेटिकाहरू सिलवन्दी समेत नगरी सेना समेत भएर प्रतिनिधि बेगर सेना कै गाडीमा ल्याइयो। मतपेटिका राखेको ठाउँमा कोही कसैलाई जान दिइएन। मतगणना सोही दिन नगरी भोलि पल्ट मात्र गरियो। मत पेटिका ६ घण्डा देखि १८ घण्टासम्म संकलन अवधि लगाइयो। |
| काठमाण्डौ ५ | • अन्य ठाउँका मतपेटिका भनि स्टीकर टाँसेको पाइयो। मतपत्रमा रातो र कालो मसिले सहि गरेको। मत पेटिकामा सिल्ड लगाइएन। तर अर्धकट्टीमा भने सिल्ड लगाएको थियो। सेनाको गाडि आयो बक्सा लग्यो। विआइसिसिमा प्रतिनिधिलाई पस्न दिएन। |
| काठमाण्डौ ८ | • भिमढुंगा गाविसबाटै अनिस तामाङ, गमबहादुर केसी लगायतकालाई बुथ साथ आउँदा डाँडापौवामा ओराली दियो। यही गाडी दुर्घटनाको नाटक गराइ बाकस सेनाले नियन्त्रणमा लियो। |
| बारा | • सबै पुलिस अफिसरहरू ,फाराम नं ४५(महिला,पुरुष) र ५८ नं. को फारामहरू शिलवन्दी नगरिकन ल्याउनु होला' भनि सूर्य पराजुली, निर्वाचन अधिकृत बाराले म्यासेज गरेको हो।<br>• माओवादी पक्कड क्षेत्रहरूबाट पेटिका ल्याउँदा प्रतिनिधि आउन दिएनन। अनि सबै मत पेटिका सिमरामा राखियो, त्यहाँ खालि मतपेटिका पनि थिए। ति खालि मतपेटिका र संकलित पेटिका कलैया पठाइयो सेना प्रहरिमात्र वसेर लगे। यस क्षेत्रमा ८४ बुथ थिए तर बाक्सा ८६ राखेर लगियो। मतपेटिकाको शिल्ड तोडिएको थियो। |

| | |
|---|---|
| सुनसरी | • मत पेटिकाको सिल्डहरू तोडिएको, प्रतिनिधिहरू जान नदिएको, विभिन्न बुथमा पेटिका थपियो जो आवश्यक नै थिएन । एउटा मतपेटिकामा १000मत अटाउँछ त्यति मत कुनै पेटिकामा खस्दैन। ८३ बुथ छन्। ७ वटा पेटिका थपिए। तर त्यो थपेकोमा पनि कुनै मुचुल्का गरिएन। मतगणना सुरुमा नै २०० बढी पतपत्र भेटिए त्यसमा पनि सदर गरियो। एक दिन एक रातपछि मात्र मत गणना गरियो। त्यसैले धाँधलि भएकै हो। पकली ६६ नं.खमा वडा नं.४ ११ मत बढी आएको। यो क्षेत्रमा कयौ ठाउमा मतपेटिका साथ कर्मचारी पनि आउन दिएनन्। मत गणनामा सेना नै उपस्थित। नर्सिङ गाविसको मत पेटिका मतदान अधिकृतले नै ल्याएको ४ घण्टा पछि। सबै मत पेटिका सेनाले व्यारेकमा लगेर राखेको। रातको १२ बजेपछि मात्र मत गणनास्थलमा ल्याएको। |
| ओखलढुंगा | • मतपेटिका संकलन केन्द्रमा काँग्रेस एमाले नबस्ने भने हाम्रो क.नरेस ढकाल बस्न गएकोमा सुरक्षाकर्मीले बस्न दिएनन्। अनि उनि पनि फर्के। मतपेटिका भएको ठाउँमा कसैले पनि चावि लगाउन पाइएन। खिजी फलाटेमा बिहानै काँग्रेस चहलपहल भयो। हर्कपुर, श्रीचौर, पातले जेसेबुथ सहित ४ बुथमा हाम्रो मतदाता आउन दिएनन। यो काम वैद्य समूहको नामबाट गरियो। |
| तेह्रथुम | • आठराइ गाविस समेत ३ गाविसमा ६ वटा मतपेटिका थपिए। त्यहि पेटिकाहरूबाट मत पेटिका फेरिए। मतदान अधिकृत सोहि गाउँको प्र.अ. लाई राखियो। यो कुरा मातृकाप्रसाद आर्चाय निर्वाचन अधिकृतले सुनाइ नगरेर यो कार्यमा सहयोग गरे। तेह्रथुम सोल्मा कालिका नि.मा.वि.को बुथ सेनाले लगेको प्रहरिको भनेको बाटो पनि लगेन। |
| झापा | • चकचकि झिलझिले गाविसको व्यारेक छेउमा ७/८ बाट मतपत्र भेटिए। मतगणनामा २० मतपत्र पुगेन। निर्वाचन अधिकृतको सहि नभएका मतपत्र पनि भेटिए। प्रतिनिधि बेगर पेटिका ल्याइयो। यी सबै कुरालाई लिएर ८ दलले पत्रकार सम्मेलन गरेको छ। कुमार खोपबाट गणनास्थलमा आउन १५ मिनेट लाग्छ तर मतपेटिका ल्याउन ८ घण्टा लगाए। सतासिधाम गाविस ४ को बाक्सा चेञ्ज गरेको व्यारेकमा लगेर (स्यादि प्रहरी समेतले देखेको ) |
| काभ्रे | • लाहाछाप तोडिएको विषयमा विवादभै मतगणना स्थगित २ बजे नै भएको थियो। मतदान पछि २४ घण्टामा मात्र पेटीका गणना स्थलमा पुगेको थियो। त्यस समय पुरै सेनाको नियन्त्रणमा रहेको थियो। चौरी गाविसको पुन: मतदान निम्ती निवेदन गरेको थियौं तर मानेन। सिपाली गाविस मतपत्र अधकट्टी सहित आयो। सो मतपत्र फोल्ड गरेको एकै नास भएको पाइयो।<br>• मंगलटारमा काँग्रेसले बुथ कव्जा गरे। वन्खुको पेटिका फुटेकोले कपडामा पोको पारेर ल्याएको। कुनै पनि मतपेटिकाको सिल्ड लगाएको मुचुल्का बनाएन। हाम्रो प्रभाव क्षेत्रको मच्छे गाविसमा हो। तर पेटिकामा हाम्रो मत न्यून। मतपेटिका ल्याउँदा भने पुरै सुरक्षाकर्मीमात्र थिए। |
| मोरङ | • रमिते, सिंहदेवी लगायतको मतपेटिका प्रतिनिधि विना सेनाले लिएर गएको।<br>• मतपेटिका कानेपोखरीको जंगलमा सेनाको बसमा थियो। कोहि पनि उम्मेदवारको प्रतिनिधि थिएन। मतदान अधिकृतको सहि रातो, कालो मसी र छाप आदि छ। |

| | |
|---|---|
| धनकुटा | • मत खसाउने घेरामा पनि सेना थिए। मुढेवास गाविस छिन्ताङको बुथ सिल्ड गरेको थिएन। कोही वाइकमा आएका प्रतिनिधिलाई पनि रोकियो। बुथको गाडि दुई घण्टा शसस्त्रमा रोकियो। भँडेटारमा सेना क्याम्पमा पसेको थियो। गणना केन्द्रमा आएपछि पनि एक रात राखेर भोलि पल्टमात्र गणना गरियो। ४/५वटा बाक्सा फोरेको छ।<br>• छिन्ताङ, वेसारा मुढेवास, बुधवारे बुढी मोरङ आदिमा। यी क्षेत्र हाम्रो प्रभाव क्षेत्र हो। यस क्षेत्रमा ६ हजार मत बदर। बदर पनि हाम्रो किनकि हाम्रो मत लागेको ठाउमा अर्को ठाउँमा पनि छाप लगाइ दिएर बदर गराइ दिए। सिल्ड तोडेर मत बिगारी दिएको। यो खवर केन्द्रलाई पनि गरि दिएको। |
| सिराहा | • मतपेटिका ओसारपसारमा, लाहाछाप लगाउने, मुचुल्का गर्ने, भण्डारण गर्ने, गणना भन्दा अगाडि राखेको ठाउँ सबैमा प्रतिनिधि रहन बस्न दिएनन। मुचुल्का गर्ने आदि पनि गराएन। सोनारा बुथमा बढी मत पाइयो, यस्तो प्रायमा थियो।<br>• विसनपुरा प्रहरी पोष्टमा खालि बाक्सा भेटियो। जहा मतमतपेटिका लगेको गाडि राति रोकिएको थियो। बाक्सा धेरै समय वेबारिस भयो। हाम्रा साथी पिछा गरेपछि मोटरसाइकलको हावा सुरक्षाकर्मीले खोलि दियो। एक दिन एक रातपछि मात्र गणना सुरु। रामपुर बिर्ता गाविस, जम्दह आदिमा ३१५ मत बढी आयो। यो विवादले गणना स्थगित भयो। पछि आयोगले बढी भए पनि गणना गर्नु भनेपछि पुनः गणना भयो। बढी भएका मत २/३ हजार नै छन्। इन्सपेक्टर गिरि र कर्मचारी विक्रम सदाले बुथमा नै प्रचार। कपडामा पनि सिल्ड लगाइएन।<br>• अधिकृतको हस्ताक्षर पनि फरक, गोविन्दपुर गाविसको बुथ मुतनि जंगलमा सेनाको गाडि रोकेर राखेको, मतपत्र बढी भेटिएको, स्वस्तिक छापको रंग फरक भएको, बाकसलाई बेरिएको कपडा च्यातिएको, संकलन अनावश्यक ढिलाइ गरिएको, मतपेटिका ओसारपसारमा ५/६ वटा सेनाको गाडि प्रयोग भएको, जुन आवश्यक थिएन। छोटो दुरीलाई पनि धेरै समय लगाइएको, गणना सुरु पनि अनावश्यक ढिलाइ भएको।<br>• डिएसपि कृष्ण अधिकारीद्वारा हतोत्साहि पारियो। लाहान १ र २ वडा सोनमति, गोविन्द वज्रमार, सिसबौनि, पररिया बुथमा काँगेसले कब्जा गरेको। |
| पर्सा | • विभिन्न ठाउँमा बढी मत पाइएको छ। |
| महोत्तरी | • समानुपातिक र प्रत्यक्षमा किन यति धेरै मत फरक? ८१ प्रतिसत कि ७० प्रतिसत आयोगको नै भनाइ किन ८ प्रतिशत फरक? |
| झापा | • ३६ बुथ प्रतिनिधि बेगर आर्मीले कब्जा गरेको। तोपगाछि गाविसमा ११८ मत कमी आएको। मत गणनास्थलमा मतपेटिका पुगे पछि पनि १२ घण्टा सम्म मत गणना नभएको। ल्याप्चे विनाको अधकट्टी सहितको मतपत्र मतपेटिकामा भएको। मतदान केन्द्र मुचुल्का पत्रमा खाली ठाउँमा सहि गराएको लखनपुर गाविसमा ५ वटा मतपेटिका वेबारिसी छोडिएको थियो। मतदान अधिकृत मादक पदार्थले मातिएको थियो। |

| | |
|---|---|
| ताप्लेजुङ. | • कर्मचारीहरू एमाले र काँग्रेसहरू प्राय राखियो। जस्ले धाँधलीको योजना बनाए।<br>• मतपेटिका सेनाले प्रतिनिधी बेगर राखे। क्याप्टेनको नेतृत्वमा। त्यहाँ कसैलाई बस्न दिइएन। बाटोमा अनावश्यक ढिलाई। मतदान अधिकृत समेत बाकस साथ आएन।<br>• पापुङ, गोला, फोलेर, धुम्सा आदीबाट बाकस मंसिर ६ गते मात्र मतगणना केन्द्रमा लगियो।<br>• गणना केन्द्रमा पनि एकरात राख्यो। त्यहाँ पनि प्रतिनिधि वस्न दिएन<br>• चागे गाविसमा हाम्रो पक्कड त्यो बाकस पनि आर्मीले लगेको। ४५० मात्र मत आयो जहा १५०० मत खसेको थियो। हाङपाङ गाविसमा पनि पक्कड यस्तै भयो। त्यहाँ एमाले काँग्रेसले उजुरी पनि गरेका थियो, माओवादीले बुथ क्याप्चर भयो भनेर। |
| धनुषा १ | • आचासंहिता उल्लंघन विरुद्धको उजुरी, हाम्रा कार्यकर्ता माथिको ज्यान मार्ने उद्योग मुद्दाको जाहेरी गरीयो तर सुनुवाई भएन।<br>• बालाबाखर गाविस ७ र९ को मतपेटिका लगभग दिनको ११:३० वजेमा प्रजिअले लिएर गएको।<br>• मतपेटिकासँग मतदान कर्मचारी र दलका प्रतिनिधि कसैलाई पनि आउन दिइएन। शिलहरू मतपत्र झिक्न र राख्न समेत मिल्ने गरी खुकुलो अवस्थामा थियो। नौनपट्टि र यदुकुवा विचको सडक किनारामा दुईवटा सिल टुटेको अवस्थामा भेटिएको। |
| धनुषा २ | • समानुपातिकमा १५३९४ र प्रत्यक्षमा ७१४६ किन भयो? नं ६ क्षेत्रमा लाहाछाप नगरि (झटिया गाविस) सेनाले लगे। आधा घण्टाको बाटोलाई ३ घण्टा बाटोमा लगाएको छ। केहि बाक्सा भोलि पल्ट मात्र ल्यायो। मतपेटिकासाथ प्रतिनिधि आउन दिएनन्। संकलन केन्द्र र अन्य ठाउँमा सेनाका गाडी थिए। |
| सर्लाही | • २०७०/८/१५गते आपखोल्सीको मुर्तिया जंगलमा निर्वाचन मतपेटिका ६७१३७७ नं.आधा जलेको र कागजातहरू सबै जलेको पाइयो। |

# पर्यवेक्षकहरूसँगको अन्तरक्रियाबाट प्राप्त जानकारी

## निर्वाचन पर्यवेक्षण समिति (इयोक) नेपाल

मतपेटिका बन्द गर्ने वा मतदानको प्रकृया सकिएपछि पर्यवेक्षणको कार्य कसैले पनि गरेका छैनन्। सबै आ-आफ्ना नीजि काम तिर लागे। मतदान केन्द्रमा नै मतगणना गर्ने अन्तर्राष्ट्रिय प्रचलन छ। मतपेटिका संकलन गर्ने कार्य नै बेठिक छ। कुनै पनि पर्यवेक्षण गर्ने संस्थाले मतपेटिका ओसारपसार, भण्डारण र मतगणना भन्दा अगाडिको समय जहाँ मतपेटिका राखिएको थियो त्यहाँ अनुगमन गरेको छैन।

## राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक)

"यू मिस द वोट" भन्ने उक्ति एमाओवादीलाई लागू हुन्छ। तेश्रो घेराको सेना पहिलो घेरामा आउदा किन विरोध नगरेको? गणना भएर केही नतिजा आएपछि मात्र विरोध गर्नु असावधानी हो। सुरक्षा निकाय सिडीओको कमाण्डमा थिए। गणना गर्ने स्थानसम्म पर्यवेक्षकले स्थान पाएनन्। ओसारपसारमा पर्यवेक्षण गरिएन। साँझ ५ पछि गणना गर्ने वेलामा मात्र पर्यवेक्षण गरियो। ओसार पसार र भण्डारणमा वा संकलन केन्द्रमा गरिएन।

## एनफ्रेल फाउण्डेसन (Asian Network for Free Election)

निर्वाचनको व्यवस्थापन किर्तिपुरमा राम्रो थिएन। मतदान केन्द्रमा दलका प्रतिनिधि बाहिर मात्र थिए। बाकस सेनाले लगेपछि खास पर्यवेक्षण भएन। चुनावी दिन र सो भन्दा अगाडिको प्रतिवेदन प्रकाशन गरी सकिएको छ। थपिएका बाकसको पनि रेकर्ड गरेको देखिएन। अस्थायी मतदान केन्द्रमा पार्टी प्रतिनिधि थिएनन्। मतपेटिका राखेको ठाउँमा सेनाले गस्ती गरेको थियो।

## आम निर्वाचन पर्यवेक्षण समिति/नेपाल (जियोक)

मतपेटिका बन्ददेखि गणना गर्ने समयसम्म हामीले पर्यवेक्षण गरेका छौँ।

## समानुपातिक तर्फको मतदानको प्रवृति विश्लेषण

- निर्वाचन सकिएकै दिन मंसिर ४ गते साँझ निर्वाचन आयोगका प्रमुखले निर्वाचन शान्तिपूर्वक सकिएको र ७० प्रतिशत मत खसेको बताए। जम्मा मतदाता संख्या १ करोड २१ लाख ४७ हजार ८ सय ६५ रहेको मा त्यसको ७० प्रतिशत मात्र मत खसेको निर्वाचन आयोगले जनाएको थियो। कुल मतदाताको ७० प्रतिशत भनेको जम्मा ८५ लाख ३ हजार ५ सय ५ मत मात्र हुन आउँछ।
- तर अहिले समानुपातिक तर्फको अन्तिम मत परिणाम आउँदा मतदाताको संख्यामा पनि वृद्धि भएको देखिएको छ। निर्वाचन आयोगको तथ्याङ्क अनुसार सामानुपातिकतर्फको मतदान गर्नेको संख्या ९४ लाख ६३ हजार ७ सत ८३ जुन कुल मतदातको ७८ प्रतिशत हुन आउँछ।
- निर्वाचन भएको दिन उप्रेतीले भनेको भन्दा ८ प्रतिशत बढी मत खसेको देखिएको छ, जुन आयोगले भनेको भन्दा ९ लाख बढी हो।
- यस प्रकार निर्वाचनमा धाँधली भयो भनी हामीले भनिरहेको सन्दर्भमा मत बढी हुनुलाई शंकाको घेरामा राखिनुपर्ने हुन्छ।

## दसी तथा प्रमाणहरूको सूची

- सर्लाही क्षेत्र नं. २ बाट आधा जलेको मतपेटिका कार्यदलको सम्पर्कमा रहेको छ।
- रसुवाबाट मतपेटिकाको फुटेको बिर्को १ थान, ११ थान हरियो र १ थान पहेलो सिल, लाहा छाप लगाएको च्यातिएको कपडा थान १,
- धनुषाको ननुपट्टि र यदुकुवा गाविस बीचमा पर्ने सडक छेउमा फ्याँकिएको अवस्थामा पहेँलो रङ्गको सिल थान २,
- तनहुँ क्षेत्र नं. १ बाट प्रत्यक्ष र समानुपातिकको मतपत्रका अर्धकट्टीको चाङ,
- कैलालीबाट १६ थान हरियो सिल र ८ थान पहेलो सिल, लाहा १ थान, मसी १ थान, स्ट्याम्प प्याड २ थान, स्वस्तिक छाप २ वटा,
- भक्तपुर जिल्ला प्रशासन कार्यालय पछाडी २ थान सिल,
- झापा जिल्लाबाट प्रत्यक्ष तर्फको ४ थान र समानुपातिक तर्फको ३ थान मतपत्र मतदान अधिकृतको हस्ताक्षर सहितको प्राप्त भएको।

## मतपत्रका अर्धकट्टीहरू




## वर्दियामा फेला परेका निर्वाचन सामाग्रीहरू






## सुझाव तथा निष्कर्ष – १

- माथि विभिन्न प्रकरणमा उल्लिखित तथ्य र आधारहरूलाई विश्लेषण गर्दा संविधानसभा निर्वाचन २०७० मा राज्यका विभिन्न निकायबाट अदृश्य धाँधली र षड्यन्त्रका प्रपञ्चहरू अपनाई परिवर्तनकामी शक्तिहरूलाई परास्त गरी यथास्थितिवादलाई प्रश्रय दिने कार्य भएको प्रष्ट छ। सामान्य जनमानस तथा बौद्धिक समुदाय र स्वदेशी एवम् विदेशी पर्यवेक्षकहरूले समेत औँल्याउन नसक्ने गरी बडो सुसुप्त (Subtle Level) रुपका धाँधली र षड्यन्त्र गरिएको छ।
- दृश्य पक्षका निर्वाचनका आयामहरू, उदाहरणहरूको लागि सामान्यतया मतदान गर्ने कार्य, शान्ति सुरक्षा आदिमा निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरण श्रृजना गरियो। मतदान कार्यको समाप्ति पछिका कार्यहरू, उदाहरणको लागि मतपेटिका ढुवानी गर्ने क्रममा दल वा उम्मेदवारका प्रतिनिधिलाई निषेध गरी निशाचरहरूको सक्रियतामा धाँधली र षड्यन्त्र गरियो।
- निर्वाचनको पर्यवेक्षण गरेका विभिन्न समूहरूको निर्वाचनको अवधिको बवाहेक मतपेटिका ओसार पसार, भण्डारण र गणनास्थलको पर्यवेक्षण गर्ने कुनै योजना पनि नभएको र कुनै पनि संस्थाले सो को पर्यवेक्षण समेत नगरेकाले पर्यवेक्षणबाट बाहिरको पार्टमा धाँधली र षड्यन्त्र गर्ने पूर्वयोजना समेत हुन सक्ने आशंक गर्न सकिन्छ। जेहोस् जुन पक्षमा पर्यवेक्षण भएकै छैन। त्यही पक्षमा धाँधली गरेर निर्वाचनको परिणाम घोषणा गरिएको छ, त्यसैले यो पाटोमा गम्भिर अनुसन्धानको खाँचो रहेको छ।

## सुझाव तथा निष्कर्ष – २

- बहुचर्चित दश बुँदे निर्देशिका नीतिगत धाँधलीको आधार स्तम्भ र संरचनागत एवम् प्रकृयागत धाँधलीका निम्ति मार्गनिर्देशनका रुपमा रहेको स्पष्ट हुन्छ।
- निर्वाचन नीतिगत रुपमा, संरचनागत रुपमा र प्रकृयागत रुपमा नै धाँधली भएको देखिन्छ।
- धाधली रोक्न भनि फोटो सहितको मतदाता नामावलीको संकलन गरिएको भएतापनि परिचयपत्र

मतदानका दिनको अघिल्लो दिनमात्र वितरण गर्ने कतिपय ठाउँमा परिचयपत्र नपाएकै कारणले पनि मतदान गर्नबाट बञ्चित भएको पाईयो ।

- कतिपय व्यक्तिहरूको दोहोरो परिचयपत्र पनि प्राप्त भयो । यसरी परिचयपत्र तयार गर्दा र वितरण गर्दा दुवै तहमा धाँधली भएको पाइएको छ ।

## सुझाव तथा निष्कर्ष – ३

- सुरक्षाको व्यवस्थापनमा तेश्रो घेरामा सुरक्षाको जिम्मा लिने नेपाली सेनालाई मतपेटिका संकलन भण्डारण र गणनास्थलमा पहिलो घेरामा राख्ने काम भएकोले निर्वाचनको स्वतन्त्रता निष्पक्षता र पारदर्शितामा गम्भिर प्रश्न उठेको छ ।
- कर्मचारीहरूको खटनपटनमा ट्रेड युनियन आबद्ध कर्मचारीहरूलाई निर्वाचनको निष्पक्षताका लागि निर्वाचनमा नखटाउने भन्ने निर्णयका विपरित एनेकपा (माओवादी) सम्वद्ध ट्रेड युनियनका हकमा मात्रै लागु गरिएको र खास गरी नेपाली काँग्रेस र एमाले आबद्ध कर्मचारीहरू सबै नै निर्वाचनमा खटिएको पाईयो ।
- अनुगमनका निम्ति खटिएका कतिपय सचिव तथा सहसचिवहरू निर्वाचनको अनुगमन हैन, माओवादीलाई कसरी हराउन सकिन्छ भन्ने बारेमा योजना वनाउन तल्लिन रहेका रिपोर्टहरू प्राप्त भएका छन् ।

## सुझाव तथा निष्कर्ष – ४

- सुरक्षा निकायको प्रयोग कतिपय मतदान केन्द्रमा मतपत्रमा छाप लगाउने टेबलमै बसी छाप लगाउन अह्राएको दृश्यहरू सार्वजनिक भएका छन् जसले निर्वाचनको निष्पक्षतामा गम्भिर प्रश्न उठाएको छ ।
- कतिपय मतदान केन्द्रमा खसेको मत भन्दा बढी संख्यामा मतपत्र खसेको पाइएको छ । यसैगरी मतपत्रहरू विभिन्न ठाँउमा छरिएको रुपमा भेटीनुले पनि निर्वाचनको विश्वसनियता माथि गम्भिर आशंका उत्पन्न भएको छ ।
- दल तथा उम्मेदवारका प्रतिनिधिहरूलाई मतपेटिकाका साथमा आउन, बस्न र कुर्न नदिएको र कतिपय स्थानमा मतगणना स्थलमा समेत उम्मेदवारका प्रतिनिधिलाई प्रवेश नदिएको पाईयो ।

## सुझाव तथा निष्कर्ष – ५

- मतदानमा प्रयोग भएका मतपत्र, मतपेटिका शिल छाप जस्ता अति संवेदनशिल र महत्वका सामाग्रीहरू यत्रतत्र वेबारिसे अवस्थामा भेटिएका छन् जसले निर्वाचनको विश्वसनीयतामा गंभिर प्रश्न उठाएको छ ।
- निर्वाचनमा भाग लिएका १५ भन्दा बढी राजनैतिक दलहरूले निर्वाचन धाँधली र षड्यन्त्रपूर्ण तरिकाले भएको भनेर आपत्ति जनाउँदै निष्पक्ष र स्वतन्त्र छानविन आयोग गठन गरी सत्यतथ्य बाहिर ल्याउन माग गरिरहेका छन् भने सो मागको संवोधन नहुँदासम्म संविधानसभाबाट अलग हुने बताउने कुरा निकै गम्भिर भएको छ ।
- कार्यदलले प्रस्तुत गरेको सत्य-तथ्यको आधिकारिकता र प्रामाणिकताको पुष्टी गर्ने एक मात्र सशक्त उपाय भनेको स्वतन्त्र एवम् निश्पक्ष आयोग गठन गरी सो आयोगले गर्ने छानवीन नै हो । संविधानसभा अदालतले कुनै उम्मेदवार विशेष वा कुनै मतदान विशेषमा भएको दाबी उजुरीका बारेमा निर्णय गर्दछ । एनेकपा (माओवादी) निर्वाचन आयोगको समग्र निष्पक्षता माथि नै प्रश्न गरिरहेको

सन्दर्भमा संविधान सभा अदालतको माध्यमबाट राजनैतिक प्रकृतिको छानवीन सम्भव नहुने भएकाले कार्यदल एक उच्चस्तरीय निष्पक्ष एवम् स्वतन्त्र छानवीन आयोग गठन गर्न समेत सिफारिस गर्दछ।

## सुझाव तथा निष्कर्ष – ६

- यो कार्यदलले आफ्नो कार्य सम्पन्न गर्दा सूचनाको हकबाट बञ्चित गराईएको ठान्दछ। कार्यदलले निर्वाचन आयोगलाई पत्र पठाई १० बुँदे सर्कुलर लगायत निर्वाचन र मतगणनाका आधार र आँकडाबारे प्रश्न गरेको थियो। तर, निर्वाचन आयोगले सूचनाको हकबाट कार्यदललाई बञ्चित गरेको छ। यदि मनसाय प्रष्ट भएको भए कार्यदललाई सूचना अपारदर्शी बनाई सूचना प्राप्त गर्ने हकबाट निषेध गरिनु पर्ने कारण नहुनु पर्ने हो।
- कार्यदलले आफ्नो कार्यसम्पन्न गर्दा पश्चात् दर्शी कार्यविधि अपनाउनु परेको छ। जीवन्त प्रक्रिया (Live Process) सम्पन्न भईसकेपछि सीमित सूचना र घटनाक्रमहरूको संकलन र विश्लेषण गरी प्रतिवेदन तयार गर्नुपरेको सीमितताको कारणले कतिपय विवरणहरूको प्रमाण जुटाउन सकिएको छैन। तसर्थ, यस्ता विवरणहरूको सत्य-तथ्य स्वतन्त्र आयोग गठन गरी सोही आयोगबाट निरुपण गरीनु पर्ने सिफारिस गरिन्छ।
- कार्यदलको कार्यावधि मात्र ७ दिनको भएकाले प्रमाण र आधारहरू आउने क्रम जारी नै रहेका छन्। तसर्थ, कार्यदल प्रस्तुत प्रतिवेदनलाई गतिशिल दस्तावेज (Dynamic Document) को रुपमा राखी कार्यदलको समयावधि पश्चात पनि प्राप्त हुने विवरण, प्रतिवेदन र प्रमाणहरूलाई पछि उपयुक्त समयमा पुरक प्रतिवेदनको रुपमा प्रस्तुत गरिने छ।

धन्यवाद

# निर्वाचन आयोगको १० बुँदे परिपत्र

(१) पहिलो हुने निर्वाचित हुने र समानुपातिक निर्वाचन प्रणाली तर्फ मतदान गराउनका लागि आयोगबाट भएको निर्देशन बमोजिम प्रयोग भएका सानो तथा ठूलो मतपेटिकाहरु प्रयोग गर्ने क्रममा सानो तथा ठूलो मतपेटिकाहरु स्थानीय स्तरमा उपलब्ध भए अनुसार गरिएको मतपेटिकाको प्रयोगलाई समर्थन गर्ने,

(२) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको मतगणना स्थलमा सम्बन्धित जिल्लाको निर्वाचन क्षेत्रका मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृत बाहेक अन्य मतगणना स्थलमा उपस्थित हुन अनुमति पाएका कुनै पनि व्यक्तिहरुले मोबाइल फोन प्रयोग गर्न नपाउने गरी बन्देज लगाउन सबै मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृतलाई निर्देशन दिने,

(३) मतपत्रमा मतदान अधिकृतबाट हस्ताक्षर गर्दा कालो मसीले हस्ताक्षर गर्नुपर्ने भनी तोकिएको भएता पनि अलग रंगको मसी प्रयोग भएको अवस्थामा समेत उक्त मतपत्रलाई मान्यता दिई मतगणना गर्ने,

(४) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र मतदातालाई दिदा भुलवस अर्धकट्टी समेत मतदातालाई दिई उक्त अर्धकट्टी सहितको मतपत्र मतपेटिकामा रहन गएको अवस्थामा पनि त्यस्ता अर्धकट्टीलाई छोपी अलग राखी सो मतपत्रलाई मान्यता दिई मतगणना गर्ने,

(५) मतपेटिकामा रहेका मतपत्रहरु पुसरद्धारा मिलाउने क्रममा मतपत्र च्यातिएको तर मतपत्र टुक्रा भई नछुटिएको अवस्थामा त्यस्ता मतपत्रलाई मान्यता दिई मतगणना गर्ने,

(६) मतदाताले मतपत्रमा स्वस्तिक छापद्धारा मतसंकेत गर्दा उक्त छापको छाँयासंकेत अर्को मतसंकेत गर्ने कोठामा परेको अवस्थामा र मतपत्र समाउदा ल्याप्चेमा रहेको मसी मतपत्रमा लाग्न गएको अवस्थामा पनि दुरुस्त स्वस्तिक छाप भएको निर्वाचन चिन्हको मतसंकेतलाई मान्यता दिई मतगणना गर्ने,

(७) आयोगको मिति २०७०।८।४ को निर्देशन बमोजिम समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मतपेटिकामा मुचुल्का सहित रहन गएको अवस्थामा सो को अभिलेख राखी समानुपातिक निर्वाचन प्रणालीतर्फको मतगणना हुँदा उक्त मतपत्रहरुलाई समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्रको ठेलीमा मिसाई मतगणना गर्ने व्यवस्था मिलाउने,

(८) प्रतिनिधि सहित सावुत अवस्थामा प्राप्त भएको मतपेटिकामा लगाईएको सील टुटफुट भएको अवस्थामा कसैको कर्तव्यबाट नभई ढुवानी तथा भण्डारणको क्रममा सील टुटफुट वा घटी भएको अवस्थामा पनि त्यस्ता मतपेटिकाहरुलाई सील सावुतै भएको मानी मतगणना गर्ने,

(९) मतगणना निर्देशिका, २०७० को दफा १९ बमोजिम एकभन्दा बढी मतदान केन्द्रहरुको मतपत्र एक ठाँउमा छुट्याउन नसकिने किसिमबाट मिसाएर मात्र मतगणना गर्ने व्यवस्था मिलाउने र अस्थायी मतदान केन्द्रको मतपेटिकामा रहेको मपतत्र स्थायी मतदान केन्द्रको मतपेटिकामा रहेको मतपत्रसँग मिसाई गणना गर्ने,

(१०) मतपेटिका लगायत निर्वाचन कार्यमा प्रयोग भएका सबै सामग्रीहरु सावुत अवस्थामा निर्वाचन अधिकृतको कार्यालयमा प्रतिनिधि सहित बुझाउन ल्याएकोमा फाराम नं ५८ को ढाँचामा विवरण भरी नबुझाएको अवस्थामा पनि उक्त मतपेटिका तथा मतदान सामग्रीहरु दुरुस्त भएको मानी मतगणना गर्ने ।

**निर्वाचन आयोगमा प्रेशित पत्र**

संसारका मजदुरहरू - एक होऊ !
Workers of the world, unite!

मार्क्सवाद-लेनिनवाद-माओवाद- जिन्दावाद !
Long Live Marxism-Leninism-Maoism !

# एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी)

## संविधानसभा निर्वाचन २०७०

## उच्चस्तरीय तथ्य सङ्कलन कार्यदल

पेरिसडाँडा (कोटेश्वर), काठमाडौं
फोन : ९७७-१-४६०२२८७, फ्याक्स : ९७७-१-४६०२२८९, *Email : ucpnm.hlfftf@gmail.com*

पत्र संख्या : २०७०/०७१
चलानी नं. : ०१

मिति :-२०७०/०८/१४

श्री निर्वाचन आयोग,
कान्तिपथ, काठमाण्डौं ।

**विषय : विवरण उपलव्ध गरिदिने वारे ।**

उपरोक्त विषयमा एकीकृत नेपाल काम्युनिष्ट पार्टी (माओवादी)को केन्द्रीय समितिको मिति २०७० मार्ग १० गतेको निर्णय अनुसार संविधानसभा निर्वाचन २०७० मा भएका धाँधली र षडयन्त्रको तथ्य सङ्कलन गर्न एक उच्चस्तरीय तथ्य सङ्कलन कार्यदल गठन भएको छ ।

उक्त कार्यदलले आफ्नो कार्य २०७० मार्ग ११ देखि प्ररम्भ गरिसकेको र कार्यदलको अवधी सात दिनको मात्र भएकाले देहाय वमोजिमका विवरण यथासिघ्र उपलव्ध गरी सहयोग गरिदिनु हुन अनुरोध छ ।

१. निर्वाचन आयोगले निर्वाचन मतगणना प्रारम्भ भईसके पछि १० बुँदे सर्कुलर के-कस्तो प्रयोजको लागि जारी गरिएको हो ? उक्त सर्कुलर प्रचलित निर्वाचन ऐन नियमका परिधि भित्र रहे/नरहेको ? र सो सर्कुलर राजनीतिक दलको सहमति भए/नभएको वारे स्पष्ट गरिदिनु हुन । साथै, सो सर्कुलरको प्रमाणिक प्रतिलिपि समेत उपलब्ध गरिदिनु हुन ।

२. प्रत्यक्ष र समानुपातिक तर्फ के/कति मतपत्र छपाई गरिएको थियो ? के/कति मतपत्र प्रयोगमा आए र आयोगमा के/कति मतपत्र फिर्ता भएको छ ? सोको विवरण ।

३. मतपेटिका के/कस्ता आकार-प्रकार र संख्यामा थिए ? के/कति मतपेटिका निर्वाचन क्षेत्रमा वितरण गरियो ? सोको विवरण ।

४. मतदानको कार्य सम्पन्न भईसके पछि केही मतदान केन्द्रका मतपेटिका संकलन केन्द्रसम्म ढुवानी र भण्डारण र तत्पश्चात् मतगणना केन्द्रसम्म ओसार-पसार गर्ने जिम्मेवारी निर्धारित निकाय वाहेक तेस्रो घेरामा रहने सुरक्षा निकायलाई दिइएको हो ? सो वमोजिमको परिवर्तित व्यवस्था के-कस्तो सहामीतको आधारमा भएको हो ? सोको स्पष्ट जानकारी ।

५. मतपेटिका ढुवानी, भण्डारण र मतगणना केन्द्रसम्मको ओसार पसारको क्रममा अधिकांश केन्द्रमा उम्मेदवार वा उम्मेदवारका प्रतिनिधि वा आधिकारिक प्रतिनिधिको उपस्थितिलाई निषेध गरिनुको कारण खुलाईदिनु हुन ।

.................................

**वर्षमान पुन 'अनन्त'**
संयोजक
संविधानसभा २०७०, उच्चस्तरीय तथ्य संकलन कार्यदल

# धनुषा ५ को चुनाव बदर गर्न माग


रघुवीर महासेठ

काठमाडौं (कास)- एमाले नेता रघुवीर महासेठले धनुषा ५ को चुनावमा धाँधली भएको दाबी गर्दै बदर गर्न माग गरेका छन् । राष्ट्रपतिका पुत्र चन्द्रमोहन यादवलाई जिताउन राज्य संयन्त्र प्रयोग भएको महासेठको दाबी छ । अघिल्लो पटक यही क्षेत्रको उपनिर्वाचनमा महासेठले कांग्रेसका यादवलाई हराएका थिए । यसपटक यादवले महासेठलाई पराजित गरेका हुन् ।

'धनुषा ५ को निर्वाचनले चुनाव निष्पक्ष र धाँधलीरहित भयो भन्ने कुरालाई झूट सावित गरिदिएको छ,' महासेठले आइतबार राजधानीमा आयोजित पत्रकार सम्मेलन भने, 'यस क्षेत्रको निर्वाचनमा एउटा उम्मेदवार सरकारको देखियो भने अन्य उम्मेदवारहरू जनताका देखिए ।' उनले राष्ट्रपतिको गाउँ सपहीका बुथमा खुलमखुल्ला अन्य दल समर्थित मतदातालाई रोक्ने र प्रहरीहरूको सहयोगमा राष्ट्रपतिका छोराछोरीले छाप लगाई मत खसालेको दृश्य देखिएको दाबी गरे । तीनवटा मतपेटिका सिल टुटेका र अन्य दुइटा मतपेटिका शंकास्पद रूपमा भेटिनुले निर्वाचन निष्पक्ष नभएको पुष्टि हुने उनले बताए । महेन्द्रनगरको सखुवा छिरेश्वर उच्चमाविमा सहायक प्रमुख जिल्ला अधिकारी प्रल्हाद पोखरेलले दुइटा मतपेटिका जबर्जस्ती उठाएर लैजान खोज्दा अन्य दलले विरोध गरेको तर प्रहरीको मद्दतबाट ४ गते दिउँसो २ बजे अन्यत्र सारिएको महासेठको दाबी छ । ती मतपेटिकाबाट जनताले हालेका मतपत्र निकालेर सुरक्षा निकाय र प्रशासनले मत हाल्ने काम गरेको उनको आरोप छ । सपहीको बीपी उच्चमाविमा पनि सुरक्षा निकायको सहयोगमा बुथ कब्जा भइरहेको अवस्थामा विरोध गर्दा प्रहरीले लाठीचार्ज गरेको र दृश्य खिच्ने पत्रकारहरूका क्यामेरा खोसेर तोडफोड गरेको महासेठले उल्लेख गरे । 'कांग्रेसका उम्मेदवारलाई विजयी गराउने एक किसिमको ग्रान्ड डिजाइन पहिले नै बनाई सम्पूर्ण सुरक्षा निकाय र निर्वाचन अधिकृतहरूलाई जसरी पथप्रस्ट गराइयो यो ज्यादै संवेदनशील र आपत्तिजनक छ,' उनले भने ।

"राष्ट्रिय अखण्डता, लोकतन्त्र, स्वाभिमान, समान अस्तित्व एवम् समान सहभागीता"

# चुरेभावर राष्ट्रिय एकता पार्टी नेपाल

## Chure Bhawar National Unit Party Nepal

केन्द्रिय कार्यालय
काठमाडौं, नेपाल

प.सं. : ०७०/७१
च.नं. : २२१

मिति : २०७०/०८/१६

### प्रेस विज्ञप्ती

गत मंसिर ४ गते सम्पन्न संविधान सभाको दोस्रो निर्वाचनमा नेपाली जनताले निर्भयका साथ आफ्नो मत व्यक्त गरे पनि मतपेटिका संकलन र गणनाको क्रममा धाँधली भएको तथ्यहरु खुल्दै आएको छ। यस क्रममा सर्लाही क्षेत्र नं २ को सन्दर्भमा निम्नानुसार तथ्यहरु फेला परेको जानकारी गराउँदछौं।

१ सर्लाही क्षेत्र नं २ अन्तरगतको वरहथवा-नयाँरोड सडक खण्डको जंगलमा मतपेटिका जलेको अवस्थामा भेटिन्।

२ मत गणना भएको २४ घण्टा पछि मत गणना सुरु भएको र मत पेटिका कहाँ राखेको थाहा नभएको

३ नेपाली काग्रेस, एमाले र सद्भावना पार्टीका प्रतिनीधीहरुबाहेक अरु कुनै पार्टीका प्रतिनीधीको हस्ताक्षर विना नै मतपेटिका खुलाएको।

४ हरिवन गा.वि.स.को मतदान केन्द्रको मतपेटिका २ वटा र पिडारी गा.वि.स.को मतपेटिका १ को मत गणना गर्दा ११३ बढी मत देखिएको।

५ हरिपुर गा.वि.स.को १ वटा मतपेटिका र हेमपुर गा.वि.स.को रनिया स्थानको २ वटा मतपेटिकाको गणना गर्दा खसेको मत भन्दा २८५ मत कम देखिएको।

६ मतदान पछि राजनीतिदलको प्रतिनीधीले सिलबन्दी गरेको समयमा मुचुल्कामा सही गरेको मतपेटिकामा हस्ताक्षर मिलान नगरी जवजस्ती मतगणना सुरु गरेको।

७ कतिपय मतपेटिकामा सिलबन्दी आधी खुलेको र हात पस्ने प्वाल रहेको।

८ सर्लाही क्षेत्र नं २ को मतगणना सुरु भए देखि नै कुन पार्टीले कती मत प्राप्त गरेको छ भनी सार्वजनिक नगरी गुपचुपमा एकै चोटी नेपाली काग्रेसको उम्मेदवारलाई विजयी घोषणा गरेको।

यी तथ्यहरुले निर्वाचनमा जनताको अभिमतलाई बंग्याउने काम भएको प्रष्ट हुन्छ तसर्थ हाम्रो पार्टी तथ्यहरुको छानविन र प्रष्टिकरण दिन निर्वाचन आयोगसंग जोडदार माग गर्दछौं। धाँधलीका यि घटनाहरुको छानविन गरी तत्काल सत्यतथ्य बाहिर नल्याए पार्टी वाध्य भएर आन्दोलनमा जाने चेतावनी समेत दिन चाहन्छौं।

बद्री प्रसाद न्यौपाने
अध्यक्ष

पो.ब.नं. ९०५५, सिंहदरबार, काठमाडौं | churebhawar@yahoo.com

## १० राजनैतिक दलले जारी गरेको संयुक्त विज्ञप्ती तथा १३ राजनैतिक दलले निर्वाचन आयोग समक्ष प्रस्तुत गरेको ज्ञापन-पत्र

### संयुक्त प्रेस विज्ञप्ति

२०७० मङ्सिर, १०

यही २०७० मङ्सिर ४ गते सम्पन्न संविधान सभाको दोस्रो निर्वाचन पश्चात उत्पन्न देशको राजनीतिक परिस्थितिबारे निम्न राजनीतिक दलहरु सम्मिलित आजको बैठकमा छलफल भयो । यस निर्वाचनको परिणाम अस्वभाविक, अविश्वसनीय, नियोजित र धाँधलीपूर्ण भएको कुरा विभिन्न तथ्य र घटनाक्रमहरुले स्पष्ट गरेका छन् । यसको कडा विरोध गर्दै यस निर्वाचन सम्वन्धी सम्पूर्ण प्रक्रियाको सत्य-तथ्य जनता समक्ष ल्याउन **उच्चस्तरीय स्वतन्त्र छानविन आयोग** गठन गरियोस् भनी यो बैठक जोडदार माग गर्दछ ।

१. प्रचण्ड – अध्यक्ष ए. ने. क. पा. (माओवादी)
२. अशोककुमार राई – अध्यक्ष, ससपा, नेपाल
३. राजेन्द्र महतो अध्यक्ष सद्भावना पार्टी
४. परशुराम तामाङ अध्यक्ष संघीय गणतान्त्रिक समाजवादी पार्टी
५. महन्थ ठाकुर अध्यक्ष तमलोपा
६. उपेन्द्र यादव, अध्यक्ष, मधेसी जनअधिकार फोरम, नेपाल
७. मालबर सिंह थापा अध्यक्ष राष्ट्रिय जनमुक्ति पार्टी
८. डा. बिजय प्रकाश सैंजु, महासचिव नेपा: पार्टी
९. कविराज तिमल्सीना, व. उपाध्यक्ष, नेपाली जनता दल
१०. राज किशोर यादव, अध्यक्ष, म. ज. फो. (गणतान्त्रिक)

प्रमुख निर्वाचन आयुक्त ज्यू,
निर्वाचन आयोग,
वहादुर भवन, काठमाण्डौ, नेपाल ।

गते २०७० मंसिर ४ गते सम्पन्न संविधानसभाको दोस्रो निर्वाचनको परिणाम अस्वभाविक, अविश्वसनीय, नियोजित र धाँधलीपूर्ण भएको कुरा विभिन्न तथ्य र घटनाक्रमहरुले स्पष्ट गरेका छन् ।

यसबारे बुथ, जिल्लास्थित निर्वाचन कार्यालयहरु एवं सुरक्षा निकायहरु समक्ष पार्टी प्रतिनिधिहरुले गरेका उजूरी एवं प्रतिरोधहरु बारे कुनै सुनुवाई भएको देखिएन । साथै चुनावको सन्दर्भमा सेनालाई वाहिरी तेस्रो घेराको सहयोगी भूमिकामा राख्नुको सट्टा पार्टी प्रतिनिधिहरुलाई समेत नराखी मतपेटिका नै जिम्मा लगाइएको प्रति हाम्रो घोर आपत्ति रहेको छ ।

तसर्थ यसको कडा विरोध गर्दै यस निर्वाचन सम्वन्धि सम्पूर्ण प्रक्रियाको सत्य-तथ्य जनता समक्ष ल्याउन उच्चस्तरीय स्वतन्त्र छानविन आयोग गठन गरियोस् भनी हामी तपसिलका पार्टीहरुले जोडदार माग गरेको तथ्य अवगत नै होला । साथै निर्वाचन आयोगबाट भएको निर्देशन गम्भीर र नियोजित रहेको तथ्य प्रति हामी अवश्यक छानविन र कारवाहीको माग गर्दछौ ।

१. एकीकृत ने.क.पा.(माओवादी)
२. संघीय समाजवादी पार्टी, नेपाल
३. सद्भावना पार्टी
४. संघीय गणतान्त्रिक समाजवादी पार्टी
५. तराई मधेस लोकतान्त्रिक पार्टी
६. मधेसी जनअधिकार फोरम, नेपाल
७. राष्ट्रिय जनमुक्ति पार्टी
८. नेपाः पार्टी
९. नेपाली जनता दल
१०. मधेसी जनअधिकार फोरम (गणतान्त्रिक)
११. संघीय सद्भावना पार्टी, ~~नेपाल~~
१२. लोक दल
१३. खस समावेसी राष्ट्रिय पार्टी

# अनुसूचि –१३

## पर्यवेक्षण रुजुसूचि
## प्रारम्भ मतदान पूर्व पर्यवेक्षण रूजुसूची

पर्यवेक्षकको नाम: ........................................................................................
लिङ्ग: पुरूष ☐ महिला ☐
पर्यवेक्षकको किसिम: घुम्ती टोली स्थीर
जिल्ला: ........................................ निवार्चन क्षेत्र: ........................................
मतदान केन्दको नाम: ...................................... मतदान केन्दको नं. ......................
पर्यवेक्षणको समय: सुरू गरेको समय ................... सकिएको समय : .........................

**मतदान केन्द्र, मतदान स्थलको अवस्थिति तथा सुरक्षाकर्मीको उपस्थिति**

१. के मतदान केन्द निर्वाचन आयोगले तोकेको स्थानमा रहेको छ ? **छ** ☐ **छैन** ☐

२. के मतदान केन्द र मतदान स्थल निर्वाचन आयोगले तोकेको बमोजिम सिमाब्कन गरिएको छ ? **छ** ☐ **छैन** ☐

३. के सुरक्षाकर्मीहरूले मतदान केन्दका लागि सुरक्षा प्रदान गरिरहेका छन् ? **छ** ☐ **छैन** ☐

**मतदान केन्द्रमा उमेदवारका प्रतिनिधि, पर्यवेक्षक र सञ्चारमाध्यमको प्रतिनिधिहरू उपस्थिति**

४. के उमेदवारको प्रतिनिधि मतदान केन्दमा उपस्थित छन् ? **छन्** ☐ **छैनन्** ☐

यदि छन् भने कुन उमेद्वारको प्रतिनिधि छन् ?

.....................................................................................

५. के सञ्चारमाध्यमको प्रतिनिधिहरु मतदान केन्दमा उपस्थित छन् ? **छन्** ☐ **छैनन्** ☐

यदि छन् भने कुन सञ्चारमाध्यमको प्रतिनिधि छन् ?

...............................................................................

६. के राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरू मतदान केन्द्रमा उपस्थित छन् ? **छन्** ☐ **छैनन्** ☐

यदि छन् भने कुन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संगठनका प्रतिनिधि उपस्थित छन् ?

.......................................................

**मतदान केन्द्रमा मतदान सुरू हुनु पूर्व निर्वाचन सामग्रीहरूको पर्याप्तता**

७. के मतदान अधिकृतले प्रयाप्तमात्रामा निर्वाचन सामाग्री (मतपत्र, मतपेटिका) प्राप्त गरेका छन् ? **छन्** ☐ **छैनन्** ☐

यदि छैन भने, के सामाग्रीको अभाव थियो र मतदान अधिकृतले के निर्णय लिए ?

.....................................................

**मतदान स्थल खुलेको समय**

८. के मतदान विहानको ७ बजे खुल्यो ? खुल्यो खुलेन

यदि खुलेन भने कति बजे खुल्यो ?

..........................................................................................

मतदान अधिकृतको भनाई अनुसार किन मतदान केन्द समयमै खुलेन ?

...........................................................

९. मतदान अधिकृतले कति थान मतपत्र प्राप्त गर्नुभयो ?

पहिलो हुने निर्वाचित हुने ........................................................................

समानुपातिक प्रतिनिधित्व ..........................................................................

१०. के उमेद्वारको प्रतिनिधित्तले मतपत्रको प्याकेटको क्रम संख्या टिपेका छन् ? छ छैन

११. के मतदान अधिकृतले मतपेटिका खालि थियो भनेर उमेद्वारहरुको प्रतिनिधि र पर्यवेक्षकत्तलाई देखाएका थिए ? छ छैन

१२. के खाली मतपेटिका देखाईसकेपछि राम्रोसँग सिलबन्दि गरिएको थियो ? **छ** ☐ **छैन** ☐

**मतदान सुरू भईसके पछि**

१३. मतदान स्थलमा सर्वप्रथम कुन समयमा प्रथम मतदाताले मतदान गरेको थियो ?

....................................................

कृपया माथिका प्रश्नत्तले नसमेटेका अन्य केहि परिवेक्षण सम्बन्धि विषयत्त भए लेख्नुहोस् ।

....................................................................................................

....................................................................................................

....................................................................................................

....................................................................................................

....................................................................................................

............................

**पर्यवेक्षकको हस्ताक्षर**

# पर्यवेक्षकहरूका लागि घटना अध्ययन रुजू सूची
## (निर्वाचनको दिन)

पर्यवेक्षकको नाम: ........................................................................................

लिङ्ग: पुरूष ☐ महिला ☐

जिल्ला: ...................................................... निवार्चन क्षेत्र: ....................................

मतदान केन्द्रको नाम: ................................................................................

पर्यवेक्षणको समय: सुरु गरेको समय ............................ सकिएको समय : ....................

१. घटना कहाँ भएको थियो ?

मतदान स्थलको नाम: ...................................................................................

मतदान केन्द्रको नं. : ...................................................................................

समय: ...............................................................................................

२. घटना कस्तो प्रकृतिको थियो ?

मतदान प्रक्रियामा अवरोध मतदान सामाग्रीको लुटपाट

मतदान केन्द्रको कब्जा अन्य

...............................................................................................................

३. घटनामा को को संलग्न थिए ? कृपया घटनामा संलग्न व्यक्ति वा संस्थाको नाम उल्लेख गर्नु होला ।

समय: ...............................................................................................

४. कृपया घटनाको विस्तृत विवरण उल्लेख गर्नुहोस् ।

.................................................................................................................................

..................................................................................................

(निर्वाचनको दिन)

५. घटना पछि के कारवाही गरियो ?

...............................................................................................................

...............................................................................................................

***पुनश्चः घटनासम्बन्धी सकेसम्म चाँडो इयोक नेपालको निर्वाचनक्षेत्र संयोजक, जिल्ला समिति, र तोकिएको नम्बरमा एसएमएस वा फोन गरी जानकारी दिनुहोस् ।***

............................

**पर्यवेक्षकको हस्ताक्षर**

## मतदानको समयमा पर्यवेक्षण रूजुसूची

पर्यवेक्षकको नाम: ..........................................................................................

लिङ्ग: पुरूष ☐ महिला ☐
पर्यवेक्षकको किसिम: घुम्ती टोली स्थीर

जिल्ला: ................................................. निवार्चन क्षेत्र: ..................................

मतदान केन्द्रको नाम: ..................................... मतदान केन्द्को नं. ........................

पर्यवेक्षणको समय: सुरू गरेको समय ........................ सकिएको समय : .....................

**मतदान केन्द्मा सुरक्षाकर्मीको उपस्थिति**

१. के मतदान केन्द्रमा सुरक्षाकर्मीहरूले सुरक्षा प्रदान गरिरहेका छन् ? **छन्** ☐ **छैनन्** ☐

**निर्वाचन अधिकारीहरूको उपस्थिति**

२. के मतदान केन्द्रका सबै अधिकारीहरू उपस्थित थिए ? **थिए** ☐ **थिएनन्** ☐

यदि थिएनन् भने कुन मतदान अधिकारीहरू उपस्थित थिएनन् ?

- मतदान अधिकृत ☐
- साहयक मतदान अधिकृत ☐
- मतदाता नामावलीमा मतदाताको नाम अगाडि चिन्ह लगाइदिने कर्मचारी ☐
- मतदाताको औंलामा मसी लगाइदिने कर्मचारी ☐
- मतपत्रको अधकट्टीमा विवरण भर्ने कर्मचारी ☐
- महिला र पुरूष मतदाताको तथ्याङ्क राख्ने कर्मचारी ☐
- महिला र पुरूषहरूको लाइन (queue) व्यवस्थापन गर्ने स्वयंसेवकहरू ☐

३. के उमेद्वारका प्रतिनिधि मतदान केन्द्मा उपस्थित छन् ? **छन्** ☐ **छैनन्** ☐

यदि छन् भने कुन उमेद्वारको प्रतिनिधि छन् ?

.........................................................................................

४. के सञ्चारमाध्यमको प्रतिनिधिहरू मतदान केन्द्मा उपस्थित छन् ? **छन्** ☐ **छैनन्** ☐

यदि छन् भने कुन सञ्चारमाध्यमको प्रतिनिधि छन् ? .

५. के राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरू मतदान केन्द्मा उपस्थित छन् ? **छन्** ☐ **छैनन्** ☐

यदि छन् भने कुन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संगठनका प्रतिनिधि उपस्थित छन् ?

.............................................................................................

**मतदान प्रक्रिया**

६. के मतदान कर्मचारीले मतदाता नामावलीमा मतदाताको नाम रूजु गरी रूजु भएको नामका अगाडि चिन्ह लगाए ? **लगाए** ☐ **लगाएनन्** ☐

७. के मतदाता र मतदाताको फोटोसहितको मतदाता परिचय पत्र रूजु गरिएको थियो ? **थिए** ☐ **थिएनन्** ☐

८. के मातदाताहरूको बायां पट्टीको बूढी औंलामा पहिले नै नमेटिने मसी लागेको छ वा छैन भन्ने जाँच गरेको थियो ? **छन्** ☐ **छैनन्** ☐

९. के मतदान कर्मचारीले मातदाताहरूको बायां पट्टीको बूढी औंलामा नमेटिने मसी लगाएको थियो ? **छन्** ☐ **छैनन्** ☐

१०. के मतदान कर्मचारीले मतपत्रको अर्धकट्टीमा आवश्यक विवरण भरी मतदातालाई अर्धकट्टी सही छाप गराए ? **छन्** ☐ **छैनन्** ☐

११. के मतपत्रको पछाडी छाप लगाएको थियो ? **छन्** ☐ **छैनन्** ☐

१२. के मतदाताहरूले गोप्य मतदान गर्ने कक्षमा गएर मतदान गरेका थिए ? **छन्** ☐ **छैनन्** ☐

१३. के मतदाताहरूले एउटा मात्र पट्याएको मतपत्र लगिएको थियो ? **छन्** ☐ **छैनन्** ☐

१४. के मतदाताहरूले मतपत्रमा मतदान अधिकृतको सहीछाप भएको नभएको जाँच गरेका थिए ? **छन्** ☐ **छैनन्** ☐

१५. के मतपत्र ठिक तरिकाले मतपेटिकामा खसालिएको थियो ? **थियो** ☐ **थिएन** ☐

**गोप्य मतदान स्थलको निरिक्षण तथा अशक्त/दृष्टिविहिन मतदाताहरूलाई सहयोग**

१६. के मतदान अधिकृतले गोप्य मतदान कक्षमा कुनै दलको प्रचार प्रसार सामग्री राखेको छ वा छैन भन्ने बारे निरिक्षण गरिएको थियो ? **थियो** ☐ **थिएन** ☐

१७. के तपाईले अशक्त वा दृष्टिविहिन मतदाताहरूलाई मतदान अधिकारीहरूले सहयोग गरेको देख्नु भयो ? **छन्** ☐ **छैनन्** ☐

१८. यदि देख्नु भयो भने, के मतदातहरूको उपस्थितिमा गोप्य मतदान गर्ने स्थलमा मतपत्रमा छाप लगाएको थियो ? **छन्** ☐ **छैनन्** ☐

१९. मतदान केन्द्रमा कुनै मतदान सामग्री अपुग रहेको थियो ? **छन्** ☐ **छैनन्** ☐

यदि अपुग थियो भने, कुन मतदान सामग्री अपुग थियो र मतदान अधिकृतले के कारवाही गरे ?

कृपया माथिका प्रश्नहरूले नसमेटेका अन्य केहि परिवेक्षण सम्बन्धि विषयहरू भए लेख्नुहोस् ।

.....................................................................................................................

............................

**पर्यवेक्षकको हस्ताक्षर**

## मतदानपछिको पर्यवेक्षण रूजुसूची

पर्यवेक्षकको नाम: ........................................................................................

लिङ्ग: पुरूष ☐ महिला ☐

पर्यवेक्षकको किसिम: घुम्ती टोली स्थीर

जिल्ला: ................................................... निवार्चन क्षेत्र: ..................................

मतदान केन्दको नाम: ........................................ मतदान केन्दको नं. .......................

पर्यवेक्षणको समय: सुरू गरेको समय ......................... सकिएको समय : ......................

**उमेद्वारका प्रतिनिधि, पर्यवेक्षक र मिडिया प्रतिनिधिको उपस्थिति**

१. मतदान केन्दमा उमेद्वारका प्रतिनिधिह्नको उपस्थिति थियो ? **थिए** ☐ **थिएनन्** ☐

थियो भने कुन उमेदवारको प्रतिनिधि थिए ?

.........................................................................................................

२. मतदान केन्दमा मिडिया प्रतिनिधिह्नको उपस्थिति थियो ? **थिए** ☐ **थिएनन्** ☐

यदि थियो भने कुन कुन मिडिया प्रतिनिधिह्नको उपस्थिति थियो ?

.........................................................................................................

३. मतदान केन्द्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकह्नको उपस्थिति थियो ? **थिए** ☐ **थिएनन्** ☐

यदि थियो भने कुन कुन संस्थाका पर्यवेक्षक प्रतिनिधिहरुको उपस्थिति थियो ?

.........................................................................................................

**मतदान केन्द्र बन्द प्रक्रिया तथा कार्यहरू**

४. के मतदान केन्द ठीक पाँच बजे बन्दभएको थियो ? **थिए** ☐ **थिएनन्** ☐

थिएन भने कुन समयमा बन्द भएको थियो ?

.........................................................................................................

मतदान अधिकृतले समयमै बन्द नहुनुको कारण के बताए ?

.........................................................................................................

५. मतदानपछि मतपेटीका मतदान अधिकृतले व्यवस्थित तरिकाले शीलबन्दी गरेका छन् ? **छन्** ☐ **छैनन्**

६. उमेद्वारका प्रतिनिधि र पर्यवेक्षकह्नले शीलको नम्बर अभिलेखन गरेका छन् ? **छन्** ☐ **छैनन्**

पहिलो हुने निर्वाचित हुने ..........................................................................

समानुपातिक प्रतिनिधित्व ..........................................................................

| | | पहिलो हुने निर्वाचित हुने | समानुपातिक प्रतिनिधित्व |
|---|---|---|---|
| ७. | कति मतपत्र रद्द भएको थियो ? | | |

| | | | |
|---|---|---|---|
| ८. | जारी नभएको मतपत्र कति थियो ? | | |
| ९. | मतदान केन्दका लागि कति मतपत्र प्राप्त भएका थिए ? | | |
| १०. | मतदानका लागि कति मतपत्र जारी गरिएको थियो ? | | |
| ११. | कति मतदाताले मतदान गरेका थिए ? | | |

**रद्द मतपत्र, प्राप्त मतपत्र, जारी गरिएको मतपत्र र मतदाता संख्याको अभिलेखन**

१२. के मतपत्र र मतदाताको संख्या बराबर थियो ?

..........................................................................................

थिएन भने मतदान अधिकृतले के कारवाही गरे ?

..........................................................................................

**निर्वाचन सामग्रीहरूको शीलबन्दी, हस्तान्तरण तथा ढुवानी**

१३. के मतदान अधिकृतले मतपत्र तथा अन्य कागजात खामबन्द गच्िएको मुचुल्का (संविधानसभा निर्वाचन निर्देशिकाको फाराम नं. ५६)

मतपेटिका लगायतका सामग्रीह्र बुझाएको विवरण (निर्देशिकाको फाराम नं. ५८) मा हस्ताक्षर गरे ? गरे गरेनन्

१४. के मतदान अधिकृतले कार्यसूची रूजू गरीसकेपछि तोकिएको झोलामा राखे ? **राखे** ☐ **राखेनन्** ☐

१५. के मतदान अधिकृतले निर्वाचन सामग्री तोकिएको झोलामा राखे ? **राखे** ☐ **राखेनन्** ☐

१६. के मतदान अधिकृतले सबै झोला सिलबन्द गरी हस्ताक्षर गरे ? **राखे** ☐ **राखेनन्** ☐

१७. निर्वाचन सामग्री कतिबेला गाडीमा लोड गरियो ?

..........................................................................................

१८. निर्वाचन सामग्री बोकेको गाडी कतिबेला मतगणनाकेन्द तर्फ हिँड्यो ?

..........................................................................................

१९. उमेद्वारका प्रतिनिधिह्रले गाडीलाई पछ्याए ? **पछ्याए** ☐ **पछ्याएनन्** ☐

यदि माथिका प्रश्नावलीले नसमेटेका कुनै कुरा छन् भने कृपया तल लेख्न नभुल्नुहोला ।

.........................................................................................................

.........................................................................................................

............................

**पर्यवेक्षकको हस्ताक्षर**

## सन्दर्भ सामाग्रीहरू


- नेपाली विकिपिडिया (ne.wikipedia.org)
- सूचना विभाग (www.doinepal.gov.np)
- गोरखापत्र दैनिक/www.gorkhapatraonline.com
- कान्तिपुर दैनिक/www.ekantipur.com/np
- राजधानी दैनिक/(www.rajdhani.com.np)
- नयाँ पत्रिका दैनिक/(http://www.nayapatrika.com/)
- अन्नपूर्ण दैनिक/(www.annapurnapost.com)
- नागरिक दैनिक/www.nagariknews.com
- http://www.election.gov.np
- http://www sansarnews.com
- http://www Freenepal.com
- http://www.lightnepal.com
- http://www.cleanelection.org
- http://www.sancharkendra.com
- http:/www.kalikafm.com.np
- http:/www.cleanelection.org
- http:/www.setopati.com


अन्तरक्रिया कार्यक्रम
आयोजक















पत्राचार
फोन : ९७७-०१-४७८४५६८
फ्याक्स : ९७७-०१-४७८०१४४
इमेल : eocnepal123@gmail.com, info@eocnepal.org.np

*www.eocnepal.org.np*